CC-0. In Public Domain. Digitization by eGangotri

पण्डितराज सोमनाथ सिग्देल र उनको महाकाव्य-साधना

Acc No. नागरप्वी

आ

नरहरि आचार्य

पण्डितराज सोमनाथ शतवार्षिक समारोह समिति

कि सम

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

पण्डितराज सोमनाथ सिग्देल र उनको महाकाव्य-साधना



नरहरि आचार्य

पण्डितराज सोमनाथ शतवार्षिक समारोह समिति

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

पण्डितराज
सोमनाथ सिग्देल र
उनको महाकाव्य-साधना

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

पण्डितराज सोमनाथ सिग्द्येल र उनको महाकाव्य-साधना

(सोमनाथ सिग्देलको जीवनीवृत्त र नेपाली वाङ्मय र विशेषतः नेपाली समालोचनाका क्षेत्रमा उनको योगदान सहित)

नरहरि आचार्य

पण्डितराज सोमनाथ शतवार्षिक समारोह समिति
काठमाडौं २०४१

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

प्रकाशक : पण्डितराज सोमनाथ शतवार्षिक समारोह समिति (२०४०), नेपाल ।

संस्करण : प्रथम, २०४१ असार, गुरुपूर्णिमा ।

मुद्रितप्रति : प्रथम पटक ५०० ।

पुनर्मुद्रण : लेखकमा सर्वाधिकार सुरक्षित ।

आवरण : कृष्ण मानन्धर

मुद्रक : मदन विष्ट, नवीन प्रेस, नयाँ सडक (दुगम्बहिल) काठमाडौं ।

मूल्य : रु० ४०.००

920.921
ACH

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

स्नेहको प्रतिमूर्ति हे ! ममताकी शिरोमणि !
वात्सल्यकी छहारी हौ, हे आमा ! करुणामयी !
तिम्रो त्यो दूधको धारा तिरेर तिर्न सक्छु के !
तैपनि कृति यो सानो तिमीमै छ समर्पण !

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

प्रकाशकका तर्फबाट

आफ्नै कर्मसूत्रमा उनिएर आउनु, जानु, देखिनु, हराउनु अनि सुख दुःख, उत्थान र पतन यी सबै संसारमा निरन्तर चल्ने प्रक्रिया हुन्। कुनै पनि मानिस आउनु र जानुमा भन्दा उसको संसार यात्राको क्षण कत्तिको जीवन्त र मूल्यवान् बन्न सकेको छ, यही नै जिज्ञासाको विषय बनेको हुन्छ र यसैमा उसका जीवनका सार्थकता र व्यर्थता आँकिने गरिन्छ। संसार यात्रा कालमा मानवले गरेका सत्संकल्प, सद्‌विचार, सत्प्रयत्न र स्वर्णीम पदचिह्नका परिणामहरू नै अन्ततोगत्वा मानवका अजर, अमर कीर्तिस्तम्भ बनेका हुन्छन्। विश्वका कुनै पनि महापुरुषका सत्कर्म र सत्प्रयत्नका संस्मरणबाट वर्तमान पुस्ताले सत्प्रेरणा पाउन सक्तछ। समाज र राष्ट्रका लागि त्याग, तपस्या, साधना र बलिदान गर्ने भावना उद्दीप्त हुन्छ। व्यास र वाल्मिकीका कुरै छोडौं, महाकवि कालिदास र उत्तरवर्ती भारवि, माघ र श्री हर्षहरूले गरेका साहित्यिक योगदानहरू चिरस्मरणीय बनेकै छन्।

नेपाली साहित्यका क्षेत्रमा भानुभक्त, मोतीराम, लेखनाथ, सम र देवकोटाका आफ आफ्नै पाराका योगदान र वैशिष्ट्य भए पनि शास्त्रीय प्रगाढ पाण्डित्य र कवित्वको संमीलन भने आधुनिक नेपालमा विद्वच्छिरोमणी कुलचन्द्र गौतम र पण्डितराज सोमनाथमा नै पाइन्छन्। संस्कृत क्षेत्रको ५० वर्षको अध्यापन अनुभव राजकीय संस्कृत महाविद्यालयको स्थापनामा विशेष अग्रसरता र पहिला प्रिन्सिपलका रूपमा महाविद्यालयको सुसञ्चालन, नेपाल एकेडेमीको सदस्यता, **मध्यचन्द्रिका, साहित्य-प्रदीप** र आदर्श राघव महाकाव्य आदि पुस्तकहरूको प्रकाशन, पण्डितराज उपाधि र अन्य राजकीय सम्मानले गर्दा सोमनाथ शर्मालाई बढी चर्चित र ख्याति प्राप्त मान्नुपर्छ। आजको विषम धार्मिक, साँस्कृतिक स्थिति र संस्कृतको प्राचीन पाण्डित्य-परम्परामा देखा परेका क्षीणता र पुनरुज्जीवनका प्रसङ्गलाई समेत नियाल्दा सोमनाथ जस्ता व्यक्तित्व यस राष्ट्रका लागि निकै आवश्यक भइरहेको अनुभव हुन्छ। उनका कृतिबाट आजको समाजले प्रेरणा लिने धेरै विषय छन्। विद्वद्‌च्छिरोमणि कुलचन्द्र, पण्डितराज सोमनाथ र न्यायरत्न पद्मप्रसाद भट्टराई आदि मूर्धन्य व्यक्तिहरूलाई केन्द्रीय आदर्श बनाएर विशिष्ट विद्वान् तयार गर्ने भावी योजना बनाउनु पर्ने आजको वास्तविक स्थिति एकातिर छ भने अर्कोतिर संस्कृत

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

क्षेत्रका मूर्धन्य कवि विद्वान्हरूलाई सामूहिक जयन्तीको आयोजना गरेरै भए पनि वर्षमा एक पटक संस्मरण गर्ने क्रमसम्म चलेको छैन। प्रखर शास्त्रीय पाण्डित्यका दृष्टिले तात्कालिक समाजमा निकै उच्च स्थान ग्रहण गर्ने विद्वान्हरूको नामै बिर्सने स्थिति आइसकेको छ। यसै परिप्रेक्ष्यमा सोमनाथ शर्माको शतवार्षिक समारोहका सन्दर्भमा पण्डितराज सोमनाथलाई चिन्ने, चिनाउने र उहाँका योगदानको संस्मरण गर्ने सानो प्रयत्नको परिणति नै 'पण्डितराज सोमनाथ शतवार्षिक समारोह समिति, नेपाल २०४०' को उदय हो।

स्मृति–ग्रन्थको प्रकाशन, प्रतिमा स्थापना, अप्रकाशित कृतिहरूको सम्पादन र प्रकाशन, सांस्कृतिक पर्व गुरु पूर्णिमाका दिन विद्वत्गोष्ठी, सोमनाथ पदक स्थापना जन्म दिवस आगामी २०४१ आश्विन शुक्ल चतुर्दशीका देखि सप्ताहव्यापी विशिष्ट समारोहको आयोजना, अधिराज्यव्यापी अन्तर क्याम्पस निवन्ध प्रतियोगिता आदि कार्यक्रमलाई यथाशक्य सुसम्पन्न पार्न यो समिति संलग्न हुदो छ। यही सन्दर्भमा कीर्तिपुर क्याम्पसका उप–प्राध्यापक श्री नरहरि आचार्यले निकै परिश्रम गरी तयार गर्नु भएको **पण्डितराज सोमनाथ सिग्देल र उनको महाकाव्य–साधना** नामक पुस्तक समितिको प्रथम प्रकाशनका रूपमा पाठकवृन्द समक्ष प्रस्तुत भएको छ। नेपाली वाङ्मयका क्षेत्रमा सोमनाथ शर्माका योगदानको विश्लेषण गर्दै उहाँको शैक्षिक र साँस्कृतिक व्यक्तित्वको झलक समेत प्रस्तुत गर्न यो पुस्तक निकै प्रयत्नशील देखिन्छ। उप प्राध्यापक श्री नरहरि आचार्यले पण्डितराज सोमनाथ सिग्देलको व्यक्तित्वलाई विश्लेषणात्मक अध्ययन गरेर यो पुस्तक तयार पारी प्रेसमा गइसके पछि हाम्रो अनुरोधमा शतवार्षिकीका प्रथम उद्घाटन कार्यको प्रारम्भको दिन गुरु पूर्णिमामा यसलाई विमोचन योग्य तयारी पुस्तकका रूपमा प्रस्तुत गराई दिनु भएकोमा यसका लेखक समितिका धन्यवादका पात्र हुनुहुन्छ। श्री आचार्यको यो परिचय सहितको पुस्तकले पण्डितराजको महत्त्व सर्वसाधारणलाई चिनाउन पनि ज्यादै उपयुक्त हुनेछ भन्ने हाम्रो विश्वास छ। यस पुस्तकबाट पाठकहरूले एक विद्वान्को जीवन गाथा जानेर लाभान्वित हुन सके यो प्रकाशनबाट हामीलाई सन्तुष्टि हुने आशा राख्तछौं र मौकैमा यो पुस्तक प्रकाशन गर्न पाएकोमा पुनः एक पटक लेखकप्रति कृतज्ञता ज्ञापन गर्दछौं।

शिवहरि मरहट्टा
सदस्य–सचिव
मितिः– २०४१।३।१८
पण्डितराज सोमनाथ शतवार्षिक समारोह समिति (२०४०), नेपाल।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

भूमिका

डा० वासुदेव त्रिपाठी

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

स्नातकोत्तर प्राध्यापनका क्रममा प्रत्येक वर्ष केही त्यस्ता विद्यार्थीहरूसँग भेट भइरहने गर्दछ जसमा विशिष्ट प्रतिभा हुने गर्दछ। मेरो प्रध्यापन-यात्रामा विगत डेढ दशकमा मैले भेटेका विशिष्ट प्रतिभाशाली २/४ विद्यार्थी मध्ये एक हुनुहुन्छ श्री नरहरि आचार्य। २०३०-२०३३ सालका अवधिमा नेपाली स्नातकोत्तर अध्यापनका क्रममा ज्यादै नजिकबाट मैले उहाँको विशिष्ट प्रतिभा र अध्यवसायी स्वभावलाई चिनेको हुँ। २०३३ सालमा स्नातकोत्तर तहको शोधप्रयोजनका निम्ति उहाँले **नेपाली साहित्यमा सोमनाथ सिग्देलको योगदान** शीर्षकमा शोधकार्य गरी पण्डितराज सोमनाथको जीवनी, व्यक्तित्व र कृतित्व सम्बन्धी नयाँ र महत्त्व-पूर्ण कतिपय तथ्यहरू समेतको खोजि गरी विशद विश्लेषण सहित पण्डितराज सोमनाथको बहुमुखी विद्वत्ता र असाधारण वाङ्मय-साधनाको मूल्याङ्कन प्रस्तुत गर्नु भएको थियो। त्यस शोधकार्यको निर्देशन र मूल्याङ्कनका क्रममा मैले श्री नरहरि आचार्यको प्राज्ञिक प्रतिभाको उज्ज्वल उन्मेषको साक्ष्य प्राप्त गरेको थिएँ। उहाँले पण्डितराज सोमनाथको **चन्द्रचरित** महाकाव्य (लेखन काल, १९७६–८६) को उतरार्धको पाण्डुलिपिको अन्वेषण गरी उक्त शोधकार्यको माध्यमबाट नेपाली साहित्यलाई एक महत्त्वपूर्ण उपहार प्रदान गर्नाका साथै सोम-नाथको साङ्गोपाङ्ग अध्ययनको ठोस आधारशिला पनि बसाल्नु भएको थियो। अवश्यै सोमनाथका विद्वत्ता र साहित्यिक तथा साहित्येतर वाङ्मय-साधनको विश्लेषण मूल्याङ्कन गर्ने पूर्ववर्ती विद्वान्हरूका पूर्व प्रयासहरूको आफ्नो प्रकारको ऐतिहासिक महत्त्व त्यतिखेर पनि थियो र अहिले पनि छँदै छ; तैपनि चर्चित स्नातकोत्तर शोधपत्रले यस विषय क्षेत्रमा वस्तुगत रूपमा गहन विश्लेषण र मूल्या-ङ्कनको एक ठोस परिपाटी स्थापित गरेको कुरा पनि उत्तिकै उल्लेखनीय ठहर्न आउँछ। पूर्ववर्ती दशक सम्ममा सोमनाथ बारे विशेष केन्द्रित भई विस्तृत विश्लेषण र मूल्याङ्कन तर्फको चासो देखाउनेहरूमा डा. ताराप्रसाद जोशीको नाम र योग-दान विशेष उल्लेख्य रहेको हो र उहाँका विशिष्ट प्रकृतिका सोमनाथ सम्बन्धी विविध लेखहरू समसामयिक पत्रपत्रिकाहरूमा प्रकाशित भइरहेका थिए र सोमनाथ सम्बन्धी एक गहन ग्रन्थको लेखन पनि उहाँबाट भइसकेको थियो तापनि सो ग्रन्थ २०३३ साल सम्ममा प्रकाशित हुन सकेको थिएन र प्रकाशकका अनुप-लब्धिले गर्दा अझै पनि त्यो प्रकाशित हुन सकेको छैन। यस परिप्रेक्ष्यमा नरहरि आचार्यको शोधकार्य थालिएको थियो र त्यसले वस्तुगत सामग्रीहरूको खोज संयो-

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

जनका साथै सबन प्राज्ञिक विश्लेषण-मूल्याङ्कनका दृष्टिले पनि सोमनाथ सम्बन्धी शोध-समालोचनाको प्रक्रियालाई निकै नै अगाडि बढाउनका साथै नवीन आयाम समेत दिन पुगेको थियो। हाल नरहरि आचार्य त्रि० वि० कीर्तिपुर क्याम्पसको नेपाली शिक्षण समितिमा उपप्रध्यापक हुनुहुन्छ र उहाँ प्राध्यापनका क्षेत्रमा पनि लगभग एकदशकको यात्रा पूरा गर्ने तरखरमा हुनुहुन्छ।

विगत ७/८ वर्षका अवधिमा नरहरि आचार्यको शोधोन्मुख फुट्कर रचनाहरू बेलाबखत प्रकाशित हुँदै आएका छन् र हाल उहाँ एक पाक्षिक पत्रिका संवत्सरको सम्पादनमा पनि संलग्न हुनुहुन्छ। उहाँजस्ता प्रतिभाशाली, शोध-प्रशिक्षित र अध्यवसायी विद्वान्बाट नेपाली साहित्यको शोधसमालोचनाको परम्परालाई अगाडि बढाउन भविष्यमा विशिष्ट योगदान प्राप्त हुने आशा र भरोसा राख्न सकिने प्रशस्त सम्भाव्यता देखिन्छ।

पण्डितराज सोमनाथ सिग्देल (जीवनकाल : वि. सं. १९४१-२०२९) को जन्मशताब्दी समारोह राष्ट्रिय रूपमा विभिन्न कार्यक्रमसहित यो वर्ष हामी मनाइरहेका छौं। यस शतवार्षिकीका अवसरमा आफ्नो उपर्युक्त स्नातकोत्तर शोध-कार्यलाई आवश्यक सामयिक संशोधनसहित नरहरि आचार्यज्यूले प्रकाशित गर्न चाहेको र पण्डितराज सोमनाथ शतवार्षिक समारोह समितिले प्रकाशित गर्न लागेकोमा मलाई निकै खुसी लाग्यो। अहिलेसम्म पण्डितराज सोमनाथका सम्बन्धमा गरिएका शोध-समालोचनामध्ये सर्वाधिक विस्तृत र प्रमाणिक प्रस्तुत शोध-कार्यलाई प्रकाशित गरी आधुनिक नेपालीका एक प्रकाण्ड विद्वान् र नेपाली साहित्यका असाधारण शिल्पी र पाण्डित्यपूर्ण कवि-प्रतिभा सोमनाथ सिग्देलका स्मृतिमा उपहार स्वरूप चढाउनु ज्यादै नै सान्दर्भिक कार्य हो भन्ने म ठान्दछु। यो प्रयास सोमनाथको शतवार्षिक स्मृति-प्रसङ्गको ज्यादै नै गहकिलो उपलब्धि ठहरिने छ भन्ने कुरामा पनि मलाई पूर्ण विश्वास छ।

प्रस्तुत शोध-कार्यको प्रकाशन विभिन्न किसिले सान्दर्भिक हुनआएको छ। विगत एक दशकभन्दा बढीको अवधिमा स्नातकोत्तर शोध-कार्यका रूपमा नेपाली भाषा र साहित्यका विभिन्न पक्षमा सवा एकसय भन्दा बढी शोधकार्यहरू भएका छन् र तिनीहरूमध्ये अधिकांश शोधकार्यहरूले आफ्ना विषय क्षेत्रमा नवीन आयामसमेत दिई गहकिलो योगदान गरेका छन्। यी शोधकार्यहरूको प्रकाशनको प्रक्रियामा यस ग्रन्थको प्रकाशनले निश्चय नै विशेष प्रेरणा थप्ने छ। विगत एक दशकका नेपाली स्नातकोत्तर शोधकार्यहरू मध्येको यो एक उत्तम शोधकृति यसरी प्रकाशित हुँदा त्रिभुवन विश्वविद्यालयका नेपाली भाषा र साहित्य सम्बन्धी शोध-उपलब्धिहरू तर्फ सार्वजनिक ध्यानाकर्षणको मात्रा पनि बढ्दै नै जाने छ। साथै

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

प्रस्तुत शोधकार्यको प्रकाशनबाट विगत डेढ दशकमा स्थापित हुँदै आएको नेपाली साहित्यको शोध-समालोचनाको वस्तुगत र सघन विश्लेषण मूल्याङ्कनको नयाँ धारा-लाई हुर्काउँदै लैजाने सिलसिलामा पनि महत्त्वपूर्ण सघाउ प्राप्त हुने नै छ।

पण्डितराज सोमनाथ सिग्देलको बहुमुखी प्राज्ञिक व्यक्तित्व र खास गरी उनको **आदर्श–राघव** महाकाव्यको महत्त्वलाई राम्ररी चिनाउने खालको वस्तुगत र उत्तरदायी ग्रन्थको प्रकाशन हुनु आजको एक जल्दो-बल्दो आवश्यकताको परि-पूर्ति हुनु हो भन्ने म ठान्दछु। अज्ञानवश वा विद्वेषवश सम्पूर्ण संस्कृत परम्परा, वर्णमात्रिक छन्दका काव्य परम्परा र सोमनाथको पाण्डित्यपूर्ण र शिल्प सुसज्जित काव्य प्रक्रियाप्रति कसै कसैले गलत दृष्टिकोण प्रचारित गर्न खोजिररेका बखत **पण्डितराज सोमनाथ सिग्देल र उनको महाकाव्य–साधना** का रूपमा सोमनाथ सम्बन्धी शोध-ग्रन्थको प्रकाशन एक सामयिक आवश्यकता पनि थियो नै।

प्रस्तुत ग्रन्थमा दुइ खण्ड अन्तर्गत जम्मा छ परिच्छेद र परिशिष्ट समेतको समावेश गरिएको छ। पहिलो खण्डको पहिलो परिच्छेदले सोमनाथको जीवन-वृत्तलाई केलाउँदै उनको बहुमुखी प्राज्ञिक व्यक्तित्वको विश्लेषण गरेको छ। त्यही खण्डका दोस्रा र तेस्रा परिच्छेदहरूले नेपाली वाङ्मयका व्याकरण, दर्शन र साहित्यशास्त्र जस्ता विशिष्ट फाँटमा सोमनाथको योगदानको रेखाङ्कन गरेका छन्। यस क्रममा सोमनाथको संस्कृत ग्रन्थ र काव्यकृत्तिहरूको समेत संक्षिप्त चर्चा गरिएको कुरा यहाँ उल्लेखनीय छ। यस ग्रन्थको दोस्रा खण्डको पहिलो परिच्छेदले सोमनाथको कविता–यात्राको चरण विभाजन र चरणगत प्रवृत्तिहरूको निरूपण गर्दै अप्रकाशित **चन्द्रचरित** महाकाव्य (लेखनकाल: १९७६-८६ र प्रका-शित **आदर्श–राघव** महाकाव्य (प्रकाशन: २००५) लाई नै सोमनाथको कवित्वको सर्वोपरि प्राप्ति ठहऱ्याइएको छ। सोही खण्डको दोस्रो परिच्छेदचाहिँ नेपाली महा-काव्य परम्पराका सापेक्षतामा **आदर्श-राघव** महाकाव्यका वैशिष्ट्यहरूको निरू-पणमा केन्द्रित रहेको छ। यसै खण्डको तेस्रो र अन्तिम परिच्छेदमा चाहिँ सोम-नाथका काव्य प्रवृत्तिहरूको निरूपणका पृष्ठभूमिमा उनको कवित्वको मूल्याङ्कन गरिएको छ। यस ग्रन्थका परिशिष्ट खण्डमा सोमनाथका प्रकाशित तर हाल दुर्लभ कतिपय कविता कृति र अप्रकाशित **चन्द्रचरित** महाकाव्यका लगायतको नमूना स्वरूप उद्धरण गरिएको पाइन्छ। निचोडमा यस ग्रन्थले सोमनाथका जीवनी र बहुमुखी प्राज्ञिक व्यक्तित्व, कृतित्व एवम् कवित्वको विवेचनाका साथै खास गरी उनको महाकाव्य–साधनको सघन अध्ययन मूल्याङ्कन प्रस्तुत गरेको देखिन आउँछ। यसरी यो ग्रन्थ नेपाली साहित्यका प्रबुद्ध अध्येताहरूका निम्ति अत्यन्त उपयोगी ग्रन्थका रूपमा देखापर्छ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

कुनै पनि भाषाको साहित्यिक विकास–यात्रामा एकै शैलीका, धाराका वा परिपाटीका प्रतिभा र कृतिहरूले मात्र त्यस साहित्यको विराट्-समृद्धिको सृजना गर्न सक्तैनन् । कुनै पनि साहित्यको वास्तविक समृद्धिका निम्ति यसका सबै विधाहरूमा शैलीगत, धारागत र परीपाटीगत वैविध्य र बहुमुखीताको सह-अस्तित्व अपरिहार्य रहन्छ । साहित्य भनेको यस्तै रङ्ग विरङ्गी सुषमा र नाना प्रकारका गन्धवाही पराग-सौरभहरूको सह–अस्तित्व हुने बगैंचा हो । त्यहाँ विविध जातका, विविध प्रकृतिका र विविध गुणका फूलहरूको उपस्थिति हुने हुनाले नै यस साहित्यिक बगैंचाप्रति विविध रुचि र संस्कारका अनि विविध भावुक र बौद्धिक धरातलका पाठकहरू आकर्षित भई परितृप्त समेत हुन्छन् । यस साहित्यिक सत्यका परिप्रेक्ष्यमा कविता विधाकै मात्र कुरा गर्ने हो भने पनि हामीलाई लेखनाथ मात्रै, सोमनाथ मात्रै, सम मात्रै, देवकोटा मात्रै, सिद्धिचरण मात्रै, घिमिरे मात्रै, व्यथित मात्रै, रिमाल मात्रै, भूपि मात्रै, मोहन कोइराला मात्रै... ... ... भएर पुग्दैन; हामीलाई यी सबै र यस्ता अरू पनि धेरै प्रकारका शैली, धारा परिपाटीका कविहरू चाहिन्छन् । त्यसैले कसैको रुचि शैच्छिक संस्कार र भावुक बौद्धिक धरातल सोमनाथ भन्दा भिन्दै भयो भन्दैमा नेपाली साहित्यमा वा कवितामा सोमनाथको अस्तित्व र महिमा समाप्त हुँदैन । सोमनाथले नेपाली काव्य शैलीलाई खासगरी पूर्वीय वैचित्र्यमार्गी महाकविहरूका उत्प्रेरणामा परिष्कारवादी शिल्प शैली र भाव विधानका चुलीतर्फ उचाल्न अथक साधना गरेका हुन् । यस क्रममा पूर्वीय विद्वत्ता र शैली-शिल्पको उच्च वैशिष्टचको सहकारितामा काव्य सौन्दर्यका आफ्नै विशिष्ट चुलीहरू उनले छोएका छन् । नेपाली सांस्कृतिक पूर्व–परम्पराको प्रभालाई पनि काव्य–सृजनाका रूपमा उनले राम्ररी आफ्ना पाराले आत्मसात् गरेका छन् । उनले पूर्वीय सांस्कृतिक परम्परा प्राज्ञिक परम्परा र वैचित्र्यमार्गी काव्य परम्पराको यत्तिको उत्तुङ्ग काव्य–धरहरा नेपाली भाषाका भुइँमा सुदृढ रूपमा खास गरी **आदर्श–राघव** महाकाव्यका माध्यम-बाट खडा गरेका छन् । पूर्वीय पृष्ठभूमि समेत भएका प्रबुद्ध पाठकका निम्ति उनको यो महाकाव्य 'नरिवल कविता'का रूपमा अत्यन्त मिठो छ र अत्यन्तै चमत्कारी पनि छ । पण्डितराज सोमनाथको यस्तो अद्वितीय काव्य–मूल्यको पारख गर्न चाहने प्रबुद्ध पाठकहरूका निम्ति नरहरि आचार्यज्यूको प्रस्तुत शोध ग्रन्थ ज्यादै नै उपादेय ठहरिने छ भन्ने म ठान्दछु । यस ग्रन्थका विद्वान् लेखक–लाई हार्दिक बधाई दिँदै यसको प्रकाशकहरूको सत्प्रयासको पनि प्रशंसा गर्नु म आफ्नो प्राज्ञिक दायित्व ठान्दछु

बानेश्वर, काठमाडौं
२०४१ असार ११

— वासुदेव त्रिपाठी

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

कृतज्ञता निवेदन

यो ग्रन्थ तयार गर्दा मेरा आदरणीय गुरुहरूको स्नेहपूर्ण आशीर्वाद र थुप्रै मित्रहरूको सहयोग सद्भावनाको म चिरऋणि भएको छु ।

विशेष गरी २०३३ मा यस ग्रन्थले शोधपत्रका रूपमा जन्म लिंदा श्रद्धेय गुरु डा० वासुदेव त्रिपाठीज्यूबाट प्राप्त प्रेरणाप्रद र प्रौढ–विद्वत्तापूर्ण निर्देशनका निम्ति म उहाँप्रति हृदयतः कृतज्ञता निवेदन गर्दछु । अहिले प्रकाशनका क्रममा पनि उहाँले यस कृतिलाई अद्योपात्त पढेर जुन भूमिका लेखिदिनु भएको छ र त्यसमा यस कृतिका अभाव र कमजोरीहरूलाई थन्क्याएर गुणात्मक पक्षपट्टि जुन विशेष अनुराग प्रदर्शित भएको छ, त्यसलाई मैले प्रिय शिष्यप्रति एउटा गुरुको स्नेह- आशीर्वादकै रूपमा बढी संझेको छु ।

प्रकाशनका लागि यसलाई तयार पार्दा आवश्यक सल्लाह र सुझाउहरू दिनुहुने आदरणीय दाजु श्री जयराज आचार्यज्यूमा पनि म हार्दिक कृतज्ञता व्यक्त गर्दछु । सामग्री संकलनका क्रममा मलाई पर्याप्त सहयोग जुटाइ दिनु हुने मेरा मित्रहरू श्री हरिहर भट्टराईज्यू र श्री चूडामणि खनालज्यूप्रति पनि म हृदयतः कृतज्ञ छु । साथै यस क्रममा मेरा स्नेही भतिजा श्री व्रतराज आचार्य र भाइ श्री खिलनाथ वस्ताकोटीको गुन पनि मैले अविस्मरणीय ठानेको छु । आवरण पृष्ठका निम्ति मित्र श्री कृष्ण मानन्धरप्रति आभारी छु ।

सोमनाथका महत्त्वपूर्ण पाण्डुलिपिहरू समेत उपलब्ध गराउने वाल्मीकि क्याम्पस पुस्तकालत, अन्यत्र अप्राप्य जस्तै भएका महत्त्वपूर्ण अध्ययन सामग्रीहरू प्रदान गर्ने मदन पुरस्कार पुस्तकालय, त्रि. वि. पुस्तकालय (कीर्तिपुर), छात्र पुस्तक निकेतन (संस्कृत छात्रावास), नेपाल राष्ट्रिय पुस्तकालय (ललितपुर) र यी सबैका सञ्चालकहरूको सौजन्य समेत म स्वीकार गर्दछु ।

यस कृतिलाई प्रकाशनका लागि तयार पार्ने आफ्ना अध्ययन सम्बन्धी र अन्य व्यस्तताका बीच पनि समय जुटाई बारम्बार प्रेरित गर्ने मेरी जीवन सगिनी शारदा आचार्यको आत्मीय सहयोग पनि अत्यन्त आधारभूत छ भन्ने म सम्झन्छु ।

अन्तमा यस कृतिको प्रकाशक **पण्डितराज सोमनाथ शतवार्षिक समारोह समिति** र खास गरी यसका अध्यक्ष आदरणीय गुरु प्रा० चूडानाथ भट्टरायज्यूप्रति पनि म विशेष कृतज्ञ छु ।

– नरहरि

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

विषय सूची

प्रकाशकका तर्फबाट

डा. वासुदेव त्रिपाठीको भूमिका

कृतज्ञता निवेदन

प्राक्कथन

खण्ड १ :

परिवेश र पृष्ठभूमि

पण्डितराज सोमनाथ सिग्देल र नेपाली वाङ्मय

१. पहिलो परिच्छेदः सोमनाथ सिग्देलको व्यक्तित्व निर्माणको स्वरूप : जीवनीवृत्तका आलोकमा

१.१. जीवनी वृत्त	१
१.१.१. जन्म र परिवार	१
१.१.२. शिक्षा-दीक्षा	२
१.१.३. अध्यापन	४
१.१.४. भाषा तथा साहित्य सेवा	५
१.१.५. सार्वजनिक कार्य	६
१.१.६. मान-पदवी	१०
१.१.७. देहावसान	११
१.२. व्यक्तित्व निर्माणको स्वरूप	१२
१.२.१. अध्यापक व्यक्तित्व	१३
१.२.२ पण्डित-पुरोहित व्यक्तित्व	१३
१.२.३. विद्वत् व्यक्तित्व	१४
१.२.४. साहित्यिक व्यक्तित्व	१५

२. दोस्रो परिच्छेद : नेपाली वाङ्मयमा सोमनाथ सिग्देलको योगदान

२.१. व्याकरण र दर्शनका क्षेत्रमा	१८
२.१.१. व्याकरणकारका रूपमा	१६

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

२.१.२. दर्शनशास्त्रीका रूपमा २२
२.२. अन्य क्षेत्रमा २३

३. तेस्रो परिच्छेद : समालोचकका रूपमा सोमनाथ सिग्देलको वैशिष्ट्य र योगदान

३.१. नेपालीमा पूर्वीय समालोचनाको विकास-प्रक्रिया २६
३.१.१. 'साहित्य-प्रदीप' (२०१६) पूर्वको स्थिति २६
३.१.२. 'साहित्य-प्रदीप' (२०१६) पछिको अवस्था ३०
३.२. सोमनाथका समालोचनात्मक कृति ३१
३.२.१. दुइ शब्द ३२
३.२.२. श्री कविशिरोमणि लेखनाथ पौड्यालको परिचय ३२
३.२.३. एक अञ्जलि ३२
३.२.४. श्री साहित्यचार्य कुलचन्द्र गौतमको परिचय ३३
३.२.५. नेपाली भाषा कविको परिचय र आलोचन ३३
३.३. 'साहित्य-प्रदीप' र यसका उपलब्धि ३३
३.३.१. विवरणात्मक परिचय ३३
३.३.२. पूर्वीय काव्य सम्प्रदाय समन्वय ३४
३.३.३. पाश्चात्य समालोचना-तत्त्वको उपयोग ३६
३.३.४. मौलिक प्रतिपादन ३८
३.३.५. सोमनाथका आफ्ना साहित्य–मान्यता ४२
३.३.६. व्यावहारिक समालोचना तत्त्व ४२
३.३.७. 'साहित्य-प्रदीप' का उपलब्धि ४३

खण्ड २ :

विवरण विश्लेषण, र मूल्याङ्कन

सोमनाथ सिग्देलको कविता–यात्रा र महाकाव्यकार रूप

१. पहिलो परिच्छेद : सोमनाथ सिग्देलको कविता–यात्रा र उनको 'आदर्श–राघव' महाकाव्य

१.१. रचना विवरण ४७
१.२. काव्ययात्रा तथा चरण विभाजन ४८
१.३. चरणगत विश्लेषण ५०

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

१.३.१. प्रथम चरणका रचना ५०
१.३.१.१. 'सुन्दरी' कालका कविता ५०
१.३.२.२. 'सूक्तिसिन्धु' कालका कविता ५६
१.३.२. द्वितीय चरणका रचना ५९
१.३.२.१. पहिलो अवधि : 'चन्द्रचरित' रचनाकाल ६१
१.३.२.२. दोस्रो अवधि : नैतिक-आध्यात्मिक प्रस्फुटन काल ६६
१.३.२.३. तेस्रो अवधि : 'आदर्शराघव' को रचना काल ७०
१.३.३. तृतीय चरणका रचना ८२
१.४. कविता यात्राको निष्कर्ष ८५

२. दोस्रो परिच्छेद : नेपाली महाकाव्य परम्परामा 'आदर्श-राघव' ले प्रस्तुत गरेको वैशिष्ट्य

२.१. वैशिट्य्च निर्धारणका आधार र प्रक्रिया ८७
२.२. नेपाली महाकाव्य परम्पराको रेखाङ्कन ८७
२.२.१. सोमनाथ पूर्वको नेपाली महाकाव्य परम्परा ९१
२.३. सोमनाथको 'आदर्श-राघव' महाकाव्यको विश्लेषणात्मक अध्ययन ९३
२.३.१. काव्य हेतुका कोणबाट ९३
२.३.२. प्रबन्ध विधानका कोणबाट ९५
२.३.३. पूर्वीय काव्यतत्त्व वा काव्य सम्प्रदायका कोणबाट १००
२.३.४. प्रकृति-प्रयोगका कोणबाट १०८
२.३.५. समाज चित्रणका कोणबाट ११५

३. तेस्रो परिच्छेद : सोमनाथ सिग्देलका काव्य प्रवृत्तिको निरूपण र कवित्वको मूल्याङ्कन

३.१. काव्य प्रवृत्तिको निरूपण ११९
३.१.१. प्रथम चरणका काव्य प्रवृत्ति ११९
३.१.२. द्वितीय चरगका काव्य प्रवृत्ति १२१
३.१.३. तृतीय चरणका काव्य प्रवृत्ति १२४
३.२. कवित्वको मूल्याङ्कन १२५

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

खण्ड ३: परिशिष्ट

सोमनाथ सिग्देलका अनुपलब्ध विशेष कविता तथा महाकाव्यांश

१. पहिलो प्रकाशित नेपाली कविता : मानिनीरञ्जन १३१

२. नाट्य कविता : दिगम्बर विवाह (प्रहसन) १३३

३. अप्रकाशित महाकाव्य : 'चन्द्रचरित' का केही उद्धरणहरू १४३

४. अप्रकाशित कविता : परम पिताको खोज १५८

सन्दर्भ विवरण १६५

अनुक्रमणिका १७५

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

प्रावकथन

गम्भीर अध्ययन र अनुसन्धानका मार्गमा नेपाली साहित्यको समालोचनाले पाइला टेक्न थालेको धेरै भएको छैन। भरखर भरखरै मात्र नेपाली समालोचना आफ्नो प्राथमिक अवस्था पार गर्दै बिस्तारै अघि बढ्न लागेको अनुभव हुन्छ भने अझै पनि शोध-चेतनाका निम्ति अनुकूल वातावरणका अभावमा नेपाली भाषा र साहित्यको शोधकार्य विकट जङ्गल झैं प्रतीत हुन्छ।

केही साधक व्यक्तिहरूले आफ्नै अन्त: प्रेरणाका कारणले आआफ्नै पाराबाट नेपाली भाषा र साहित्यका विविध प्रसङ्ग समाती अनुसन्धान-अन्वेषणको कठिन काम गर्दै आएका छन् तापनि व्यवस्थित रूपबाट संस्थागत शोध कार्यको थालनी भरखर भरखरकै तरखर हो।

२०२८ सालमा राष्ट्रिय शिक्षा पद्धतिको योजना'का रूपमा लागू गरिएको नयाँ शिक्षा योजना आफैले राखेका राजनीतिक अभिप्राय र त्यसले उमारेका अनेकौं विसंगतिका कारणले गर्दा आज पूरै क्षत-विक्षत भैसकेको छ, तैपनि नेपाली भाषा र साहित्यको नयाँ पाठ्यक्रमका निर्माणमा २०२८ साल पछिका वर्षहरूमा भएका प्रयासहरूले यस विषयको उत्थानका निम्ति निकै गह्रकिलो आधार तयार गरेको तथ्यलाई बिर्सन मिल्दैन।

स्नातकोत्तर तहमा शोधपत्रलाई अनिवार्य रूपमा स्थापित गरे पछि नेपाली भाषा र साहित्यका सम्बन्धमा पनि यसका अनेकौं पक्ष, धारा र प्रतिभाहरूका योगदानहरूलाई उद्घाटन र प्रकाश पार्ने आधारभूत कार्यहरू निकै भइसकेका छन्। तर ती शोधकार्यहरूलाई जन समक्ष प्रस्तुत गर्ने कुनै व्यवस्थित योजना बन्न सकेको छैन। ती सबै शोधकार्यहरूको प्रकाश हुन सके नेपाली भाषा र साहित्यको अपेक्षाकृत व्यवस्थित र प्रामाणिक इतिहास लेखनका लागि प्रशस्त आधार सामग्री उपलब्ध हुने थियो। यसैले नेपाली भाषा र साहित्यसँग सम्बद्ध संस्थाहरूले यस दिशातर्फ ध्यान पुऱ्याउनु नितान्त आवश्यक हुन आएको छ।

आज भन्दा करीब ७ वर्ष अगाडि नेपाली विषयमा स्नातकोत्तर उपाधिको प्रयोजनका निम्ति मैले **नेपाली साहित्यमा सोमनाथ सिग्देलको योगदान** नामक

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

शीर्षकमा शोधकार्य गरेको थिएँ। अहिले प्रकाशनका अवसरमा **पण्डितराज सोमनाथ सिग्देल र उनको महाकाव्य-साधना** का रूपमा प्रस्तुत यो ग्रन्थ सोही शोधकार्यमा केही थपघट र आवश्यक सामयिक परिमार्जन संशोधन सहित तयार गरिएको छ।

पण्डितराज सोमनाथ सिग्देलले नेपाली र संस्कृत वाङ्मयका विविध क्षेत्रमा विशिष्ट योगदान गरेका छन्। विस्तृत रूपमा ती सबै पक्ष र क्षेत्रहरूको विश्लेषण गरेका खण्डमा थुप्रै ग्रन्थहरू छुट्टाछुट्टै तयार हुन सक्ने स्थिति छ। त्यसैले प्रस्तुत ग्रन्थ सोमनाथ सिग्देलका समग्र कृतित्व र योगदानको विश्लेषण होइन भन्ने कुरा विनम्रताका साथ निवेदन गर्न चाहन्छु। यस ग्रन्थलाई सोमनाथ सिग्देलको व्यक्तित्व विश्लेषण र उनले नेपाली वाङ्मयका क्षेत्रमा गरेका योगदानहरूको संक्षिप्त रेखाङ्कनको बाटोबाट डोन्याउँदै नेपाली साहित्य र विशेष गरी उनको महाकाव्य-साधनाको मूल्याङ्कनतर्फ केन्द्रित गरिएको छ।

नेपाली साहित्यमा सोमनाथ सिग्देलको प्रवेश वनारस अध्ययन कालमा **सुन्दरी** (मासिक : १९६३) पत्रिकाका माध्यमबाट भएको देखिन्छ[१]। यस-भन्दा अगाडि नेपालीमा प्रकाशित उनका कुनै रचना अहिलेसम्म भेटिएका छैनन्। यस अघि उनी वनारसमै आफ्ना साथिहरूसंग मिलेर संस्कृत मासिक पत्रिका **सूक्तिसुधा** (१९६१) चलाउथे भन्ने कुरा विविध स्रोतबाट जानकारी प्राप्त हुँदै आए पनि **सूक्तिसुधा** का अङ्कहरू देख्न नपाइएकाले त्यसमा सोमनाथ सिग्देलका के कस्ता र के कति रचना थिए भन्ने विषयमा प्रामाणिक जानकारी दिन सकिएको थिएन, तर हालै त्यस सम्बन्धमा केही जानकारी प्राप्त भएको छ[२]। यसैले सोमनाथ सिग्देलका संस्कृत कवित्वका बारेमा अध्ययन गर्न चाहनेहरूले उनका **सूक्तिसुधा**-कालीन रचनाहरूको खोज-अन्वेषणतर्फ पनि ध्यान दिनु आवश्यक हुन आएको छ।

---

१. यसै ग्रन्थको पृ: ६, ५१ र १३१ हेर्नुहोस्।

२. श्री पुष्कर लोहनीज्यूबाट प्राप्त लिखित जानकारी अनुसार उहाँसँग भएको **सूक्तिसुधा** को पहिलो खण्डको पाँचौ संख्या (मार्गशीर्ष पूर्णिमा : १९६१) मा सोमनाथ सिग्देलका एउटा समस्यापूर्ति र 'शर्मनर्म दीपिका' र 'सुन्दरचम्पू' शीर्षकका दुई अन्य रचना भएको थाह हुन आएको छ। **सूक्तिसुधा** को सो अङ्कलाई प्रत्यक्ष रूपमा देख्ने अवसर भने यस लेखकलाई अझै प्राप्त हुन सकेको छैन– न० हृ० आ०।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

यस ग्रन्थमा सोमनाथको कवित्व–मूल्याङ्कनको मूल आधार पूर्वीय काव्य-शास्त्रीय दृष्टिकोणलाई बनाइएको छ । हुन त कुनै पनि काव्य–कविताको शाश्वत मूल्यलाई देशकाल निरपेक्ष भएरै पनि हेर्न सकिन्छ, तर सापेक्षताका आधारमा हेर्नु पर्ने परिस्थिति पनि प्रशस्तै आइपर्छ । सोमनाथ सिग्देलका सन्दर्भमा यो परिस्थिति निकै बलियो रूपमा देखा परेको छ ।

चन्द्रचरित लेखन– १९७६–१९८६) देखि **आदर्शराघव** (२००५)सम्मको सोम-नाथ सिग्देलको महाकाव्य–साधना पूर्णत : परम्परागत रूपमा स्थापित पूर्वीय मान-दण्डद्वारा प्रेरित र नियन्त्रित दुवै थियो भन्ने कुरा स्पष्टै छ । त्यसैले उनको शक्ति र सीमा पनि यसै मानदण्ड भित्र खोज्नु बढी औचित्यपूर्ण हुन आउँछ । वास्तवमा नेपाली कविता र विशेष गरी महाकाव्यका क्षेत्रमा पूर्वीय मानदण्डलाई प्रौढ र पाण्डित्यपूर्ण प्रक्रियाद्वारा संस्थापित गर्नुमा नै पण्डितराज सोमनाथ सिग्देलको महत्ता सुरक्षित रहेको छ ।

तीन खण्डमा विभाजित प्रस्तुत ग्रन्थको पहिलो खण्डमा जम्मा तीन परिच्छेद छन् । पहिलो परिच्छेदमा पण्डितराज सोमनाथ सिग्देलको व्यक्तित्व निर्माणको प्रक्रिया र स्वरूपलाई उनको जींवनी वृत्तका आधारमा बुझ्ने कोशिस भएको छ । दोस्रो परिच्छेदमा सोमनाथ सिग्देलको नेपाली वाङ्मयका क्षेत्रमा र विशेष गरी व्याकरण र दर्शनका क्षेत्रमा रहेको योगदानको संक्षिप्त रूपमा रेखाङ्कन गर्ने प्रयास गरिएको छ । तेस्रो परिच्छेदमा नेपाली समालोचनाका क्षेत्रमा सोमनाथ सिग्देलले प्रस्तुत गरेको वैशिष्टय र त्यसबाट प्रदत्त योगदानलाई खास गरी **साहित्य–प्रदोप** (२०१६) का आधारमा विश्लेषण र मूल्याङ्कन गरिएको छ । यसरी तीन परिच्छेदमा समाप्त भएको पहिलो खण्डलाई पण्डितराथ सोमनाथ •सिग्देलको महा-काव्य–साधनाको विश्लेषण र मूल्याङ्कनका लागि पृष्ठभूमि र परिवेशकै रूपमा प्रस्तुत गरिएको छ।

दोस्रो खण्डलाई तीन परिच्छेदमा बाँढिएको छ र यसैलाई प्रस्तुत ग्रन्थको मूल भाग भन्न सकिन्छ । यसमा सोमनाथ सिग्देलको कवितायात्रा र नेपाली महा–काव्य परम्परामा **आदर्श–राघव** (२००५) ले प्रस्तुत गरेको वैशिष्टयको विश्लेषण गर्दै काव्य प्रवृत्तिको निरूपण र कवित्वको मूल्याङ्कन समेत गरिएको छ ।

परिशिष्टका रूपमा प्रस्तुत तेस्रो खण्डमा सोमनाथका नेपालीमा प्रकाशित पहिलो कविता **मानिनी रञ्जन** (सुन्दरी : १९६३) **सुन्दरी** कालीन महत्त्वपूर्ण

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

रचना दिगम्बर विवाह (प्रहसन) अप्रकाशित महाकाव्य चन्द्रचरित (रचना : १९७६–८६) को उपलब्ध अंश उत्तरार्धका केही उद्धरणहरू र अप्रकाशित कविता परमपिताको खोज (रचना : १९९२) लाई प्रस्तुत गरिएको छ ।

सोमनाथ सिग्देलले आफ्ना रचनाहरूमा सोमनाथ सिग्देल, सोमनाथ शर्मा, सोमनाथ शर्म्मा, सोमनाथ सिग्याल, सोमनाथ पण्डित र अरू संक्षिप्त नामहरूको समेत प्रयोग गरेको पाइन्छ । त्यसैले सलिजो र स्पष्टता दुबैका लागि यस ग्रन्थका सोमनाथ सिग्देल र त्यसको संक्षिप्त रूप सोमनाथ नामको मात्र प्रयोग गरिएको छ ।

यस ग्रन्थमा प्रस्तुत गरिएका सबै मिति विक्रम संवत्मा छन् । जहाँ खास कारणले अरू संवत् प्रयोग गरिएको छ, त्यहाँ त्यस संवत्को नाम समेत खुलाइएको छ ।

अन्तमा यस ग्रन्थमा रहन गएका सबै किसिमका त्रुटिहरूका लागि म स्वयं जिम्मेदार छु । अत : विज्ञ पाठकहरूले उक्त त्रुटिहरूका लागि मलाई क्षमा गर्नु हुने नै छ भन्ने पनि मैले आशा राखेको छु ।

– नरहरि आचार्य

चुनदेवी, महाराजगंज
काठमाडौं ।
२०४१ असार २४

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

पण्डितराज सोमनाथ शर्मा सिग्देलको
जन्मशताब्दीका उपक्रममा
श्रद्धा–स्मृति सहित

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

पण्डितराज सोमनाथ सिग्द्याल र उनको महाकाव्य-साधना

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

खण्ड १ :

पृष्ठभूमि र परिवेश

पण्डितराज सोमनाथ सिग्देल र नेपाली वाङ्मय

- सोमनाथ सिग्देलको व्यक्तित्व निर्माणको स्वरूप : जीवनीवृत्तका आलोकमा
- नेपाली वाङमयमा सोमनाथ सिग्देलको योगदान
- समालोचकका रूपमा सोमनाथ सिग्देलको योगदान र वैशिष्ट्य

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

पहिलो परिच्छेद

सोमनाथ सिग्द्‌लको व्यक्तित्व निर्माणको स्वरूप : जीवनीवृत्तका आलोकमा

जीवनको सफलताको लागि केही टाढा सफलताकी देवी खडा छिन् । केवल दृढतापूर्वक अगाडि बढ्नु मात्र आवश्यक छ ।

—स्वेट मार्डेन

१.१ जीवनीवृत्त

१.१.१ जन्म र परिवार

सोमनाथ सिग्देलको जन्म काठमाडौं स्थित झोछें टोलमा वि. सं. १९४१ आश्विन शुक्ल चतुर्दशीका दिन भएको हो[१] । सोमनाथका पिता जगन्नाथ सिग्देल वेदान्तका विद्वान्का[२] अतिरिक्त वेद, धर्मशास्त्र, ज्योतिष र व्याकरणका पनि राम्रा ज्ञाता[३] हुनाका साथै त्यसबेलाको संस्कृत प्रधान पाठशाला (काठमाडौं) का प्रसिद्धि प्राप्त अध्यापक पनि थिए[४] र सोमनाथकी आमाको नाम चाहिं लक्ष्मी थियो[५] । अतः आनुवंशिक रूपमा र घरेलु परिवेशका दृष्टिले पनि जगन्नाथको यस पाण्डित्यले सोमनाथ सिग्देलको व्यक्तित्वका विकासमा ठूलो भूमिका खेलेको अनुभव हुन्छ ।

सोमनाथको पहिलो विवाह तेह्र वर्षको उमेरमा गिरिजासँग भएको[६] र धेरै कालसम्म सन्तान नहुँदा तीस वर्षको भए पछि यिनले दोलकुमारीसँग दोस्रो विहे

१–२. नयराज पन्त, 'विद्वत् पूजा (सङ्ख्या २)' **पूर्णिमा** पूर्णाङ्क २८, पृ. २०२ ।

३. बद्रीनाथ शर्मा, **पण्डितराज सोमनाथ शर्मणो जीवन चरितम्** (पूर्व भाग) पृ. १, श्लोक २ ।

४. राममणि रिसाल, **नेपाली काव्य र कवि**, पृ. ४४ ।

५. बद्रीनाथ शर्मा, पूर्ववत्, पृ. २, श्लोक ६ ।

६. पूर्ववत्, श्लोक ७ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

गरेको जानकारी भेटिन्छ[७]। दोस्रो विहे पछि पहिली पत्नीबाटै दुइटी छोरी र एउटा छोरो पनि जन्मिएकोमा छोरो चाहिं दुई वर्षको उमेरमै बितेको[८] र गिरिजाबाटै जन्मेकी एउटी छोरी पनि दिवङ्गत[९] भएबाट चालीस वर्षका सोमनाथले ललितादेवीसँग तेस्रो विहे गरेको देखिन्छ[१०]। वि. सं. १९९७ सालको माघ महीनामा सोमनाथकी जेठी पत्नी गिरिजाको देहावसान भयो[११] भने दोस्री र तेस्री दुवै पत्नी चाहिं निःसन्तान नै रहेकाले[१२] र बांकी रहेकी एक मात्र सन्तान छोरी शान्ति पनि बालखैमा विधवा[१३] भएकीले सोमनाथको सन्तान–परम्परा पूरै टुट्न गएको पाइन्छ। सन्तानहरूले गर्दा प्रायः विद्वान् र साहित्यकार-हरूको जीवनको धेरै अंश घरेलु संघर्ष र चिन्ताहरूमा बित्दछ भने सोमनाथ सिग्देलको पारिवारिक जीवनमा सन्तानलाई हुर्काउने र तिनको भरणपोषणको झन्झट त्यति नहुनाको फलस्वरूप उनी विद्वत्ताको आर्जन र लेखनमा तन्मय हुन सकेको प्रतीत हुन्छ। वास्तवमा सोमनाथ जे भए र जे भएनन् त्यसको आधारभूत कारणका रूपमा उनको उपर्युक्त पारिवारिक स्थितिको ठूलो भूमिका रहेको र उनको **आदर्श राघवमा** दशरथको अनपत्यताको वर्णन मार्मिक हुँदै **संसार पुत्र–मुख चन्द्र बिना अँध्यारो**[१४] को अनुभूतिमा परिणत भएको अनि **प्रतिसंस्कृता सिद्धान्त कौमुदी**[१५] मा आफ्ना रचनालाई नै सन्तत्ति—परम्परा कायम राख्ने साधन ठान्न पुग्नाको मूल कारण पनि सोमनाथको अपुत्रता नै रहेको अनुभव हुन्छ।

१.१.२ शिक्षा–दीक्षा

सोमनाथको अध्ययन कार्यको प्रारम्भ घरैमा आफ्ना पिताबाट भएको देखिन्छ[१६]। रानीपोखरी संस्कृत प्रधान पाठशालामा प्रवेश गरेपछि पनि उनले आफ्नै पिता पं. जगन्नाथ सिग्देलका साथै अन्य गुरुहरू पं. विष्णुहरि रिमाल,

७. पूर्ववत्, पृ. ८, श्लोक २९।
८. पूर्ववत्, श्लोक ३०।
९. पूर्ववत्, श्लोक ३२।
१०. पूर्ववत्, पृ. ९, श्लोक ३४।
११. पूर्ववत्, पृ. १०, श्लोक ४०।
१२. पूर्ववत्, पृ. ११, श्लोक ४२।
१३. पूर्ववत्, पृ. ९, श्लोक ३३।
१४. प्रथम सर्ग, पृ. ११, श्लोक ११।
१५. किञ्चिदावेदनम्, पृ. ५, श्लोक ८।
१६. बद्रीनाथ शर्मा, पूर्ववत्, पृ. १—२, श्लोक ४—५।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

पं. विश्वनाथ रिमाल र पं. गङ्गादत्त गोतामेसँग पढेका हुन्[१७]।

संस्कृत प्रधान पाठशालावाट व्याकरण–मध्यमाको अध्ययन पूर्ण भए तापनि त्यसै वर्ष काशी जाने अनुकूल नमिलेकाले सोमनाथ एक वर्षसम्म काठमाडौंमा नै रहेको र मैथिल विद्वान् सहदेवसँग उनले न्याय मध्यमाका लागि आवश्यक ग्रन्थ-हरूको अध्ययन गरेको जानकारी पनि पाइन्छ[१८]। वि. सं. १९५६ मा उनी काशीवाट दर्शन मध्यमाको परीक्षामा उत्तीर्ण भएको[१९] र उच्च अध्ययनका लागि काशी मै रहन थालेको देखिन्छ[२०]। यही क्रममा प्रसिद्ध बङ्गाली विद्वान् कैशालचन्द्र शिरोमणिसँग न्याय, सुब्रह्मण्य शास्त्रीसँग वेदान्त र प्रसिद्ध दाक्षिणात्य विद्वान् गङ्गाधर शास्त्रीसँग साहित्य आदि विषयको विशेष अध्ययन गर्दै[२१] सोमनाथले वनारस क्वीन्स कलेजबाट न्याय वैशेषिकमा उपाध्याय उपाधि[२२] र कलकत्ताको काव्यतीर्थ परीक्षामा विशिष्ट श्रेणी प्राप्त गरेको जानकारी भेटिन्छ[२३]। संवत् १९६४ तिर सोमनाथ काठमाडौं फर्केको र यसै वखतदेखि उनको विद्यार्थी जीवन टुङ्गिएको हो[२४]।

त्यस वेलाका वाराणसीका कतिपय सुप्रसिद्ध विद्वान्सँग पढी विशेषतः न्याय वैशेषिकका क्षेत्रमा पारङ्गत विद्वान्का रूपमा सोमनाथ काठमाडौं फर्कनु तात्का-लिक नेपालको संस्कृत विद्याको पुनरुत्थानका सन्दर्भमा अत्यन्त महत्त्वपूर्ण घटना हो। वास्तवमा यसताक वाराणसीमा संस्कृतको उच्च अध्ययन गरी फर्केका व्यक्तिहरूले नेपाली चेतनाको पुनर्जागरणका साथै नेपाली वाङ्गमय र विशेषतः साहित्यका क्षेत्रमा ऐतिहासिक भूमिका खेल्न सक्ने सम्भावना थियो र सोमनाथ त्यसका निम्ति सक्षम एवं सचेत समेत भई काठमाडौं फर्केको अनुभव हुन्छ।

---

१७. नयराज पन्त, पूर्ववत्, पृ. २०३।

१८. बद्रीनाथ शर्मा, पूर्ववत्, पृ. ३, श्लोक ९।

१९. पूर्ववत्, श्लोक १०—११।

२०. पूर्ववत्, पृ. ४, श्लोक १२।

२१. नयराज पन्त, पूर्ववत्।

२२. (क) रामचन्द्र पौडेल, 'पण्डितराज श्रीसोमनाथ सिग्देलज्यूको संक्षिप्त जीवनी', मर्यादा वर्ष ३, अङ्क २, पृ. ६२।

(ख) नयराज पन्त, 'श्रीमान् यदुनाथ खनालज्यूले आफ्नो विद्वत्ता देखाउने समय आएको छ', पूर्णिमा, पूर्णाङ्क ३०, पृ १०९।

२३. राममणि रिसाल, नेपाली काव्य र कवि, पृ. ४४।

२४. बद्रीनाथ शर्मा, पूर्ववत्, पृ. ७, श्लोक २५।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

१.१.३ अध्यापन

वि. सं. १९६४ मा रानीपोखरी संस्कृत प्रधान पाठशालामा अध्यापक नियुक्त भए पछि नै वास्तविक रूपमा सोमनाथको अध्यापक– जीवन प्रारम्भ भएको देखिन्छ[२५]। व्याकरणका आफ्ना गुरु प्रधानाध्यापक विष्णुहरि रिमालको स्वर्गारोहण पछि खालि भएको प्रधानाध्यापक पद वि.सं. १९७२ मा सोमनाथलाई प्राप्त भएबाट[२६] आफ्नो विषयको अध्यापनका अतिरिक्त संस्कृत प्रधान पाठ-कालाको सम्पूर्ण अध्ययन– अध्यापन प्रक्रिया र त्यसका माध्यमले नेपालमा संस्कृत शिक्षाको अध्ययन– अध्यापन प्रणालीमा समेत सोमनाथको व्यक्तित्वको प्रभाव क्रमशः पर्न थालेको पाइन्छ।

यसरी संस्कृत प्रधान पाठशालामा अध्यापकका रूपमा आठ वर्ष प्रधानाध्यापकका रूपमा सैंतीस वर्ष[२७] तथा राजकीय संस्कृत महाविद्यालयको उद्‌घाटन भएपछि त्यसका प्रथम प्रिन्सिपल (प्रधानाचार्य) का रूपमा पाँच वर्ष[२८] अध्यापन कार्य गरेर सोमनाथले साहित्य, वेदान्त, सर्वदर्शन, धर्मशास्त्र, साङ्‌ख्य, योग आदि विषयमा आफ्ना शिष्यहरूलाई आचार्य परीक्षोत्तीर्ण गराएको देखिन्छ[२९] भने संस्कृतमा **प्रतिसंस्कृता सिद्धान्त कौमुदी** र नेपालीमा **मध्य चन्द्रिका** लेखेर व्याकरण-शास्त्रप्रतिको आफ्नो अधिकार,र रुचिलाई पर्याप्त प्रदर्शन गर्न सफल सोमनाथले बरू वेद विषयका कतिपय ग्रन्थहरू (विशेषतः निरूक्त आदि) को अध्यापन गरेको तर व्याकरणको औपचारिक अध्यापन नगरेको अनौठो जानकारी भेटिएको छ[३०]।

सोमनाथको अध्यापन–कार्य स्वदेशी विद्यार्थीमा मात्र सीमित नरहेको तथ्य प्रधानमन्त्री चन्द्र शमशेरका समयमा नेपालमा वेदान्त पढ्‌ने उद्देश्यले एउटी अंग्रेज महिला आएकी र उनलाई वेदान्त पढाउनका निम्ति चन्द्र शमशेरले सोमनाथलाई

---

२५. पूर्ववत्, पृ. ७, श्लोक २७।

२६. पूर्ववत्., पृ. ८, श्लोक ३१।

२७. उत्तम कुंवर; **स्रष्टा र साहित्य** (दो. सं.), पृ. २२७।

२८. नयराज पन्त, 'विद्वत् पूजा (सङ्‌ख्या २)' पूर्ववत्, पृ. २२३।

२९. पूर्ववत् पृ. २१४।

३०. यो कुरा सोमनाथ सिग्देलका चेला प्रा. गोपालनिधि तिवारी र प्रा. विश्वनाथ पोखरेलले लेखकलाई २०३३ साल असार ३ गते वाल्मीकि क्याम्पसमा भन्नु भएको हो।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

नियुक्त गरेको घटनाबाट पनि प्रष्ट भएको देखिन्छ[३१]।

त्रि-चन्द्र कलेजको स्थापना भए पछि सोमनाथले त्यहाँ केही समयसम्म नेपाली विषय पढाउनुका[३२] साथै त्रिभुवन विश्वविद्यालयमा नेपाली विभाग खुले पछि त्यहाँ पनि नेपाली भाषा तथा साहित्यको केही समयसम्म अध्यापन गरेबाट[३३] सोमनाथको अध्यापक-जीवनले व्यापकता लिएको बोध हुन्छ।

१.१.४ भाषा तथा साहित्य सेवा

सोमनाथको साहित्यिक जीवन संस्कृत-लेखनबाटै प्रारम्भ भएको जानकारी काशीमा विद्यार्थी रहँदा देखि नै सोमनाथले आफ्ना सहपाठीहरूसँग मिली संस्कृत-पत्रिका **सूक्तिसुधा** को प्रकाशन गरेको घटनाबाट प्राप्त हुन्छ[३४]। तर विभिन्न कठिनाइले गर्दा **सूक्तिसुधा** को प्रकाशन बन्द भए[३५] पछि काशीमा पढ्न बसेका उत्साही युवकहरूमा देखापर्दो नेपाली भाषाको सेवा गर्ने तीव्र इच्छाको फलस्वरूप[३६] वि. सं. १९६३ साल असार १ गते नेपाली साहित्यको प्रथम मासिक पत्रिकाका रूपमा **सुन्दरी**को प्रकाशन आरम्भ भएको देखिन्छ[३७]।

नेपाली कविताको माध्यमिक कालीन श्रृङ्गारिक धारालाई शैलिपक गरिमा प्रदान गर्ने उद्देश्य लिई **कविता कल्पद्रुम** (१९६०) ले प्रारम्भ गरेको अभियानलाई सोमनाथ सिग्देल, देवीदत्त पराजुली र विष्णु प्रसाद भण्डारीको खास संस्थापन र सम्पादनमा[३८] प्रकाशित भएको यस **सुन्दरी** पत्रिकाले अझ अघि बढाउने प्रयास गरेको अनुभव हुन्छ, किनभने **सुन्दरी**को पहिलो वर्षको पहिलो लीलाको मुख पृष्ठमा प्रकाशित सम्पादकहरूको भनाइको[४०] सारांश खिच्दा **सुन्दरी** ले अँगालेको मार्ग सालाखालामा यस प्रकार प्रकट हुन्छः-

---

३१. हरिनाथ ढुङ्गेल; **पण्डितराज श्रीसोमनाथ शर्मणो जीवन-चरितम्** (उत्तर भाग), पृ. ४७, श्लोक ४०।

३२. नयराज पन्त; पूर्ववत्, पृ. २१३।

३३. हरिनाथ ढुङ्गेल; पूर्ववत्, पृ. २७, श्लोक ३५।

३४.—३५. उत्तम कुँवर; पूर्ववत्, पृ. २२६।

३६.—३७. पूर्ववत्, पृ. २२४।

३८. प्रतापचन्द्र प्रधान; **नेपाली कवितामा श्रृङ्गार: मोतिरामदेखि 'सुक्तिसिन्धु'सम्म** (नेपाली स्नातकोत्तर शोधपत्र), पृ. ४८।

३९. उत्तम कुँवर; पूर्ववत्, पृ. २२६।

४०. पूर्ववत्, पृ. २२७।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

(१) कविता प्रधान पत्रिकाको रूप दिने अठोट
(२) शैलिक परिष्कारप्रतिको आग्रह

यसरी साहित्य र विशेषतः कविताका रूपपरक मूल्यहरूको अपेक्षा गर्दै नेपाली साहित्यको माध्यमिक कालको दोपहरतिर साहित्यिक सृजनात्मक चेतना लिएर जुर्मुराउने व्यक्तिहरूमा सोमनाथ सिग्देलको स्थान महत्त्वपूर्ण प्रतीत हुन्छ।

वस्तुतः **सुन्दरी**को प्रकाशनका साथसाथै सोमनाथले नेपाली साहित्यमा प्रवेश गरेको पाइन्छ र **सुन्दरी** पत्रिकामा धारावाहिक रूपमा प्रकाशित **दिगम्बर . विवाह** प्रहसन नै उनको पहिलो नेपाली रचना मनिए[४१] तापनि **मानिनी रञ्जन नै** उनको प्रथम नेपाली रचना ठहरिन्छ[४२]। **सुन्दरी** मै उनका अन्य कविता **समस्या पूर्ति** तथा **दिगम्बर विवाह** प्रहसन समेत प्रकाशित छन् ।

सुन्दरी पछि वि. सं १९६५ मा **माधवी** पत्रिका राममणि आ. दी (छद्म नाम—मातृप्रसाद शर्मा अधिकारी) को सम्पादनमा[४३] निक्लन थाल्दछ । चक्रपाणि चालिसे[४४] र लेखनाथ पौडेल[४५] यसका प्रमुख सहयोगी रहेका देखिन्छन् तापनि **माधवी** पत्रिकाको रूप—निर्धारणमा विशेषतः गद्यमा मात्र प्रकाशित हुन लागेको **माधवी**का केही पृष्ठहरूमा पद्यले पनि स्थान पाउनमा सोमनाथको सरसल्लाहको भूमिका रहेको पाइन्छ[४६]।

यसपछि माध्यामिक कालीन शृङ्गार युगको नेपाली कविताको प्रतिनिधि सङ्कलनका साथै माध्यमिक काल र आधुनिक कालको नेपाली कविताको सीमा बिन्दुको रूपमा मानिएको[४७] **सूक्तिसिन्धु** (१९७४) मा सोमनाथका कविता पनि प्रकाशित हुन्छन्[४८]।

वास्तवमा सं. १९७४ मा **सूक्ति सिन्धु** को प्रकाशन नेपाली साहित्यका लागि

---

४१. पूर्ववत्, पृ. २२७ ।

४२. **सुन्दरी**, वर्ष १, लीला १, सं. १९६३ असार ।

४३. राममणि आ.दी., **पुराना संझना**, पृ. २१ ।

४४. पूर्ववत् पृ. ४६ ।

४५. पूर्ववत्, पृ. २७ ।

४६. पूर्ववत्, पृ. ४६ ।

४७. वासुदेव त्रिपाठी; माधव घिमिरे समेत (सं) **आधुनिक नेपाली कविता** को भूमिका, पृ. ग. ।

४८. कमल दीक्षित (सं); **सूक्तिसिन्धु** (फेरि) पृ. ७–१४ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

महत्त्वपूर्ण घटना बन्न जान्छ र त्यस घटनामा युवा सोमनाथ पनि सम्मिलित हुनु अनि पछिका वृद्ध सोमनाथले समेत त्यसलाई स्वाभाविक र समयोचित कार्य सम्झनु[४९] अझ बढी महत्त्वको कुरा हुन जान्छ। सम्भवतः सूक्ति सिन्धु मा परेका अश्लील शृङ्गारपूर्ण कविताका कारणबाटै तात्कालिक सरकारबाट यसलाई प्रतिबन्ध लगाइएको होला[५०] परन्तु यसैमा सङ्ग्रहित लेखनाथ, सोमनाथ, चक्रपाणि र शम्भुप्रसाद आदिका कविताले देखाएको प्रौढ परिष्कार र शैलिपक भावविन्यासलाई नेपाली कविताका परम्पराकै क्रममा राखेर हेर्दा पनि उपलब्धिका रूपमा स्वीकार गर्नु पर्ने देखिन आउँछ।

माधवी (१९६५) द्वारा थालिएको हलन्त बहिष्कार आन्दोलन[५१] पछि लेख्य नेपाली भाषालाई आधिकारिक व्याकरणका आधारमा लेख्ने प्रक्रिया बसाल्ने उद्देश्यले वि. सं. १९६७ मा[५२] हेमराजका नामबाट प्रकाशित **चन्द्रिका** व्याकरणको लेखनमा सोमनाथको महत्त्वपूर्ण हात[५३] रहनुका साथै यही **चन्द्रिकाबाटै** प्रेरणा लिई थपघट सहित सोमनाथले आफ्नो नाममा वि. सं. १९७६ मा **मध्य चन्द्रिका** प्रकाशित गरेको देखिन्छ[५४]। **मध्य चन्द्रिकाको** पनि संक्षिप्त संस्करणका रूपमा वि. सं. १९९१ मा सोमनाथद्वारा **लघु चन्द्रिका** प्रकाशित हुन्छ[५५]। यसरी नेपाली लेख्य भाषाको आधिकारिक व्याकरण– निर्माणमा पनि वैयाकरण सोमनाथ महत्त्वपूर्ण भूमिका खेलिरहेका हुन्छन्।

सुन्दरी (१९६३) देखि **सूक्तिसिन्धु** (१९७४) सम्मका मूलतः शृङ्गारिक कवि सोमनाथ माध्यामिक कालीन शृङ्गारिक प्रवृत्तिको ह्रास र आधुनिक कालको प्रस्फुटन थालिंदो वेला (वि.सं. १९७५–७६) सम्म आधुनिक नेपाली साहित्यको माध्यम स्वरूप आधिकारिक लेख्य व्याकरणद्वारा अनुशासित आधुनिक नेपालीभाषाको स्वरूप स्थिर गर्न नै हेमराज शर्माका सहयोगी वा स्वतन्त्र रूपमै

---

४९. उत्तम कुँवर, पूर्ववत्, पृ. २२९।

५०. कमल दीक्षित, पूर्ववत्, भूमिका पृ. ख.।

५१. राममणि आ. दी., पूर्ववत्, पृ. २२।

५२. (क) नयराज पन्त, पूर्ववत्, पृ. २०८।

(ख) तर राममणि आ.दी. ले आफ्नो **पुराना सम्झना** को पृ. ८१ मा १९७२ मा **चन्द्रिका** को पहिलो प्रकाशन भएको कुरा उठाएका छन्।

५३. उत्तम कुँवर, पूर्ववत्, पृ. २२६।

५४. नयराज पन्त, पूर्ववत्।

५५. पूर्ववत्, पृ. २१८।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

पनि संलग्न रहेको बुझिन्छ । वि. सं. १९७६ या १९७८ वा १९८० देखि १९८६ सम्म भने **चन्द्रचरित** महाकाव्य लेखनमा तल्लीन रहेको नयाँ जानकारी भेटिएको छ[५६] । अप्रकाशित र अधूरो रूपमा उत्तरार्ध मात्र भेटिएको यस मौलिक महाकाव्य– प्रयत्नलाई अनुवाद र मौलिकताका दोसाँधको **भानुभक्तीय रामायण** (वि.सं. १८९८– १९१९) को उत्तरवर्ती र महाकवि लक्ष्मीप्रसाद देवकोटाद्वारा प्रस्तुत प्रथम नेपाली महाकाव्य **शाकुन्तल** (२००२) को मध्यवर्ती महाकाव्य– प्रयास भन्न सकिन्छ ।

यस पछि १९९२ मा रचना गरिएका **दशावतार रस** कविता र **परमपिताको खोज** नामक लामो दार्शनिक कविता देखा पर्छन् अनि १९९७ मा नीति– चेतनालाई समात्दै सोमनाथ **उपदेश शतक** र **चारुचर्या** को नेपाली पद्यानुवाद प्रस्तुत गर्नेतिर लागेको भेटिन्छ । यसपछि सोमनाथ भित्रको कवि अझ परिष्कृत, प्रौढ र गम्भीर बन्दै पूर्वनिर्मित **चन्द्रचरित** का उपयोगी अंश समेत लिंदै वि. सं. २००५ मा **आदर्श–राघव** महाकाव्यका उचाइसम्म आइपुगेको पाइन्छ । यस महाकाव्यमा सोमनाथ भित्रको सृष्टा उनकै पाण्डित्य–प्रौढ द्रष्टा– व्यक्तित्वबाट पर्याप्त मात्रामा प्रभावित र प्रेरित देखापर्छ ।

यसैताक शारदा (वर्ष १४ अङ्क ४–५: २००५) मा पं. सोमनाथ शर्माका नामबाट विदाइ शीर्षक भएको वीर रसको कविता पनि छापिएको पाइन्छ तापनि छन्दोभङ्ग हुनाका साथै शैली– शिल्पका दृष्टिले पनि आलो–काँचो हुनाले उनको कविता ठहर्दैन ।

समयको लामो अन्तराल पछि वि.सं. २०१६ सालमा सोमनाथको **साहित्य प्रदीप** प्रकाशित हुन्छ । **साहित्य प्रदीप** पूर्वीय परम्पराको सुदृढ धरातलमा निर्मित नेपाली सैद्धान्तिक समालोचनाको प्रथम प्रामाणिक, पर्याप्त स्वत्वपूर्ण र उच्चस्तरीय आधार–ग्रन्थका रूपमा देखा परेको र आजसम्म यस प्रकारका अरू ग्रन्थ नदेखिएबाट यसले स्तरीयताका दृष्टिले अझैसम्म पनि एक मात्रको सार्थक संज्ञा प्राप्त गर्दै आएको छ । यस ग्रन्थका बीच बीचमा परेका उदाहरण मध्येका कैयौं श्लोक सोमनाथका मौलिक र अनूदित पद्य रचना प्रतीत हुन्छन् ।

नेपाली भाषा– सेवाका क्रममा नेपाली वाङ्गमयका साहित्येतर क्षेत्रमा पनि

---

५६. यस पुस्तकको उत्तरार्ध केही वर्ष अघि (२०३३ मा) वाल्मीकि क्याम्पसको पुस्तकालयमा स्वयं सोमनाथ सिग्देलका हस्ताक्षरमा प्राप्त भएको छ । चन्द्रचरितका सम्बन्धमा यसै पुस्तकको खण्ड २ को पहिलो परिच्छेदमा विस्तृत चर्चा गरिने छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

सोमनाथको योगदान रहेको कुरा सं.वि. २०१७ मा काठमाडौं उपत्यकाका पुरातात्त्विक धार्मिक महत्त्वका स्थानहरूको अनुसन्धानात्मक परिचय भएको **सपरिचय सुधारकार्य विवरण** आफैंले सम्पादन गरी प्रकाशित गरेबाट र केशवराज अर्यालद्वारा अनूदित **कौटिल्याको अर्थशास्त्र** (२०२४) को प्रस्तावना सहित सम्पादनका अतिरिक्त **सनातन धर्म सन्देश** भन्ने धर्म र दर्शन सम्बन्धी पुस्तक[५७] लेखेबाट पनि प्रकट हुन्छ।

संस्कृत वाङ्मयतर्फ सोमनाथले दिएका योगदान मध्ये व्याकरण शास्त्रमा **अनुवाद चन्द्रिका** (१–४ भाग) **संस्कृत चन्द्रिका** र **प्रतिसंस्कृता सिद्धान्त कौमुदी** तथा साहित्यमा **आदर्श राघव पुष्पाञ्जलि** र **नलचम्पू** आदि कृति प्रकाशनमा आएक[५८] र उनका अन्य केही कृति अप्रकाशितै रहेको जानकारी पाइन्छ[५९]।

१.१.५ सार्वजनिक कार्य

सोमनाथ सरस्वतीको उपासना गर्दै केवल एकान्तमा मात्र सीमित रहेको देखिदैंन र यसैले गर्दा सार्वजनिकता पनि उनको जीवनको महत्त्वपूर्ण पक्ष हुन आएको छ। काशीमा विद्यार्थी जीवन बिताउँदादेखि नै आफ्ना सहपाठीहरूसँग मिलेर सूक्तिसुधा र सुन्दरी पत्रिकाको सञ्चालन गरेबाट सोमनाथ विद्यार्थीकालदेखि नै सार्वजनिक कार्यप्रति अभिरुचि राख्दथे भन्ने कुराको पुष्टि हुन्छ। विभिन्न धार्मिक सभा–सम्मेलनमा सोमनाथले भाग लिएबाट[६०] उनी आफू मात्र धार्मिक नबनी धर्म प्रचार कार्यमा लागेर समाजलाई समेत धार्मिक वातावरण प्रदान गर्नेतिर सचेष्ट रहेको तथ्य प्रमाणित हुन्छ। एकान्त चिन्तन र साधना सोमनाथले नगरेका होइनन्, परन्तु आफूले अर्जन– उपार्जन गरेको विद्या–परम्परालाई समाजमा स्थायित्व प्रदान गराउनाका निम्ति विभिन्न विद्वत् सम्मेलनका[६१] अतिरिक्त संघ– संस्थाहरूमा[६२] पनि उनले सक्रिय रूपमा भाग लिएको कुराको जानकारी पाइन्छ।

---

५७. यो कृति श्री ५ महेन्द्रबाट २०१६ सालमा आयोजित कोटि होमको सन्दर्भमा लेखी सोही सालमा सोमनाथ आफैंले प्रकाशित गरेका हुन्।

५८. उत्तम कुँवर; पूर्ववत्, पृ. २६४।

५९. रामचन्द्र पौडेल; पूर्ववत्, पृ. ६८—६९।

६०. बद्रीनाथ शर्मा; पूर्ववत्, पृ. १०, श्लो. ३८।

६१. हरिनाथ ढुङ्गेल; पूर्ववत्, पृ. २१ श्लो. १५।

६२. पूर्ववत् पृ. २०, श्लो. १२–१३।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

आफ्ना जीवनका उत्तरार्धमा आफूले सङ्ग्रह गरेका सम्पूर्ण पुस्तक र पत्रिकाहरू वाल्मीकि संस्कृत महाविद्यालय (हाल वाल्मीकि क्याम्पस) लाई सुम्पनु[६३] र नारायणघाट (चितौन) मा शिवालय स्थापना गरी त्यसको सञ्चालनका लागि व्याङ्कमा पन्ध्रहजारको रकम राखी गुठी स्थापना गर्नुबाट[६४] पनि सार्वजनिक जीवन प्रतिको सोमनाथको अभिरुचि प्रकट हुन्छ ।

१.१.६ मान–पदवी

नेपालमा सामान्यतः विद्वान् तथा साहित्यकारहरूले आफ्नो जीवन कालमा उचित सम्मान र प्रोत्साहन पाउन सकेका छैनन् भन्ने सामान्य धारणा लिने नेपाली समाजका सन्दर्भमा सोमनाथ नै यस्ता सशक्त अपवाद मध्येका एक हुन् जसलाई शासक वर्गबाट प्रारम्भिक अवस्थादेखि जीवनको अन्तसम्म नै उचित सम्मान र प्रोत्साहन प्राप्त भई नै रह्यो । हुन त सोमनाथले राणा सरकारबाट सम्मान र प्रोत्साहन पाउनु राजगुरु हेमराजसँगको उनको सन्निकटता र हिमचिमकै परिणाम हो भन्नेहरू छन्[६५] परन्तु सोमनाथको मान र सम्मान २००७ सालको परिवर्तन पछि पनि बढ्दै गएकाले उनले प्राप्त गरेका सम्मानमा शासनमा प्रभाव पार्न सक्ने व्यक्तिसँगको सम्पर्कको मात्र हात नभई मूलतः सोमनाथको आफ्नो विद्वत्ता र प्रतिभाकै पनि भूमिका थियो भन्न सकिन्छ ।

वि.सं, १९९८ मा प्रधान मंत्री जुद्ध शमशेरले सोमनाथलाई गोरखा दक्षिणबाहु (चौथोदर्जा) दिएको[६६] र वि.सं. २००१ सालमा छत्तिस वर्ष सरकारी सेवा पुगे वापत पाउने दीर्घसेवा पट्ट पनि यिनले पाएको देखिन्छ[६७] । साथै श्री ५ त्रिभुवनको जन्मोत्सवका उपलक्ष्यमा २००८ सालमा गोरखा दक्षिणबाहु तेस्रो दर्जा पाएको पाइन्छ[६८] । वि. सं. २०११ चैत्र १ मा श्री ५ महेन्द्रको सिंहासनारोहणका अवसरमा सोमनाथले आजीवन जागीर प्राप्त गरेका हुन्[६९] तापनि उक्त जागीर (संस्कृत महाविद्यालयको प्रधानाचार्य पद) बाट राजिनामा

६३. नयराज पन्त; पूर्ववत्, पृ. २२३–२४ ।
६४. नयराज पन्त ; पूर्ववत्, पृ. २२४ ।
६५. (क) राममणि आ.दी.; पूर्ववत्, पृ. ६२ ।
(ख) नयराज पन्त; पूर्ववत्, पृ. २१४ ।
६६. बद्रीनाथ शर्मा; पूर्ववत्, पृ. १२, श्लो. ४६ ।
६७. पूर्ववत्, पृ. १३ श्लो. ५० ।
६८. हरिनाथ ढुङ्गेल; पूर्ववत्, पृ. १६, श्लो. ६ ।
६९. नयराज पन्त, पूर्ववत्, पृ. २२३ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

दिई उनी २०१४ सालमा नेपाल एकेडेमी हाल नेपाल राजकीय प्रज्ञाप्रतिष्ठान को सदस्य बनेको ज्ञात हुन्छ[७०]। गोला प्रथाका कारणले २०२२ सालमा सोमनाथले उक्त संस्थाको सदस्यपद छोड्नु परे पनि प्रज्ञा प्रतिष्ठानको आजीवन सदस्यता र मासिक तीनसय रूपैंया भत्ता चाहिँ उनलाई आजीवन प्राप्त भई रहेको जानकारी मिल्छ[७१]।

श्री ५ महेन्द्रबाट वि. सं. २०१८ माघमा आयोजित कोटि होमको आचार्य बनेका सोमनाथलाई यही कार्यको कुशल सम्पादनबाट प्रभावित भएर श्री ५ महेन्द्र बाट **पण्डितराज** को उपाधि प्रदान गरिएको बुझिन्छ[७२]। साथै व्याकरण साहित्य र शिक्षणका क्षेत्रमा आजीवन प्रेरणादायी काम गरे बापत राजकीय प्रज्ञा प्रतिष्ठानले सोमनाथलाई वि. सं. २०२४ मा राष्ट्रको तत्कालीन सर्वोच्च पुरस्कार **त्रिभुवन पुरस्कार** ले सम्मानित गरेको पाइन्छ[७३]। अनि श्री ५ महेन्द्रको वि. सं. २०२० को जन्मोत्सवका उपलक्ष्यमा सोमनाथले गोरखा दक्षिण बाहु पहिलो दर्जा प्राप्त गरेको देखिन्छ[७४]। यसरी जीवनको अन्तसम्म नै सोमनाथ समकालीन शासन–प्रशासनबाट कत्ति पनि उपेक्षित भएनन्।

१.१.७ देहावसान

नारायण घाटमा आफूले शिवालयको निर्माण गराएको र त्यसको सञ्चालनका लागि गुठी समेत राखेकाले जीवनको उत्तरार्धमा सोमनाथ नारायण घाटमा नै गएको र नारायण घाटमै बस्ने र त्यहीं देहत्याग गर्ने इच्छा पनि लिएको पाइन्छ[७५]। तर सोमनाथको दृढ परम्परागत धार्मिक संस्कारले उनलाई नेपालमै आफ्नो देहत्याग गर्न नदिई वि. सं. २०२९ आश्विन ९ गते काशी पुऱ्याएको बुझिन्छ[७६] र वि. सं. २०२९ साल आश्विन २८ गते शनिवार रातको साँढे नौ बजे काशी स्थित रामघाटमा सोमनाथको देहावसान भएको जानकारी भेटिन्छ[७७]।

वि. सं. २०२९ कार्तिक १३ गते पण्डितराज सोमनाथ सिग्देलका निधनमा शोक मनाउन श्री ५ को सरकारबाट काठमाडौं उपत्यकामा आधा दिन बिदा गरिएको[७८] र सोमनाथको स्मृतिलाई ताजा राख्न शाही नेपाल चलचित्र संस्थानले उनको वृत्तचित्र[७९] निर्माण गर्नाका अतिरिक्त श्री ५ को सरकारले

७०–७१ नयराज पन्त; पूर्ववत्, पृ. २२३।
७२ हरिनाथ ढुङ्गेल; पूर्ववत्, पृ. २९, श्लो. ३९।
७३. पारसमणि प्रधान, **पाँच पौरखी पुरुष रत्न**, पृ. ६।
७४. हरिनाथ ढुङ्गेल; पूर्ववत्, श्लो. ४०।
७५–७९. नयराज पन्त; पूर्ववत्, पृ. २२५।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

हुलाक टिकटको प्रकाशन पनि गरेको छ[८०]।

१.२ व्यक्तित्व निर्माणको स्वरूप

आफ्नो अठासी वर्ष लामो जीवन (१९४१—२०२९) भरि नै सरस्वतीको उपासनामा संलग्न रहेका सोमनाथको व्यक्तित्व बहुमुखी देखिन्छ। प्रथमतः उनी अध्यापक हुन् र उनको आजीविकाको मूल व्यवसाय पनि यही हो। तर सोमनाथ आफ्नो ज्ञान पिपासाले गर्दा अहोरात्र पढ्ने, पढाउने र लेख्ने काममा समेत संलग्न रहेको पाइन्छ। त्यसैले उनी विद्यार्थी जीवन पछि पनि विभिन्न शास्त्रका स्वाध्यायमा पर्याप्त संलग्न भई आफ्ना विद्वत्ताका विकासमा कटिबद्ध देखिन्छन्। यो विद्वत्ता उनको व्यक्तित्वको अर्को महत्त्वपूर्ण पक्ष हो। यस विद्वत्तालाई उनले आफ्नो समयका शीर्षस्थ पण्डित-पुरोहित अर्थात् विभिन्न धार्मिक व्यवहारका प्रसङ्गमा शास्त्रीय निर्णय दिन सक्ने र शास्त्रानुसार धार्मिक संस्कार र अनुष्ठान गर्न गराउन सक्ने व्यावहारिक पाण्डित्यका रूपमा पनि प्रस्तुत गरेको पाइन्छ। यसलाई उनको व्यक्तित्वको अर्को महत्त्वपूर्ण पक्ष भन्न सकिन्छ। वस्तुतः नेपाली र संस्कृत वाङ्मयका साहित्यिक र साहित्येतर रचनामा पनि उनको विशिष्ट विद्वत्ता प्रतिबिम्बित छ। जे होस्, सोमनाथको व्यक्तित्वको सबभन्दा महत्त्वपूर्ण अर्को पक्ष हो उनको लेखक व्यक्तित्व। सोमनाथ अवश्य कुशल अध्यापक, धार्मिक व्यवहारका पण्डित र उद्भट् विद्वान् हुन् अनि त्यसबाट नेपाली संसार पर्याप्त लाभान्वित र गरिमान्वित भएको छ, तैपनि उनको व्यक्तित्वको सबभन्दा बढी चिरस्थायी पक्ष हो उनको लेखक-व्यक्तित्व। लेखकका रूपमा सोमनाथले शास्त्रीय लेखनमा देखाएको अभिरुचि वस्तुतः उनको विद्वत्ताकै परिणाम हो र वैयाकरण, दार्शनिक वा साहित्य तत्त्वविद्का रूपमा उनको जे जति लेखन छ, त्यो पनि वस्तुतः उनको विद्वत्ताकै विस्तार हो। त्यसैले लेखकका रूपमा सोमनाथको मूल प्राप्ति उनका साहित्यिक रचनामै प्रकट हुन्छ। निश्चय नै सोमनाथका साहित्यिक रचना समेत उनमा रहेको विद्वत्ताले ओतप्रोत छन्, तैपनि यी साहित्यिक रचनामा साधना मूलक सृजनात्मक प्रतिभा नै मूल कारक देखा पर्छ र विद्वत्ताले त्यसैलाई गहिर्याएको पाइन्छ। निष्कर्षमा सोमनाथको व्यक्तित्वको सर्वाधिक महत्त्वपूर्ण पक्ष लेखक व्यक्तित्वको मुटु मूलतः साहित्यिक व्यक्तित्व नै हो। यसैले सोमनाथको बहुमुखी

---

८०. श्री ५ को सरकार हुलाक सेवा विभागबाट २०३०।६।१९ (५।१०।१९७३) मा प्रकाशित यो टिकट रू. १।२५ को छ।

जे. बी. मानन्धर; **लिष्ट अफ नेपाल पोस्टेज स्टचाम्पस्**, पृ. ९, क्रमसंख्या २६६।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

व्यक्तित्वको स्वरुपलाई पहिल्याउन यसका विविध पक्षको क्रमशः निरूपण गर्नु उपयुक्त देखिन आउँछ ।

१.२.१ अध्यापक व्यक्तित्व

सोमनाथको बहुमुखी व्यक्तित्वका विभिन्न पक्षमध्ये जीवनको आधा शताब्दी लामो[८१] समयलाई ओगट्ने अध्यापक व्यक्तित्व नै उनको पहिलो व्यक्तित्व हो । वि. सं. १९६४ मा रानी पोखरी संस्कृत प्रधान पाठशालामा अध्यापक भएदेखि २०१४ सालमा एकेडेमीको सदस्य नभइन्जेलसम्म सोमनाथले अध्यापकको रूपमा रही अनेकौं विद्यार्थीलाई विविध विषयमा आचार्य परीक्षोत्तीर्ण तुल्याएको र आफ्नो विशिष्ट अध्यापन शैलीबाट उनीहरूलाई प्रभावित पनि गराएको देखिन्छ[८२] । सोमनाथ केवल अध्यापक मात्र थिएनन्, उनी भित्रको विद्वत्ता र सिर्जनात्मक प्रतिभाले समेत सोमनाथको अध्यापक—व्यक्तित्वलाई प्रभावित बनाई रहेको पाइन्छ । यसैले गर्दा नै सोमनाथको अध्यापन शैली कोरा शब्दार्थ गर्नमा मात्र सीमित नभई विषयको मर्म—भेदन गरी त्यसलाई विविध प्रसङ्गद्वारा स्पष्टचाई त्यसको पृष्ठभूमि समेतको उल्लेख गरेर व्याख्यात्मक प्रक्रियाका आधारमा सम्झाउने र बुझाउने खालको रहेको जानकारी पाइन्छ[८३] । आफ्नो यस प्रकारको अध्यापन शैलीको प्रयोग निरवच्छिन्न रूपमा आधा शताब्दीसम्म गरी सोमनाथले नेपालमा संस्कृत अध्ययन अध्यापनका पुनरुत्थानमा प्रशस्त योगदान गरेको देखिन्छ । पचास वर्षको समय व्यक्तिको लागि मात्र नभएर राष्ट्रकै लागि पनि लामो मान्नु पर्छ । यसैले आधुनिक नेपालमा संस्कृतको उच्चअध्ययन—अध्यापनको इतिहासकै क्रममा भन्ने हो भने पनि त्यसमा सोमनाथको अध्यापक व्यक्तित्वको महत्त्वपूर्ण भूमिका रहेको अनुभव हुन्छ ।

१.२.२ पण्डित–पुरोहित व्यक्तित्व

धर्म शास्त्र र कर्मकाण्ड आदि विषयको गहिरो अध्ययनबाट निर्मित सोमनाथको पण्डि- पुरोहित व्यक्तित्व सिङ्गो सोमनाथ— व्यक्तित्वको उल्लेखनीय पक्ष

---

८१. उत्तम कुँवर; पूर्ववत्, पृ. २२७ ।

८२. (क) यदुनाथ खनाल; 'पण्डितराज सोमनाथलाई फर्केर हेर्दा' **मधुपर्क** वर्ष ७, अङ्क ६, पृ. १०१ ।

(ख) नयराय पन्त; पूर्ववत्, पृ. १९२ ।

८३. (क) यदुनाथ खनाल; पूर्ववत्, पृ. १०० ।

(ख) नयराज पन्त; पूर्ववत्, पृ. १९२ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

रहेको पाइन्छ । नेपाली हिन्दू समाजका विविध धार्मिक व्यवहारमा आइपर्ने अनेकानेक मत-भेद तथा शङ्का उपशङ्काको समाधान शास्त्रीय निर्णयका आधारमा गर्न सक्ने सोमनाथमा विभिन्न यज्ञ तथा अनुष्ठानहरूको सम्पादन कुशलताका साथ गर्न सक्ने क्षमता पनि रहेको देखिन्छ[८४] ।

माहिला गुरु हेमराज रहँदासम्म राजकीय पञ्चाङ्ग निर्णय गर्ने काम हेमराजकै अध्यक्षतामा हुने गरेको र त्यस समयमा हेमराजका प्रमुख सहायकका रूपमा रहेका सोमनाथले पञ्चाङ्ग गणना गर्ने काम नगरे पनि व्रतपर्वहरूको निर्णय गर्ने कार्यमा चाहिँ मुख्य भूमिका खेल्ने गरेको जानकारी पाइन्छ[८५] ।

सोमनाथलाई प्रायः सबै जसो पुराणका कर्म विधानहरू, वैदिक अनुष्ठानका प्रयोग विधिहरू, धर्मशास्त्रहरू, विभिन्न मठ—मन्दिर र जलाशय आदिका प्रतिष्ठाविधिहरू तथा अन्य ठूला यज्ञ यागादिका कर्मकाण्डीय विधानहरू प्रायः कण्ठस्थ[८६] रहेको प्रतीत हुन्छ भने यी सबै विधि विधानहरूको सङ्कलन संस्कृत तथा नेपालीमा समेत गरेर राख्ने प्रवृत्ति पनि उनमा देखिएबाट [८७] सोमनाथको पण्डित–पुरोहित, व्यक्तित्व पनि उनको रचनात्मक प्रतिभाद्वारा केही मात्रामा अनुप्रेरित थियो भन्न सकिन्छ ।

१.२.३ विद्वत् व्यक्तित्व

सोमनाथको सशक्त अध्यापक व्यक्तित्व उनमा रहेको अध्ययनशीलताकै परिणाम हो भने सोमनाथको पण्डित-पुरोहित व्यक्तित्व पनि धर्मशास्त्र र कर्मकाण्डका क्षेत्रमा रहेको उनको गहिरो विद्वत्ताकै एक पक्ष हो । यसैले नेपाली र संस्कृत वाङ्मयका साहित्यिक र साहित्येतर दुवै क्षेत्रमा प्रर्याप्त मात्रामा देखापरेको सोमनाथको विद्वत्ताले गर्दा सोमनाथ सिग्देलको सिङ्गो व्यक्तित्व नै उनको विशिष्ट विद्वत्ताबाट निर्मित देखिन्छ, तर यति हुँदा हुँदै पनि अध्यापन सोमनाथको

---

८४. तारा प्रसाद जोशी; 'आदर्श राघव को दार्शनिक पक्ष' मधुपर्क वर्ष ३, अङ्क ५ पृ. ७ ।

८५. नयराज पन्त; पूर्ववत्, पृ. १६६ ।

८६. हरिनाथ ढुङ्गेल; पूर्ववत्, पृ. ३६, श्लो. १० ।

८७. सोमनाथले वाल्मीकि संस्कृत महाविद्यालय (हाल वाल्मीकि क्याम्पस) लाई प्रदान गरेको पुस्तक–पत्रिकाहरूमा उनका हस्तलिखित कापीहरू पनि छन् । तिनमा विवाह सम्बन्धी शास्त्रीय निर्णय र श्रीमद् भागवत सप्ताह यज्ञ प्रयोग आदि जस्ता नेपाली र संस्कृतमा लेखिएका कर्मकाण्डीय विधि–विधानका सङ्कलनहरू पनि प्रशस्तै छन् ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

आजीविकाको साधन हो र पाण्डित्यद्वारा अनुप्राणित पौरोहित्य उनको धार्मिक व्यवहार– पटुताको लक्षण मात्र हो । अतः नेपाली र संस्कृत वाङ्मयका साहित्यिक फाँटमा देखा पर्ने सोमनाथको व्यक्तित्व उनी भित्रको सृजनात्मक क्षमताको उपज भएबाट सोमनाथको विद्वत्ताले केन्द्रीय भूमिका ग्रहण गरेको थलो चाहिं वाङ्मयको साहित्येतर क्षेत्र नै हो भन्नुपर्ने देखिन आउँछ ।

संस्कृत व्याकरण– शिक्षणका क्षेत्रमा अत्यधिक मात्रामा प्रचलित **सिद्धान्त कौमुदी**को प्रतिसंस्का गर्नु र रनेपालीका आधिकारिक व्याकरणको वर्तमान र स्थिति बसाउने क्रममा पर्याप्त योगदान समेत दिनु सोमनाथमा रहेको विद्वत्ताकै प्रतिफल हो साथै दर्शनप्रतिको उनको चाख र दर्शनको व्यवस्थित अध्ययनका लागि भएका संस्थागत प्रयासमा[८८] सोमनाथले महत्त्वपूर्ण भूमिका खेल्नु तथा साहित्यतत्त्व चिन्तकका रूपमा **साहित्य प्रदीप** प्रस्तुत गरी नेपाली वाङ्मयको विकासमा योगदान दिनु पनि सोमनाथ सिग्देलको विद्वत्—व्यक्तित्वकै विस्तारित रूप हुन् ।

सोमनाथको विद्वत्– व्यक्तित्वले राणाकालीन समय देखि नै बढी प्रकाश पाउनाको कारणको रूपमा अंशतः तात्कालिक शासक वर्गको कृपापूर्ण दृष्टि- लाई[८९] अस्वीकार गर्न नसकिए पनि मूलतः उनकै अध्ययनशीलता र मेधा– शक्तिकै भूमिका देखिन्छ ।

१.२.४ साहित्यिक व्यक्तित्व

बहुमुखी व्यक्तित्वका धनी सोमनाथको सर्वाधिक महत्त्वपूर्ण पक्ष उनको लेखक— व्यक्तित्व नै हो र त्यसमा पनि साहित्येतर वा शास्त्रीय लेखनको क्षेत्र विद्वत्— व्यक्तित्वकै उपलब्धि भएकाले लेखक व्यक्तित्वको पनि मुटु चाहिं साहित्य- सृजना नै हो ।

सोमनाथको साहित्यिक व्यक्तित्वलाई सामान्यतया दुई श्रेणीमा विभाजन गर्न सकिन्छः- स्रष्टा व्यक्तित्व र द्रष्टा व्यक्तित्व । द्रष्टाका रूपमा पनि सोमनाथमा मौलिकता र सृजनात्मकता पाइन्छन् तापनि सोमनाथको द्रष्टा- व्यक्तित्व उनको विद्वत् व्यक्तित्वबाट पर्याप्त प्रभावित र प्रेरित छ साथै स्रष्टा व्यक्तित्वका प्राप्तिका

८८. वि सं. २००७ साल चैत्रमा गठित नेपाल दार्शनिक संघको स्थापनामा सोमनाथको महत्त्वपूर्ण हात थियो । साथै यिनी यस संस्थाका सभापति पनि भएका थिए ।

८९. राममणि आ. दी.; पूर्ववत्, पृ. ६२ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

रूपमा देखा परेको **आदर्श राघव** का महाकवि[९०] सोमनाथको द्रष्टाको सचेतता[९१] अवश्य पाइन्छ र यस सचेतताले सृजनाको स्वतन्त्र प्रवाहलाई प्रशस्त अँठ्याउने प्रयास पनि गरेको छ, रचनालाई गम्भीर र प्रौढ तुल्याउनामा पनि निकै सहयोग गरेको देखिन्छ ।

शैलिपक छटा र परिष्कारप्रतिको आग्रहले परिपूर्ण श्रृङ्गारिकता सोमनाथमा **सुन्दरी** (१९६३) को प्रकाशनदेखि **सूक्तिसिन्धु** (१९७४) सम्म नै देखापर्छ, तर नेपाली कविता र गद्यको अधुनिक कालको प्रस्फुटन सँगै जसो अर्थात् लेखनाथका युगान्तकारी काव्यधारा र काव्यप्रवृत्तिको प्रस्फुटनका साथ साथै जस्तो तथा चक्रपाणि चालिसेले **गोरखा संक्षिप्त रामायण** (१९७२) र **गोरखा संक्षिप्त भारत** (१९७५) का माध्यमबाट प्रस्तुत गरेको नेपाली गद्यको भाषिक शैली–शिल्प गत युगान्तरका साथ साथै जसो सोमनाथ पनि आधुनिक नेपाली भाषाको माध्यम— स्वरूप आधिकारिक लेख्य नेपाली व्याकरणद्वारा अनुशासित आधुनिक नेपाली भाषाको स्वरूप निर्धारणका कार्यमा संलग्न रहेको पाइन्छ। लेखनाथ र चक्रपाणिले आधुनिक नेपाली पद्य वा गद्यको जग बसाल्ने तपस्या गरेका हुन् भने वीरेन्द्र केशरी, रामाणि आ. दी हेमराज शर्मा र सोमनाथले आ–आफ्ना मतमतान्तर हुँदा हुँदै पनि समष्टि रूपमा आधुनिक लेख्य नेपाली भाषाको निर्धारणको तपस्या गरेबाट यी कवि, गद्यकार र व्याकरण-कारहरूले साझा रूपमा आधुनिक नेपाली भाषा र साहित्यको सूत्रपात गरेको ठान्नु पर्ने देखिन्छ । । यसको लगत्तै जसो सोमनाथ पनि कविताका क्षेत्रमा श्रृङ्गारि-कताबाट हट्ने र चन्द्र शमशेर र राणा परिवारको वरद छत्र छायाका अभिला-षाका साथ राजभक्ति (घेरथोर देशभक्तिको स्वर समेत) र सम सामयिक आवज तिर उन्मुख हुँदै शिल्प र पाण्डित्यद्वारा परिष्कृत काव्य शैलीतिर प्रवृत्त भई नेपाली कवितालाई मौलिक महाकाव्य **चन्द्रचरित** (१९७६–८६) को विस्तारतिर डोऱ्याउन तल्लीन भएको बुझिन्छ ।

नेपाली कवितामा लेखनाथ धारा पूर्ण प्रतिष्ठित हुनाका साथै बालकृष्ण समको पश्चिमोन्मुख बौद्धिकता र नवीन परिमार्जित शैलीको अभ्युदय तथा देव-कोटाको रोमाण्टिक धारा कलकलाई सके पछि सोमनाथ पनि लगभग लेखनाथ धारा अँगाल्दै पूर्वीय सांस्कृतिकता, दर्शन र नीति–चेतनातिर बढी झुक्न थालेको अनुभव

---

९०. सोमनाथको अर्को उल्लेखनीय काव्यकृति **आदर्श राघव पुष्पाञ्जलि** पनि हो तर यो संस्कृतमा लेखिएकाले त्यसको चर्चा यसमा परेको छैन ।

९१. सोमनाथ सिग्देल, **आदर्श राघव**, दिग्दर्शन पृ. 'ख' ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

दशावतार **रस र परमपिताको खोज** (१९९२) तथा **चारुचर्या र उपदेश शतकको पद्यानुवाद** (१९९७) बाट प्राप्त हुन्छ ।

वस्तुतः सोमनाथले वैंसका श्रृङ्गारिकता त्याग्दै प्रौढ उमेर र लेखनाथीय युगान्तर र नेपाली गद्यमा चक्रपाणि चालिसेले दिएको मोड समेतका सन्दर्भमा **चन्द्रचरित** (१९७६–८६) लेख्तै राजभक्ति (चन्द्र शमशेरको स्तुति) को मार्ग अँगाले पनि त्यसमा समेत **सुन्दरी–सूक्तिसिन्धु** अवधिको शैलीको सचेत परिष्कारको प्रवृत्ति चाहिँ गतिशील नै पाइन्छ । यस परिष्कारको प्रायः चूडान्त तर क्लिष्ट उचाइ **आदर्श राघव** महाकाव्यमा नै देखिएको छ । वास्तवमा सम्पूर्ण नेपाली साहित्यमै पनि पूर्वीय काव्य शास्त्रीय नियमले पूर्ण निर्देशित र नियन्त्रित अति परिष्कृत काव्य कृतिको एक मात्र नमूनाका रूपमा यही **आदर्श राघव** महाकाव्य नै देखा पर्छ । यसबाट सोमनाथका साहित्यिक व्यक्तित्वका निर्माणमा पूर्वीय काव्यतत्त्वको यथावत् प्रतिपालन, पूर्वीय प्राचीन संस्कृतितिरको आकर्षण र त्यसैमा आधारित सांस्कृतिक आदर्श चेतना वा नीति–चेतनाको तथा पूर्वीय पाण्डित्यको विशेष भूमिका रहेको कुरा उनको सर्वोच्च साहित्यिक रचना **आदर्श राघव** बाट स्पष्टिन्छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

दोस्रो परिच्छेद

नेपाली वाङ्मयमा सोमनाथ सिग्द्यालको योगदान

पुराना हुँदैमा सबै असल हुँदैनन् र नयाँ हुँदैमा सबै खराब पनि हुँदैनन् ।

—कालिदास

२.१ व्याकरण र दर्शनका क्षेत्रमा

व्यक्तिका दृष्टिले सोमनाथ सिग्देलको व्यक्तित्व बहुमुखी देखिए जस्तै नेपाली वाङ्मयका विकासका निम्ति उनले दिएको योगदान पनि बहुमुखी प्रतीत हुन्छ। नेपाली समालोचनाका निम्ति **साहित्य-प्रदीप** लक्षण ग्रन्थ, नेपाली कविताका निम्ति **आदर्श राघव** जस्तो आफ्नै महत्ता र विशिष्टताले परिपूर्ण महाकाव्य, धार्मिक—पुरातात्त्विक र दार्शनिक क्षेत्रमा **सपरिचय सुधार कार्य विवरण** र **सनातन धर्मसन्देश** जस्ता प्रबन्धहरू तथा सिङ्गो नेपाली वाङ्मयका लागि व्याकरण-ग्रन्थहरू दिएबाट उनको बहुमुखी योगदान प्रकट हुन्छ[१]। वस्तुतः सोमनाथको व्यक्तित्वको सर्वाधिक महत्त्वपूर्ण पक्षका रूपमा प्रकट हुने लेखक व्यक्तित्वकै पनि मुटु चाहिँ साहित्यिक व्यक्तित्व नै हो[२]। साथै यस पुस्तकको गन्तव्य पनि नेपाली वाङ्मयको बाटो हुँदै नेपाली कवितामा सोमनाथले प्रस्तुत गरेको वैशिष्ट्य र दिएको योगदानको विश्लेषण– मूल्याङ्कन नै भएकाले नेपाली समालोचनामा र कवितामा सोमनाथले दिएका योगदानको छुट्टै चर्चा गरिनेछ। प्रस्तुत परिच्छेदलाई चाहिँ नेपाली वाङ्मयका व्याकरण, दर्शन र अन्य क्षेत्रमा सोमनाथ सिग्देलले दिएका योगदानको चर्चामै सीमित तुल्याइएको छ।

---

१. (क) वासुदेव त्रिपाठी; **सिंहावलोकन** (दो. स.), पृ. ८१।

(ख) ताराप्रसाद जोशी; 'पण्डितराज सोमनाथ सिग्देलः केही चर्चा एक मूल्यांकन' **जर्नल अफ द त्रिभुवन युनिभर्सिटी**, भो. नं. २, पृ. १।

२. प्रस्तुत पुस्तकको खण्ड १– पहिलो परिच्छेदका अंश हेर्नुहोस्।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

२.१.१ व्याकरणकारका रूपमा

नेपालमा हाल मइरहेको भाषिक अध्ययनका सन्दर्भमा[३] हेर्ने हो भने सोमनाथले **मध्यचन्द्रिका** मा दिएको व्याकरणको परिभाषा[४] निश्चय नै अनौठो प्रतीत हुनेछ र यसमा भाषा वैज्ञानिक दृष्टिकोणबाट विवादका ठाउँ प्रशस्त पाइने छन् । तैपनि नेपाली भाषालाई व्याकरण, शब्दकोश र साहित्य रहित अविकसित एवं बर्वर भाषाका रूपका मान्नेहरूका[५] समक्ष यौटा सक्षम र परिष्कृत भाषाका रूपमा प्रस्तुत गर्न नेपालीको व्याकरण–ग्रन्थ लेखिनु अत्यावश्यक हुन आएको तात्कालिक सन्दर्भमा हेर्दा चाहिं सोमनाथको योगदान स्पष्ट हुन आउँछ ।

हुनत नेपालीमा सर्वप्रथम व्याकरण लेख्ने काम विदेशी विद्वान्हरूबाटै थालिएको हो । यो तथ्य एटनको सन् १८२० मा प्रकाशित **नेपाली भाषाको व्याकरण** र सन् १८७८ मा पाद्री टर्नबुलले लेखेको **नेपाली व्याकरण र अंग्रेजी नेपाली शब्दावली**[६] बाट ज्ञात हुन्छ, परन्तु यी व्याकरणकारहरूको उद्देश्य नेपाली भाषा तथा साहित्यको विकास गर्नुभन्दा आफ्नो सेनामा रहेका गोर्खाली सैनिकहरूसँगको व्यवहार सजिलो पार्नु र विशेषतः नेपालीहरूमा इसाइ धर्मको प्रचार गर्नु नै[७] थियो । त्यसैले नेपाली भाषा तथा साहित्यको उन्नति र विकासका निम्ति स्वदेशी विद्वान्हरूद्वारा नेपालीको व्याकरण–ग्रन्थ लेख्ने काम वि. सं. १९६८ मा जय पृथ्वी बहादुरद्वारा लेखिएको **प्राकृत व्याकरण**[८] बाट प्रारम्भ भएको देखिए पनि यस अघि नै वीरेन्द्र केसरीबाट नेपाली भाषाको व्याकरण लेखिएको[९] र नेपाली भाषाको मूलभूत स्वरूपलाई पर्याप्त मात्रामा समात्दै निर्माण गरिएको सो व्याकरणलाई समेत अधिग्रहण गरेर माहिला गुरुज्यू हेमराज शर्माद्वारा

---

३. 'कुनै पनि भाषाका अर्थपूर्ण उच्चारहरूको विन्यासलाई व्याकरण भनिन्छ । चूडामणि बन्धु; **भाषा विज्ञान**, पृ. ७८ ।

४. 'भाषामा कुन शब्द कस्तो हो ? कसरी बन्दछ ? शुद्ध कसरी बोल्नू ? इत्यादि कुरा बुझाउने ग्रन्थलाई 'व्याकरण' (ग्रामर) भन्दछन् ।'– सोमनाथ शर्मा **मध्यचन्द्रिका** (ए. सं.) पृ. ३ ।

५. पारसमणि प्रधान; **क्वाँटी**, पृ. ३७ ।

६. पूर्ववत्, पृ. ५३ ।

७. पूर्ववत्, पृ. ५४ ।

८.–९. रामराज पन्त; **भाषा विज्ञानको इतिहास**, पृ. २३ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

१९६९मा प्रकाशित[१०] **चन्द्रिका** (गोरखाली भाषाको व्याकरण)बाटै नेपाली व्याकरणको हालको स्थिति बसेको पाइन्छ[११]। साथै **चन्द्रिका** कै लेखनमा पनि सोमनाथको महत्त्वपूर्ण हात रहेको[१२] र यसैबाट प्रेरित भई थप–घट सहित सोमनाथकै नाममा वि. सं. १९७६ मा **मध्यचन्द्रिका** प्रकाशित भएबाट **चन्द्रिका** ले नेपाली व्याकरण–परम्परामा जे जति योगदान दियो त्यसमा सोमनाथको उल्लेखनीय भूमिका रहेको तथ्यलाई स्वीकार गर्नुपर्ने देखिन्छ। पछि आएर चाहिँ नेपाली व्याकरणका क्षेत्रमा बृहदाकारको हुनाले **चन्द्रिका** प्रचलित हुन सकेन भने संक्षिप्त भएकाले सुलभता र सुबोधताका कारणबाट सोमनाथको **मध्यचन्द्रिका** नै बढी प्रचलित हुन आएको र विभिन्न कक्षाहरूमा पाठचक्रमका रूपमा समेत अद्यावधि मान्य रहँदै आएको पाइन्छ। त्यसैले वर्तमान नेपाली भाषिक अध्ययनका दृष्टिले **मध्यचन्द्रिका** मा प्रतिपादित सिद्धान्तहरू विवादका विषय भए पनि लेख्य नेपाली भाषाको स्तरीकरण गर्ने आधिकारिक व्याकरणका रूपमा चाहिँ सोमनाथको **मध्यचन्द्रिका** अझै पनि मान्य नै देखापर्छ[१३]। अवश्यै सचेत भाषा वैज्ञानिक दृष्टिले **मध्यचन्द्रिकामा** कैयौं कुरा नपुगेको तथा त्यसमा आवश्यक संशोधन र थपथाप गर्नुपर्ने प्रतीत हुन्छ; परन्तु नेपाली आधिकारिक व्याकरणका क्षेत्रमा भविष्यमा जे जति पुनर्निर्धारण भए पनि **मध्यचन्द्रिका** को ऐतिहासिक महत्त्व चाहिँ सुरक्षित नै रहने छ।

यसपछि **मध्यचन्द्रिका** लाई नै संक्षिप्त रूप दिई वि.सं १९९१ मा स्वयं सोमनाथद्वारा प्रकाशित **लघुचन्द्रिका** मा संक्षिप्तता र सरलता बाहेक अरू स्वतन्त्र

---

१०. वीरेन्द्र केसरीको यस व्याकरणको चर्चा नेपाली भाषा–व्याकरणका क्षेत्रमा धेरै कालदेखि हुँदै आए पनि अप्राप्त भएकाले किटान साथ कुनै निर्णय गर्न सकिएको थिएन, तर सोमनाथबाट वाल्मीकि क्याम्पसलाई प्रदान गरिएका पुस्तकहरूको पोकोमा नाम नलेखिए पनि वीरेन्द्र केसरीकै भन्न सकिने नेपाली व्याकरण ग्रन्थ(सम्भवतः अपूर्ण किन भने समास प्रकरणसम्म मात्र छ)प्राप्त भएको छ। यसका कतिपय सोदाहरण अंशहरू **चन्द्रिका** र **मध्यचन्द्रिका** मा पाइन्छन्। वीरेन्द्र केसरीको उपर्युक्त चर्चित व्याकरणका सम्बन्धमा बढी जान्न हेर्नुहोस्– जयराज आचार्य; **ट्रेडिसनल् ग्रामर्स् : इङ्गलिस् एण्ड नेपाली : अ स्टडी**, पृ.११३–२२०।

११–१२. उत्तम कुँवर; **स्रष्टा र साहित्य** (दो. सं.) पृ. २२६।

१३. यदुनाथ खनाल; 'पण्डितराज सोमनाथलाई फर्केर हेर्दा' **मधुपर्क**, वर्ष ७, अङ्क ६, पृ. १०२—३।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

विशेषता केही देखा पर्दैनन् भने सोमनाथको **राष्ट्रिय नेपाली व्याकरण**[१४] ले चाहिँ स्वतन्त्र चिन्तनलाई प्रस्तुत गरेको देखिन्छ। यसको नाम नेपाली व्याकरण भनेर राखिए पनि यसको उद्देश्य भाषा विशेषलाई व्याकृत गर्नु नभई व्याकरण-दर्शनलाई प्रस्तुत गर्नु नै देखिन्छ। व्याकरणको आभिर्भाव र विकास सम्बन्धी संक्षिप्त इतिहास र तुलनात्मक भाषा विज्ञानका उपलब्धि र मान्यताहरूबाट पनि सचेत हुँदै सोमनाथद्वारा भाषिक परिवारहरूको वर्गीकरण र त्यस सम्बन्धी मतमतान्तरहरू समेत यस **राष्ट्रिय नेपाली व्याकरण** मा प्रस्तुत गरिएका छन्। व्याकरणलाई परिभाषित गर्ने क्रममा यस पुस्तकमा प्रस्तुत गरिएको मान्यता पनि सोमनाथकै **मध्यचन्द्रिका** भन्दा भिन्दै देखिन्छ। जस्तैः—

> व्याकरणले नयाँ शब्द बनाएर लोकलाई प्रयोग गर्न शासन गर्ने होइन, किन्तु सुशिक्षित लोक व्यवहारको पछि लागी त्यसका अनुकूल नियमहरूको अनुसन्धान गरेर साधु प्रयोगको मार्ग प्रदर्शन गराई अनुशासन (विशुद्ध मार्ग प्रदर्शन) मात्र गर्दछ। (**नेपाली राष्ट्रिय व्याकरण** (लेखोट), पृ. २७)

माथिको परिभाषाले व्याकरणको काम भाषिक लेखनलाई नियन्त्रित र शासित गर्ने होइन भाषिक व्यवस्था भित्र रहेका स्वाभाविक नियमहरूको अनुशासन वा अन्वाख्यान (ज्ञापन) प्रदर्शन गर्ने मात्र हो भन्ने कुरालाई स्पष्ट रूपमा जोड दिएको छ। यो धारणा सोमनाथ सिग्देलले क्रमशः अनुशीलन गर्दै आएको संस्कृत व्याकरण दर्शनकै परिणाम थियो, तर यो धारणा र उनको बहुप्रचारित परम्परागत अंग्रेजी व्याकरणको नमूनाका आधारमा तयार गरिएको[१५] **मध्यचन्द्रिका** (१९७६) मा प्रतिपादित धारणामा देखिएको व्याकरण सम्बन्धी दृष्टि भिन्नताका कारणले पनि यस कृतिलाई सोमनाथले प्रकाशित गर्न नचाहेको हुन सक्छ। जेहोस्,

---

१४. लेखकलाई ज्ञात भएसम्म यो पुस्तक अप्रकाशित हो। साथै सोमनाथका कृति विवरण दिनेहरूले पनि यसलाई प्रकाशित अप्रकाशित कुनै सूचीमा पनि राखेका छैनन्, तर वाल्मीकि क्याम्पसको पुस्तकालयको क्रम सङ्ख्या ४७१६ मा रहेको यो पाण्डुलिपि ४५ पृष्ठ भएको लियो गरेको कागजको खालीपट्टि लेखेको तर पृ. ५ देखि २२ सम्म सादा ताउ कागजमा नै लेखिएको छ र लेखकका रूपमा सोमनाथ सिग्देलको नाम देखिन्छ। यो कृति अपूर्ण नै रहेको अनुभव हुन्छ।

१५. जयराज आचार्य; पूर्ववत्, पृ. १—३२।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

नेपाली व्याकरणका क्षेत्रमा सोमनाथको योगदानको चर्चा गर्दा आकारका दृष्टिले सानै भए पनि यस पुस्तकको त्यस्तो विशेष महत्त्व देखिन आएको छ, जसले गर्दा सोमनाथले नेपाली भाषाको व्याकरण मात्र नभएर नेपाली वाङ्मयलाई व्याकरण-दर्शनको स्वतन्त्र ग्रन्थ पनि दिन खोजेका रहेछन् भन्ने ज्ञात हुन्छ।

२.१.२ दर्शनशास्त्रीका रूपमा

न्यायवैशेषिकोपाध्यायको उपाधि प्राप्त गरी सोमनाथ काशीबाट काठमाडौं आउनु अघिसम्म कुनै पनि आधुनिक नेपाली शिक्षण संस्थामा दर्शनको अध्यापन कार्य चलेको थिएन। सोमनाथको प्रत्यागमनपछि नै न्यायदर्शनमा मध्यमा कक्षा प्रारम्भ भएको जानकारी पाइन्छ[१६]। यसरी नेपालमा दर्शनशास्त्रको प्रारम्भिक अध्ययन– अध्यापनकै सन्दर्भमा पनि सोमनाथको योगदान महत्त्वपूर्ण देखिन आउँछ भने सोमनाथसँगै पढेर विविध दर्शनका क्षेत्रमा विभिन्न व्यक्तिहरू आचार्य परीक्षामा उत्तीर्ण भएबाट[१७] चाहिं उक्त योगदान अझ ठोस रूपमा देखापर्छ। सोमनाथ दर्शनको कोरा अध्ययन अध्यापनमा मात्र सीमित नरही नेपाली भाषाका माध्यमबाट दर्शनका विविध हाँगाहरूलाई समेट्ने र व्यवस्थित रूपबाट त्यसको विचार– विमर्शका साथै उन्नति गर्ने समेत[१८] अभिप्राय लिई वि. सं. २००७ साल चैत्र ११ गते नेपालमा पहिलोपल्ट गठित दर्शन सम्बन्धी संस्था नेपाल दार्शनिक सङ्घको संगठनमा पनि प्रवृत्त भएको देखिन्छ। सोमनाथ सभापति भए पछि **दर्शन** सामयिक पत्रिकाका[१९] साथै पूर्वीय र पाश्चात्य दर्शनका विविध पक्षहरूमा प्रकाश पार्ने विभिन्न विद्वान्हरूका लेखहरूको सङ्कलन स्वरूप **दर्शन प्रवेशिका** (२०१३) र प्रा. गोपालनिधि तिवारीद्वारा लिखित **योग वासिष्ठ दर्शन** (२०१४) आदि पुस्तकहरूको प्रकाशन पनि यस संस्थाबाट भएको देखिन्छ।

सोमनाथका दार्शनिक कृतिहरूका रूपमा **दर्शन प्रवेशिका** (२०१३) मा सङ्कलित न्यायदर्शन (गौतम दर्शन) सम्बन्धी लेख, **वासिष्ठ– दर्शन** (अप्रकाशित

---

१६. नयराज पन्त; 'श्रीमान् यदुनाथ खनालले आफ्नो विद्वत्ता देखाउने समय आएको छ (२ सङ्ख्या),' **पूर्णिमा**, पूर्णाङ्क ३२, पृ. २४७।

१७. नयराज पन्त; विद्वत् पूजा (सङ्ख्या २) पूर्णिमा, पूर्णाङ्क २८, पृ.२१४।

१८. सोमनाथ सिग्देल (सम्पादक ?); **दर्शन प्रवेशिका** भूमिका, पृ. ख र च।

१९. २००९ सालमा पहिलो पल्ट प्रकाशित यो पत्रिका एक अङ्कको प्रकाशनपछि रोकियो भन्ने कुरा प्रा. गोपालनिधि तिवारीले लेखकलाई भन्नुभएको थियो।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

ग्रन्थ, रचनाकाल २०१३) र **सनातन धर्म सन्देश** (२०१६) को[२०] वेदान्त दर्शन र मीमांसा– दर्शनको समन्वयी रूप प्रदर्शन गर्ने पूर्व भाग (पृ. २७ सम्म) मात्र देखिएका छन् । यस बाहेक **आदर्श राघव** महाकाव्यकै विविध स्थलमा देखापर्ने दार्शनिक प्रसङ्ग र विशेषत: पाँचौं सर्गको **वसिष्ठको प्रबोधन** का १८देखि३७ श्लोकसम्म मा पाइने सिङ्गो **योग वासिष्ठ** को मर्म[२१] अनि **साहित्य–प्रदीप** का ठाउँ ठाउँमा शब्ददर्शन सम्बन्धी चिन्तन तथा **नेपाली राष्ट्रिय व्याकरण** मा झल्कने व्याकरण दर्शनबाट समेत सोमनाथको दार्शनिक प्रखरताको पुष्टि हुन्छ ।

वस्तुत: सोमनाथ स्वतन्त्र दार्शनिक चिन्तक चाहिं होइनन्, पूर्वीय दर्शन शास्त्रका विद्वान् मात्र हुन् भन्न सकिन्छ, किनभने उपर्युक्त कृतिहरूमा सोमनाथको स्वतन्त्र दर्शन देखा पर्दैन, बरु पूर्वीय दर्शनकै विविध पक्षहरूको मन्थन गरी आफ्नो शैलीमा त्यसलाई अभिव्यक्ति दिने काम नै मूलत: उनले गरेका हुन् । जे भए पनि नेपाली भाषामा दर्शन जस्तो जटिल मानिने विषयलाई सफलताकासाथ प्रस्तुत गर्ने र गराउने वातावरणका निर्माणमा संस्थागत रूपमा समेत सोमनाथले खेलेको भूमिकालाई चाहिं निश्चय नै महत्त्वपूर्ण मान्न सकिन्छ ।

२.३ अन्य क्षेत्रमा

नेपालका धार्मिक, पुरातात्त्विक र सांस्कृतिक महत्त्वका कतिपय स्थानहरूको अनुसन्धानमूलक परिचयले युक्त **सपरिचय सुधार कार्य विवरण** (२०१७) ले सोमनाथ सिग्देलको योगदानको अर्को महत्त्वपूर्ण पक्षलाई औल्याउछ र त्यो पक्ष हो सांस्कृतिक र पुरातात्त्विक महत्त्वको पुस्तकको सम्पादन । यो पुस्तक काठमाडौं उपत्यकाभित्रकै स्थानहरूमा सीमित देखिन्छ र यसमा नेपाली मठ–मन्दिर तथा ऐतिहासिक स्थानहरूमध्ये एक चतुर्थांशको समावेश पनि होला वा नहोला परन्तु नेपाली भाषामा यस प्रकारका ग्रन्थ विरलै देखिन्छन् र यति नै[२२] मठ-मन्दिर-हरूको ऐतिहासिक परिचय दिनु पनि अत्यन्त महत्त्वपूर्ण कार्य प्रतीत हुन्छ । यसमा नेपाली मठ—मन्दिरहरूको परिचय दिने क्रममा त्यसको स्थापनाका पछाडि के कस्ता घटनाहरू कारकका रूपमा थिए भन्ने कुराका साथै तिनलाई प्रेरणा दिने

---

२०. श्री ५ महेन्द्रबाट २०१६ सालमा आयोजित कोटिहोमका प्रसङ्गमा लेखिएको यस पुस्तकको पछिल्ला अंशहरूमा कोटिहोमकै विधि विधानको वर्णन छ।

२१. वासुदेव त्रिपाठी; पूर्ववत्, पृ. ८६ ।

२२. यस पुस्तकमा काठमाडौं तर्फका ११२, ललितपुर तर्फका ४४ र भक्तपुर तर्फका २९ मठ—मन्दिर तथा सार्वजनिक स्थानको परिचय दिइएको छ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

कुन दर्शन थियो[२३] भन्ने समेत खुलाइएकाले यस पुस्तकको महिमा अझ बढ्न आएको देखिन्छ। हाम्रा मठ–मन्दिरहरू र सांस्कृतिक परम्परा तथा रीति–रिवाजका पृष्ठभूमिमा दर्शनको महत्त्वपूर्ण भूमिका रहेको तथ्यलाई स्वीकार्ने[२४] सोमनाथ यस पुस्तकमा दार्शनिक उहापोहद्वारा धार्मिक इतिहासको सङ्कलन तथा लेखनमा प्रवृत्त भएबाट उनले नेपाली वाङ्मयका यस फाँटमा प्रारम्भिक नै भए पनि महत्त्वपूर्ण योगदान दिएका हुन् भन्न सकिन्छ।

पूर्वीय राजनीतिका क्षेत्रमा मात्र नभएर प्राचीन विश्वकै प्रमुख राजनीतिज्ञका रूपमा मानिएका[२५] कौटिल्यको **अर्थशास्त्र** लाई नेपाली वाङ्मयमा भित्र्याउने तर्फ प्रवृत्त हुँदै सोमनाथले यस पुस्तकको प्रस्तावना सहित सम्पादन गरेको भेटिन्छ। यसबाट उनले पूर्वीय राजनीतिशास्त्रको पनि गम्भीर अध्ययन गरेको र आफ्नो अध्ययनलाई आफैमा मात्र सीमित नराखी नेपाली वाङ्मयलाई दिने चाहना पनि गरेको देखिन्छ।

प्राचीन आर्य सिद्धान्तमा प्रतिपादित पुरुषार्थ चतुष्टय (धर्म, अर्थ, काम, मोक्ष) मा परेको **अर्थ** शब्दले दृष्टफल प्राप्तिका लागि जन्मदेखि मृत्यु पर्यन्त गरिने समग्र मानव व्यवहारलाई बुझाउने गरेकाले पनि हाम्रा परम्परामा बुझिने **अर्थशास्त्र**[२६] र पाश्चात्य सन्दर्भमा हेरिने **अर्थशास्त्र**[२७]का बीचमा तात्त्विक अर्थ भिन्नता देखापर्छ। यस भेदको मर्मलाई बुझी पाश्चात्य **अर्थशास्त्र** का समरूपका रूपमा पूर्वमा **वार्ताशास्त्र**[२८] प्रचलित भएको उल्लेख गर्दै पूर्वीय सन्दर्भको

---

२३. सोमनाथ सिग्देल; (सम्पा.) **सपरिचय सुधार कार्य विवरण**, प्रस्तावना, पृ. क—घ।

२४. सोमनाथ सिग्देल; (सम्पा. ?) **दर्शन प्रवेशिका**, पृ. ख।

२५. जे. के. मिश्र; **विश्वका छः महान् राजनीतिज्ञ**, पृ. १६३।

२६. **मनुष्याणां वृत्तिरर्थः मनुष्यवती भूमिरित्यर्थः पृथिव्या लाभेरक्षणे चेदं शास्त्रं प्रवृत्तम्** (मनुष्यहरूको जीवन निर्वाह गराउने, अन्नादिले सम्पन्न भएर मनुष्यहरूको सुख—निवास बनेको भूमि नै अर्थ शब्दार्थ हो, त्यस्तो भूमि अप्राप्तलाई प्राप्त गर्ने, प्राप्तलाई सुव्यवस्थाद्वारा सुरक्षित पार्ने र सुरक्षित भूमि सदुपयोगमा ल्याउने मार्गको निर्देशन गर्ने शास्त्र नै अर्थशास्त्र हो)। सोमनाथ शर्मा, **कौटिल्यको अर्थशास्त्र**, प्रस्तावना, पृ. ग।

२७. एच्. एल्. अहूजा र केवलकृष्ण ड्यूयेट; **आधुनिक आर्थिक सिद्धान्त**, पृ. २–४।

२८. सोमनाथ शर्मा; पूर्ववत्।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

अर्थशास्त्र शब्दले व्यापक अर्थ लिएको तथ्यलाई यस पुस्तकका प्रस्तावनामा सोमनाथले प्रकट गरेको पाइन्छ। यसका साथै आदर्श राघव मा राजा दशरथको गार्हस्थ्य जीवन[२९] र रामचन्द्रको राज्य व्यवस्थाका वर्णन[३०] प्रसङ्गहरू प्रौढ र वस्तुगत हुँदै जानाले पनि राजनीति र लोक व्यवहारका शास्त्रका रूपमा प्रसिद्धि प्राप्त कौटिल्यको अर्थशास्त्र र अन्य पूर्वीय व्यवहार शास्त्रको गम्भीर अध्ययन सोमनाथले गरेको कुराको पुष्टि हुन्छ।

२९. आदर्श राघव, द्वितीय सर्ग, श्लोक १–११।

३०. पूर्ववत्, पञ्चदश सर्ग, श्लोक १–६९।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

तेस्रो परिच्छेद

समालोचकका रूपमा सोमनाथ सिग्देलको वैशिष्ट्य र योगदान

यी विभिन्न विषयहरू थोरै मात्र मौलिक हुन्। यस्तो पुरानो खेलमा नयाँ तासको आशा कोही राख्तैन पनि; मुख्य कुरो हातै हो।

–आइ. ए. रिचर्ड्स्

३.१. नेपालीमा पूर्वीय समालोचनाको विकास–प्रक्रिया

साहित्यको सृजना र आस्वादन दुवैका लागि सामान्यतः हृदय पक्षको भूमिका बढी हुने भएकाले बौद्धिक समाजका अभावमा पनि साहित्यिक विधाहरूको प्रस्फुटन भइ नै रहेको हुन्छ। यी मध्ये समालोचना चाहिँ मूलतः मानव बौद्धिकताको उपज भएकाले यसको विकास भने बौद्धिक वर्गमा नै आधारित भएको देखिन्छ[१]। त्यसैले सोमनाथको बहुमुखी व्यक्तित्वका विश्लेषणका सन्दर्भमा उनमा रहेको समालोचक व्यक्तित्वलाई पनि सृजनात्मक साहित्यिकतामा भन्दा विद्वत्तामै आधारित ठान्नु पर्ने देखिन आउँछ।

नेपाली समालोचनाका क्षेत्रमा सोमनाथ सिग्देलको भूमिका भन्नु नेपाली पूर्वीय समालोचनाको सैद्धान्तिक विकासको क्रममा सोमनाथले दिएको योगदान नै भएको हुँदा सोमनाथ पूर्वको नेपाली समालोचनाको स्थिति र सोमनाथ पछि यस सिद्धान्तले प्राप्त गरेका उपलब्धिहरूको वर्णन गर्दै यिनै दुई परिप्रेक्षबाटै समलोचक सोमनाथको योगदानलाई पहिल्याउनु पर्ने देखिन्छ।

३. १. १ 'साहित्य–प्रदीप' (२०१६) पूर्वको स्थिति

वास्तविक रूपमा नेपाली साहित्यको सृजनाको आरम्भ भानुभक्त (१८७१–१९२५) देखि नै भए पनि समलोचनाको सूत्रपातका लागि मोतीराम (१९२३–

---

१. यदुनाथ खनाल; 'नेपाली साहित्यमा आलोचनाको अवस्था', मधुपर्क, वर्ष १, अङ्क १, पृ. १०।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

१९५३) सम्म पर्खनु परेको ज्ञात हुन्छ। मोतीराम भट्टको **कवि भानुभक्ताचार्यको जीवन चरित्र** (१९४८ वि. सं.) प्रथमतः जीवनी र अझ भानुभक्तसँग मात्र सम्बन्धित भएबाट यसमा रहेको समालोचनात्मक अंश पनि सैद्धान्तिक भन्दा व्यावहारिक नै देखिने हुनाले यस कृतिलाई पूर्ण रूपमा सैद्धान्तिक समालोचना–ग्रन्थ मान्न सकिँदैन। तैपनि यस भित्रका कविताका लक्षण र कविका वर्गीकरण सम्बन्धी अंशहरूले[२] चाहिँ निश्चय नै समालोचनाका सैद्धान्तिक पक्षहरूलाई प्रस्तुत गर्दछन्। **कवि भानुभक्ताचार्यको जीवन चरित्र** मा मोतीरामले जे जति सैद्धान्तिक समालोचना सम्बन्धी रुचि देखाएका छन्, तिनीहरू पूर्णतः पूर्वीय समालोचना सिद्धान्तमै आधारित रहेको पाइन्छ। यस तथ्यका पुष्टिका लागि राजशेखरले **काव्यमीमांसा** मा गरेको कविको वर्गीकरण[३] र मोतीरामद्वारा प्रस्तुत कविको वर्गीकरणका बीच देखिएको समरूपता र सादृश्य मात्रै पनि पर्याप्त देखिन आउँछ। त्यसैले भानुभक्तको **बालकाण्ड रामायण** को प्रकाशन (१९४१) नेपालीहरूले समालोचनाका क्षेत्रमा चालेको पहिलो कदम हो भन्ने ठान्न खोज्दा–खोज्दै पनि मोतीरामकृत **कवि भानुभक्ताचार्यको जीवन चरित्र** नै नेपाली सैद्धान्तिक समालोचनाका क्षेत्रमा पूर्वीय दृष्टिकोणको संस्थापन सम्बन्धी प्रथम घटना हो भनी भन्नै पर्छ।

यस पछि समालोचनाको सैद्धान्तिक पक्षमाथि प्रकाश पार्ने कृतिका रूपमा **सुन्दरी** मा धारावाहिक रूपले प्रकाशित वीरेन्द्र केसरीको **वेसरी** लाई मान्नु पर्ने हुन आएको छ[४]। विशेष गरी यसमा **काव्य प्रकाश** र **रस गङ्गाधर** का प्रभावमा लेखिएका साहित्य शास्त्रीय सिद्धान्तहरू पनि पाइएकाले नेपाली सैद्धान्तिक समालोचनाका विकास–क्रमको रेखाङ्कन गर्दा **वेसरी** को पनि उल्लेख गर्नु उपयुक्त देखिन्छ। यसै क्रममा नेपाली साहित्यको माध्यमिक कालको उत्तरार्धतिर देखा परेका नैतिक र काव्यात्मक मूल्य विहीन कविताका कारणबाट गिर्न लागेको नेपाली कविताको स्तरप्रति चिन्ता प्रकट गर्दै र कविताका न्यूनतम मूल्यहरूको

२. पारसमणि प्रधान (सम्पा.); **भानुभक्त–ग्रन्थावली**, पृ. २१–२२।

३. सोमनाथ सिग्देल; **साहित्य-प्रदीप** (दो सं.) पृ. २२।

४. **सुन्दरी** वर्ष १ लीला ९/१० देखि लीला ११/१२ सम्म पृ. १–२८। **सुन्दरी** मा प्रकाशित लेखहरूका लेखकको नाम विषय सूचीमा मात्र दिइएको पनि पाइन्छ। यसै अनुसार वर्ष १ लीला ९/१० को विषय सूचीमा **वेसरी** का लेखक सुब्बा श्री वीरेन्द्र केसरी सूरी अर्याल र लीला ११/१२ को विषय सूचीमा चाहिं सम्भवतः भूलले होला पुरोहित श्रीगणेशजी शर्मा भएको छ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

परिपालनको आवश्यकता दर्शाउँदै राममणिद्वारा प्रस्तुत **कविता रीति** (माधवी, प्रथम कला: सङ्ख्या २, ३, ४ र ५ सं. १९६५) र वि. सं. १९६७ मा लेखी वि. सं. १९६९ मा प्रकाशित लेखनाथको **कवि कविताला**प[५] मा पूर्वीय धारणाद्वारा अनुप्राणित कविता सिद्धान्तहरू प्रकट भएका छन्। धारावाहिक रूपमा प्रकाशित राममणिको **कविता रीति** ले छन्द, भाषा, अर्थ र विषयको चर्चा गर्दै कविताको मुख्य अङ्गको रूपमा छन्दलाई मानेरै पनि केवल छन्दमा लेखिनाले मात्र कविता हुँदैन भन्ने धारणाका साथ कविताका आन्तरिक गुणको अपेक्षा गरेको बुझिन्छ। राममणिको यस निबन्धमा नेपाली कवितामा देखिएको अन्त्यानुप्रासको प्रवृत्तिलाई हटाउने आग्रह, सहज र सरल भाषाको प्रयोग गर्ने सल्लाह समेत दिइएको छ। यसका साथै उनले कविताको विषय धार्मिक र उपदेशयुक्त हुनुपर्छ भन्दै त्यसबेला नेपाली कविताका क्षेत्रमा बहु प्रचलित शृङ्गारिक प्रवृत्तिको विरोध पनि गरेका छन्। वस्तुतः **कविता रीति** ले छन्द, भाषा, अर्थ र विषयका दृष्टिले साहित्य–रीतिको खोज मेल गरेको छ। यसमा पूर्वीय समालोचना सिद्धान्तका विविध पक्षका आलोकमा र समकालीन भारतीय साहित्य (विशेषतः हिन्दी) समेतका अनुभवका आधारमा साहित्य (विशेषतः नेपाली साहित्य) कस्तो हुनुपर्छ भन्ने धारणा पेश गरिएको छ। यस कृतिले शास्त्रीय गहिराइका तर समसामयिक प्रश्नका सन्दर्भमा साहित्य तत्त्वको चर्चा गर्ने चेष्टा देखाएको छ। लेखनाथको **कवि कविताला**प चाहिं नेपाली कविताको माध्यमिक कालीन सस्ता बाह्रमासे प्रवृत्तिहरूको समाप्ति तर्फ कारवाही गर्ने काव्य–अध्यादेशका रूपमा आएको देखिन्छ र यस पछिको नेपाली कविताले लिएको मोड तर्फ दृष्टि दिंदा **कवि कविताला**प का मर्महरू लागू हुन थालेको समेत अनुभव हुन्छ। यति हुँदा हुँदै पनि राममणिको **कविता रीति** कविता तत्त्व सम्बन्धी सामान्य निबन्ध हो भने लेखनाथको **कवि कविताला**प चाहिं साहित्यिक समालोचनाका व्यापक सिद्धान्तका सन्दर्भमा हेर्दा समालोचनात्मक प्रयत्न भन्दा कविता नै हो भन्ने कुरा स्पष्टै छ।

पूर्वीय सैद्धान्तिक समालोचनालाई नेपाली भाषाका माध्यमबाट प्रस्तुत गर्ने क्रममा कुलचन्द्र गौतमको **अलङ्कार चन्द्रोदय** (१९७८) को स्थान पनि महत्त्वपूर्ण रहेको देखिन्छ। राणा प्रधान मन्त्रीको स्तुतिलाई प्रधानता दिएर लेखिए पनि नेपाली सन्दर्भमा अलङ्कारको यति व्यापक प्रयोग अघबाट भएको देखिन्न र

---

५. लेखनाथ; लालित्य, (चौ. सं.), पृ. ४२।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

रत्नध्वज जोशीका ५९ अलङ्कारको सोदाहरण विवेचन भएको **मानसालङ्कार**[६] प्रति दृष्टि दिँदा दिँदै पनि पछि आएर कुलचन्द्रकै **राघवालङ्कार** (२०१५) मा मात्र अलङ्कारको व्यापक चमत्कार पुनः देखा परेकाले नेपाली सैद्धान्तिक समालोचनाको अलङ्कार क्षेत्रमा कुलचन्द्र गौतमको ज्येष्ठता पूर्णरूपमा सुरक्षित रहेको भेटिन्छ। वास्तवमा सोमनाथ सिग्देलले अलङ्कारको जे जस्तो किसिमबाट आफ्ना कवितामा विशेष गरी **आदर्श राघव** (२००५) महाकाव्यमा प्रयोग गरे त्यसमा स्वतः स्फूर्त प्रयोग भन्दा शास्त्रीयता निर्देशित कुलचन्द्रीय परिपाटीकै अनुसरण भएको छ। यसका साथै **साहित्य-प्रदीप** (२०१६) मा पनि **आदर्श राघव** का तिनै प्रयोगलाई अलङ्कारका उदाहरणका रूपमा प्रयोग गरिएको घटना यस प्रसङ्गमा अझ स्मरणीय बन्न पुगेको छ।

नेपाली भाषामा छन्दको विषयमा स्वतन्त्र ग्रन्थ लेख्ने कार्य २००१ सालतिर प्रकाशित गोविन्दप्रसाद ढुङ्गानाको **छन्दोहार** बाट थालिएको ज्ञात हुन्छ। छन्दका वार्णिक (वर्णमात्रिक ?) र मात्रिक शाखाका विविध भेदहरूलाई रोचक उदाहरण तथा छन्द सम्बन्धी विस्तृत भूमिका सहित प्रस्तुत गरिएको यो छन्दोग्रन्थ केवल तात्कालिक अभाव पूर्ति गर्ने किताब मात्र नभई हालसम्म नै नेपाली भाषाका माध्यमबाट छन्दका विषयमा अपेक्षाकृत विस्तृत रूपमा आधिकारिक जानकारी दिने महत्त्वपूर्ण कृति बनेको छ[७]। पूर्वीय साहित्य चिन्तनका क्षेत्रमा कविताका निम्ति महत्त्वपूर्ण अङ्ग मानिएको छन्दका सम्बन्धमा सोमनाथको **साहित्य-प्रदीप** मा चाहिँ कुनै चर्चा गरिएको छैन।

यसपछि यदुनाथ खनालको **समालोचनाका सिद्धान्त** (२००३) पूर्वीय र पाश्चात्य समालोचना- सिद्धान्तहरूलाई एकीकृत गर्दै प्रकाशनमा आएको देखिन्छ। नेपाली सैद्धान्तिक समालोचनालाई संक्षिप्त नै भए पनि लगभग पूर्ण रूपमा पुस्तकाकार कृति दिन पहिलो प्रयास गर्ने यदुनाथ खनालको **समालोचनाका सिद्धान्तले** पूर्वीय समालोचनाका सिद्धान्तहरूलाई **साहित्य-प्रदीप** ले अँगाले जत्तिको

---

६. वि. सं. २००२ सालमा ने. भा. प्र. स. ले प्रकाशित गरेको यस पुस्तकमा उदाहरणका रूपमा तुलसीदासकृत **रामचरित मानस** का श्लोकलाई प्रमुखता दिइएको छ। सम्भवत **रामचरित मानस** का अलङ्कारहरूको सङ्ग्रहका कारणले नै यसलाई **मानसालङ्कार** नाम दिइएको बुझिन्छ।

७. नरहरि आचार्य; 'छन्दशास्त्रको ऐतिहासिक विकास – क्रम र यसको औचित्य,' **प्रज्ञा**, वर्ष ४, अङ्क २, पृ. ३६।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

व्यापकताका तहमा प्रस्तुत गर्न सकेको छैन। तैपनि साहित्यिक समालोचना शास्त्रको अभावपूर्ण त्यस बेलाको स्थितिमा नेपाली समालोचनाको सैद्धान्तिक पक्षको विकासका लागि यस पुस्तकले खेलेको प्रारंभिक भूमिका महत्त्वपूर्ण प्रतीत हुन्छ। यस बाहेक अपेक्षाकृत मौलिक प्रतिपादनका साथै प्रौढ तर निकै सरल ढङ्गबाट नेपाली भाषामा समालोचनाको सिद्धान्तलाई प्रस्तुत गर्ने क्रममा चाहिं यो संक्षिप्त कृति **साहित्य-प्रदीप** का तुलनामा मात्र होइन आफै पनि उल्लेखनीय रहेको छ। यसपछि देखापरेको ऋषभदेव शास्त्रीको **काव्य मञ्जुरी** (२०१५) ले कवि र काव्य, शब्दशक्ति, रस, गुण, रीति, अलङ्कार र दोषको सोदाहरण विवेचना गरेको पाइन्छ। पूर्णतः पूर्वीय समालोचना सिद्धान्तमा आधारित **काव्यमञ्जरी** को सैद्धान्तिक विवेचनाको शैली प्रशस्त मौलिक र सरल दुवै छ। यति हुँदा हुँदै पनि **साहित्य-प्रदीप**मा रहेको विशाल पाण्डित्य र यसले समेटेको विषयगत व्यापकताका तुलनामा **काव्य मञ्जरी** को स्थिति प्रौढ सुसंस्कृत व्यक्तिका अगाडि सुन्दर बालक तुल्य प्रतीत हुन्छ। नेपालीमा पूर्वीय समालोचनाको सैद्धान्तिक विकास-क्रमको यिनै प्राप्ति अप्राप्तिको पृष्ठभूमिमा सोमनाथ सिग्देलको **साहित्य-प्रदीप** (२०१६) प्रकाशनमा आएको देखिन्छ।

३. १. २ 'साहित्य-प्रदीप' (२०१६) पछिको अवस्था

साहित्य-प्रदीप (२०१६) पछि पनि पूर्वीय सैद्धान्तिक समालोचनाका क्षेत्रमा विभिन्न कृति देखा परिरहेकै छन्। यस सिलसिलामा कोमलनाथ अधिकारीको **साहित्य-दर्पण** नेपाली अनुवाद (२०२३) र अंशतः पाश्चात्य काव्य सिद्धान्तका मान्यताहरूको उल्लेख रहे पनि मूलतः पूर्वीय काव्य सिद्धान्तकै विवेचना गरिएको चूडानाथ भट्टराईको **कवि, कविता र कविताको सिद्धान्त** (२०२३) देखा परेका छन्। यी मध्ये पहिलो कृति अनुवाद भएको र दोस्रो चाहिं **साहित्य-प्रदीप** को पूर्वीय पाण्डित्यको मार्गलाई पनि छोडेको र समालोचनाको नवीन विवेचना पद्धतिको स्थितिलाई पनि समात्न नसकेको दोधार स्थितिमा देखापर्छ।

यस पछि केशवप्रसाद उपाध्यायको **साहित्य प्रकाश** (२०३०) पूर्वीय र पाश्चात्य साहित्य शास्त्रीय तत्त्वको समावेशका साथ देखापर्छ। यो ग्रन्थ आधुनिक भारतीय साहित्य चिन्तनका क्षेत्रमा भइरहेको पूर्वीय काव्यशास्त्रको पुनर्व्याख्या सम्बन्धी प्रयत्नबाट पनि थेर थोर प्रभावित भएको बुझिन्छ। नेपालीमा पूर्वीय काव्य-सिद्धान्तलाई भित्र्याउने क्रममा देखा परेको राजशेखर प्रणीत **काव्य मीमांसा** को डिल्लीराम तिमसिनाद्वारा भएको पाठ भेद, टिप्पणी र परिशिष्ट सहितको अनुवाद (२०३०) पनि उल्लेख योग्य रहेको छ। यसको भूमिकामा पूर्वीय काव्य-

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

शास्त्रको संक्षिप्त इतिहास र नेपाली पूर्वीय काव्यशास्त्र ग्रन्थ तथा समालोचना सम्बन्धी नेपाली दृष्टिकोणको समेत रेखाङ्कन भएकाले यस अघि भएको पूर्वीय साहित्य शास्त्र ग्रन्थको अनुवादका सापेक्षतामा डिल्लीराम तिमसिनाको यो कार्य निकै उपयोगी बन्न पुगेको अनुभव हुन्छ ।

हेमाङ्गराज अधिकारीको **पूर्वीय समालोचना सिद्धान्त** (२०३१) यस विषयको सामान्य जानकारी दिने पाठ्यपुस्तकका रूपमा नै प्रकाशित भएकोले आफ्नो उद्देश्य पूर्तिमा सामान्यतः सफल देखिन्छ । गोविन्दप्रसाद भट्टराईको **पूर्वीय काव्य सिद्धान्त** (२०३१) पूर्वीय पाण्डित्यले अँगाल्ने गरेका विवेचन र प्रस्तुतीकरणको शैलीबाट अलग्गिएर पनि पूर्वीय काव्य सिद्धान्तका सम्बन्धमा भएका र हुन लागेका अभिनव व्याख्याको पूरा उपयोग नगरिएको पुस्तक प्रतीत हुन्छ ।

यस पछि केशवप्रसाद उपाध्यायको **पूर्वीय साहित्य सिद्धान्त** (२०३६) अपेक्षाकृत महत्त्वपूर्ण र गम्भीर कृतिका रूपमा देखा परेको छ । पूर्वीय प्रमुख साहित्य सम्प्रदाय (रस, अलङ्कार, रीति, ध्वनि र वक्रोक्ति) मा केन्द्रित हुँदै स्नातक स्तरको पाठ्यक्रमलाई लक्ष्य गरेर वर्वीय काव्यशास्त्र सम्बन्धी अभिनव व्याख्या विश्लेषणलाई समेत प्रयोग गरी तयार गरिएको प्रस्तुत पुस्तकलाई **साहित्य–प्रदीप** पछिको नेपालीमा गरिएको पूर्वीय साहित्यशास्त्र सम्बन्धी गहकिलो अध्ययन मान्नु पर्छ । जे होस्, सोमनाथ सिग्देलको **साहित्य–प्रदीप** (२०१६) को प्रकाशन पछि पनि नेपाली पूर्वीय समालोचनाको सैद्धान्तिक पक्षको विकासमा केही कार्य भएकै देखिन्छ । साथै केशवप्रसाद उपाध्याय जस्ता केही साधकहरूको अध्ययनलाई हेर्दा यस मार्गमा अरू बढी काम हुदै जाने सम्भावना पनि देखापरेको छ ।

३.२ सोमनाथका समालोचनात्मक कृति

नेपाली पूर्वीय सैद्धान्तिक समालोचनाका विभिन्न विषयलाई समेटेर प्रौढ ढङ्गले लेखिएको **साहित्य–प्रदीप** नै सोमनाथ सिग्देलको मुख्य समालोचनात्मक कृति हो । सोमनाथमा कृति विशेषको समालोचना गर्ने प्रयोगात्मक समालोचनाको प्रवृत्ति चाहिँ ज्यादै कम मात्रामा देखिन्छ । एकाध कृतिहरूको भूमिका वा प्राक्कथनका रूपमा उनले व्यक्त गरेका टिप्पणीहरूकै पनि ज्यादा जसो झुकाउ सैद्धान्तिक स्थापनामा नै केन्द्रित भएको पाइन्छ । त्यसैले यहाँ प्रथमतः विविध प्रसङ्गमा सोमनाथले लेखेको र उनको समालोचक-व्यक्तित्वको प्रतिबिम्ब देखिने रचनाको चर्चा गरिन्छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

३.२.१ दुइ शब्द

लेखनाथद्वारा अनूदित कालिदासको **अभिज्ञान शाकुन्तल – नाटक**[८] का सम्बन्धमा लेखिएको यो 'दुइ शब्द' वा भूमिका छ अनुच्छेदमा लेखिएको छ। यसका प्रमुख पाँच अनुच्छेद मध्ये प्रथम तीन अनुच्छेद सैद्धान्तिक विषयसँग नै सम्बन्धित देखिन्छन्। यिनमा मानव हृदयलाई विविध भावनाहरूको उत्पत्ति स्थानका रूपमा स्वीकार गर्दै प्रतिभाका सहायताले भावना भौलाउँछ भन्ने आशयका साथ सफल चित्रकारमा कुनै पनि दृश्यको यथावत् चित्र उतार्न सक्ने क्षमता भए जस्तै उत्कृष्ट साहित्यकारहरूमा अन्तर्भावनालाई यथार्थ शब्द चित्रका माध्यमबाट प्रस्तुत गर्न सक्ने क्षमता रहेको हुन्छ भन्ने दृष्टिकोण अभिव्यक्त गरिएको छ। यसै क्रममा गम्भीर भइकन पनि सरल रूपबाट भाव–गुम्फन गर्न सक्ने कविका रूपमा कालिदासलाई लिँदै उनको सर्वोत्कृष्ट कृति **शाकुन्तल** मा प्राकृतिक तापस–जीवनको सात्त्विक प्रभाले राजसी नागर–चमकलाई लाचार पारेको तथ्यलाई प्रस्तुत गर्दै प्राकृतिक तापस जीवनप्रतिको अनुरक्ति देखाइएको छ, तर अनुवादकका शैलीमा देखा पर्ने गुण वा क्लिष्टता र दुरूहता जस्ता अवगुणको ऋणात्मक पक्षका बारेमा चाहिँ कुनै उल्लेख गरिएको छैन।

३.२.२. श्री कविशिरोमणि लेखनाथ पौड्यालको परिचय

लेखनाथद्वारा अनूदित **अभिज्ञान शकुन्तल** मा रहेको लेखनाथ–सम्बन्धी परिचय–लेखकका बारेमा किटान साथ नलेखिए पनि शैलीका आधारमा यो परिचय लेख सोमनाथकै कलमको उपज प्रतीत हुन्छ। संक्षिप्त रूपमा लेखिएको यस परिचयमा लेखकको साहित्यिक व्यक्तित्वमाथि प्रकाश पार्ने घटनामा नै बढी जोड दिइएको छ। यस सन्दर्भमा केही अंशको उद्धरण गरी हेर्न सकिन्छः–

> सामयिक चीसो वातावरणबाट कठ्याङ्ग्रिदै मित्री प्रतिभाको उष्ण-ताले फुकेको हृदयबाट चुहेका उहाँका रसिला भाषा सुभाषितहरूले राष्ट्रभाषाको श्रृङ्गारलाई घेरै भरमदत दिन लागे। (पृ. २)

यस उद्धरणबाट संक्षेपमै भए पनि नेपालको तात्कालिक वातावरणका सन्दर्भमा लेखनाथको कविप्रतिभाको विकास– प्रक्रियालाई सोमनाथले निकै सूक्ष्म तर आलङ्कारिक रूपमा अभिव्यक्ति दिएको देखिन्छ।

३.२.३. एक अन्जलि

पण्डित कुलचन्द्र गौतम विरचित **राघवालङ्कार**[९] का भूमिकाका

---

८. यो पुस्तक २०१५ मा नेपाल एकेडेमीद्वारा प्रकाशित भएको छ।

९. यो पुस्तक एकेडेमीले वि.सं २०१५ मा प्रकाशित गरेको छ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

रूपमा लेखिएको यस लेखमा साहित्यिक रचनाको मूल स्रोत प्रकृति-सुन्दरतालाई मान्दै त्यो सुन्दरता सबैको दृष्टिगम्य भएर पनि त्यसलाई ग्रहण गर्ने क्षमता चाहिँ प्रतिभावान् साहित्यिकसँग मात्र रहने धारणा व्यक्त गरिएको छ। साथै कला र कलाकार एक-अर्कालाई अव्यक्तबाट व्यक्त स्वरूप प्रदान गर्न समर्थ रहेको हुनाले नै कला कलाकारको चिरस्थायी सम्मानको प्रतीक बन्न सक्तछ भन्ने समालोचक सोमनाथको आशय देखिन्छ। शब्दालङ्कार र अर्थालङ्कारको योजनापूर्ण समन्वयले नै कविको अभिव्यक्तिलाई शोभित बनाउँछ भन्ने धारणाका पक्षमा सोमनाथ रहेका छन्। यसबाट उनको शिल्पप्रतिको झुकाउ स्पष्ट देखापर्छ। यसै सन्दर्भमा सोमनाथ राघवालङ्कार का रचयिता कुलचन्द्र गौतमलाई सफल अलङ्कार शास्त्री वा गुम्फन-कला कुशलका रूपमा ठम्याउँछन् तर आलङ्कारिक कुलचन्द्रको अप्राप्तिको चाहिँ कुनै पनि सङ्केत गर्दैनन्।

३.२.४ श्री साहित्याचार्य कुलचन्द्र गौतमको परिचय

राधावालङ्कार मा नै समावेश गरिएको प्रस्तुत परिचयका लेखकको नाम सद्गुणप्रेमी राखिएकोछ, तापनि लेखनशैलीका आधारमा यसलाई सोमनाथकै लेखन मान्न सकिन्छ। यस परिचयमा संक्षिप्त रूपमा कुलचन्द्र गौतमका जीवन घटनाका साथै कृति विवरण मात्र दिइएको छ।

३.२.५ नेपाली भाषा कविको परिचय र आलोचन

यस लेखको पहिलो अंशमा नेपाली भाषा क्रमशः संस्कृत, प्राकृत र अपभ्रंश हुँदै आधुनिक आर्य भाषाका रूपमा उत्पन्न भएको धारणा व्यक्त गरी नेपाली साहित्यलाई तीन कालमा विभाजित गरिएकोछ भने दोस्रो अंशमा आलोचन-सिद्धान्तका बारेमा लेखिएकोछ, तर दुवै अंश अपूर्ण नै प्रतीत हुन्छन्[१०]।

३.३ 'साहित्य-प्रदीप' र यसका उपलब्धि

३.३.१ विवरणात्मक परिचय

नेपाली समालोचनाका क्षेत्रमा सोमनाथ सिग्द्देलको भूमिकाको निरूपण गर्ने

---

१०. (क) वाल्मीकि क्याम्पसको पुस्तकालयमा सोमनाथबाट प्रदान गरिएका पुस्तकहरूका खण्डमा रहेको यस अप्रकाशित पाण्डुलिपिको दर्ता संख्या ४४७७ छ।

(ख) साहित्य-प्रदीप को तृतीय प्रकाश अनुसार नै तीनकालका कविहरूको नाम छुट्याइएकोछ, तापनि कालको नाम भने क्रमशः प्रथम उद्गमकाल, बीचको प्रस्फुटन काल र आधुनिक विकास कालका रूपमा राखिएकोछ। सम्भवत यो लेख साहित्य-प्रदीप को खेस्रा पनि हुनसक्छ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

बलियो आधारका रूपमा रहेको **साहित्य- प्रदीप** (२०१६) पूर्व र उत्तर भाग गरी पाँच प्रकाशमा विभाजित छ। पूर्व भाग अन्तर्गतको प्रथम प्रकाश शब्द विवेचनबाट प्रारम्भ भई भाषाको परिचयका साथै कवित्वको निरूपण र कविहरूको कक्षा-वर्णन हुँदै काव्य र साहित्यको परिचय दिई समाप्त भएको छ। दोस्रो प्रकाशमा पूर्वीय साहित्यशास्त्रको इतिहास-कथन एवम् साहित्यिक आचार्यहरूको परिचयका साथै काव्य-सम्प्रदायहरूको वर्णन विवरणका अतिरिक्त संस्कृत कवि-लेखकहरूको चिनारी गराइएको छ। तृतीय प्रकाश काव्य- प्रकरणका रूपमा प्रस्तुत गरिएको छ। यसमा काव्यको लक्षण र काव्यको दृश्य-श्रव्य रूपको विस्तृत परिचयका साथै **नेपाली परम्परामा वाङमय** मा संक्षिप्त रूपमै भए पनि नेपाली साहित्यका तीनै कालको परिचय दिने प्रयास भएको देखिन्छ। यसरी तृतीय प्रकाशसँगै **साहित्य-प्रदीप** को पूर्व भाग समाप्त हुन्छ। उत्तर भाग अन्तर्गत चतुर्थ प्रकाशमा रसवृत्तिको विवेचनाका साथै रस सम्बन्धी विविध मतलाई प्रस्तुत गरिएको छ। पञ्चम प्रकाश चाहिँ दोष गुणको विवेचनका साथै अलङ्कारका विविध रूपको वर्णनमा केन्द्रित भएको छ। यसरी सोमनाथको **साहित्य-प्रदीप** पूर्वीय साहित्यश स्त्र सम्बन्धी लगभग सिङ्गो परम्परालाई नै संक्षेपमै भए पनि प्रकाश पार्न सफल भएको देखिन्छ।

३.३.२ पूर्वीय काव्य सम्प्रदाय– समन्वय

पूर्वीय काव्यशास्त्रको इतिहासतर्फ सिंहावलोकन गर्दा आस्वादन र मूल्याङ्कन गर्ने अभीष्टबाट प्रेरित भएर विविध युगका विभिन्न साहित्य तत्त्व-चिन्तकहरूले अनेकानेक दृष्टिकोण प्रकट गरेको पाइन्छ। पूर्वीय साहित्यका सन्दर्भमा खास सम्प्रदायका रूपमा मानिएका यी दृष्टिकोणहरू मूलभूत रूपमा छ प्रकारका देखिन्छन्[११]। तैपनि सबैको मूल उद्देश्य **काव्यास्वाद** र अन्तिम प्राप्य **आनन्द** नै भएकाले सम्प्रदायगत पार्थक्य त्यति उग्र किसिमको देखा पर्दैन[१२]। सोमनाथ सिग्देलद्वारा **साहित्य-प्रदीप** मा प्रस्तुत काव्य-सम्प्रदायहरूको जे जस्तो वर्णन गरिएको छ त्यसमा समन्वयात्मकताको आधिक्य देखिन्छ भन्ने तथ्य सम्प्रदाय वा वादका नाममा जोडिएको प्राधान्य शब्दको प्रयोगले पनि स्पष्ट पारेको छ[१३]। सोमनाथले छ प्रकारका काव्य-सम्प्रदायहरूको स्वतन्त्र रूपले वर्णन गरेका छन् तापनि तिनीहरूको निष्कर्ष निकाल्दै (१) वाह्य तत्त्वकेन्द्री र (२) आन्तरिक तत्त्वकेन्द्रीका रूपमा दुई विभा-

११. सोमनाथ सिग्देल; पूर्ववत्, पूर्वभाग, पृ. ४७।

१२. नगेन्द्र (डा.), रस-सिद्धान्त पृ. ३२९।

१३. अलङ्कार प्राधान्यवाद, रीति प्राधान्यवाद आदि नामबाट ती तत्त्वलाई प्रधानता मात्र दिइएको हो भन्ने अभिप्राय झल्कन्छ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

जन गरी सबै सम्प्रदायलाई समेटेको देखिन्छ । साहित्य तत्त्वको विश्लेषण र मूल्याङ्कनका सन्दर्भमा प्रथमतः साहित्यिक आचार्यहरूको दृष्टिकोण आन्तरिक तत्त्वतर्फ अभिमुख भएको कुरा भरतमुनिको **नाट्यशास्त्रम्** र त्यसको मर्मस्थल विभाव, अनुभाव, व्यभिचारी भावहरूको संयोगबाट रस निष्पत्ति हुन्छ भन्ने सिद्धान्तको उद्गमका साथै अन्तःकरणकेन्द्री रसवादको प्रारम्भ भएबाट प्रष्टिन्छ[१४] ।

भरतले रसको स्थापना र विवेचना नाटकका सन्दर्भमा गरेका हुनाले धेरै पछिसम्म पनि रसलाई नाट्यास्वादका प्रसङ्गमा मात्र सीमित गराइएको पाइन्छ । यस स्थितिमा छैटौं शताब्दीका भामह आदि अलङ्कारवादीहरूले काव्यास्वादका लागि रसको उपेक्षा गर्नु रस सम्बन्धी उक्त एकाङ्गी धारणाकै परिणाम हुन सक्छ । यस पछि भामहले अलङ्कार प्राधान्यवादको प्रारम्भ गर्नु र यसैका सीमा भित्र रही केही परिवर्तन र परिवर्धनका साथ भट्टोद्भट, दण्डी र रूद्रट आदिले अलङ्कारको श्रेष्ठतालाई प्रस्तुत गर्नु रसप्रतिको उपेक्षाकै परिणाम थियो । यसरी नै रीतिवादी वामन र वक्रोक्तिलाई नै काव्यको आत्मा ठान्ने कुन्तकले पनि रसलाई महत्त्व दिने प्रश्नै उठेन । त्यसैले यी सबै काव्य संप्रदाय काव्यका बाह्य तत्त्वतिरै उन्मुख भएको प्रतीत हुन्छ । उपर्युक्त सबैजसो काव्य–संप्रदाय सामान्यतः शब्द र अर्थमा मात्र केन्द्रित देखिएकाले यी सबैलाई सोमनाथले बाह्य तत्त्वकेन्द्री मतका रूपमा मानेको र काव्यको आत्माका रूपमा ध्वनिलाई स्वीकार गर्ने आनन्दवर्धन तथा रसलाई नै काव्यको प्रधान तत्त्वको रूपमा लिने रस प्राधान्यवादीहरूका मतलाई आन्तरिक तत्त्वकेन्द्री मतका रूपमा स्वीकारेको पाइन्छ[१५] ।

यसरी पूर्वीय विभिन्न काव्य–सम्प्रदाय मध्ये प्रत्येकका दृष्टिकोण र विचार-हरूलाई प्रस्तुत गर्दै प्रत्येक सम्प्रदायको उठान र गन्तव्यलाई पहिल्याउने प्रयास सोमनाथले गरेको ज्ञात हुन्छ । पूर्वीय काव्य सम्प्रदाय मध्ये रीति, वक्रोक्ति र औचित्य प्राधान्यवादको आदि र अन्त समेत आ–आफ्ना प्रवर्तकमै सीमित भएकाले यिनीहरूको कुनै विशेष महत्त्व नभएको र विविध आचार्यहरूद्वारा पर-म्पराका रूपमा स्वीकृत एवं प्रतिपादित अलङ्कार र ध्वनि प्राधान्यवादले पनि काव्यास्वादका सन्दर्भमा आ–आफ्ना प्रणाली अन्तर्गत रसकै पनि महत्त्व स्वीकार गरेबाट पूर्वीय काव्य सम्प्रदायमा देखिने दृष्टिकोणका अन्तरहरूको परिहार गर्न

१४. नगेन्द्र (डा.); पूर्ववत्, पृ. १० ।

१५. सोमनाथ सिग्देल; पूर्ववत्, पृ. ५९–६१ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

सक्ने क्षमता रसवादमा अन्तर्निहित रहेको तथ्यलाई **साहित्य-प्रदीप** मा प्रष्टयाइएको अनुभव हुन्छ[१६]। अझ आधुनिक साहित्य शास्त्रीय सन्दर्भमा रसवादका पुनर्व्याख्याताहरूले यसभन्दा एक तह माथि गई पाश्चात्य समालोचनामा प्रचलित विभिन्नवादमा रहेको मतभिन्नताको समेत निराकरण गर्न सक्ने क्षमता रस सिद्धान्त वा रसवादमा देखाएका छन्[१७]। यसबाट पूर्वीय विभिन्न काव्य सम्प्रदायलाई परम्परागत रूपमै पनि रसवादले समन्वय प्रदान गरेको छ भन्ने सोमनाथको आशय पूर्ण रूपमा स्वीकार्न सकिने देखिन्छ।

३.३.३ पाश्चात्य समालोचना–तत्त्वको उपयोग

सोमनाथ सिग्देलको **साहित्य-प्रदीप** को मूल आधार संस्कृत वा पूर्वीय समालोचना–सिद्धान्तको परम्परा नै भएकाले सामान्यतया यसमा पाश्चात्य दृष्टिकोण र विचारको प्रवेश भएको देखिन्न भन्ने भनाइ पाइन्छ[१८]। परन्तु सांस्कृतिक परम्परा र देश–कालगत अन्य परम्पराको भिन्नताले गर्दा प्रत्येक विषयप्रति पूर्वीय र पाश्चात्य दृष्टिकोण भिन्न रहँदा रहँदै पनि मानवीय–चिन्तन प्रक्रियामा रहेको सार्वभौमिकताले गर्दा भिन्न परिवेश र वातावरणबाट उब्जेका दृष्टिकोणमा पनि स्वतः समन्वय हुन सक्ने सम्भावना छ। यसैले गर्दा सोमनाथको **साहित्य-प्रदीप** को प्रायः एक मात्र आधार र अध्ययनको ठोस शक्ति र सीमा पनि संस्कृत काव्य शास्त्रीय परम्परा र संस्कृत वाङ्मय भए तापनि **साहित्य-प्रदीप** का विविध प्रसङ्गले समालोचना सम्बन्धी पाश्चात्य मतको उपस्थापना गर्न भुलेका छैनन्। निश्चय नै **साहित्य-प्रदीप** का सोमनाथ सिग्देल पाश्चात्य मतको स्थापना गरेर पनि पर्याप्त प्रयासका साथ मिल्ने र हुनेसम्म त्यसको खण्डन गरी पूर्वीय धारणाको औचित्य प्रतिपादन गर्न चुकेका छैनन्, तापनि केही स्थानमा दुवै मतको समन्वय गर्ने चाहना पनि उनमा पाइन्छ।

साहित्य-प्रदीप का प्रथम प्रकाशका प्रारम्भमा नै सोमनाथले **कविता कला हो कि?** होइन भन्ने प्रश्न उठाएका छन्[१६]। र त्यसको विमर्शका सन्दर्भमा कलाका दुई भेदको उल्लेख गर्दै पाश्चात्यहरूले काव्यकलालाई पनि ललित कला अन्तर्गत पारेका कुराको जानकारी दिएका छन्।[२०]

जीवनका साधारण व्यवहारमा प्रयोग गरिने वस्तु-निर्माण सम्बन्धी कला

---

१६. पूर्ववत्, पृ. ५८।

१७. नगेन्द्र (डा.); पूर्ववत्, पृ. ३३०।

१८. कमल दीक्षित; पृ. २४४–४५।

१६–२० सोमनाथ सिग्देल; पूर्ववत्, पृ. १८।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

उपयोगी कलाको कोटिमा पर्दछ र यसमा वस्तु प्राधान्य रहन्छ तर जसमा सौन्दर्यानुभूति नै प्रमुख रूपमा अभिव्यक्त भएको हुन्छ त्यसलाई ललित कलाको कोटिमा राखिएको छ। यसरी सौन्दर्यानुभूतिको प्रधानताका कारणले मूर्तिकला चित्रकला, सङ्गीतकला र नृत्यकला जस्तै काव्यकला पनि ललित कला अन्तर्गत पर्दछ भन्ने पाश्चात्य धारणासँग सोमनाथको प्रशस्त मतभेद देखा पर्छ र उनी काव्य वा कवितालाई कला नमान्ने पक्षमा देखिन्छन्। पाश्चात्य समालोचनाको इतिहासतर्फ सिंहावलोकन गर्दा **कला कलाको लागि** कि **कला जीवनका लागि** भन्ने गम्भीर मतभेद देखा पर्छ तापनि काव्यलाई कला मान्ने कि नमान्ने विवाद उनीहरूमा नरहेको र पाश्चात्य सन्दर्भमा काव्य (साहित्य) कलाकै एक भेदका रूपमा रहेको पाइन्छ[२१]।

साहित्य-प्रदीप मा काव्यलाई कला अन्तर्गत नराख्ने सम्बन्धमा सोमनाथको लामै विवेचना प्रस्तुत छ, तापनि त्यसको निष्कर्ष लिन खोज्दा उनको जोड दुइटै कुरामा रहेको देखिन्छ। प्रथमतः उनी आर्य परम्परामा शिल्प र संगीत नै कला हुन् भन्ने कलाको परिभाषा भएको, काव्यको भेदमा निकृष्ट स्थान प्राप्त समस्यापूर्ति र प्रहेलिकाहरूलाई मात्र कला अन्तर्गत राखिएको र उत्कृष्ट कविता कला अन्तर्गत नभएको अप्राप्त प्रमाण प्रस्तुत गर्दछन्। दोस्रो कुरा चाहिं कलाको सौन्दर्यानुभूति चक्षु, श्रोत्र आदि वाह्य इन्द्रियका माध्यमले गरिन्छ, तर काव्य सौन्दर्यानुभूति वा काव्यास्वाद भावना-विशेषद्वारा परिष्कृत अन्तः करणका माध्यमले हुन्छ भन्ने सोमनाथको तर्क देखिन्छ। यसैले उनी काव्यलाई कला-भन्दा वेग्लै माथिल्लो स्तरको मान्ने पक्षमा नै देखा पर्छन्[२२]।

सोमनाथको **साहित्य-प्रदीप** मा पाश्चात्यमतको उल्लेख तृतीय प्रकाशको नाट्य विद्याको उद्भवका सन्दर्भमा पनि गरिएको छ। यसमा नाटकको उत्पत्तिका सन्दर्भमा कतिपय पाश्चात्य विद्वान्हरूद्वारा प्रस्तुत मे महीनामा गरिने मे पोल नृत्योत्सववाट पश्चिममा नाटकको प्रारम्भ भएको र त्यसैको अनुकरणमा भारतमा भएको इन्द्रध्वजोत्सववाट पूर्वीय साहित्यमा नाटकको प्रारम्भ हुन गएको हो भन्ने धारणाको उल्लेखका साथ त्यसको सटिप्पणी खण्डन गर्दै पूर्वमा वैदिक परम्परा-वाटै नाटकको उत्पत्ति भएको हो भन्ने मान्यताको स्थापना गरेका छन्। यसका साथै पूर्वीय नाट्य परम्परामा पर्दालाई यवनिका भनिनु यवन-कलाकै प्रभाव हो

२१. वासुदेव त्रिपाठी; **पाश्चात्य समालोचनाको सैद्धान्तिक परम्परा** पृ. २४६—२५७।

२२. सोमनाथ सिग्देल; पूर्ववत्, पृ. १८—१९।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

भन्ने धारणाको पनि कोष तथा काव्यको प्रमाण सहित खण्डन गरेको देखिन्छ[२३]। यही क्रममा नाटकको संयोगान्त र वियोगान्त पक्षलाई लिएर सोमनाथले जुन विवेचना प्रस्तुत गरेका छन्, त्यसमा समन्वयात्मक दृष्टिकोण केही मात्रामा मुखरित भएको पाइन्छ। निश्चय नै पाश्चात्य नाट्य साहित्यका परम्परामा वियोगान्त (दुःखान्त) को उत्कृष्ट स्थान रहँदै आएकोछ भने पूर्वतिर संयोगान्त-पट्टिको जोड देखा पर्छ। सोमनाथ भने **रामायण-महाभारत** आदि काव्यहरूमा करुण र शान्त रसको प्राधान्य र वियोगमूलक पर्यवसान तथा **उत्तरराम चरित** को वियोगान्त जस्तो रूप पूर्वीय परम्परामै पनि प्रशंसित रहेबाट पूर्वीय परम्पराले पनि वियोगान्तलाई अनादर नगरेको कुरा देखाउन चाहन्छन्। उनी शून्यवादमा नै अल्झिन र मङ्गलोन्मुखी प्रवृत्तिप्रति प्रतिबद्ध रहनाका लागि मात्र पूर्वीय नाटकमा संयोगपूर्ण वातावरणको सृजना गरी समाप्त गर्ने प्रक्रिया बसेको हो भन्ने तर्क प्रस्तुत गर्दै नाटकको संयोगान्त र वियोगान्त परम्पराका बीच समन्वय गर्न प्रवृत्त देखिन्छन्[२४]।

साहित्य-प्रदीप मा पूर्वीय र पाश्चात्य समालोचना तत्त्वको प्रायः समन्वय नाटक (रूपक) का कथावस्तुलाई विकसित पार्ने अवस्थाहरूको विवेचनाको सन्दर्भमा पनि देखा परेको छ। पूर्वीय साहित्य-शास्त्रमा कथावस्तुका पाँच अवस्था मानिएका छन्:— (१) आरम्भ (२) यत्न (३) प्राप्त्याशा (४) नियताप्ति (५) फलागम। यस्तै पश्चिमा साहित्य तत्त्व-चिन्तकहरूले पनि पाँचै अवस्था मानेका छन्:— (१) आरम्भ (२) विकास (३) चरम सीमा (४) अपकर्ष (उतार) र (५) समापन[२५]। हुनत कथावस्तुको उपर्युक्त पाश्चात्य विभाजन अर्वाचीन हो र अरस्तुले कथावस्तुलाई केवल दुई भागमा बाँडेका छन्— (१) संवृति र (२) विवृत्ति। तैपनि यी दुवैमा उपर्युक्त पाँच अवस्थाको अन्तर्मिश्रण गर्न सकिन्छ[२६]। यसरी पूर्वीय र पाश्चात्य दुवै मतलाई प्रस्तुत गरेर दुवैको उद्देश्य कथानकको क्रमिक आरोहलाई प्रकट गर्नु नै हो भन्ने टिप्पणी सोमनाथले गरेका छन्। सामान्यतया पाश्चात्य मतमा कथावस्तुको संगठनमा सङ्घर्षलाई ज्यादा महत्त्व दिइएको हुन्छ तर पूर्वीय आचार्यहरू सङ्घर्षलाई त्यति महत्त्व दिदैनन्। यस सम्बन्धका बारेमा सोमनाथको राय के छ भने वीर रस प्रधान रूपकका नायक-प्रतिनायकका बीच भावनात्मक सङ्घर्ष अत्यावश्यक देखिने हुनाले पश्चिममा मात्र नभएर पूर्वमा

२३. सोमनाथ सिग्देल, पूर्ववत्, पृ. १३१।
२४. पूर्ववत्, पृ. १३२।
२५. पूर्ववत्, पृ. १३७–१३८।
२६. वासुदेव त्रिपाठी; पूर्ववत्, पृ. ५।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

पनि सङ्घर्षावस्थामाथि जोड दिइएको पाइन्छ र सङ्घर्षले कथानकलाई ओजस्वी बनाउँछ। यसरी पौरस्त्य र पाश्चात्य धारणालाई नजीक–नजीक ल्याउने प्रयत्न सोमनाथले नाटकको कार्यावस्थाका सन्दर्भमा पनि देखाएको पाइन्छ। यसैले साहित्य-प्रदीप मूलतः पूर्वीय काव्यशास्त्रीय सिद्धान्तका आधारमा खडा रहेर पनि थेर थोर पाश्चात्य मतबाट समेत सचेत रहेको अनुभव हुन्छ।

३.३.४ मौलिक प्रतिपादन

साहित्य-प्रदीप संस्कृत काव्यशास्त्रीय परम्पराको नेपाली भाषाको माध्यमले प्रस्तुत गरिएको ग्रन्थ भएकाले यसमा लेखकको स्वतन्त्र दृष्टिकोण छँदै छैन भन्ने भनाइ पनि पाइन्छ[२७], तर यस भनाइको औचित्य परीक्षा आवश्यक प्रतीत हुन्छ। निश्चय नै साहित्य–शास्त्रको ग्रन्थ भएकाले यसमा विविध विषयमा विभिन्न विद्वान्हरूका मतहरूको सङ्कलन-वर्णन अधिक मात्रामा देखिन्छ, तैपनि विविध विषयमा सोमनाथका मौलिक प्रतिपादनहरू पनि यसमा प्रशस्त मात्रामा पाइन्छन्। प्रथम प्रकाशका अधिकांश भाग सोमनाथका मौलिक प्रतिपादनका रूपमा देखिन्छन् र विशेषतः पूर्वीय वैयाकरण र दार्शनिकका चिन्तनको भेदन र समन्वय गर्दै पर्याप्त प्रखरताका साथ प्रस्तुत शब्द निरूपण तथा कवित्व कला हो कि ? मा प्रस्तुत विवेचना नितान्त मौलिक प्रतीत हुन्छ। साथै पूर्वीय काव्य—सम्प्रदायको समन्वयात्मक निष्कर्षमा पनि सोमनाथको मौलिक स्वरूप प्रष्टिएको छ। यस पछि तृतीय प्रकाशको गद्य–काव्य विवेचनाका सन्दर्भमा संस्कृत काव्यशास्त्र परम्परामा नपाइने उपन्यास र कहानीका साथै आत्मचरित, जीवनी र गल्प (हास्य व्यङ्ग्य ?) आदिको वर्णन र विवेचनाको समावेश गरिएबाट पनि **साहित्य-प्रदीप** को मौलिक पक्ष उद्घाटित भएको छ। साथै यसबाट समसामयिक साहित्यिक गतिविधिप्रति लेखकको सचेतता समेत स्पष्टिन्छ। तृतीय प्रकाशमै **नेपाली परम्परामा वाङ्मय** भनेर सालाखाला रूपमा नेपाली साहित्यको इतिहासको रेखाङ्कन सोमनाथले प्रस्तुत गरेका छन्। यो ज्यादै संक्षिप्त र विवरण–प्रधान भएको हुँदा यसै अंशलाई नै **साहित्य-प्रदीप** भरिको कमजोर अंश पनि मानिएको छ[२८] ; परन्तु नेपाली साहित्यको इतिहासलाई तीन कक्षा (काल) मा विभाजन गरी संक्षिप्त रूपमा नै भए पनि तिनका प्रवृत्तिहरूको परिचय दिने प्रयास गरिएको यस अंशबाट पहिलोपल्ट नेपाली साहित्यको छोटो रूपमा तर सर्वाङ्ग इतिहासको रेखाङ्कन

---

२७. कमल दीक्षित; पूर्ववत्, पृ. २४५।

२८. पूर्ववत्, पृ. २४५–२४६।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

भएको छ । यसबाट पनि चर्चित अंशको ऐतिहासिक महत्त्व पूर्णतः सुरक्षित छ ।[२८] जहाँसम्म अरू अंशका तुलनामा नेपाली परम्परामा वाङ्मयको विवेचना र विश्लेषण पक्ष कमजोर छ भन्ने धारणा छ, त्यस सम्बन्धमा **साहित्य-प्रदीप** का अरू अंश परम्परागत रूपमा संस्कृत भाषामा विवेचना र विश्लेषण हुँदै आएको विषय क्षेत्र भित्र पर्दछन् भने यो अंश लगभग सोमनाथकै संयोजन र विश्लेषणको मात्र उपज हो ।

साहित्य-प्रदीप मा पाइने मौलिक प्रतिपादनकै सन्दर्भमा संयोगान्त–वियोगान्त सम्बन्धी निरूपण र कथानकका अवस्था-विवेचना पनि महत्त्वपूर्ण देखिन्छन् । यी दुवै प्रसङ्गमा सोमनाथले आफ्नो विवेचना– शैलीको मौलिकतालाई चाहिँ राम्रो प्रदर्शित गरेका छन् भन्ने कुरा बताई सकिएकोछ[३०] । यसपछि मौलिकताका दृष्टिबाट चतुर्थ प्रकाशको रस प्रकरण र व्यञ्जनाको आवश्यकता उल्लेखनीय देखिन आउँछ भने निश्चय नै रस प्रकरणको समग्र विवेचना सोमनाथको मौलिक प्राप्ति होइन तथापि विषय प्रतिपादनका सन्दर्भमा प्रयुक्त विविध उदाहरण र तिनका व्याख्याले चाहिँ मौलिक क्षमताको पुष्टि गरेकै पाइन्छ ।

यसरी **साहित्य-प्रदीप** मा मौलिक चिन्तनका अंशहरू यत्रतत्र भेटिन्छन् । तैपनि यसको प्राप्ति मौलिक चिन्तनको प्रस्तुतीकरणभन्दा पूर्वीय काव्य शास्त्रीय परम्पराको अध्ययनबाट निर्मित पाण्डित्यको प्रदर्शन नै हो । यस बाहेक साहित्य शास्त्रका क्षेत्रमा मौलिक ग्रन्थ प्रायः नहुने तथ्य बहुस्वीकृत छ[३१] । यसैले नेपाली

---

२९. नेपाली साहित्यमा इतिहास लेखनको प्रारम्भ बाबुराम आचार्यको **पुराना कवि र कविता** (२००३) बाट हुन्छ तर यस पुस्तकको क्षेत्र कविता हो र त्यसमा पनि पुराना (वि सं. १९६० का पूर्वका) कविमा मात्र यो सीमित छ । यसपछि २०१०–११ तिर बालचन्द्र शर्माले नेपाली साहित्यको इतिहास लेख्न थालेको अनुश्रुति चर्चित थियो तर त्यसको अपूर्ण रूपकै प्रकाशन पनि **नेपाली साहित्यको इतिहास** (२०३९) को रूपमा ने. रा. प्र. प्र. ले भरखरै मात्र गरेको छ । त्यसैले जस्तो सुकै त्रुटिहरू रहे पनि पुस्तकाकार रूपमा नेपाली साहित्यको पहिलो इतिहास यज्ञराज सत्यालको **नेपाली साहित्यको भूमिका** (२०१७) बन्न पुगेको छ । यस क्षेत्रमा सोमनाथको प्रयास चाहिँ यो भन्दा पनि पूर्वको रहेको छ ।

३०. यसै परिच्छेदको ३. ३. ३ हेर्नुहोस् ।

३१. आइ. ए रिचर्ड्स्; **साहित्यिक समालोचनाका सिद्धान्त** (नेपाली अनुवाद), पृ. प्राक्कथन ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

वाङ्मयमा साहित्यको सिद्धान्त पक्षको स्तरीय ग्रन्थको लगभग अभावपूर्ण स्थितिलाई समेत ध्यानमा राख्ता पूर्वीय समालोचनाका यति विधि विषयहरूलाई सँगालेर यथासम्भव नेपाली परिप्रेक्ष्यमा ढाली नेपाली भाषाका माध्यमले जुन रूपमा **साहित्य-प्रदीप** प्रस्तुत भएको छ, त्यसैलाई पनि सोमनाथको एक प्रकारको मौलिक योगदान मान्नु पर्ने देखिन्छ ।

३. ३. ५ सोमनाथका आफ्ना साहित्य-मान्यता

सोमनाथ सिग्देलको **साहित्य– प्रदीप** मूलतः पूर्वीय काव्य शास्त्रका विविध मतमतान्तरको सङ्कलन भएर पनि अंशतः यस ग्रन्थमा मौलिकताको स्वर यत्र तत्र गुञ्जिएका छन् भन्ने तथ्यकै सन्दर्भमा **साहित्य– प्रदीप** को अनुशीलनले के देखाउँछ भने सोमनाथ सिग्देलमा साहित्यिक आचार्यको मौलिक प्रतिभा पनि विद्यमान थियो । **साहित्य–प्रदीप** को प्रथम प्रकाशका अधिकांश भागमा सोमनाथको मौलिक प्रतिपादन देखा परेको र तिनीहरूले सोमनाथको निजी समालोचनाका प्रवृत्तितर्फ इङ्गित गरेको पनि देखिन्छ ।

साहित्य– प्रदीप को प्रथम प्रकाश र विशेषतः शब्दको उपयोग, सौन्दर्य, लेख वा उक्तिको लक्ष्य, कवित्व लेख र कवित्व कला हो कि ? आदि अंशको अनुगमबाट सोमनाथको सैद्धान्तिक समालोचनाका मान्यताहरू निम्नानुसार देखिन आउँछन्:-

(१) शिल्प परिष्कारप्रति पर्याप्त निष्ठा र शब्दार्थ समन्वयप्रति सचेतता ।
(२) सौन्दर्य– बोध अथवा कविताको आन्तरिक तत्त्वको अपेक्षा ।
(३) काव्य वा साहित्यको लक्ष्य निर्धारण ।

शिल्प परिष्कारप्रति पर्याप्त निष्ठा र शब्दार्थ समन्वयप्रति सचेतता सोमनाथको मूलभूत समालोचना– सिद्धान्त देखिन्छ र यसप्रति उनी स्वयं पनि प्रतिबद्ध भएको पाइन्छ[३२] । यस अतिरिक्त सौन्दर्य बोध अथवा कविताको आन्तरिक तत्त्वको अपेक्षा पनि सोमनाथले गरेको देखिन्छ । **काव्यको सौन्दर्य बढाउने प्रधान तत्त्व रस प्रत्यक्ष विषय छैन, केवल अभिव्यञ्जनागम्य छ । यो उत्पाद्य वा अनुमेय नभई केवल अभिव्यङ्ग्य छ** [३३] भन्ने सोमनाथको धारणाबाट कविताको आन्तरिक वा प्रधान तत्त्वका रूपमा रसलाई मानिएको कुरा स्पष्ट छ, तापनि शिल्प र परिष्कारप्रति अति निष्ठा राख्ने हुनाले यिनलाई पूर्ण रूपमा

३२. सिङ्गो नेपाली काव्य-साहित्यमै पूर्वीय शिल्प चातुरीको सशक्त उदाहरणका रूपमा सोमनाथको आदर्श–राघव महाकाव्य प्रसिद्ध छ ।

३३. सोमनाथ सिग्देल; पूर्ववत्, पृ. १९ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

रसवादी आलोचक चाहिँ भन्न सकिन्न । साथै कला कलाको लागि भन्ने विवाद पूर्वीय परम्परामा नभएकाले काव्यको लक्ष्य निर्धारण पूर्वीय साहित्य शास्त्रको सामान्य नियम बन्न पुगेको छ[३४]। पाश्चात्य समालोचनाका परम्परामा **कला कलाको लागि वा जीवनको लागि** भन्ने विषयमा प्रशस्त विवाद भए पनि वर्तमान युगकै सशक्त आलोचकका रूपमा मानिएका आइ. ए रिचर्ड्सले चाहिँ कलालाई जीवनसन्दर्भमा हेर्नु पर्ने कुरामा जोड दिएकाले कलाको जीवनसँगको अभेद देखाउने प्रवृत्ति पुनः सार्वभौमिक बन्न पुगेको पाइन्छ[३५]। यसैले सोमनाथले आफ्नै परम्परानुकूल **काव्यलाई उपदेश-गर्भित कान्तासंमित सूक्ति** का रूपमा मान्नु स्वाभाविकै देखिन्छ र उनी पनि जीवनवादी कलाका पक्षमा देखा पर्छन् ।

३. ३. ६ व्यावहारिक समालोचना-तत्त्व

साहित्य-प्रदीप मूलतः सैद्धान्तिक ग्रन्थ हो भने सोमनाथ स्वयंमा पनि सैद्धान्तिक समालोचनापट्टिकै अभिरुचि ज्यादा देखापर्छ । यति भएर पनि **साहित्य-प्रदीप** मा केवल समालोचनाका सैद्धान्तिक स्थापना मात्र छैनन्, व्यावहारिक विवेचनातिरको किञ्चित् रुचि पनि भेटिन्छ ।

साहित्य-प्रदीप को द्वितीय प्रकाश अन्तर्गत भरतदेखि जगन्नाथसम्मका साहित्यिक आचार्यहरू र यिनका मान्यताहरू तथा संस्कृत साहित्यका आदिकवि वाल्मीकिदेखि श्रीहर्षसम्मको काव्य परम्पराको उल्लेख पाइन्छ । यसबाट केही मात्रामा सोमनाथको व्यवहारिक वा प्रयोगात्मक समालोचनाको प्रवृत्ति प्रकट हुन्छ भने तृतीय प्रकाशको **नेपाली परम्परामा वाङ्मय** र त्यस अन्तर्गत नेपाली साहित्यका तिनैकालका प्रमुख प्रतिभाहरू र संक्षिप्त रूपमा तिनीहरूको मूलभूत प्रवृत्तिहरूको समेत उल्लेख भएबाट नेपाली साहित्यको व्यावहारिक समालोचनातर्फ पनि सोमनाथ सिग्देलको चासो देखिन्छ । **साहित्य-प्रदीप** मा प्रयुक्त उपर्युक्त दुवै अंशहरूमा निश्चय नै विश्लेषण र विवेचनामन्दा वर्णन वा विवरणले नै प्रमुखता पाएको छ तापनि यिनै वर्णन र विवरण भित्र कृति र व्यक्ति विशेषका प्रवृत्तिहरूलाई औंल्याउने किसिमका जे जति स्पष्ट वा साङ्केतिक टिप्पणी

---

३४. काव्यं यशसेऽर्थकृते व्यवहारविदे शिवेतरक्षतये ।
सद्यः परनिर्वृतयेकान्तासम्मिततयोपदेशयुजे ॥
— मम्मट; "काव्यप्रकाश", **भारतीय काव्यशास्त्र को परम्परा** पृ. ३२४ ।

३५. आइ. ए. रिचर्ड्स, पूर्ववत्, पृ. १९१–१९८ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

पाइन्छन् तिनमा भने प्रयोगात्मक वा व्यावहारिक समालोचनाका तत्त्व कहीं सुसुप्त र कहीं प्रकट रूपमा समेत झल्किन्छन्। **साहित्य-प्रदीप** का सैद्धान्तिक स्थापनाहरू-लाई प्रष्ट पार्न प्रसिद्ध संस्कृत कृति (नेपाली अनुवाद सहित) र नेपाली कृतिहरू-बाट उद्धरण लिंदा लक्षणसँग लक्ष्य पङ्क्तिहरूको समन्वयका क्रममा सोमनाथद्वारा गरिएका एकाध टिप्पणीहरूले पनि विवेचनात्मक व्यावहारिक समालोचकीय दृष्टिको छनक दिएको अनुभव हुन्छ। विभिन्न स्थलमा र विशेषतः व्यञ्जना, ध्वनि, रस र अलङ्कारका प्रसङ्गमा प्रयोग गरिएका उदाहरणहरूमध्ये अधिकांश सोमनाथले आफ्नो महाकाव्य **आदर्श–राघव** बाट लिएको र लक्षणसँग यी लक्ष्य पङ्क्तिको मिलान समेत गरेको पाइन्छ। पूर्वीय काव्यशास्त्रीय दृष्टिबाट सोम-नाथले **साहित्य–प्रदीप** मा आफ्नै **आदर्श–राघव** महाकाव्यको परीक्षण र प्रमाणी-करण गरेको कुरा स्पष्टै छ[३६]। वास्तवमा लक्ष्य ग्रन्थ **आदर्श–राघव** कै निम्ति सोमनाथले लक्षण ग्रन्थ **साहित्य-प्रदीप** रचे जस्तो पनि प्रतीत हुन्छ भने **साहित्य-प्रदीप** का सोमनाथलाई **आदर्श-राघव** का विश्लेषक भन्न सकिन्छ अनि उनको प्रयोगात्मक वा व्यावहारिक समालोचनाको अनौठो रूप यसबाट प्रकट हुन्छ।

३. ३. ७ 'साहित्य–प्रदीप' का उपलब्धि

साहित्य-प्रदीप का सम्बन्धमा गरिएका उपर्युक्त चर्चाका सन्दर्भमा यसका उपलब्धिहरूको सीमाङ्कन र मूल्याङ्कन गर्नु प्रासङ्गिक अनुभव हुन्छ।

नेपाली वाङ्मयका क्षेत्रमा साहित्य–सिद्धान्तको लेखन-क्रमको खोजीनीति गर्दा छुकछुके प्रयासको सानो परम्परा देखिए वा **समालोचनाका सिद्धान्त** (२००३) मा ठोस सैद्धान्तिक जग देखापरे पनि पूर्वीय दृष्टिकोणबाट प्रायः सर्वाङ्गपूर्ण साहित्य शास्त्रीय ग्रन्थका रूपमा **साहित्य-प्रदीप** को प्रकाशन अत्यन्त महत्त्वपूर्ण घटना ठहर्छ। **साहित्य-प्रदीप** को सामान्य स्वरूप पूर्वीय काव्यशास्त्रको नेपालीकरण वा नेपाली भाषामा पुनराख्यानमै आधारित हुनाका साथै यसका अधिकांश उदाहरणहरू पनि संस्कृत काव्य शास्त्रमा प्रायः उदाहृत पद्य र गद्यांशकै नेपाली रूपान्तरका रूपमा रहेको छ। यसैले गर्दा नेपाली साहित्यका विस्तृत परिप्रेक्ष्यमा पूर्वीय काव्य शास्त्रीय मर्मको पुनर्व्याख्या र पुनर्मूल्याङ्कनमा आधारित प्रचण्ड मौलिकता नभेटिनु समालोचक सोमनाथका अप्राप्ति वा सीमा हुन् भने सबै उदा-हरण अनुवाद नै भएपनि नेपालीमा प्रस्तुत गर्नु र अझ कतिपय ठाउँमा आफ्ना र अन्य नेपाली कविका मौलिक नेपाली कविता नै उदाहरणका रूपमा प्रयोग

३६. वासुदेव त्रिपाठी; **सिंहावलोकन** (दो. सं.), पृ. ८८।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

गर्नु उनका शक्ति वा उपलब्धिको एक पक्ष हो[३७]। पूर्वीय काव्य सम्प्रदाय समन्वय, पाश्चात्य समालोचना तत्त्वको प्रयोग, मौलिक प्रतिपादन, आफ्ना साहित्यिक मान्यता र व्यावहारिक समालोचना तत्त्वको जे जति समावेश **साहित्य–प्रदीप** मा पाइन्छ त्यसको महत्त्व स्वीकार्नै पर्छ। अझ **साहित्य–प्रदीप** मा पूर्वीय काव्य तत्त्वको पुनराख्यानमै पनि भेटिने प्रामाणिकता, असन्दिग्धता, निर्णयात्मकताका साथै खास खास प्रसङ्गमा पाइने सूक्ष्मता र अतल गहिराइ एवम् जटिलतम सिद्धान्त तथा तर्क– प्रतितर्कको अन्तर्भेदनले परिपूर्ण गहन– व्याख्या विश्लेषणले ओतप्रोत पाण्डित्य चाहिँ अनुपम छ र **साहित्य–प्रदीप** को मूल प्राप्ति बिन्दु पनि यही हो।

---

३७. (क) यस दिशातर्फ नेपाली समालोचनाका क्षेत्रमा यदुनाथ खनालको **समालोचनाका सिद्धान्त** (२००३) ले प्रारम्भिक पाइलो चालिसकेको थियो।

(ख) २०१६ वा सन् १९६० ताका हिन्दी समालोचननामा आचार्य रामचन्द्र शुक्ल र डा. नगेन्द्र जस्ता उद्भट पूर्वीय समालोचक देखा परिसकेका हुन्। तर यी समालोचकहरू त्यस वेलाका विभिन्न भारतीय विश्वविद्यालयका स्नातकोत्तर र अझ विद्यावारिधि शोध अध्ययन सम्बन्धी नयाँ गतिविधिका उपज हुन् भने नेपालमा चाहिँ २०१६ साल ताका भरखर त्रिभुवन विश्वविद्यालयको जन्म भएको थियो।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

खण्ड २:

विवरण, विश्लेषण र मूल्याङ्कन

सोमनाथ सिग्देलको कविता-यात्रा र महाकाव्यकार रूप

- सोमनाथ सिग्देलको कविता यात्रा र उनको 'आदर्श–राघव' महाकाव्य
- नेपाली महाकाव्य परम्परामा 'आदर्श–राघव'ले प्रस्तुत गरेको वैशिष्टच
- महाकाव्यकार सोमनाथ सिग्देलको काव्यप्रवृत्तिको निरूपण र कवित्वको मूल्याङ्कन

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

पहिलो परिच्छेद

सोमनाथ सिग्द्लेको कविता–यात्रा र उनको 'आदर्श-राघव' महाकाव्य

कृतिहरू आधारिक अध्येय लिएर कृतिमा उनका युग र मानसको आविष्कार हाम्रो अभियान। युगभित्र व्यक्तित्वको मुङ्ग्रोले कृतिको धुकधुकी बचाइराखेको, तर लेखकको त्यस मानसमा पुग्नलाई माध्यम ती कृति नै छन्।

— इन्द्रबहादुर राई

१. १. रचना– विवरण

सोमनाथ सिग्देलका विभिन्न व्यक्तित्व मध्ये साहित्यिक व्यक्तित्व महत्त्वपूर्ण देखिन्छ। साहित्यिक व्यक्तित्वमै पनि कवि व्यक्तित्वको विशिष्ट स्थान रहेको छ। उनले आफ्नो काव्य चेतनाको अभिव्यक्तिका निम्ति संस्कृत र नेपाली दुवै भाषालाई माध्यमका रूपमा अँगालेका हुन्; तैपनि उनी मूलतः नेपाली काव्य-कविताबाटै यशस्वी हुन आएको पाइन्छ। प्रस्तुत पुस्तकको सम्बन्ध पनि तिनै नेपाली काव्य-कवितासँगै रहेको छ। यस परिच्छेदको लक्ष्य सोमनाथको कविता-यात्रा वा काव्ययात्राको सर्वेक्षण गर्दै उनको कवित्वको मूल मौलो ठम्याउन पुग्नु हो। यस सन्दर्भमा सर्वप्रथम उनका नेपाली कविता-कृतिको विवरण आवश्यक देखिन्छ।

संस्कृत कविका रूपमा सोमनाथ सूक्तिसुधा (१९६१ साल) देखि नै प्रकाशमा आए। नेपाली कविका रूपमा चाहिँ उनी सुन्दरी (१९६३ साल) देखि मात्र प्रकाशनका दृष्टिले हाम्रा समक्ष देखा परेका हुन्। यसरी चौबीस वर्षका उमेरमा नेपाली कविताका क्षेत्रमा उदाएका सोमनाथ मन्द गतिमै भए पनि आजीवन (मृत्युः २०२९:साल ८८ वर्षको उमेर)उमेर धेर थोर क्रियाशील रहेको अनुभव हुन्छ। प्रथमतः

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

उपयुक्त ६६।६७ वर्षका बीच उनले के कति नेपाली काव्य-कविता लेखेका छन् ? भन्ने प्रश्न उपस्थित हुन्छ । अतः सोमनाथले उपर्युक्त अवधिमा लेखेका मौलिकका साथै अनूदित रूपमा समेत उपलब्ध नेपाली काव्य-कविताहरूको क्रमिक रचना-विवरण यस प्रकार देखा पर्छ:—

समय	रचना	मौलिक / अनूदित	प्रकाशन
१९६३–६५	(१) मानिनी रञ्जन	मौलिक	सुन्दरी वर्ष १, लीला १, १९६३ असार
	(२) दिगम्बर विवाह (प्रहसन)	—	— वर्ष १ लीला २, १९६३ श्रावण
	(३) श्रीकृष्णाश्वघाटी	—	— — —
	(४) ग्रीष्मवर्णन	—	— — —
	(५) गोपीका चित्त लिने (स.पू.)	—	— — —
	(६) सुन्दरी सुन्दरी ती (स.पु.)	—	— लीला ३, १९६३ भदौ
	(७) वर्षावर्णन	—	— लीला ४, १९६३ असोज
	(८) जनमानिनीति (स. पू.)	—	— — —
	(९) दीपावली विलास	—	— लीला ६, मङ्सीर '६३
	(१०) नीला मया चन्द्रमा (स. पू.)	—	— — —
	(११) दिगम्वर विवाह (प्रहसन)	—	— लीला ७, पुस '६३
	(१२) दिगम्वर विवाह (प्रहसन)	—	— लीला ९।१०, फागुन-चैत
	(१३) कपिराज पच्चीसी	—	— वर्ष २, १९६५ —
१९७४	(१४) पथिक प्रेम	—	सूक्तिसिन्धु १९७४
	(१५) बिजुलीको असर	—	— —
	(१६) दम्पतिको प्रेमटक्कर	—	— —
१९७६–८६	(१७) चन्द्रचरित (महाकाव्य)[1]	"	अप्रकाशित, अनुमानित रचनाकाल १९७६–८६
१९९२	(१८) दशावतार रस[2]	"	साहित्य-प्रदीप (२०१६)मा पछि प्रकाशित
	(१९) परमपिताको खोज[3]	"	अप्रकाशित

१. विस्तुत विवरणका लागि यसै परिच्छेदको १.३.२.१ मा हेर्नुहोस् ।

२–३. यी दुवै कविता सोमनाथकै हस्ताक्षरमा मिति समेत उल्लेख गरिएको अप्रकाशित पाण्डुलिपिको रूपमा वाल्मीकि क्याम्पसको पुस्तकालया प्राप्त भएको हो ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

१९९७	(२०) उपदेश शतक	अनूदित	१९९७
	(२१) चारुचर्या	”	”
२००५	(२२) आदर्श–राघव (महाकाव्य)	मौलिक	२००५
२०१३	(२३) शुभाभिनन्दन	—	गोरखापत्र २०१३ वैशाख २४
२०१६	(२४) ‘साहित्य–प्रदीप’का फुटकर कविता	—	साहित्य–प्रदीप, २०१६
	(२५) — — —	अनूदित	— — —
२०२२	(२६) भावना	मौलिक	कविता, वर्ष १ अङ्क ३ २०२२

१. २ काव्य–यात्रा तथा चरण विभाजन

सोमनाथ सिग्देलको जीवनकाल ८८ वर्ष लामो देखिए पनि उपर्युक्त रचना-विवरणबाट संवत् १९६३ देखि २०२२ सालसम्मको छ दशककै अवधिमा नै उनी नेपाली कविताका क्षेत्रमा विशेष सक्रिय रहेको पाइन्छ। छ दशक लामो यस समयावधिमा पनि उनी नेपाली कविताका क्षेत्रमा बीच बीचमा आक्कल झुक्कल देखा परेको र बारम्बार अलप भएजस्तो अनुभव हुन्छ। समयका यी अन्तरालमा उनी आफ्नो व्यक्तित्वका अन्य पक्षतिर विशेष उन्मुख रहेको कुरा स्पष्टै छ। जे होस्, समयावधिका दृष्टिले उनी लगभग नौ पटक नेपाली कविताका क्षेत्रमा झुल्केको र नौ पटक नै अलप भएको पाइन्छ। जस्तै:- (१) १९६३–१९६५, (२) १९७४, (३) १९७६–१९८६, (४) १९९२, (५) १९९७, (६) २००५, (७) २०१३, (८) २०१६ र (९) २०२२।

यी विभिन्न समयावधिको संयोजन गर्नाका साथै सोमनाथको कवित्व तथा रचना परिमाणको आरोह र अवरोधको अवस्था समेत विचार गर्दा प्रथमतः सोमनाथको छ दशक लामो नेपाली काव्य यात्रालाई तीन भागमा बाँड्नु पर्ने देखिन्छ:–

(१) प्रथम चरण – १९६३–७४ (‘सुन्दरी’ देखि ‘सूक्तिसिन्धु’ सम्म)

(२) द्वितीय चरण–१९७६–२००५ (‘चन्द्रचरित’देखि ‘आदर्श-राघव’ सम्म)

(३) तृतीय चरण – त्यसपछि जीवनकालसम्म (२०१३ देखि २०२२ सम्मका फाट्फुट रचना)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

१. ३ चरणगत विश्लेषण

१.३.१ प्रथम चरणका रचना

सोमनाथ सिग्देलको काव्य-यात्राको प्रथम चरण **सुन्दरी** को पहिलो वर्षको पहिलो लीलामा प्रकाशित **मानिनी रञ्जन** (१९६३ असार) बाट प्रारम्भ भई **सूक्तिसिन्धु** (१९७४) मा पुगी समाप्त भएकाले लगभग एक दशकको यो अवधि नै सोमनाथको काव्य-यात्राको प्रथम चरण हो। यस चरणलाई सोमनाथको काव्य-यात्राको यस्तो अवस्था मान्न सकिन्छ जसमा उनी मुख्य रूपले परम्परागत मार्गकै अनुसरणमा प्रवृत्त देखिन्छन्। वास्तवमा सोमनाथको कविता नेपाली कविताको माध्यामिक कालको पूर्वार्धतिर मोती–मण्डलीले देखाएको शृङ्गारिक मार्गबाटै उत्प्रेरित भए पनि माध्यमिककालको उत्तरार्धतिर **कविता कल्पद्रुम** (१९६१–६२) ले निर्दिष्ट गर्न चाहेको शृङ्गारिक धाराको शैलिपक परिष्कार गर्ने अभियानलाई नै अँगाल्न पुग्छन्। अतः **सुन्दरी** कालीन [१९६३–६५) सोमनाथका कविता शैलिपक सजधजको प्रारम्भिक छटाका साथ प्रस्तुत भएको पाइन्छ।

केही समयको अन्तराल[४] पछि पुनः सोमनाथ **सूक्तिसिन्धु** [१९७४] को शृङ्गारिक कवि–समागम [मोतीराम भट्टदेखि समकालीन कविहरू समेत सम्मिलित]मा देखा पर्छन्। यस सङ्कलनमा पनि सोमनाथका तीन कविता छन् र यी कविताले यस चरणको समापनको सङ्केत दिन्छन्। यी कविता पनि अवश्यै शृङ्गार रसकै हुन् तर जहाँसम्म शिल्प पक्षको सजवज र परिष्कारको प्रश्न छ यिनका श्लेष प्रयोगहरूलाई समेत सम्झदा सोमनाथमा अपेक्षाकृत परिपक्कता आइरहेको अनुभव हुन्छ।

निष्कर्षमा सोमनाथको काव्य-यात्राको प्रथम चरण (१९६३–७४) दुई अवधि अर्थात् (१) सुन्दरी–काल र (२) सूक्तिसिन्धु–कालका रूपमा देखा पर्छ।

१. ३. १.१ 'सुन्दरी' कालका कविता

सुन्दरी–काल (१९६३–६५) मा सोमनाथका सात फुटकर कविता (तीन अङ्कमा छापिएको **दिगम्बर विवाह प्रहसन** समेत) र चार समस्यापूर्ति छापिएका

---

४. संभवतः यो समय हेमराज शर्माको सं. १९६६ सालको **चन्द्रिका** व्याकरण र १९७६ सालमा प्रकाशित आफ्नै **मध्यचन्द्रिका** को तयारीमा वितेको होला।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

भेटिन्छन्[५]। यी रचनाका बारेमा निम्न लिखित टिप्पणी गर्न सकिन्छ :-

(१) **मानिनी रञ्जन** – **सुन्दरी** को प्रथम वर्षको पहिलो लीला (१९६३ असार) मा प्रकाशित प्रस्तुत कविता नै सोमनाथ सिग्देलको पहिलो प्रकाशित नेपाली कविता ठहर्छ। द्रुतविलम्बित छन्दमा लेखिएको यो दश श्लोकी कविता हलन्त बहिष्कार पूर्वकै भाषामा छ। यो कविता यमक अलङ्कारले परिपूर्ण रहनाका साथै श्रृङ्गार रसले ओतप्रोत देखिन्छ। साथै अन्त्यानुप्रासप्रति एकाध ठाउँमा (उदाहरणार्थ चारौं श्लोकको तेश्रो र चौथो पाउ) उपेक्षा समेत झल्कन्छ। जस्तैः–

मदनका दनका उठी वेसरी
घिरजलाई जलाई सरासरी।
विरही मैं रहि मैं विच येसरी
सहजमै हजमै हुन गो शरीर् ॥४॥

अघर दी घर दीन्नत मन्दथ्यौ
पिरतिले रतिले खुश गर्दथ्यौ।
गरि दियौ अव यस् अपयश् नवा
नकलको कलको विउ मैं भवा ॥ ५॥

(२) **दिगम्बर विवाह (प्रहसन)**:– यस प्रहसनको कम गद्य र वढी पद्य मिसाई संवादात्मक शैलीमा लेखिएको तीन भाग **सुन्दरी** को प्रथम वर्षकै लीला २, ७ र ९।१० (१९६३) मा प्रकाशित भेटिन्छन्, तर अपूर्ण रूपमै यसको प्रकाशन–क्रम टुटेको अनुभव हुन्छ। यस कवितामा प्रहसन नाम दिई हास्य रसको साध्य राखिए पनि यस साध्यको निम्ति माध्यम स्वरूप श्रृङ्गार रसको अङ्ग–भाव स्पष्टै छ। जस्तैः–

चोली खोली रतीमा व्यइजति गरने स्वामीका देह मर्मा
देखी सेतो त सेखी गरीकन कपडा तान्न बाहु पसार्दा ॥
दिग्वस्त्रै जानि मुठ्ठीभर सवतरफै पाइ खाली खरानी
लाजमानी हाँसि 'दासी प्रभुकी हुँ' भनने खुस् गरून् वीरि गौरी ॥२॥

---

५. मदन– पुरस्कार पुस्तकालयका सौजन्यबाट मैले २०३३ सालमा सोमनाथ संबन्धी स्नातकोत्तर शोधपत्र लेख्ने क्रममा र त्यसपछि पनि विभिन्न वखतमा पढ्न पाएका कुनै टुटफुट समेतका अंकहरू (वर्ष १ लीला १–१२ वर्ष २, लीला १ र४–७) मा सोमनाथका उपर्युक्त कविता र समस्यापर्ति भेटिएका हुन्।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

क्वँलीका परिपन्थ पश्चमविषे मन् चञ्चलँ गर्दछन्
चन्दन्वन्तिरका पवन्पनि अनी भन् फन्दमा पर्दछन् ॥
दंगलगर्छ अनंग अंग भरको सव् रंग नै हर्दिने
इन्दिन् गुंजन सूनि कुंज विचमा कुन् जन् नहुन्दंदिने ॥८॥

(३) **श्री कृष्णाऽवधाटी**– मूलतः श्रृङ्गार रसलाई नै आधार बनाएर लेखिएको यो कविता **सुन्दरी** को पहिलो वर्षको दोस्रो लीला (१९६३ साउन) मा प्रकाशित भएको देखिन्छ। मात्रिक लीलावती छन्दमा रचिएको प्रस्तुत कविता एघार श्लोकको छ। यसमा शब्दालङ्कारतिरको आकर्षण पनि पर्याप्त भेटिन्छ। जस्तैः-

वेटी अनेकन केटी वनाइ तिनि चेटी वसाइ नजिकै
लेटी पलङ्ग उपर फेटी अतर् कमर पेटी सुहाइ अधिकै ॥
रेटी गरीवहरू टेटी भरी विहक के टीक्नु ठानि अमिरै ।
भेटी हरी ! कसुर दिनोस् मनी भेटी वनाउनु शिरै ॥३॥

— —

गोली ति माङ्हरू घोली पियेर अनि वोली सङ्मा
वोली, भयेर खुसि चोली प्रिया कितव खोली दिइ पलङ्मा ॥
मोली नमन गोली चलाइ किन पोली जनम् हुनु अवल् ?
झोली छडी पनि मझोली लियेर हिडि मोली लिनू सुख अवल् ॥७॥

(४) **ग्रीष्मवर्णन** – सोमनाथ पण्डितका नामबाट प्रकाशित स्रग्धरा र शार्दूलविक्रीडित छन्दका एक–एक गरी जम्मा दुई श्लोकको यो कविता **सुन्दरी**को पहिलो वर्षको दोस्रो लीला (१९६३ साउन) मै देखिन्छ। श्रृङ्गार रस नै अङ्गी भएको यस कवितामा नेपालीका वीचमा संस्कृत भाषाका वाक्यहरू घुसाउने मोतीरामको शैलीलाई पनि अनुसरण गरिएको छ। जस्तैः–

गर्मीले राति वेलो फुलविच पुतली वागमा केटि लेटी
चोली खोली पसिना भरिकन वहुतै गंकने छाति देखि ॥
मन्छन् मोटा चपोटाकन अमिर खवर्दार मोती जडाऊ
चाँदीका चौकि माथि चमचम सुनका वेस जोडी घडा ऊ ॥१॥

— —

जल्दी दिल् वहलाउ नानि ! अहिले 'कस्मादियं ये त्वरा'
मन्छू पानि निकालनाकन मता 'किञ्चित्तु विश्रम्यताम्' ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

मीका वेस यही असल् रस दिने 'अन्तः समा विज्ञतां'
पौशाला विच ई सवाल्हरू सुनी 'प्रीतिर्मं माभूत्परा' ॥२॥

[५] **वर्षावर्णन** – त्यस बखतको ऋतु वर्णन र वाह्रमासाको बहु प्रचलित प्रवृत्तिलाई नै अँगाल्ने क्रममा सोमनाथको यो कविता **सुन्दरी** को वर्ष १ लीला ४ मा प्रकाशित छ। २ श्लोकमा रचिएको यो कविता क्रमशः शिखरिणी र उपजाति छन्दमा लेखिएको छ। भावको गम्भीर विन्यासपट्टिभन्दा शब्द चमत्कारको प्रदर्शनतिर नै केन्द्रित यो कविताले पनि सोमनाथको पछि निर्माण हुने कवि व्यक्तित्वको वैशिष्टयलाई प्रारम्भिक संकेत गरे झैं अनुभव हुन्छ। जस्तैः–

जगत्को जित्वाजी जगमग जगाइ मजुरको
अवार्जका व्याज्ले वजि गजब वाजा हजुरको ।१॥
० ० ०
घन्घोर घन्घोर् घरघर् घुमाई
घर्घर् घनैको घमसान् घुसाई ।२॥

[६] **दीपावली विलास** – दीपावलीको वर्णन गर्दै इन्द्रवज्रा छन्दमा लेखिएको दश श्लोकको **दीपावली – विलास** कविता **सुन्दरी** को पहिलो वर्षको लीला६ मा प्रकाशित भएको छ। कविता मूलतः शृङ्गार रसतिरै ढल्केको छ र शब्द शैय्या एवम् छन्दको अनि शब्द– अर्थ दुवै थरी अलङ्कारद्वारा उद्दीप्त रति–भावको सहज माधुर्य विकसित हुँदै आएको अनुभव हुन्छः–

चारै तरफ् वत्ति वली रहेका
झ्याल् वीच वेरै सुमुखी वसेका ॥
देखेर भन्छन् जन आज् मगन्मा
'हजार तारापति छन् गगन्मा' ॥८॥

—

आज् आउने सौतिनी वँन्हिलाई
भूमीजीले जाहिर गर्नलाई ॥
दीपावलीको छललीइ सुन्की–
कार्चोपि सारी पहिरेकि हुन्की ? ॥९॥

—

वत्ती त चारैतिर एक रत्ती
जत्ती पनी नै कम छैन कत्ती
यस्ती निशाकी छवि चित्त मस्ती
वस्ती वसाइन् सव वीच मस्ती ॥१०॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

(७) **समस्या पूर्तिहरू – सुन्दरी** का विभिन्न अङ्कमा विविध किसिमका समस्या पूर्ति छन् । यी प्रायः नेपाली र संस्कृत भाषामा देखिन्छन् । यी समस्या-पूर्तिहरू मध्ये **गोपीका चित्त लीने, सुन्दरी सुन्दरी ती, जनमानिनीति, नीला भया चन्द्रमा, कलिका विलासी** र **नमान हारी** आदि समस्या प्रमुख रहेको बुझिन्छ । यिन मध्ये केही समस्या पूर्तिमा सोमनाथ समेत सम्मिलित भएको बुझिन्छ र उनका चार समस्यापूर्ति भेटिन्छन्[६] ।

माध्यामिक काल अर्थात् मोतीराम सँगसँगै उनैका प्रेरणाबाट नेपाली कविताामा समस्यापूर्तिको परम्परा थालिएको हो । यस परम्परालाई **सुन्दरी** (१९६३) को रसिक समाजले पनि रुचाई प्रशस्त प्रयोग गरेको पाइन्छ । निर्धारित तथा पूर्व विज्ञापित समस्याको पूर्ति गर्दै विभिन्न कविहरूबाट पठाइएका समस्यापूर्ति **सुन्दरी** का विभिन्न अङ्कमा छापिएका छन् । **गोपीका चित्त लिने, सुन्दरी सुन्दरी ती, जनमानिनीति** र **नीला भया चन्द्रमा** समस्याको पूर्तिमा लेखनाथ पौडेल, देवीदत्त पराजुली, चक्रपाणि चालिसे र शम्भुप्रसाद ढुङ्गेल प्रवृत्ति कविहरू सँगै सोमनाथ सिग्देल पनि सम्मिलित भएका पाइन्छन् । उनका समस्यापूर्ति नेपाली र संस्कृत दुवै भाषामा छन् । ती मध्ये केही उदाहरणार्थ तल प्रस्तुत गरिन्छः–

(अ) **गोपीका चित्त लिने**–समस्या पूर्ति श्रृङ्गार मूलक कृष्ण-भक्तितिर उन्मुख छ । मालिनी छन्दको एक श्लोकका रूपमा रहेको यस समस्यापूर्तिमा पहिलो र तेस्रो तथा दोस्रो र चौथोमा अन्त्यानुप्रास स्वीकार गर्ने प्रयोगशीलता देखिन्छ । साथै तेस्रो पङ्क्तिको शुरूमा यमकको झिनो चेष्टा समेत भेटिन्छ ।

मन भन लहरा हो ? श्याम आनन्द दिने
प्रभुवर अब कहाँ पाल्नु मो छाडि वामा ॥
भनि घुमि फिरि रून्थ्या **गोपीका चित्त लिने**
हरि हरि दिन सेखी रासमा लुकदामा ॥

(आ) **नीला भया चन्द्रमा** –समस्यापूर्ति चाहिं भुजङ्ग प्रयात छन्दमा लेखिएको एक श्लोक हो । यसमा विपरीत रतिको वर्णनद्वारा

६. (क) सुन्दरी, वर्ष १, लीला २, पृ. १० ।
(ख) पूर्ववत्, लीला ३ पृ. १–४३ ।
(ग) पूर्ववत्, लीला ४, पृ. १–६८ ।
(घ) पूर्ववत्, लीला ६, पृ. १–१०२ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

व्यक्त शृङ्गार मूलक शिवभक्तिको आभास भेटिन्छ र दूरगामी कल्पना-द्वारा उत्प्रेरित अर्थालङ्कार (उत्प्रेक्षा) आभासित भएको छ। जस्तैः—

पती चन्द्र शेखर् जुवा हारदामा
रती वीच गौरी पुरुष भैं हुंदामा ॥
कवि मन्दछन् खलबली वेणिमा नै–
दवीयेर नीला भया चन्द्रमा नै ॥

(८) कपिराज पच्चिसी – सुन्दरी का सञ्चालक वर्ग अर्थात् काशीका रसिक समाज र शिखरनाथका वीच भएको वाक्–युद्धका सन्दर्भमा लेखिएको मनिने[७] प्रस्तुत कविताका मूल पच्चीस श्लोक इन्द्रवज्रा छन्दमा र अन्तिम फल स्तुति चाहिँ स्रग्धरा छन्दमा देखापर्छ। सुन्दरी को वर्ष २ लीला ६ मा प्रकाशित यस कविताको लेखकको नाम साङ्केतिक छ – पि. एस्. एन्. शर्मा– नेपाल। सम्भवतः यी साङ्केतिक व्यक्ति पण्डित सोमनाथ शर्मा नै हुन्। शैली–शिल्पका आधारमा परीक्षण गर्दा पनि यस कवितालाई सोमनाथकै मान्न सकिन्छ[८]।

रामले सुग्रीवसँग मितेरी लगाएर वालीलाई मारेपछि सुग्रीव राज्य–प्राप्तिका आनन्दमा डुवेर सीता खोज्ने आफ्नो पूर्व प्रतिज्ञा भुली बसेबाट रामले चेतावनी दिएको रामायणको कथामा आधारित यो कविता व्यङ्ग्यात्मक भए पनि संयमपूर्ण देखिन्छ र यसमा शव्दालङ्कारका सामान्य चेष्टाका साथै एक्काइसौं श्लोकका शुरूमा यमक–चेष्टा पनि भेटिन्छः–

वेदान्तको खूप् उपदेश पाई, अद्वैतमत् ली कपिराज भाई।
मणि र पत्थर् सव एक् वनाई, घुम्छौं जगतलाई तृणै तुल्याई ॥२॥

—

सागपातले पेट भरेर भारी वस्तुहरूमा मन नै नपारी ॥
खाने पिने चीज विषे नलाग्नू भनेर गर्छौं सवको विगार्नु ॥७॥

—

गरी गरीव् ती मत बीच हास्य सही यही नै गरिसूत्रभाष्य ॥
रची तृणाद्वैत मतै बढाऊ भनेर आचार्यपदै चढाऊ ॥२१॥

यी श्लोकहरूले शिखरनाथ वेदान्ती तथा शाकाहारी रहेको वुझिन्छ भने तेस्रो श्लोकमा देखा परेको सूत्र भाष्यले सम्भवतः शिखरनाथ भाष्यतिर इङ्गित गरेको प्रतीत हुन्छ।

७–८ कमल दीक्षित; 'विचरी सुन्दरी', कालो अक्षर, पृ. ४५।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

यसरी सोमनाथका सुन्दरी–कालीन (१९६३–६५ का) कविताहरूको विश्लेषण गर्दा नेपाली कविताको माध्यमिक कालको श्रृङ्गारिक धारालाई नै अँगाले पनि सोमनाथले शैलिपक परिष्कार (शब्दालङ्कार र अर्थालङ्कारको सजधज)-प्रतिको आकर्षण देखाएको कुरा प्रष्टिन्छ। त्यसैले प्रवृत्तिगत रूपमा मोतीराम-परम्परालाई नै समाते पनि शैलिपक सजधजप्रतिको प्रारम्भिक झुकाउका आधारमा चाहिँ सोमनाथले समकालीन अन्य कविहरुले झैं त्यसै परम्परा भित्रै आफ्नो मौलिक बाटो खोजे झैं अनुभव हुन्छ। लोकगीत–गाथा तथा लोकपद्य र लिखित कवितामा समेत शक्तिवल्लभ—भानुभक्त हुँदै मोतीराममा आइपुगेर प्रतिष्ठित बनेको अन्त्यानुप्रासको प्रवृत्तिलाई केही ठाउँमा समाते पनि केही ठाउँमा बेवास्ता गरेका छन्। अन्त्यानुप्रासप्रतिको यो अरुचि प्रदर्शन–सुन्दरी (१९६३–६५) कालका सोमनाथका कविताले समातेको मौलिक शिल्प—प्रयत्न हो। सम्भवतः यो प्रयत्न संस्कृत कविता शैलीबाट नै सोमनाथले सिकेको प्रतीत हुन्छ।

१.३.१.२ 'सूक्तिसिन्धु' कालका कविता

सुन्दरी (१९६३–६५) पछि सोमनाथ सिग्देल नेपाली कविताका क्षेत्रबाट केही समयसम्म अलप जस्तै हुन्छन्। विविध व्यक्तित्वका धनी सोमनाथ बारम्बार साहित्य क्षेत्रबाट हराउँदै अन्य क्षेत्रतर्फ लागेको जानकारी पाइन्छ। **सुन्दरी** (१९६३–६५) पछि पनि **सूक्तिसिन्धु** (१९७४) मा मात्र नेपाली कविताका क्षेत्रमा देखा पर्ने सोमनाथ यस बीचमा सम्भवतः नेपाली लेख्य भाषाको आधिकारिक व्याकरण रचना गर्ने क्रममा हेमराजशर्माको **चन्द्रिका** (१९६९) र आफ्नै **मध्यचन्द्रिका** (१९७६) को तयारी तर्फ प्रवृत्त भए झैं लाग्छ। त्यसैले नेपाली साहित्यको माध्यमिककाललाई चरमता प्रदान गर्दै मोतीरामदेखि समकालीन कविहरू सम्मका श्रृङ्गारिक कविताको समागमका रूपमा देखा परेको **सूक्तिसिन्धु** मा सोमनाथ पनि आफ्नो शिल्पको उत्कृष्ट रूप प्रस्तुत गर्ने आर्या छन्दका तीनवटा कविता लिएर देखापर्छन्। यस कालका कवितामा सोमनाथ आफ्नै व्याकरणको पालना गर्दै **सुन्दरी** कालको अत्यधिक हलन्त प्रयोगलाई निकै मात्रामा हटाउन प्रवृत्त देखिन्छन्। यी कविताका सम्बन्धमा संक्षेपमा निम्न लिखित टिप्पणी गर्न सकिन्छ:–

(१) **पथिक–प्रेम**–बीस श्लोकको यो कविता आर्या छन्दमा लेखिएको छ। श्रृङ्गार रसको प्रस्तुत कविता प्रौढ शिल्पकारिताले सुसज्जित छ र प्रेमी-प्रेमीकाका बीचको वार्तालापका रूपमा प्रस्तुत छ। मोतीरामद्वारा थालिएको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

शिष्ट श्रृङ्गार सूक्तिसिन्धु (१९७४) का कतिपय कविहरूमा अश्लीलतातिर उन्मुख भए तापनि सोमनाथ चाहिँ शिष्ट श्रृङ्गारतिरै लागेको पाइन्छ। पथिक प्रेम का कतिपय श्लोक प्रेममय वातावरणको सुन्दर तर संयमपूर्ण अङ्कन गर्न समेत सफल भएको पाइन्छ अनि लय र शैलीमा सफाइका साथै शब्द र अर्थ सम्बन्धी अलङ्कार पनि ठाउँ ठाउँमा झल्कन्छन्। जस्तैः—

सुनमा कसि झैं खुल्ने दाग दिलाई कली कली झुल्दै।
वरिपरि हुँ हुँ गर्छन् मधुकर चारै दिशा रोक्छन् ॥५॥

—

अभिनवकली खिलेका लहरा सङ्गमा लियेर उर्लेका
वन पादपका बीचमा शरण नपाई परुँन थिचमिचका ॥६॥

उपर्युक्त श्लोकहरूमा उपमा, रूपकातिशयोक्तिको र समासोक्ति अलङ्कारको झल्काका साथै 'आश (स) पाश (स) मा वास', 'ए–कान्त ( )', 'मह– गोरसको धारा', 'अधर (—) पानका रसको', 'मद– न– चढेका' र 'यो– वनको' आदि श्लेष पूर्ण शब्द– योजनाले पनि सोमनाथको शिल्प– चातुरीलाई प्रकट गर्दछन्।

(२) **विजुलीको असर** – उद्दीपन विभावका रूपमा विजुलीको प्रयोग गर्दै लेखिएको श्रृङ्गार रसको दश श्लोकको यो कविता पनि आर्या छन्दमै छ। श्रृङ्गार रसकै भए पनि शैलीको गम्भीरता र दार्शनिक भावप्रतिको आकर्षण रहनु यस कविताको विशेषता देखिन्छ। जस्तैः—

चञ्चल चमक चलाइ झुलाउने जटिल जाल फैलाइ।
विजुलीले अबलाई लाग्यो लैजान जिन्दगीलाई ॥१०॥

प्रियजनको वियोगमा प्रकृतिका प्रत्येक स्वरूपहरू दुःखदायी या कष्टकारक बन्दछन् र यस श्लोकको सामान्य भाव त्यही हो। यसमा विजुली विरह– उद्दीपक बनेको छ, साथै विजुली चञ्चलता र जिन्दगीको क्षणिकताका बीचको तुलनाले यो कविता भाव गम्भीर समेत बन्न पुगेको अनुभव हुन्छ।

(३] **दम्पत्तीको प्रेम टक्कर** – सम्वादात्मक रूपबाट दम्पत्तिका बीचको प्रेम टक्करलाई आर्या छन्दद्वारा प्रस्तुत गर्ने बीस श्लोकको यो कविता सूक्तिसिन्धु (१९७४) मा सङ्कलित सोमनाथका अन्य कविताका सापेक्षतामा श्रृङ्गार रसले बढी ओतप्रोत देखा पर्छ। तैपनि श्रृङ्गार संयमित र मर्यादित देखिन्छ। जस्तैः—

प्रेम गराई खुद्रा किन लिन्छयौ मानको मुद्रा ?
देउ, दाग दबाई प्यारी ! मुखचन्द्र चाँदनी छाई ॥१॥

+

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

रहेंदैन चित्त तहमा डुब्न गयो विरह सिन्धुको रहमा
अब केवल शरण तिमी शिरले टेकी रहेछु जिमी ।।९।।

यसरी **सूक्तिसिन्धु** (१९७४) माध्यमिक कालका र विशेषतः उत्तरार्ध (१९६०–६१) बाट प्रारम्भ भएको शृङ्गार रसका कवितालाई शैल्पिक गरिमा प्रदान गर्ने अभियानको चरम परिणतिका रूपमा आएको छ। यस सङ्कलनमा समाविष्ट पुराना र तात्कालिक समेत गरी जम्मा चौवीस कविहरू मध्ये सर्वश्रेष्ठ पाँच कविका रूपमा चाहिँ मोतीराम, शम्भुप्रसाद, लेखनाथ र चक्रपाणीसँगै सोमनाथलाई पनि लिन सकिन्छ। यसबाट नेपाली कविताको माध्यमिक कालको र खास गरी त्यसको उत्तरार्ध (आधुनिककालतिर समेत सङ्क्रमणशील] मा सोमनाथको योगदान स्वतः स्पष्टिन्छ। परन्तु बालकृष्ण सम (लक्ष्मीनाथ शर्मा समेत[८]) ले **सूक्तिसिन्धु** –भेलामा त्यतिखेर क्रमशः सोमनाथ, लेखनाथ र चक्रपाणीको स्थान निर्धारण भएको अनुश्रुतिको उल्लेख गरे तापनि उपर्युक्त पाँचै कविका सम्पूर्ण कविताको[१०] तुलनात्मक अध्ययन गर्दा चाहिँ सो अनुश्रुति प्रमाणित हुँदैन। जहाँसम्म मोतीराम भट्टका कविताको प्रश्न छ, उनी नेपाली कविताका माध्यमिक कालका प्रवर्तक हुन् र उनको विशेषता यसै प्रवर्तनमा छ। साथै मोतीराम मूलतः सहज भाव, लय र शैली शिल्पका कवि हुन् अनि शम्भुप्रसाद ढुङ्गेल समयका दृष्टिले अझ पछिल्ला पनि भए

---

९. (क) लक्ष्मीनाथ शर्मा; 'अठासी वर्षका सिग्देल' **गोरखापत्र**, २०२९ आश्विन २१, पृ. ७ कालम ३।

(ख) बालकृष्ण समले यस पुस्तकका लेखकलाई २०३३ श्रावणमा भेट्दा बताए अनुसार भीम शमशेरका छोरा राम शमशेर समेतका प्रेरणामा त्यस वेलाका युवा साहित्यकारहरू (सम्पादक– श्यामजी प्रसाद अर्याल) द्वारा सङ्कलित **सूक्तिसिन्धु** का कवितामा सोमनाथ, लेखनाथ र चक्रपाणी क्रमशः प्रथम, द्वितीय र तृतीय ठहरिएका थिए रे।

१०. (क) मोतीरामको पीकदूत।

(ख) शम्भुप्रसादका समस्यापूर्तिहरू, वसन्त र फुटकर कविता।

(ग) लेखनाथका विरहिणीका उपर सखीको प्रश्न, पान्थ प्रबोध र कुञ्जवर्तिनी विप्रलब्धा।

(घ) चक्रपाणीका खण्डिताको गुलाबी छेड, वारवधू– संबोधन र प्राभातिक प्रबोध।

(ङ) सोमनाथका पूर्व चर्चित तीन कविता।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

काव्य–प्रवृत्तिका दृष्टिले चाहिँ मोतीरामका अझ भावुक उत्तराधिकारी सहज कवि देखा पर्दछन् । बाँकी तीन कविहरू चाहिँ श्रृङ्गार धारा नै अँगाले पनि मूलतः शिल्प परिष्कारप्रति उन्मुख एवम् अन्त्यतः माध्यमिक काल तोड्दै आधुनिक युगतिर सङ्क्रमणशील कविहरू हुन् । यी तीन कविहरूका सूक्तिसिन्धु का कविताको तुलनात्मक अध्ययन गर्दा चाहिँ छन्द योजना, रीति–विधान तथा श्लेष सहित शब्दालङ्कार – प्रयोग समेत अर्थात् शिल्प र भावको सहज कसीमा क्रमशः लेखनाथ, चक्रपाणि र सोमनाथको स्थान देखापर्छ । जे होस्, सूक्तिसिन्धु मा सोमनाथले श्रृङ्गार– भावका सन्दर्भमा विशेष भूमिका खेल्न नसके पनि माध्यमिकता र आधुनिकता बीच सङ्क्रमणशील काव्य शिल्पको सन्दर्भमा चाहिँ उल्लेखनीय योगदान दिएको अनुभव हुन्छ । श्रृङ्गार रसकै कवि भए पनि सुन्दरी (१९६३–६५) कालीन सोमनाथ शिल्पयोजनाको लगभग आलो काँचो प्रयोग मै सीमित रहेका थिए भने सूक्तिसिन्धु (१९७४) मा चाहिँ उनको शिल्प योजना वा शिल्प परिष्कारको पर्याप्त अभिवृद्धि भएको प्रष्टै देखिन्छ । यही नै सोमनाथको काव्ययात्राको प्रथम चरणको खास वैशिष्ट्य हो ।

१. ३. २ द्वितीय चरणका रचना

नेपाली साहित्यको माध्यमिक कालको उत्तरार्धतिर देखा परेको प्रतिभाशाली नेपाली युवा पुस्ता प्रारम्भमा माध्यमिक कालकै श्रृङ्गारिक प्रवृत्तिलाई अँगाली त्यसैलाई शैल्पिक विशिष्टता दिने सुन्दरी (१९६३–७५), कालीन प्रयास वा माध्यमिकतालाई तोड्ने माधवी (१९६५) देखिको कार्यमा लागेको हो । यसै दोसाँधमा सूक्तिसिन्धु (१९७४), सङ्कलन देखापरेको पाइन्छ । तैपनि यो पुस्ता सूक्तिसिन्धु प्रतिबन्ध र सं. १९७५ का आसपासदेखि जातीय पुनर्जागरण र समसामयिक यथार्थलाई अझ समात्दै तथा शिल्प–शैली र भाषाको उत्तरोत्तर परिष्कार गर्दै आधुनिक काव्य यात्रातर्फ लागेको देखिन्छ । यसै क्रममा लेखनाथ पौडेलले ऋतुविचार-बुद्धि विनोद (१९७३), गोरखा शिक्षा(१९७३–७४) र सत्यकलि संवाद (१९७६) का माध्यमबाट समसामयिक सामाजिक यथार्थको अङ्कन तथा जातीय पुनर्जागरणका आदर्श स्वर समेत मिसाउँदै अनि प्रकृति–चित्रण र आध्यात्मिक चेत समेत प्रस्तुत गर्दै नेपाली पद्यलाई शैली र प्रवृत्तिका दृष्टिले पनि नयाँ युगान्तरतिर मोडेको पाइन्छ[१०] । लगभग यस्तै कार्य गद्यका क्षेत्रमा चक्रपाणि चालिसेले गोरखा संक्षिप्त रामायण (१९७२) र गोरखा सक्षिप्त भारत (१९७६)

१०. वासुदेव त्रिपाठी; लेखनाथ पौड्यालको कवित्वको विश्लेषण र मूल्याङ्कन, पृ. १४१–४६ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

का माध्यमबाट गरिरहेका हुन्छन्[११]। सोमनाथ सिग्देल चाहिँ नेपाली भाषाको आधिकारिक लेख्य व्याकरण (मध्यचन्द्रिका –१९७६) बनाइसके पछि समसामयिक समाजको थेर थोर अङ्कनका साथ मूलतः राजभक्ति वा शासक भक्ति (चन्द्र शमशेरको स्तुति) तिर लागेको कुरा अप्रकाशित महाकाव्य **चन्द्रचरित** (अनुमानित रचनाकाल १९७६–१९८६) ले देखाउँछ। निश्चय नै वर्तमान दृष्टिकोणबाट हेर्दा सोमनाथको यस प्रवृत्तिलाई स्तुतिवादी प्रयत्नका रूपमा लिन सकिन्छ, तैपनि **चन्द्रचरित** का माध्यमले श्रृङ्गारको दबदबाबाट मुक्त भई भावान्तरतिर लाग्दै नेपाली मौलिक महाकाव्यको शिल्प साधनामा सोमनाथले गरेको प्रयास चाहिं नेपाली मौलिक महाकाव्यको इतिहासकै सन्दर्भमा समेत महत्त्वपूर्ण प्रतीत हुन्छ। त्यसैले सोमनाथको काव्य यात्राको दोस्रो चरण यही **चन्द्रचरित** (१९७६–८६) महाकाव्यको लेखनबाट शुरू भई बीचमा नैतिक र आध्यात्मिक रचना हुँदै अन्त्यमा महाकाव्यमा नै अर्थात् **आदर्श–राघव** (२००५) मा पुगी समाप्त हुन्छ। सोमनाथको काव्य यात्राको १९७६–२००५ सालको बीचका तीन दशकको यही चरण नै उनको काव्य यात्राको सबभन्दा प्राप्तिपूर्ण चरण पनि बनेको छ। साथै नेपाली कविका रूपमा उनले जे जति प्रदान गरे त्यो मूलतः यसै चरणको योगदान हो।

सोमनाथको काव्य यात्राको यो दोस्रो चरण सोमनाथको काव्य-यात्राको प्रवृत्तिगत आरोह अवरोहका दृष्टिले विशेष महत्त्वपूर्ण छ र प्रवृत्तिगत दृष्टिले गर्दा नै तीन खण्डमा विभाजित हुन जान्छः- (१) पहिलो अवधिः **चन्द्रचरित** को रचनाकाल (१९७५–८६), दोस्रो अवधिः नैतिक आध्यात्मिक प्रस्फुटन काल (१९९२–९७) र (३) तेस्रो अवधिः **आदर्श–राघव** को रचनाकाल (मूलत २००५–५)[१२]।

---

११. चूडामणि खनाल, **नेपाली साहित्यमा चक्रपाणि चालीसेको भूमिका** (नेपाली स्नाकोत्तर शोधपत्र) पृ. १३८–३९।

१२. (क) सं १९७६-८६ सालका बीच **चन्द्रचरित** महाकाव्य लेखे पनि चन्द्र शमशेरका मृत्युका कारणबाट त्यसै थन्केर रहेको हुनु पर्छ। पछि लक्ष्मीप्रसाद देवकोटाको **शाकुन्तला** महाकाव्य (२००२) र **सुलोचना** महाकाव्य (२००३) समेतको प्रकाशनबाट उत्प्रेरित र सचेत समेत भई पूर्वीय दृष्टिले परिपूर्ण महाकाव्यको नमूना देखाउने चाहनाले नै यिनैताक पुरानो महाकाव्य **चन्द्रचरित** का उपयोगी अंशलाई समेत लिएर **आदर्श–राघव** को लेखन सोमनाथले प्रारम्भ गरेको अनुभव हुन्छ।

(ख) यिनैताक अर्थात् २००१-२ सालतिर कवि गुणराजले पनि आफ्नो पहिलो महाकाव्य **कृष्ण सन्देश** लेखेको जानकारी पाइन्छ।

– वासुदेव त्रिपाठी, **कवि गुणराजको भरत मिलन महाकाव्यको मूल्याङ्कन** (गुणराज व्याख्यान माला १) पृ. ६।

(क्रमशः)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

१.३.२.१. पहिलो अवधिः 'चन्द्रचरित'–रचनाकाल (७६–८६)

संवत् १९७६ तिर आधुनिक नेपाली पद्य र गद्यको आधारशिला खडा भइरहेको बखत **मध्यचन्द्रिका** (१९७६) द्वारा आधुनिक नेपाली लेख्य भाषाको व्याकरणका निर्माणमा योगदान दिइसकेपछि सोमनाथ पनि कविता क्षेत्रतिर उन्मुख भएको अनुमान हुन्छ। वास्तवमा **सूक्तिसिन्धु** (१९७४) प्रतिबन्ध पछि शृङ्गारधारा छोड्दै अनि पण्डित कुलचन्द्र गौतमको स्तुतिमय **अलङ्कार चन्द्रोदय** (१९७८) सँग प्रतिस्पर्धा समेत गर्दै सोमनाथ पनि राजभक्ति वा शासक भक्ति (चन्द्र शमशेरको स्तुति)तिर प्रेरित भई **चन्द्रचरित** महाकाव्यको लेखनतिर लागेका हुन्। यसबाट नै उनको काव्य यात्राको दोस्रो चरणका साथै त्यस चरणको पहिलो अवधि पनि प्रारम्भ हुन्छ। वर्षौंको साधना पछि **चन्द्रचरित** का रूपमा नेपालीमा पहिलो मौलिक महाकाव्य लेखियो। चन्द्र शमशेरको स्तुतिकै इरादाले भएपनि सोमनाथको कविताले शृङ्गार छाड्दै भावान्तर समात्यो र अप्रकाशित रूपमै भए पनि नेपाली कविताले बृहत्तर रूप अर्थात् महाकाव्य पायो। वास्तवमा कवि सोमनाथ युवा रागबाट ३५।४० वर्षे व्यवहारिक चातुरीतिर उन्मुख हुँदै सामयिक वस्तुस्थितितिर यत्किञ्चित् फर्किए। **चन्द्रचरित** (१९७६-८६) को मूल ऐतिहासिक भूमिका यही हो।

(१) **चन्द्रचरित को विवरणात्मक परिचयः**- सोमनाथ सिग्देलको पहिलो तर अप्रकाशित महाकाव्य **चन्द्रचरित** को रचना मिति निश्चित रूपमा प्राप्त नभए पनि यस सम्बन्धी अन्तः साक्ष्य र बहिः साक्ष्यका आधारमा १९७६ सालदेखि १९८६ सम्म वा यसै बीचको कुनै अवधिमा यसको रचनाकाल निर्धारित गर्न सकिन्छ। सन् १९१८ अर्थात् १९७५ सालमा समाप्त भएको प्रथम विश्वयुद्धमा बेलायती सरकारलाई तात्कालिक नेपाल सरकारले प्रदान गरेको सैनिक र आर्थिक सहायताको कृतज्ञता स्वरूप बेलायतले नेपाललाई दिन थालेको वार्षिक दश लाख पुरस्कारको र सन् १८१५ मा अर्थात् १८७२ सालको सुगौली सन्धि खारेज गर्दै सन् १९२३ अर्थात् १९८० सालमा नेपाल र अंग्रेजहरूका बीच भएको सन्धिको समेत **चन्द्रचरित** महाकाव्यमा उल्लेख हुनाले यसको रचना १९८० साल

(ग) सोमनाथ सिग्देलले आफ्नो जीवन कालको अन्त्यतिर (काशी जानु भन्दा अघि) अर्थात् २००९ आश्विन ८ गतेका दिन रेडियो नेपालका तात्कालिक प्रतिनिधि हरिहर प्रसाद भट्टराईलाई दिएको अन्तवार्तामा देवकोटा र समका महाकाव्यलाई **महाकाव्य** का रूपमा स्वीकार्न नचाहेको कुरा समेत यस प्रसङ्गमा स्मरणीय हुन्छ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

अघि समाप्त नभएको तथ्य प्रमाणित हुन्छ[१३]। यस महाकाव्यका प्रमुख पात्र वा नायक चन्द्र शमशेरको सन् १९२९ अर्थात् १९८६ मा मृत्यु भएको हो[१४]। प्रस्तुत महाकाव्यमा उनको मृत्यु घटना उल्लेख नभएबाट र मरेका शासकको स्तुति तात्कालिक सन्दर्भमा असम्भव पनि भएकाले १९८६ अघि नै यो महाकाव्य लेखिएको कुराको पुष्टि हुन्छ। यस बाहेक विद्वत्ताका क्षेत्रका सोमनाथका प्रतिस्पर्धी र कविताक्षेत्रमा प्रेरणा स्रोत अनि राणा दरबारिया इनाम– बकस प्राप्त गर्नमा प्रतिद्वन्द्वी बन्दै आएका कुलचन्द्र गौतमले १९७८ सालमा अलङ्कार चन्द्रोदय (१९७८) लेखी चन्द्र शमशेरलाई चढाई बकस प्राप्त गरेको घटनाले पनि सोमनाथलाई चन्द्रचरित लेख्न प्रेरणा प्रदान गरेको अनुश्रुति र उल्लेख समेत यत्रतत्र पाइन्छ[१५]।

---

१३. (क) बालचन्द्र शर्मा; **नेपालको ऐतिहासिक रूपरेखा**, पृ. ३५९–६१।

(ख) सोमनाथ सिग्देल; **चन्द्रचरित**, ११ सर्ग, श्लोक ३२ र २९।

१४. बालचन्द्र शर्मा, पूर्ववत् पृ. ३६७।

१५ (क) राममणि आ दी., **पुराना सम्झना**, पृ. ९१–९५।

(ख) यदुनाथ खनाल, 'पण्डितराज सोमनाथलाई फर्केर हेर्दा' **मधुपर्क** वर्ष ७, अङ्क ६पृ. १०४।

(ग) 'पण्डितराज गुरु कविताका क्षेत्रमा मेरा गुरु कुलचन्द्र हुन् भनी बारम्बार हामीलाई भन्नु हुन्थ्यो' भनेर सोमनाथका चेला प्रा. विश्वनाथ पोखरेलले लेखकलाई २०३३ साल असारमा वाल्मीकि क्याम्पसमा भन्नु भएको हो।

(घ) नयराज पन्त; 'विद्वत् पूजा' (सङ्ख्या २) **पूर्णिमा**, पूर्णाङ्क ३०, पृ. २१४–१५।

(ङ) कुलचन्द्र पण्डितजीले पनि 'अलङ्कार चन्द्रोदय' लेखे र अरूले पनि चन्द्र शमशेरको बयान गरेर लेखेका हुनाले उहाँलाई पनि लेख्नै परेकोले लेख्नु भएको थियो। पछि राणाजीको बयान के लेख्नु भनेर बीचैमा छोड्नु भयो क्यारे। त्यति राम्रो मलाई पनि थाहा छैन भनी **चन्द्रचरित** का सम्बन्धमा सोद्धा सोमनाथ सिग्देलकी कान्छी पत्नी ललीतादेवी सिग्देलले यस पुस्तकका लेखकसँगको भेटमा भन्नु भएको थियो।

(क्रमशः)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

पहिल्यैदेखि चन्द्र शमशेरलाई आफ्नो जीवनी लेखाई स्वदेश–विदेशमा प्रचार गर्ने तीव्र आकांक्षाले छोएको र सो कुराको जिम्मा माहिला गुरुज्यू हेमराजलाई १९६८ सालदेखि नै दिएको पाइन्छ तर हेमराजले ढिलाइ गरेबाट १९७२ सालमा आएर उनले सो काम राममणि आ. दी. को जिम्मा दिएको बुझिन्छ[१६]। यसैले आफूले जिम्मा लिएको राजाको काम आफ्ना प्रतिद्वन्द्वी राममणिको हातबाट सम्पन्न हुन लागेकोले यसबाट माहिला गुरुज्यूलाई शासकसँगको आफ्नो निकटतम सम्बन्धमा तलमाथि पर्ने आशङ्का उठ्न थाल्नु र यसैको फलस्वरूप यिनै ताका नै आफ्ना सहायक सोमनाथलाई चन्द्र शमशेरको जीवनीमा आधारित काव्य लेखाउन लगाउन पनि बेरै सम्भव देखिन आउँछ। त्यसैले **चन्द्रिका–मध्यचन्द्रिका** को लेखन प्रकाशन (**चन्द्रिका** नाम नै पनि चन्द्र स्तुति झल्कन्छ।) आदि कार्यबाट मुक्त भए- पछि अर्थात् १९७६ मा **मध्यचन्द्रिका** को प्रकाशन भएपछि त्यसको लगत्तै सोमनाथले **चन्द्रचरित** महाकाव्य लेख्न थालेको पनि हुन सक्छ। यिनै विविध साक्ष्यका आधारमा १९७६ या १९७८ वा १९८० देखि शुरू भै १९८६ मा **चन्द्रचरित** को लेखन कार्य समाप्त भएको अनुभव हुन्छ।

अठार सर्गमा लेखिएको बुझिने **चन्द्रचरित** महाकाव्य हाल उत्तरार्ध अर्थात् दश सर्गदेखि अठार सर्गसम्म उपलब्ध छ। त्यसैले प्रस्तुत ग्रन्थमा **चन्द्रचरित** को विवरण–वर्णन र विश्लेषण जे जति गरिने छन् त्यसको सीमा हाल प्राप्त भएको उत्तरार्ध अंश मात्र रहेको छ[१७]।

अपूरो रूपमा पाइएका कारणले **चन्द्रचरित**को समग्र प्रबन्ध–विधानका विषयमा विवेचना सम्भव छैन तापनि प्राप्त अंशकै मात्र अध्ययनबाट पनि के ज्ञान हुन्छ भने पूर्वीय काव्य शास्त्रले प्रदान गरेका महाकाव्यीय लक्षणकै आधारमा सोमनाथ **चन्द्रचरित** महाकाव्य लेखनमा संलग्न भएको अनुभव हुन्छ। विविध विषय वा प्रसङ्गहरूलाई विविध छन्दमा अभिव्यक्ति–दिने प्रयास र सर्गान्तमा छन्द परिवर्तन गर्दै भावी सर्गको कथानक–सङ्केत गर्ने परिपाटीको पालनाबाट पनि पूर्वीय महाकाव्यीय लक्षणप्रति **चन्द्रचरित** कार सोमनाथको प्रतिबद्धता प्रष्टिन्छ।

(च) बालकृष्ण समले पनि 'कुलचन्द्रजीले अलङ्कार चन्द्रोदय लेखेका हुनाले नै सोमनाथजीले पनि चन्द्रचरित लेख्नु भएको हो' भन्ने कुरा यस पुस्तकका लेखकलाई २०३३ असारमा उहाँकै निवास स्थानमा भन्नुभएको थियो।

१६. राममणि आ. दी.; पूर्ववत्, पृ. ८४–८५।

१७. यस पछि निर्देश गरिएका **चन्द्रचरित** का श्लोकहरू हेर्न यसै ग्रन्थको परिशिष्ट खण्डलाई उपयोग गर्नुहोस्।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

चन्द्रचरित को दशौं सर्गमा चन्द्रोदय वर्णन गरिएको छ। आकाशमा उदाउने चन्द्र (चन्द्रमा) र पृथ्वीका नयाँ चन्द्र (अर्थात् चन्द्र शमशेर) का बीच तुलनात्मक रूपले वर्णन गर्दै लेखिएको सैंतीस श्लोकको यस सर्गको प्रारम्भमा मालिनी र तेत्तीस श्लोकदेखि भुजङ्ग प्रयात छन्द तथा सर्गान्तमा मन्दाक्रान्ता छन्दको प्रयोग देखिन्छ[१८]।

फौजी उन्नति विषयक एघारौं सर्ग[१९] पृथ्वी छन्दमा लेखिएको छ र यसमा चन्द्रशमशेरका पालामा नेपाली सेनामा भएका प्रशिक्षण आदिको व्यवस्था, समय-समयमा युद्ध र विशेषतः प्रथम विश्व युद्धमा वेलायतलाई नेपालले दिएको सैनिक सहायताको वर्णन गरिएको छ, तर यो सर्ग एकाउन्नौ श्लोकसम्म मात्र प्राप्त छ र समाप्ति सङ्केत देखिन्न।

आरम्भका दश श्लोक अप्राप्त **चन्द्रचरित** को बाह्रौ सर्ग इन्साफी (न्यायिक) उन्नति विषयको वर्णनमा केन्द्रित पाइन्छ र सर्गान्त श्लोक स्रग्धरा छन्द र शेषांश उपजाति छन्दमा लेखिएको छ।

मत्तमयूर छन्दबाट प्रारम्भ भएको मुलुकी उन्नति विषयक तेह्रौ सर्ग एकसय पाँचौ हरिणी छन्दको श्लोक समाप्त भएको छ।

प्रजानुग्रह नामक चौधौ सर्ग प्रहर्षिणी छन्दमा र सर्ग समाप्तिको सतसठ्ठियौं श्लोक स्रग्धरा छन्दमा देखापर्छ।

सतसठ्ठी श्लोकको पन्ध्रौं सर्गमा चन्द्र शमशेरका पालामा भाषा–साहित्य र शिक्षाका क्षेत्रमा भएका विविध कार्य र विशेषतः त्रिचन्द्र कलेजको स्थापना गोरखा भाषा प्रकाशिनी समितिको गठन[२०] आदि विषयको वर्णन गरिएको छ। यस सर्गमा अधिकांश मालिनी छन्द र केही मात्रामा हरिणी एवम् शार्दूलविक्रीडित छन्दको प्रयोग पनि पाइन्छ।

सद्धर्म महिमा अर्थात् चन्द्र शमशेरका समयमा भएका विविध यज्ञ–यागादि-हरू र विशेषतः कोटि होमहरूको र दान, अनाथ रक्षा, आरोग्यालय, धारा, नहर,

---

१८. **चन्द्रचरित** को दशौं सर्गको ३३–३५ श्लोक सँग **आदर्श–राघव** चौधौं सर्गको १ र ३–४ श्लोक मिल्छन्।

१९. **चन्द्रचरित** को एघारौं सर्गको १,३,५ र ७ श्लोक सँग **आदर्श–राघव** पन्ध्रौं सर्गको ५७–६० श्लोक पूरै जस्तो मिल्छ।

२०. **चन्द्रचरित** सर्ग १५, श्लोक ४२–४३।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

पुल र देवस्थान आदिको मर्मत निर्माण आदि उल्लेख गरिएको धार्मिक विकास विषयक एकसय आठ श्लोकको सबैभन्दा लामो सोह्रौं सर्ग मूलतः वसन्ततिलका छन्दमा र केही मात्रामा मन्दाक्रान्ता छन्दमा पनि देखिन्छ।

चन्द्र शमशेरकी रानी, भाइ र छोराहरूको वर्णन गरी आदर्श परिवारको नाम दिइएको सत्रौं सर्ग आर्या छन्दमा लेखिएको पाइन्छ।

चन्द्रचरित को अठारौं सर्गमा उपसंहारात्मक रूपमा नाना छन्दका माध्यमले नाना विषयलाई प्रस्तुत गरिएको छ। कवित्व र विषय प्रस्तुतीकरणका दृष्टिबाट पनि अपेक्षाकृत बढी प्रौढ देखापर्ने यो सर्ग सौराज्य (गीति), प्रजाप्रेम (तोटक), नैतिक दृष्टि (मालिनी), महिमा (पञ्चचामर), जन्मभूमि (पृथ्वी), धर्मनिष्ठा (शार्दूल) आनन्द (हरिणी) र शुभकामना (स्रग्धरा) को वर्णन गर्दै एकहत्तर श्लोकमा समाप्त भएको छ[२१]।

(२) सोमनाथको काव्य यात्रा र 'चन्द्रचरित' महाकाव्य–चन्द्रचरित को उपर्युक्त सर्गको सामान्य सर्वेक्षण गर्दा यसमा राजस्तुति (चन्द्र शमशेरको स्तुति) नै मूल लक्ष्य देखिए तापनि सम सामयिक नेपालको आधिकारिक कोणबाट देखिने वस्तु स्थितिको दिग्दर्शन चाहिँ प्रशस्त झल्कन्छ। साथै नाना छन्दमा डुल्दै पूर्वीय काव्य–शिल्प (रीति र शब्दार्थालङ्कार) द्वारा सज्जित राजभक्ति–भावलाई परिपुष्ट रूपमै सोमनाथले अभिव्यक्त गरेको अनुभव हुन्छ। आजका आँखाले हेरिएमा चन्द्र शमशेरको स्तुति रुचाउने आधार कम छ, तर **चन्द्रचरित** को उपलब्धि चाहिँ मौलिक नेपाली महाकाव्यको पूर्व चेष्टा र नेपाली कविताको शिल्प–प्रदर्शनात्मक फाँटका विकासशील पाइलाका रूपमा स्मरणीय प्रतीत हुन्छ।

चन्द्रचरित चन्द्र शमशेर समक्ष समर्पित हुन सकेन[२२] र यस स्तुति–फलबाट

---

२१. **चन्द्रचरित** को यस सर्ग सँग **आदर्श-राघव** को पन्ध्रौं सर्ग अधिकांशतः मिल्छ।

२२. सोमनाथले **चन्द्रचरित** महाकाव्यको लेखन सकी माहिला गुरु हेमराज शर्माका माध्यमबाट चन्द्र शमशेरलाई चढाई बकस प्राप्त गर्ने चाहना राख्तारा्खतै चन्द्र शमशेरको मृत्यु भएबाट सो काम पूर्ण हुन नसकेको बुझिन्छ। तर महाकाव्य पूर्ण रूपमा चढाउन नसके पनि लिखित मध्येका उपयुक्त अंशहरू चाहिं बेला बखत सम्भवतः 'प्रगति प्रतिवेदन'का रूपमा चन्द्र शमशेर समक्ष चढाइएकै देखापर्छ। यही क्रममा **चन्द्रचरित** को गुणगान नामक अठारौं सर्गको आर्या (गीति) छन्दमा

(क्रमशः)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

सोमनाथ वञ्चित नै रहे अनि शासक स्तुतिको प्रवृत्ति पनि सम्भवतः सोमनाथ मित्र सेलाउँदै गयो होला तैपनि चन्द्रचरित नै आदर्श-राघव को महाकाव्यीय उचाइ प्राप्त गर्ने पूर्वाभ्यास हो र पूर्वाधार पनि हो । यस सन्दर्भमा सोमनाथको चन्द्रचरित रचनाकाल (१९७६–८६) अर्थात् दोस्रो चरणको यो पहिलो अवधि प्राप्तिपूर्ण नै ठहरिन्छ भन्नु पर्ला ।

१.३.२.२ दोस्रो अवधिः नैतिक–आध्यात्मिक प्रस्फुटन काल (१९९२–९७)

चन्द्रचरित महाकाव्य पूरा गरी चन्द्र शमशेरका समक्ष चढाउन नपाउँदा यो महाकाव्य रचना त्यसै थन्किएको हुनुपर्छ । यसै कारण शासक स्तुति (चन्द्र शमशेरको स्तुति) फल प्राप्ति बिना त्यसै खेर गएबाट सोमनाथलाई शासक-स्तुति-पट्टि विरक्ति उत्पन्न भए जस्तो अनुभव हुन्छ । यसै बखत लेखनाथ पनि **सत्य कलि संवाद** (१९७६) को व्यङ्ग्यात्मकताका साथै चन्द्र शमशेर तथा भीम शमशेरका

लेखिएको सौराज्य उपशीर्षकको प्रारम्भिक अंशहरू लिखित वा मुद्रित पर्चाका रूपमा चन्द्र शमशेर समक्ष पुगेको र कालान्तरमा सो पर्चा चन्द्र शमशेरकी महारानी (मदन शमशेरकी आमा) का साथमा श्रीदरबार (पाटन) पुगेको हुनुपर्छ ।

सोही नाम उल्लेख हुन नसकेको सो पर्चालाई सामान्य आधारमा कुलचन्द्र गौतमको ठानी श्री कमलमणि दीक्षितले **बुँइगल** (कविता सङ्कलन) को दोस्रो संस्करण (२०२८, साझा प्रकाशन) मा **सुवर्णको फ्रेम** शीर्षक राखी **संकलित स्तुतिपद्यका पर्चाहरूबाट** मनेर प्रस्तुत गर्नु भएको थियो । तर प्रस्तुत पुस्तकका लेखकले सोमनाथको **चन्द्रचरित** (उत्तरार्ध) को पाण्डुलिपि फेला पारेर सो समेतको उपयोग गरी २०३३ सालमा **नेपाली साहित्यमा सोमनाथ सिग्देलको योगदान** नामक स्नातकोत्तर शोधपत्र त्रि. वि. नेपाली विभागमा बुझाए पछि त्यो कुरा स्वतः खण्डित हुन पुगेको थियो । संयोगले सो शोधपत्रको बाह्य परीक्षकका रूपमा श्री दीक्षित नै नियुक्त हुनु भएको र त्यस अवसरमा नै उहाँले आफ्नो उक्त त्रुटिलाई स्वीकार गर्दै आगामी संस्करणमा संशोधन गर्ने कुरा उल्लेख गर्नु भएको हो । सो बमोजिम श्री कमलमणि दीक्षितले **बुँइगल** (तेस्रो संस्करण) मा सो कवितालाई हटाउनु भएर अनुसन्धानको उपलब्धिलाई प्रयोग गर्नु भएको छ तर हटाउनु पर्ने कारणको सामान्य उल्लेख समेत कतै नगरेर उहाँ जस्तो अनुसन्धान प्रेमीले अनुसन्धानको महत्त्वलाई भने पूरै उपेक्षा गर्नु भएको देखिन्छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

स्तुतिको दोधारिलो अवधि पार गर्दै आफ्नो बढ्दो बुढ्यौली र विराग–वितृष्णा-का सन्दर्भमा शारदीय अरुणोदय (अरुणोदय: शारदा वर्ष १, अङ्क १, १९९१) मा आइपुगेको पाइन्छ साथै यसैताक अर्थात् १९९२ सालतिर कवि नाटककार बालकृष्ण शमशेर पनि बौद्धिक र शैलिपक सजधजका साथै नेपाली भाषा प्रकाशिनी समितिको अध्यक्षको गरिमाका साथ आधुनिक साहित्यमा गतिशील थिए। यसका अतिरिक्त रोमाण्टिक काव्य–धाराको प्रवंतन गर्दै देवकोटा र सिद्धिचरण पनि यस बखत क्रियाशील थिए। नेपाली साहित्यका फाँटमा बौद्धिक साहित्यिक नवजागरण-को वाहकका रूपमा देखा परेको **शारदा** (मासिक: १९९१) पत्रिकाको प्रकाशनलाई समेत सम्झँदा जुद्ध शमशेरको शासन कालका (१९९७ पूर्वका वर्षहरूको) यो साहित्यिक वातावरण पर्याप्त प्रेरणाप्रद थियो। तृष्णा ढल्दै र वितृष्णा जाग्दो उमेरका सोमनाथ छ– सात वर्षको चन्द्रचरित–लेखनको असफलताबोध विश्राम र अन्तराल पछि यस प्रेरक पर्यावरणमा पुनः कविताका क्षेत्रमा देखा पर्छन्। वास्तव-मा उमेर सुलभ जरा र वितृष्णाको फलस्वरूप पनि यस पछि सोमनाथमा देखा-परेको नैतिक र आध्यात्मिक स्वरतिरको विशेष उन्मुखता स्वाभाविक देखापर्छ।

यसरी सोमनाथको काव्य यात्राको दोस्रो चरणको पाँच वर्षको त्यस दोस्रो अवधिको प्रारम्भ हुन्छ जसमा उनका कविताले शैलिपक परिष्कारको अभिवृद्धिका साथै लेखनाथले **माधवी** (१९६५) कालदेखि नै छोइरहेको नैतिक र आध्यात्मिक स्वरको प्रस्फुटन प्राप्त गरेको पाइन्छ। यस अवधि (१९९२–९७) मा सोमनाथका निम्न लिखित काव्य-कविता देखिन्छन्:– (१) **दशावतार रस** र (२) **परमपिताको खोज** (कविता) (१९९२) एवम् (३) **उपदेश–शतक** र (४) **चारु-चर्चा** (पद्यानुवाद) (१९९७)।

(१) **दशावतार रस** – विष्णु भगवान्का दश अवतारहरूलाई लिई आठ किसिमका छन्दमा एक एक श्लोक र एक छन्दमा दुई श्लोक गरी जम्मा दश श्लोक लेखिएको यस कविताको रचनाकाल १९९२ साल माघ पूर्णिमा भेटिन्छ[२३]। प्रारम्भमा अप्रकाशित रहे पनि २०१६ सालमा प्रकाशित **साहित्य-प्रदीप** का रस विवेचनका सन्दर्भमा **दशाअवतार रस**का यी सबै श्लोक पनि उदाहरणका रूपमा प्रस्तुत गरिएका छन्। तर यसमा रामावतारको वर्णनका रूपमा प्रयोग गरिएको श्लोकलाई भक्ति रसकै रूपमा लिइएको – भने **साहित्य-प्रदीप** मा केवल भावको[२४] रूपमा मात्र (सायद सैद्धान्तिक दृष्टिले भक्ति रस श्रेणीमा नपुगी

२३. यी दुई कविताको रचना मिति समेत उल्लेख गरिएको पाण्डुलिपि वाल्मीकि क्याम्पस पुस्तकालयको ४४७८–४४७९ का पोकामा भेटिन्छ।

२४. सोमनाथ सिग्देल; **साहित्य-प्रदीप**, पूर्ववत् पृ. १९।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

भाव श्रेणी मैं रहन्छ।) मानिएको छ। २०२१ साल मङ्सिरको कविता–पत्रिका-को प्रथम वर्षको प्रथम अङ्कमा **दशअवतार र रस** का रूपमा पुनः प्रकाशित यो कविता समुचित छन्दको प्रयोग र तदनुकूल शब्द योजनाले गर्दा रसको आस्वाद गराउन सक्षम बनेको छ भने त्यसैको उदाहरणार्थ अद्‌भुत रसको श्लोक प्रस्तुत छ।

> अजङ्ग गर्जना गरी प्रचण्ड भैं नृसिहले
> उजण्ड बाहु दण्डको अखण्ड तीक्ष्ण अग्रले ।।
> घमण्ड आदि दैत्यको गरेर खण्ड-खण्डमा
> पटक्क छाति फोडियो बढ्यो खुशी त्रिलोकमा ।।

यस कवितामा अवतार–प्रकृति र रस–प्रकृतिका बीचको सामञ्जस्य प्रस्तुत गरिएको पाइन्छ। मूलतः शब्दालङ्कारको सिद्धहस्तता नै यस कविताको शैलिपक प्राप्ति हो भने भावका दृष्टिले चाहिँ विविध रस हुँदै भगवद्‌भक्तिको बाटो सोम-नाथले समातेको अनुभव हुन्छ। **चन्द्रचरित** मा सोमनाथ ऐहिक लाभका निम्ति राजभक्ति (शासक स्तुति) गर्दै थिए भने **दशावतार रस** मा उनी परमार्थका निम्ति भगवद्–स्तुति अर्थात् देव भक्तितिर उन्मुख हुन लागेको पाइन्छ। वास्तवमा **आदर्शराघव** को राघव-भक्तिको भावविज यहाँदेखि सोमनाथ भित्र पर्न लागेको बुझिन्छ।

(२) **परमपिताको खोज–** मानव जिन्दगीलाई अध्यात्य दर्शन अझ वेदान्त दर्शनको आलोकमा हेर्दै परमपिता (परब्रह्म)को खोज तर्फ उन्मुख प्रस्तुत कविता पनि पारमार्थिक भावभूमिमै खेल्छ। छत्तीस श्लोकको यो कविता वसन्ततिलका छन्दका लेखिएको छ। अप्रकाशित रूपमा प्राप्त यो कविता १९९२ साल (फाल्गुन पूर्णिमा) मा लेखिएको जानकारी पाइन्छ भने यसको प्रस्तुतीकरण शैली लेखनाथको **सत्य कलि संवाद** (१९७६) र विचार पक्ष **बुद्धि बिनोद** (१९७३) बाट प्रेरित देखा पर्छ। तैपनि **सत्य कलि संवाद** को मूल स्वर सामाजिक यथार्थ र पुनर्जागरणको आदर्शका अङ्कनतर्फ केन्द्रित पाइन्छ भने सोमनाथको **परमपिताको खोज** (१९९२) मूलभूत रूपमा आध्यात्मिक चिन्तनपट्टि केन्द्रित देखिन्छ। आध्या-त्मिक चिन्तन जस्तो जटिल विषयलाई अँगालेर पनि सरल बन्न सक्नु यस कविताको विशेषता हो। जे होस् सोमनाथ मिश्रको महान् दार्शनिक कवितामा लेखनाथ झैं पोखिन लागेको यो पहिलो क्षण विशेष स्मरणीय अनुभव हुन्छ। जस्तैः–

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

मन्छन् कुनै जन तपोवन तीर्थ जाऊ
प्राचीन धाम घुम दर्शन पाउलाऊ।
मन्छन् कुनै नघुम अन्त जहाँतही छन्
आराधना गर जहाँ पनि भेट दिन्छन् ॥२४॥

+

छन् भित्र खोज गर अन्त कहीँ नजाऊ
पूरा विचारसित चित्त यतै लगाऊ।
आनन्द धामतिर उक्लन गुप्त रस्ता
सीधा त्यहीँ छ मिलि हाल्दछ खोजि पस्ता ॥२७॥

+

रोकेर इन्द्रियहरू मन शान्त पारी
कोशिश गर्दछु उमेद लिएर भारी।
बाटो रहेछ अति सूक्ष्म भई विचित्र
हुँला अवश्य अब दर्शनले पवित्र ॥३५॥

[४] उपदेश–शतकः– रामायण महाभारत र पुराण आदिका विविध प्रसङ्गहरूले प्रदान गरेको विषयवस्तुमा आधारित गुमानी कवि (?) को संस्कृतको आर्या छन्दको उपदेश–शतक लाई सोमनाथले सम छन्दमा नै अनूदित (१९९७) गरेका छन्। शतक मानिए पनि एकसय दुई श्लोक भएको उपदेश–शतक का श्लोकहरूको पहिलो पङ्क्तिमा घटना पृष्ठभूमि र दोस्रोमा त्यसबाट नीति झिक्ने काम भएको छ। यी पद्य नैतिक दृष्टान्त तुल्य छन् र यिनमा नेपाली सूक्तिको मिठास छ जस्तैः—

छोराहरू मर्नाले विह्वल धृतराष्ट्रलाई भेटेर।
रोए कृष्ण दयाले दुःखीवन दुख देखेर ॥३१॥

×

तक्षक होमिन लाग्दा शरण लिई इन्द्रले भई अटल।
नसके पनि त्यागेनन् शरणागतमा हुनु अचल ॥४४॥

कौरवको गढ फोरी यस्ता अभिमन्यु एकले रणमा।
सबले घेरी मारे नहुम्मिनु शत्रुको दलमा ॥४५॥

सम छन्दमा अनुवाद गरेर पनि मूल भावलाई राम्रै सँग समात्नु उपदेश-शतक का अनुवादक सोमनाथको विशेषता देखिन्छ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

लेखनाथले **माधवी** (१९६५) र **नैतिक दृष्टान्त** (**गोरखा शिक्षा** १९७४)मा नै अँगाली सकेको नीति र उपदेशपद्धतिको अभिरुचिलाई सोमनाथको उपदेश–शतक पद्यानुवाद (१९९७) ले निकै पछि आएर भए पनि उनको समेत अभिरुचि देखाउँछ। यसका केही पद्यहरू नेपाली पद्य सङ्ग्रह भाग १, (१९९७ ?) अन्तर्गत एक पाठका रूपमा सङ्कलित छन् र वर्षौंसम्म एस्. एल्. सी. तहमा पाठ्य कविताका रूपमा पनि रहेका हुन्।

(५) **चारुचर्याः**–**उपदेश–शतक** अनुवाद सँगै पुस्तकाकारमा प्रकाशित क्षेमेन्द्रको चारुचर्या अनुवाद (१९९७) अनुष्टुप छन्दका सय श्लोक रहेका छन्। **उपदेश–शतक**मा पहिलो पङ्क्ति घटना विवरण र दोस्रो पङ्क्ति नीति निर्देशनका रूपमा पाइन्छ भने **चारुचर्या** मा पहिला पङ्क्तिमा नीति – निर्देश गर्दै दोस्रोमा त्यस नीतिलाई पुष्टि गर्ने घटनालाई प्रस्तुत गरिएको छ। जस्तै –

अरूको प्राणाक्षामा लाग्नू पूरा दया लिई।
कपोतलाई शिविले बचाए जिउनै दिई ॥२१॥

+

गर्नु हुन्न त्याग निन्दा सम्बन्धी बन्धु वर्गको
गर्दा शङ्करको हेला नाश भो दक्ष–यज्ञको ॥३३॥

+

खामोस खानू नसके नचल्नू बल हीनले।
जोरी खोज्ने दशमुख बाँधिए कार्तवीयले ॥४७॥

१.३.२.३ तेस्रो अवधि 'आदर्श-राघव'को रचना काल (मूलतः२००२–५)

(१) **'आदर्श–राघव' को विवरणात्मक परिचय**– **आदर्श–राघव** को प्रकाशन वि. सं. २००५ सालमा भए पनि यस महाकाव्यको पूर्वाभ्यास सम्भवतः १९७६-८६ सालका बीचमा लेखिएको **चन्द्रचरित** बाट प्रारम्भ भएको देखिन्छ[२५]। सोह्र सर्गमा लेखिएको यो महाकाव्य पूर्णरूपले पूर्वीय काव्यशास्त्रीय साँचोमा ढालिएको छ।

---

२५. **चन्द्रचरित** (अप्रकाशित) महाकाव्यसँग **आदर्श-राघव** महाकाव्यका कतिपय अंशहरू मिल्दछन् र यस विषयमा विशेष चर्चा यसै (१. ३. २. ३) अन्तर्गतको २ अंशमा गरिएको छ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

पञ्च (सृष्टि, स्थिति, संहार, निग्रह र अनुग्रह) मुखी पशुपति गुह्येश्वरी र गणेशको स्तुति तथा शब्दको महिमा गान एवम् गुरु- वन्दना र आदिकवि वाल्मीकिको स्मरणबाट मङ्गलाचरण गरी यो महाकाव्य थालिएको छ। यसबाट मङ्गलचरणद्वारा प्रारम्भ गर्ने पूर्वीय काव्यशास्त्रीय परम्परालाई अँगालिएको देखिन्छ[२६]। आदर्श–राघव प्रतिभाको प्रवाहपूर्ण शक्तिद्वारा संरचित नभई मूलतः व्युत्पत्ति र अभ्यासकै साधनाद्वारा बाँधिएको हुँदा सर्ग सर्गको बन्ध र अभ्र सर्ग पनि टुक्रा टुक्रा कविताको संयोजनका रूपमा देखापर्छ। यस वास्तविकतालाई प्रत्येक सर्गमा महाकाव्यकारले दिएका विभिन्न शीर्षकले समेत प्रष्ट्याएकै छन्। उपर्युक्त कथनलाई आदर्श-राघव को सर्ग विधान एवं त्यसमा रहेका विषय शीर्षक र छन्द प्रयोगलाई निम्नलिखित विवरणले रोचक पुष्टि गर्दछः—

सर्ग	विषय	श्लोक सङ्ख्या	छन्द	विशेष टिप्पणी
१.	मङ्गल	१–६	वसन्ततिलका	
	उपक्रम	७—१७	"	
	साकेत	१८—२३	"	
	पूर्ववृत्त	२४—३२	"	
	पितृ–मातृ वृत्तान्त	३३—४१	"	
	अपुत्रता	४१—५६	"	
	श्रीरामादि जन्म	५७—६७	"	
	आनन्दोत्सव	६८—७३	स्वागता	७३ औं श्लोक मालिनी
२.	गार्हस्थ्य	१—११	इन्द्रवंशा	
	दशरथको गृहश्री	१२—१५	"	
	वालसंस्कार शिक्षा	१६—२८	"	
	विश्वामित्रको आगमन	२९—४२	"	
२.	आश्रमतिर प्रस्थान	४३–४८	"	
	विश्वामित्राश्रम	४९–६१	"	
	यज्ञ विघ्न ध्वंश	६२–७०	"	
	रामको अभिनन्दन	७१--७३	"	
	रात्रि विश्राम	७४–७७	वसन्ततिलका	७७औं श्लोक पञ्चचामर

२६. (क) दण्डी; काव्यादर्श (१.१४)।
(ख) विश्वनाथ; साहित्य दर्पण (६।३।१९)।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

सर्ग	विषय	श्लोक सङ्ख्या	छन्द	विशेष टिप्पणी
३.	प्रातः काल	१–२२	पृथ्वी	
	मिथिला गमन	२३-२४	"	
	शिवधर्नुर्भङ्ग	२५–३४	"	
	सीता स्वयंवर	३५–३६	"	
	विवाह	३८–४१	"	
	परशुराम दमन	४६–५६	"	
	अयोध्या गमन	५७–६१	मालिनी	६० र ६१ श्लो. क्रमशः स्वागता र हरिणी
४.	उत्तर वयको विचार	१–१४	पुष्पिताग्रा	
	यौवराज्य भङ्ग	१५–२९	"	
	राम वनवास	३०–३४	"	
	लक्ष्मणको दृढ प्रेम	३५–३६	"	
	सीताको पति भक्ति	३७–४९	"	
	वन प्रस्थान	५०–५७	"	
	अयोध्यामा शोक	५८–६४	"	
	भरत–विलाप	६५–७२	"	
	भरतको प्रस्थान	७३–७९	मन्दाक्रान्त	७३ औं श्लो. पुष्पिताग्रा ७८–७९ श्लो. वसन्ततिलका
५.	पितृ शोक	१–१६	वियोगिनी	
	वसिष्ठको प्रबोधन	१७–३८	"	
	भरतादिको विनय	३९–४८	"	
	रामको अटलनिष्ठा	४९–५८	"	
	भरतको प्रत्यावर्तन	५९–६१	क्रमशः वियोगीनी, स्रग्धरा र हरिणी	
६.	शारदशोभा	१–१२	मालिनी	
	पञ्चवटी प्रवेश	१३–१६	"	
	रामाश्रम	१७–३०	"	
	दिन चर्या	३१–३९	"	

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

सर्ग विषय	श्लोक सङ्ख्या	छन्द	विशेष टिप्पणी
हेमन्त समय	४०–४१	मालिनी	
शूर्पणखादि दमन	४२–५२	"	
मारिचबध	५३–६५	"	६५ औं श्लो. मन्दाक्रान्ता
७. रावणको दुष्टता	१–१०	मन्दाक्रान्ता	
सीताहरण	११–२३	"	
लङ्कानयन	२४–३०	"	
रामको व्याकुलता	३१–३९	"	
रामको धैर्य	४०–४४	"	
जटायु र कवन्दको सद्गति	४५–४९	"	
शवरी सङ्गम	५०–५१	पृथ्वी	
पम्पा प्राप्ति	५२–५४	"	
८. वसन्त ऋतु	१–२६	द्रुतविलम्बित	
वासन्तिक बाधा	२७–५२	"	५१–५२ श्लो. पृथ्वी
वानर सङ्गम	५३–५५	पृथ्वी	५५ औं श्लो. हरिणी
९. मित्रलाभ	१– ९	प्रहर्षिणी	
सुग्रीव संगम र मित्रता	१०–३९	"	
सुग्रीवलाई राज्यलाभ	४०–४३	"	
ऋतु परिवर्तन	४४–४८	"	
वानर प्रेषण	४९–५१	"	
हनूमानको साहस	५२–६४	"	६१–६३श्लो. पृथ्वी र ६४ औं श्लो. स्रग्धरा
१०. उत्साह र साहस	१– ६	गीति	
समुद्र प्लवन	७–१७	"	
सीता दर्शन	१८–२०	"	
हनूमत्सीता संवाद	२१–४०	"	
लङ्का विध्वंश	४१–४८	"	
लङ्का दहन	४९–५५	"	
हनूमानको प्रत्यागमन	५६–६२	"	

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

सर्ग	विषय	श्लोकसङ्ख्या	छन्द	विशेष टिप्पणी
	लङ्का यात्रा प्रबन्ध	६३–६५	हरिणी	६५ औं श्लो. लीलावती
११.	रावणको अधर्म प्रकृति	१–१३	शार्दूलविक्रीडित	
	विजय यात्रा	१४–१६	"	
	सामुद्रिक प्रतिबन्ध	१७–१८	"	
	सेतु–निर्माण	१९–२५	"	
	समुद्रपार गमन	२६–२७	"	
	विभीषणको ग्रहण	२८–३०	"	
	अङ्गदको दूतकर्म	३१–३६	"	
	राम–रावण युद्ध	३७–५०	"	
	रावण वध	५१–५८	"	
	सीता भेट र आश्वासन	५९–६७	"	
	विभीषण राज्य	६८–६९	"	६९औं श्लो. वसन्ततिलका
१२.	विजयानन्द	१–११	मत्तमयूर	
	रामको विमान यात्रा	१२–२८	"	
	भारद्वाजाश्रम प्राप्ति	२९–३१	"	
	भरतादिको प्रत्युद्गमन	३२–३५	"	
	आत्मीय समागम	३६–४४	"	
	हर्षोदय	४५–४८	"	
	पुर-प्रासाद प्रवेश	४९–५२	"	
	आनन्दवृद्धि	५३–५७	५३–५४ श्लो. मत्तमयूर, ५५–५६ पञ्चचामर, ५७ औं पृथ्वी	
१३.	राजसम्मान	१–१०	हरिणी	
	श्रीराम राज्याभिषेक	११–२२	"	
	नगर यात्रोत्सव	२३–२८	"	
	वशिष्ठको शुभोपदेश	२९–४५	"	
	प्रजामा आनन्दोत्सव	४६–४९	"	
	सुग्रीवहरूको विदाइ	५०–५५	"	
	रात्रि समय	५६–५८	वसन्ततिलका	
१४.	चन्द्रोदय	१–१५	भुजङ्ग प्रयात	
	रामको आनन्दवाणी	१६–३८	"	

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

	सीताको प्रेमोक्ति	३९–४९	भुजङ्ग प्रयात
	राज्यकार्य चिन्ता	५०–५४	५०–५१ श्लो. भुजङ्ग प्रयात, ५२–५३ मत्तमयूर,५४ औं.स्रग्धरा।
१५.	सौराज्य	१–१०	गीति
	धर्म रक्षा	११–२०	स्रग्विणी
	कार्य प्रबन्ध	२१–२५	शालिनी
	देश शोभा	२६–३५	पुष्पिताग्रा
	सन्नीति	३६–४८	अनुष्टुप
	राजा र प्रजाको प्रेम र भक्ति	४९–५६	शिखरिणी
	सैनिक शक्ति	५७–६१	पृथ्वी
	प्रताप	६२–६९	पञ्चचामर
	कीर्तिगान	७०–७३	वसन्ततिलका
१६.	संसार	१– ६	उपगीति
	सीताको त्याग	७–२०	"
	सीताको वेदना	२१–३०	"
	लक्ष्मणको विवाद	३१–३६	"
	वाल्मिकीको आश्रममा वास	३७–४१	"
	सीतालाई प्रवोधन	४२–५१	"
	कुश लव जन्म संस्कार	५२–५७	"
	रामको अवस्था	५८–६०	"
	अश्वमेध यज्ञ	६१–६६	"
	कुश लवको प्रवेश	६७–६८	"
	वाल्मिकीको उक्ति	६९–७५	"
	सीताको उदयास्त	७६–८७	"
	जय जयकार	८८-९९	कुटक (नर्कुटक ?)

यस महाकाव्यमा एक हजार वयसठ्ठी श्लोक देखिन्छन् र मात्रिक र वार्णिक (वर्ण मात्रिक ?) क्रमशः ३ र २१ गरी जम्मा चौबीस प्रकारका छन्दको प्रयोग पाइन्छ २७।

---

२७. विभिन्न कोणबाट आदर्श–राघव महाकाव्यको विश्लेषणात्मक अध्ययन यसै खण्डको दोस्रो परिच्छेदमा गरिएको छ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

(२) चन्द्रचरित र 'आदर्श–राघव' को तुलनात्मक अध्ययन - सोमनाथ सिग्देलको २००५ सालमा प्रकाशित आदर्श–राघव महाकाव्य चन्द्र शमशेरको वर्णनमा लेखिएको महाकाव्यकै परिवर्तित रूप हो भन्ने धमिलो संभना र एकाध व्यक्तिबाट त्यसको उल्लेख[२८] समेत पाइए पनि यस भनाइको प्रामाणिक पुष्टि हुन सकेको थिएन। समय समयमा सोमनाथको **आदर्श–राघव** सम्बन्धी चर्चाको प्रसङ्गमा बालकृष्ण समबाट प्राप्त सङ्केतहरूको आधारमा आदर्श–राघवको प्राथमिक रूप भिन्दै रहेको र अत्यधिक परिमार्जन र परिष्कारका कारणबाट यो आदर्श–राघव निकै कठिन र क्लिष्ट रूपमा प्रकाशित हुन आइपुगेको कुराको जानकारी प्राप्त भएको हो[२९]। यसैबाट पनि आदर्श–राघव (२००५) का पछाडि लामो– साधना रहेको पुष्टि मिल्छ, भने हाल प्राप्त **चन्द्रचरित** उत्तरार्धका कतिपय अंशहरू कतै अविकल र कतै केही परिवर्तित रूपमा **आदर्श–राघव** मा देखा परेकाले **आदर्श–राघव** को जग **चन्द्रचरित (रचनाकाल: १९७६–८६)** नै रहेको कुरा पूर्णत: स्वीकार्नु पर्ने देखिन्छ।

शैलीगत रूपबाट हेर्दा **चन्द्रचरित** र **आदर्श–राघव** का बीच प्रशस्त समरूपता देखापर्छ। दुवै महाकाव्य पूर्वीय लक्षण–ग्रन्थका अध्ययनबाट पूर्णरूपले सचेत भएर लेखिएका छन् भने छन्द प्रयोगमा पनि दुवैमा साम्य पाइनाका साथै उपशीर्षकका आधारमा विषय वर्णन गर्ने परिपाटी पनि दुवैमा देखिएबाट प्रस्तुतीकरणको शैलीमा पर्याप्त समानता पाइन्छ।

चन्द्रचरित चन्द्र समशेरका विषयमा र **आदर्श–राघव** रामचन्द्रका विषयमा लेखिएका महाकाव्य हुनाले यी दुवैमा विषयगत रूपबाट भिन्नता देखिनु स्वाभाविक हो, देखिएको पनि छ; तै पनि केही प्रसङ्गमा भने यी दुवैमा समानता छँदैछ।

चन्द्रचरित को दशम सर्ग र आदर्शराघव को चतुर्दश सर्गका कतिपय श्लोकहरूमा[३०] शैलीका साथै विषयका दृष्टिले समानता पाइएको छ र उदाहरणार्थ एकाध नमूना प्रस्तुत छन्:–

२८. राममणि रिसाल; नेपाली काव्य र कवि, पृ. २७।

२९. (क) २०३३ सालमा बालकृष्ण समद्वारा लेखकसँगको भेटमा दिइएको जानकारी।

(ख) वासुदेव त्रिपाठी; **सिंहावलोकन** (दो. स.), पृ. ८४।

३०. (क) **आदर्श–राघव**, १४ सर्ग, श्लो. १ र ३—४।

(ख) **चन्द्रचरित**, १० सर्ग, श्लो. ३३—३५।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

उदाए नयाँ चन्द्र आनन्द छाई,
उदाए तमोमोह आलोक छाई
रसाए सुधा वृष्टिले लोक सारा,
गराए दिशा गेह पूरा उधारा ॥
(चन्द्रचरित १०।३३)

उदाए सरी भूमिमा रामचन्द्र,
उदाए नभो- मागमा पूर्णचन्द्र ।
सुहाए सरी जानकी रामचन्द्र,
सुहाए त्यहाँ चन्द्रिकासाथचन्द्र ॥
(आदर्श-राघव १४।१)

\+ \+ \+

खुल्यो क्या रसिलो प्रभा दूरसम्म,
भुल्यो लोकले शोक सन्ताप टम्म ।
मिल्यो शान्तिको उच्च मात्रा पवित्र,
खिल्यो प्रेम पुष्पाञ्जली चित्त भित्र ॥
(चन्द्रचरित १०।३४)

रसिलो अवस्था थियो दूरसम्म
भयो शान्ति-पूर्ण प्रभाले अचम्म ।
पर्‍यो लोक आलोकमा मस्त गम्म,
रह्यो चित्त आनन्दमा तृप्त डम्म ॥
(आदर्श-राघव १४।३)

चन्द्रचरित को अठारौं अर्थात् अन्तिम सर्ग र आदर्श-राघव को उपान्त्य अर्थात् पञ्चदश सर्ग समान प्रकृतिका देखिन्छन् । यी दुवै सर्गमा बाह्य रूपबाट हेर्दा विविध विषयका लागि विविध छन्दको प्रयोग गर्ने प्रणाली उस्तै किसिमको छ र विषय वस्तुका दृष्टिले पनि पर्याप्त समानता पाइन्छ[३१] । उदाहरणार्थ केही श्लोक प्रस्तुत छन्:-

३१. तुलनीय (१) (क) आदर्श-राघव, १५ सर्ग श्लो. ५७-६० क्रमशः
(ख) चन्द्रचरित, ११ सर्ग, श्लो. १,३,७, ५ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

संसारिक नाटकमा वैज्ञानिक सूत्रधार जो होला ।
उचा पात्रहरूको सकल उज्यालो उही लिने होला ।।१।।
(चन्द्रचरित)

अद्‌भुत भव नाटकमा वैज्ञानिक सूत्रधार जो हुन्छन् ।
ठूला पुरूपहरूका खेल उनैबाट खेलिने हुन्छन् ।।४।।
(आदर्श–राघव)

\+ \+ \+

ईश्वरको सत्तामा खडा भएको अनन्त सन्ततिमा ।
झल्कन्छ विशेष कहीं विजुली झैं दिव्य शान्तिको महिमा ।।२।।
(चन्द्रचरित)

जगदीश्वरको जगमा जगमग जातीय जीव–जीवनमा ।
झलक्क झल्कन्छ कहीं विजुली झैं दिव्य भावको सुषमा ।।५।।
(आदर्श–राघव)

वास्तवमा **चन्द्रचरित** को सौराज्य (गीति) सँग **आदर्श-राघव** को सौराज्य (गीति) को तेस्रो श्लोकलाई छोडेर अरू सबै श्लोक मिल्दछन् । **चन्द्रचरित** को फौजी उन्नति नामक एघारौं सर्गको फौजी सुधार दृष्टि विषयक वर्णनसँग **आदर्श-राघव** को पञ्चदश सर्गको सैनिक शक्ति उपशीर्षक सम्बन्धी वर्णन अन्तिम श्लोक (६१) लाई छोडेर अन्य अंशका दृष्टिले मिल्दो जुल्दो पाइन्छ:–

चल्यो मुकुट माथमा जब यहाँ महाराजको,
बढ्यो अब सुधारमा नजर गोरखाराजको ।
नवीन नृप चन्द्रको उदयका प्रभाले भरी,
समुन्नति समुद्रमा लहरि देखियो बेसरी ।।
(चन्द्रचरित- ११.१)

चढ्यो मुकुट माथमा जब यहाँ महाराजको,
बढ्यो उचित योजना प्रबल तेजिलो ताजको ।

[२] [क] आदर्शराघव, १५ सर्ग, श्लो. १–२,४–६ र ६२–६६ क्रमश:
(ख) चन्द्रचरित, १८ सर्ग, श्लो. १८ र १६, १,२,१०, ११,६,३८–४५ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

नरेन्द्र रघुनाथको निजत्व जैनमाली यहाँ,
प्रतिष्ठित भई रहिन् सतत वीर-लक्ष्मी यहाँ
(आदर्श-राघव, १५ ५७)

यस पछि **चन्द्र-चरित** को अठारौं सर्गको महिमा (पञ्च चामर) सँग **आदर्श-राघव** को पञ्चदश सर्गको प्रताप (पञ्चचामर) वर्णनमा प्रायः अविकल रूपमा सबै श्लोक मिल्न पुगेको देखिन्छ। जस्तै प्रथम श्लोक –

नरेन्द्रमा महेन्द्रको रवाफ तेज अग्निको
कमान धर्मराजको प्रभाव नैऋतेशको।
प्रभाजलाधिनाथको पवित्र भाव वायुको
विभूति राज राजको रहन्छ भाव शम्भुको
(चन्द्र-चरित,१८।३८)

नरेन्द्रमा महेन्द्रको प्रताप, राप अग्निको,
कमान धर्मराजको रवाफ नैऋतेशको।
प्रभाजलाधिनाथको पवित्र-भाव वायुको,
विभूति राज राजको थियो स्वरूप शम्भुको।
(आदर्श–राघव,१५।६२)

यस अनुसार **चन्द्रचरित** (१९७६-८६) महाकाव्यको उपलब्ध उत्तरार्ध अंश र **आदर्श-राघव** (२००५) महाकाव्यकै वीच पनि समरूपता पाइन्छ भने पूरै **चन्द्रचरित** पाइएमा यस समरूपताको मात्रा अझ वढ्न सक्ने सम्भावना छ।

यस प्रसङ्गमा दुई महाकाव्यमा प्रयुक्त भाषाको सम्बन्धमा पनि केही टिप्पणी आवश्यक देखिन आउँछ। **आदर्श-राघव** महाकाव्यको भाषा आवश्यकता भन्दा अधिक संस्कृतमय र क्लिष्ट हुन पुगेको छ भने **चन्द्रचरित** निकै सरल भाषामा लेखिएको छ। **आदर्श–राघव** मा पर्याप्त मात्रामा संस्कृत शव्दहरूको प्रयोग हुँदा हुँदै पनि वीच वीचमा पर्न आएका उर्दू-फारसी शव्दहरू **चन्द्रचरित** कै अवशेष अनुभव हुन्छन्, किनभने **चन्द्रचरित** मा तात्कालिक प्रशासनले चलाएका अङ्ग्रेजी सहित उर्दू-फारसी शव्दहरूको भरमार प्रयोग छ। यसैले **चन्द्र-चरित** मा रहेका उर्दू–फारसी शव्दहरूको भरमार प्रयोगवाट सचेत भई तिनीहरूलाई हटाउने प्रयास वा तिनीहरूको संस्कृतकरणगर्दा **आदर्श–राघव** को भाषा

CC-0. In Public Domain. Digitization by eGangotri

कठोर हुन पुगेको हो भन्न सकिने निकै सम्भावना छ। तैपनि **आदर्श-राघव** को भाषा **चन्द्रचरित**को भन्दा क्लिष्ट वा कठोर हुनामा यही एउटा मात्र कारण चाहिँ होइन। **चन्द्रचरित** महाकाव्यको प्राप्त उत्तरार्धको अनुशीलनबाट के थाहा पाइन्छ भने तात्कालिक नेपालका घटना-विवरणका आलोकमा चन्द्र शमशेरको जीवनीलाई विस्तारित रूप दिनु नै **चन्द्रचरित** महाकाव्यको मूल प्रतिपाद्य वा उद्देश्य रहेको छ तर **आदर्श-राघव** महाकाव्य चाहिँ रामचन्द्रको आदर्श चरित्रको वर्णनका माध्यमले आयोजना गरिएको पूर्वीय पाण्डित्य र काव्य शास्त्रीय दृष्टि-बाट महाकाव्यको निर्दोष नमूना-प्रदर्शन हो। त्यसैले विविध दार्शनिक सूक्ष्मता-लाई प्राचीन शैली-शिल्पकै सजधजका साथ अभिव्यक्ति गर्ने प्रयास र महाकाव्यको लक्षण-निर्देशनहरूको यथावत पालना गर्ने चाहना नै **आदर्श-राघव** महाकाव्यको क्लिष्टता र विशिष्टताको कारण बन्न पुगेको अनुभव हुन्छ।

निष्कर्षमा केही तुलनात्मक टिप्पणीहरू प्रकट हुन्छन्। **चन्द्रचरित** को प्रेरणा विन्दु राजभक्ति वा शासक स्तुतिबाट सम्भाव्य ऐहिक लाभ हो भने **आदर्श-राघव** को प्रेरणा स्रोत चाहिँ पारमार्थिक प्रतीत हुन्छ। अनि पहिलो महाकाव्यको भाव-भूमि भक्तिको राजभक्ति भेद हो र दोस्रो महाकाव्यको अन्तःस्थ प्रेरक चेतना भक्तिकै भगवद् भक्ति वा देवभक्ति भेद हो। पहिलो महाकाव्यको लक्ष्य शासक चन्द्र शमशेरको स्तुतीमय जीवनी लेख्नु हो भने दोस्रो महाकाव्यको साध्य मर्यादा पुरुषोत्तम रामको चरित्र गाथा लेख्नु हो[३२]। जहाँसम्म सोमनाथको अगाध विद्वता र बौद्धिकता (दर्शन समेत) को प्रश्न छ, **चन्द्रचरित** ले त्यसको त्यति ज्यादा स्पर्श पाएको छैन भने **आदर्श-राघव** ले यसबाट (अर्थात् व्युत्पत्तितत्त्वबाट) प्रशस्त वजन ग्रहण गरेको छ। **चन्द्रचरित** मा आधिकारिक दृष्टिबाटै भएपनि सोमनाथ समसामयिक वस्तु स्थिति तिर उन्मुख छन् भने **आदर्शराघव** प्रायः समकालिन छवि भन्दा सांस्कृतिक अतीतका छवि तिर बढी उन्मुख छ। शैल्पिक गरिमाका दृष्टिले चाहिँ **चन्द्रचरित** सोमनाथको काव्य यात्राको मध्यवर्ती प्रयास हो भने **आदर्श-राघव** त्यसको प्रायः पराकाष्ठा हो। यति हुँदा हुँदै पनि **चन्द्रचरित** र **आदर्श राघव** का केही अंश मिल्दछन् भने त्यसको आधार भारविदेखिको पूर्वीय महा-काव्य सम्प्रदायमा स्वीकृत त्यो वर्णन पद्धति नै हो जस अन्तर्गत कथानक प्रवाह

३२. यस प्रसङ्गमा **चन्द्रचरित** को परिणति **आदर्श-राघव** बन्न पुगेका घटनाले कुलचन्द्रको अलङ्कार **चन्द्रोदय** (१९७६) राघवालङ्कार (२०१५) मा परिणत भएको पनि स्मरण गराउँछ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

वा चरित्र विकासका सार्थ वातावरणको गतिशीलताका दृष्टिले अपेक्षितभन्दा प्रायः अनपेक्षित रूपमा विविध विषयको वर्णण गर्ने परम्परा पाइन्छ ३३। वास्तवमा उपर्युक्त दुवै महाकाव्यमा मिल्ने स्थलहरू महाकाव्य प्रवाहसँग प्रायः निरपेक्ष र झिनो सम्बन्ध भएका चन्द्रोदय, महिमा वर्णन, सौराज्य, सैनिक शक्ति (फौजी उन्नति) आदि विषयका वर्णन नै हुन् भने सोमनाथले **आदर्श–राघव** लेख्दा **चन्द्रचरित** मा पहिल्यै लेखि सकेका ती विषयका वर्णनहरूको केही कांट छाटका साथ यथावत समावेश गर्नु स्वाभाविकै हो। यस दृष्टिले **चन्द्रचरित** का उत्तरार्धका भेटिएका छसय श्लोक मध्ये बाइस श्लोक **आदर्श–राघव** मा मिलेबाट प्रतिशतका हिसाबले **आदर्शराघव** मा **चन्द्रचरित** को सङ्ख्यात्मक योगदान लगभग २.०६ प्रतिशत अनुमानित हुन्छ ।

(३) सोमनाथको काव्य यात्रा र 'आदर्श–राघव' महाकाव्य–चन्द्रचरित महाकाव्य (१९७६–८६) बाट प्रारम्भ भएको सोमनाथको काव्य यात्राको दोस्रो चरणको तेस्रो अवधिमा देखा पर्ने यो **आदर्श–राघव** महाकाव्य (२००५) उनको एक चौथाई दशकको महाकाव्य साधनाको चूडान्त उचाइको रूपमा देखिन्छ। कविताको वृहत्तर रूप अर्थात् महाकाव्य स्तरमा प्रकट **आदर्श राघव** सोमनाथ सिग्देलको सम्पूर्ण काव्य यात्राको सर्वोत्कृष्ट कृति मान्न सकिन्छ। पूर्वीय काव्यशास्त्रले दिएका महाकाव्य सम्बन्धी समग्र लक्षणहरूलाई लिई पूर्वीय पाण्डित्यकै आधारमा पर्याप्त शिल्प साधनका साथ प्रस्तुत यो महाकाव्य कवि तथा महाकवि सोमनाथ सिग्देलको खास मूल्यांकनको एक मात्र बलियो र भरपर्दो आधार बन्न पुगेको छ। जे होस्, सोमनाथको **आदर्श–राघव** (२००५) को प्रकाशन कालमा उनी पैंसट्ठी वर्षका भै सकेकाले उनको काव्य यात्राको आरोहको चरम विन्दु यही महाकाव्य हुन गएको छ। यसपछि सम्भवतः अन्य व्यस्तताले ३४ र वृद्धौलीका कारणले गर्दा पनि त्यस पछि उनी नेपाली कविताका फाँटबाट

---

३३. सन्ध्यासूर्येन्दुरजनी प्रदोषोध्वान्त वासराः। प्रातर्मध्याह्नमृगयाशैलर्तु-वनसागराः। विश्वनाथ; पूर्ववत्, ६।३२२ पृ. ३५१–५२।

३४. सम्भवतः त्यो व्यस्तता २००७ साल पछिको मुक्त र संमानित परिवेषमा शैक्षिक वा अन्य संस्था वा अड्डाको काम–काज तथा **साहित्य–प्रदीप** (२०१६), **सपरिच्छद सुधार कार्य विवरण** (२०१७) र **कौटिल्यको अर्थशास्त्र** (२०२४) को लेखन–सम्पादनका कारणबाट उत्पन्न भएको हुनसक्छ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

नयाँ रचनाका दृष्टिले यदाकदा झुल्किए पनि प्रायः अलप भएको पाइन्छ। यसपछि लामो अन्तरालमा एकाध फुटकर कविता लिएर वेलाबखत नेपाली कविताका क्षेत्रमा झुल्के पनि वस्तुतः सोमनाथको काव्य यात्राले **आदर्श–राघव**(२००५)बाटै विश्रान्ति लिए झैं अनुभव हुन्छ।

१.३.३ तृतीय चरणका रचना

सोमनाथको काव्य यात्रामा **आदर्श–राघव** (२००५) पछि लामो अन्तराल देखापर्छ। २०१३, २०१६ र २०२२ सालमा जम्मा तीन पटक नयाँ रचना लिएर उनी देखा परेका छन्। वस्तुतः तेस्रो चरणमा आइपुगेपछि उनका कविता यात्राले अपराह्नको घाम (७०–७५ वर्षको उमेर।) झैं लोझाउँदै अवरोहको मार्ग समात्न पुगेको देखिन्छ। **आदर्श–राघव** (२००) महाकाव्यको प्रकाशन पछि पनि सोमनाथले एक चौथाई शताब्दी जति लामो जीवन व्यतित गरे, तर यस बीचमा केही मौलिक र केही अनूदित फुट्कर कविता सिवाय अरू देखा नपर्नुबाट उपर्युक्त कथनको बलियो पुष्टि हुन्छ। यस चरणमा उपलब्ध सोमनाथका कविताहरूको परिचयात्मक वर्णन निम्न अनुसार गर्न सकिन्छः–

(१) **शुभाभिनन्दन–** श्री ५ महेन्द्रको राज्याभिषेकको उपलक्ष्यमा **गोरखापत्र** (२०१३ वैशाख २०) ले प्रकाशित गरेको विशेषांकमा प्रकाशित यस कवितामा सन्दर्भ बमोजिम नै राजस्तुतिको प्रधानता छ। साथै मुलुकको समकालीन राजनीतिक परिवेष र सांस्कृतिक गरिमाको गायन पनि यस कवितामा भएको छ। सत्ताईस श्लोक भएको र आर्या (गीति) छन्दमा लेखिएको प्रस्तुत कविताले सोमनाथको शैली–परिष्कारलाई फेरि एक पटक सम्झाउँछ। वास्तवमा यस कविताले **आदर्श–राघव** महाकाव्यको पन्ध्रौं सर्गको सौराज्य–वर्णन अन्तर्गतका श्लोकहरूसँग शैली र भित्री भाव दुवैका तहमा निकटताको सम्बन्ध राख्दछ। उदाहरणका लागि केही पद्य यस प्रकार छन्:–

श्री ५ त्रिभुवनले त्याग गरी रोपियो प्रजातन्त्र
नेपालमा यही भो उन्नति पथमा चढाउने यन्त्र ॥३॥
\+ \+ \+
उँचो हिमाल गिरिका छहराहरू झैं रसाउँदै सारा
जसका वहिरहन्छन् देशप्रेम प्रसादका धारा ॥७॥
\+ \+ \+
पाई शुभावसर यो अभिषेक विधान अङ्ग मङ्गलको
जय जयकार मनाई दीर्घायु पुकार्दछौं नराधिपको ॥२६॥[३५]

३५. सोमनाथ सिग्देल, 'शुभाभिन्दन' गोररवापत्र, २०१३ वैशाख २४, पृ. १६।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

(२) **'साहित्य–प्रदीप'का मौलिक तथा नयाँ फुटकर कविता**–विविध लक्षण र उदाहरणहरू दिने क्रममा सोमनाथले **सहित्य–प्रदीप** (२०१६) मा नयाँ र मौलिक केही कविताहरू पनि प्रस्तुत गरेका छन् **आदर्श–राघव** (२००५) पछि यिनका नयाँ कविता सर्वप्रथम **साहित्य–प्रदीप** (२०१६) मै प्रकाशित पाइन्छन्। यी कविताहरू मध्ये अधिकांशमा एउटै श्लोकमा लक्षण र उदाहरण प्रस्तुत गर्ने शैलो भेटिन्छ। जस्तैः–

'अन्योन्य' हुन्छ दुइमा उपकार परस्पर ।
रातले चन्द्र शोभिन्छन् रात शोभिन्छ चन्द्रले ॥

\+

सुहाउँदो योग 'सम' मिल्दा जुल्दा पदार्थको ।
शरत्तको पूर्णिमा ज्यादै शोभियो पूर्ण चन्द्रले ॥[३६]

(३) **साहित्य–प्रदीप' का फुट्कर अनूदित कविताहरू– साहित्य–प्रदीप** का विभिन्न ठाउँमा नेपाली कविका मौलिक कविताहरू उदाहरणका रूपमा पाइए पनि प्रसिद्ध संस्कृत–काव्यका लक्षण–ग्रन्थहरूमा उद्धरण गरिने खालका संस्कृत श्लोकका नेपाली अनुवाद पर्याप्त मात्रामा भेटिन्छन्। समान छन्द र शैलीलाई अँगाल्दै अनुवाद गर्न खोज्दा मूलको भावलाई यथावत रूपमा अभिव्यक्ति दिनु निकै अप्ठयारो कुरो भए पनि कतिपय स्थानमा चाहिँ सोमनाथ यस कार्यमा राम्रै सफल हुन पुगेको अनुभव हुन्छ, जस्तैः–

कवि यौटा विधाता हुन् अनौठो काव्य– विश्वको ।
इच्छानुसार उनको सृजना हुन्छ विश्वको ॥
श्रृङ्गारि छन् कवि भने रसिलो विश्व बन्दछ ।
उनी नीरस बन्दामा विश्व नीरस बन्दछ ॥[३७]

कतै भने उनले जेनतेन अर्थलाई प्रष्ट्याए पनि मूल– संस्कृत श्लोकले प्रदान गर्ने संगीतमय मधुरता व्यक्त गर्न नसकेको प्रतीत हुन्छ–

---

३६. **साहित्य–प्रदीप**, पूर्ववत्, पृ. ११८ ।

३७. अपारे काव्य संसारे कविरेकः प्रजापति
यथास्मै रोचते विश्वं तदेवं परिर्तते ॥
श्रृङ्गारी चेत्कविः काव्ये जातं रसमयं जगत् ।
स एव वीतरागश्चेन्नीरसं सर्वमेव तत् ॥
ध्वन्यालोक (३।४३) **साहित्य–प्रदीप** मा उद्धृत पृ. २१।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

अडी उमाका क्षणमात्र पक्ष्ममा,
ठटाइ ओठ, स्तनमा बजारिइा ।
छिया छिया भै नव बिन्दु वृष्टिका,
पुगे वलीमा भरिएर नाभिमा ॥[३८]

हिँडाइने दीपशिखा सरी भै नाघ्थिन् जसै ती नृपकन्याकाले ।
राजाहरूले पथका हवेली समान कालो मुख पार्न थाले ॥[३९]

(४) **भावना–** अनुष्टुप छन्दको आठ श्लोकमा लेखिएको प्रस्तुत कवितामा पनि अध्यात्म– चिन्तनकै रूप–रेखा प्रकट भएको छ र शैल्पिक सजधजभन्दा अद्यात्मविचार कवितात्मक भावमा पर्याप्त मात्रामा प्रवाहित भएको अनुभव हुन्छ र यसै कवितामै मात्र उनको काव्य यात्राको तेस्रो चरणको सुषमा अवलम्बित भएको अनुभव हुन्छ । जस्तै:–

उषाको मिमिरे आभा बलँदै फैलिँदै आयो ।
हटाई मोहिनी पर्दा भावनालाई ब्युँझायो ॥
मनैको सिर्जना सारा राख्छ यो जालमा पारी ।
मनैको भावना साथे तत्त्व भेट्ने छ संसारि ॥[४०]

यसरी आफ्नो लामो काव्ययात्राको लगभग पच्चीस वर्ष तेस्रो चरणमा कवि सोमनाथ एकदमै श्रान्त र दुब्ला देखिन्छन् । कवित्वका दृष्टिले श्रान्त–क्लान्त यस चरणमा उनी मूलतः प्रजातन्त्रको उदय पछिको मुक्त परिवेष तथा आफ्ना र अन्य संस्थाका व्यस्तता तथा **साहित्य-प्रदीप** (२०१६) को र अंशतः अन्य

---

३८. स्थिताः क्षणं पक्ष्मसु ताडिताधराः पयोधरोत्सेध निपात चूर्णिताः ।
वलीषु तस्याः स्खलिता प्रपेदिरे चिरेण नाभिं प्रथमोदबिन्दवः ॥
कुमार संम्भवम् ५।२४ पूर्ववत्, पृ. ६६ ।

३९. सञ्चारिणी दीपशिखेव रात्रौ यं यं व्यतियाय पतिंवरा सा ।
नरेन्द्रमार्गाट्ट इवः प्रपेदे विवर्णभावं स स भूमिपालः
रघुवंश ६।६७ पूर्ववत् पृ. ६७ ।

४०. सोमनाथ सिग्देल; 'भावना' **कविता**, वर्ष १, अङ्क ३, पृ. २०५ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

ग्न्य सपरिचय सुधार कार्य विवरण र कौटिल्यको अर्थशास्त्र को सम्पादन प्रकाशनका तयारी तर्फ लाग्नाले यस बखत नेपाली कविताको क्षेत्रमा वस्तुतः अनुपस्थित तुल्य रहेका हुनन् । अथवा नेपाली कविताका महारथी देवकोटाका कविता र काव्य धाराले समेत चरमता प्राप्त गरी विदाइ लिसइकेको यस घडीमा सोमनाथले आफ्ना नयाँ कविताको कुनै आवश्यकता नठानेको पनि हुनसक्छ । साथै आभ्यासिक कवि हुनाले जरा जीर्ण र रोगविदीर्ण त्यस उमेरमा उनको कविता साधना शिथिल हुनु पनि स्वाभाविकै देखिन्छ । जे होस्, कविका रूपमा सोमनाथका प्राप्ति र अप्राप्ति दुवैलाई देखाउने एक मात्र कृति **आदर्श-राघव** (२००५) नै हो र यस पछिका उनका एकाध कविताको खास कुनै महत्त्व नभएको कुरा चाहिँ प्रष्टै छ । वस्तुतः उनको काव्य-यात्राको तेस्रो चरण केवल औपचारिक चरण मात्र प्रतीत हुन्छ र उनको काव्य यात्राको वास्तविक पूर्ण विराम चाहिँ दोस्रो चरणकै अन्तिम र उच्च रचना **आदर्श-राघव** (२००५) नै हो भन्ने कुरा यसवाट पनि पुष्टि हुन्छ ।

१.४ कविता यात्राको निष्कर्ष

कवि सोमनाथ सिग्देलको कविता-यात्रा वा काव्य यात्रा तथा यसका विभिन्न चरण र तिनका रचनाको सामान्य विश्लेषण गरी हेर्दा केही निष्कर्ष निवलन्छन् र प्रत्येक चरणको समाप्तितिर तिनको सङ्केत पनि भइसकेको छ । तिनै सङ्केतलाई बटुल्दै भन्न खोज्दा समष्टिमा सोमनाथको काव्य-यात्राको चरणगत निष्कर्ष यस प्रकार देखापर्छ:–

(१) सोमनाथको कविता-यात्राको प्रथमचरण उनको कवित्वको प्रारम्भिक साधनकै रूपमा महत्त्वपूर्ण छ । यस चरणका सोमनाथको खास महत्त्व माध्यमिक कालको उत्तरार्धमा शृङ्गार धाराको संवर्धनमा वा शैल्पिक खोजका सन्दर्भमा मात्रै छ । यसवाट सोमनाथको ऐतिहासिक योगदान सम्बन्धी महत्त्व झल्किए पनि काव्ययात्मक शाश्वत मूल्य चाहिँ त्यति प्रकट हुँदैन ।

(२) नेपाली कविताको क्षेत्रमा सोमनाथको योगदान मूलतः दोस्रो चरणमै आधारित छ । त्यसमा पनि **चन्द्रचरित** को पूर्वाभ्यास र **आदर्श-राघव** को प्रकाशन नै यस-चरणको पनि केन्द्रीय घटना हो । तेस्रो चरण कुनै पनि दृष्टिले खास महत्त्वको देखिंदैन ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

(३) त्यसैले निष्कर्षका पनि निष्कर्षमा सोमनाथको नेपाली कविता साधनको मूल मौलो **आदर्श–राघव** नै ठहर्छ र उनका आधुनिक काव्य प्रवृत्तिको परिपाकका साथै उनको काव्य मूल्यको मानक पनि यही महाकाव्य नै हो।

(४) यिनै कारणहरूले गर्दा महाकाव्यकार सोमनाथले प्रस्तुत गरेको वैशिष्ट्य र योगदानलाई पहिचान्न र उनको कविताको वास्तविक मूल्यलाई निर्धारण गर्न पनि मूलतः नेपाली महाकाव्य परम्पराका सापेक्षतामा विभिन्न कोणबाट **आदर्श–राघव** को विश्लेषणात्मक अध्ययन गर्नुपर्ने देखिन्छ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

दोस्रो परिच्छेद

नेपाली महाकाव्य परम्परामा 'आदर्श–राघव' ले प्रस्तुत गरेको वैशिष्टय

लहराप्रति माटो र पानी मिलेको बीउ जस्तै कवितាप्रति विद्या र अभ्यास मिलेको प्रतिभा नै कारण हुन्छ।

–जयदेव (चन्द्रालोक)

२.१ वैशिष्ट्य निर्धारणका आधार र प्रक्रिया

नेपाली महाकाव्य परम्परामा सोमनाथ सिग्देलले प्रस्तुत गरेको वैशिष्ट्य र योगदानको मूल आधार **आदर्श–राघव** महाकाव्य नै हो। यस कुराको सामान्य सङ्केत माथि गएका विभिन्न परिच्छेदहरूमा पनि यथा अवसर भइसकेको छ। वास्तवमा सोमनाथको नेपाली–साहित्यका क्षेत्रमा देखा परेको सक्रियता विशेष गरी कविता विधामा नै केन्द्रित भएको र त्यसमा पनि आधारभूत प्रतिनिधि रचनाका रूपमा **आदर्श–राघव** महाकाव्य नै देखा परेको पाइन्छ।

यसैले प्रस्तुत परिच्छेदमा प्रथमतः **आदर्श–राघव** को मूल्य बोधका निम्ति अपेक्षित नेपाली महाकाव्य परम्पराको रेखाङ्कन गरिएको छ। साथै यो रेखाङ्कन पनि दुई भागमा विभक्त छः– (१) सोमनाथ पूर्व नेपाली महाकाव्य परम्परा र (२) सोमनाथ पछिको नेपाली महाकाव्य परम्परा। यस पछि विभिन्न कोणबाट **आदर्श राघव** महाकाव्यको विश्लेषण गरिएको छ। यस विश्लेषण अन्तर्गत क्रमशः काव्यहेतु, प्रबन्ध विधान, काव्यतत्त्व, प्रकृति प्रयोग र समाज चित्रण सम्बन्धी पूर्वी–पश्चिमी प्रासङ्गिक साहित्य मान्यतका आलोकमा **आदर्श–राघव** को चिर–फार गर्दै यसले प्रस्तुत गरेको मूल वैशिष्ट्य पहिल्याउनाका साथै योगदानको निर्धारण गर्ने प्रयास पनि गरिएको छ।

२.२ नेपाली महाकाव्य परम्पराको रेखाङ्कन

२.२.१ सोमनाथ पूर्वको नेपाली महाकाव्य परम्परा

नेपाली साहित्यमा महाकाव्यको श्रीगणेश गर्ने श्रेय लक्ष्मीप्रसाद देवकोटालाई दिइन्छ तापनि नेपाली कविताले अनुभूतिको लघु र मध्यम (खण्डकाव्य) रूपलाई

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

पार गर्दै बृहत् (महाकाव्य) रूपलाई समेट्न थालेको पहिलो अवस्था भानुभक्तको **रामायण** (रचना– १८९८–१९१९: प्रकाशन १९४१–४२) मा नै प्रकट भएको छ। निश्चय नै **भानुभक्तको रामायण** ले रामकथालाई वाल्मीकीय **रामायण** ले प्रदान गरेको महाकाव्यीय विस्तार र कवितात्मक उचाईसम्म आफूलाई पुऱ्याउन सकेको छैन, तैपनि उत्तरकालीन मूलतः दार्शनिक काव्यग्रन्थ **अध्यात्म रामायण** को लागि भन्नु पर्ने अनुभूति विस्तारलाई आफ्ना रामायणका माध्यमबाट अनुवाद र पर्याप्त मौलिकताको दोसाँधमा राम्री रूपान्तरण गरेबाट स्वाभाविक एवम् सहज रूपमा नेपाली कविताको वृहत्–यात्राको श्रीगणेश चाहिं पक्कै गरेको छ। शुद्ध कवित्वको उपासना **भानुभक्तको रामायण** को अभीष्ट देखिन्न र आरम्भदेखि समाप्तिसम्म पौराणिक आख्यान रसको निरवछिन्न प्रवाह नै भानुभक्तको खास वैशिष्ट्य हो। वास्तवमा भानुभक्त कवित्वप्रति भन्दा सरस रामकथाको दर्शन संपुटित पुनराख्यानप्रति आकर्षित रहेको अनुभव हुन्छ। यसैले गर्दा नै कवित्वमय **वाल्मिकी रामायण** भन्दा **अध्यात्म रायायण** छानी त्यसमा पनि कवित्वको भावातिरेक भएको अंश छोड्दै र छोट्याउँदै आख्यानलाई कतै न अलमल्याई अगाडि बढाउने तर्फ नै उनी प्रवृत्त रहेबाट उनको आख्यानात्मक दार्शनिकता स्वतः प्रष्टिन्छ[1]। भानुभक्तीय **रामायण** को काव्य–भाषा प्रशस्त मात्रामा सहज सङ्गीतमय हुनाका साथै प्रबल आख्यानीकरणका कारणले नेपाली कविताको त्यस

१. **भानुभक्तको रामायण** र संस्कृतको **अध्यात्म रामायण** लाई तुलना गरेर हेरेका खण्डमा यस कुराको पुष्टि स्पष्ट रूपमा हुन्छ। आख्यानलाई पुनरुक्ति र व्यवधानबाट रोक्न भानुभक्तले मूल **अध्यात्म रामायण** मा बारम्बार आउने विशेष वर्णन र स्तुति–प्रसङ्गलाई अत्यन्त संक्षिप्त रूपमा मात्र उल्लेख गरेका छन्। उदाहरणका निम्ति मूल **अध्यात्म रामायण** (१: २: ८–२२) मा जम्मा १५ श्लोक खर्च गरी गरिएको विष्णुको स्वरूप वर्णन र ब्रह्माको स्तुतिलाई **भानुभक्तको रामायण** (१: ४६) मा जम्मा दुई पङ्क्तिमा र रामको बाल लीलालाई **अ० रा०** (१: ३: ४३–५८) ले १६ श्लोकमा गरेको वर्णनलाई **भा० रा०** (१: ६५) ले एक पङ्क्तिमा क्रमशः यसरी खिचेको छः–

(१) देख्याँ सुन्दर रूप् जसै प्रभुजिको ब्रह्मा चरण्मा पऱ्या।
भक्तीले स्तुति खुप् गरेर खुसि भै हात् जोरी विन्ती गऱ्या।

+ + +

(२) बालक् काल् बिति गै गयो प्रभुजिको सब् बाललीला गरी।

यस प्रकारका उदाहरणहरू प्रशस्त भेटिन्छन्।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

उषाकालमा उनको ऐतिहासिक महत्त्व सुरक्षित रहेको कुरा सर्व– स्वीकृत छ भने नेपाली महाकाव्य परम्पराको विकासका सन्दर्भमा **मानुभक्तको रामायण**को मूल प्राप्ति सशक्त आख्यानीकरण हो र त्यसको मूल **अध्यात्म रामायण** नै रहन गएबाट यसलाई पूर्ण रूपले मौलिक महाकाव्य मान्न नसकिने स्थिति देखापर्छ[२]। जे होस्, भानुभक्त प्रथम नेपाली महाकाव्यकार हुन्, उनको मूल प्राप्ति चाहिं मौलिकताले आलोकित रूपान्तरण नै देखिन्छ।

प्राथमिक कालका भानुभक्त पछि नेपाली कविताले अनुभूतिको विस्तारित रूप लिन अर्थात् बृहत् रूपमा प्रस्तुत हुन आधुनिक काल नै पर्खनु परेको अनुभव हुन्छ। निश्चय नै मोतीरामको केन्द्रीय व्यक्तित्वको वरिपरि रिङ्गेको नेपाली साहित्यको माध्यमिक कालको पूर्वार्ध (१९४०–६०) र उत्तरार्ध (१९६१–७४) समेत नेपाली कविताका लागि पनि नाना प्रयोग कै समय बन्न पुगेको प्रतीत हुन्छ, अनि यस कालमा सुब्बा होमनाथ खतिवडाका आठ काण्डी **रामायण** र **कृष्ण चरित्र**, शिखरनाथ सुवेदीका **कृष्ण चरित्र**, **रामाश्वमेध राजा** र **शिखरनाथ भाष्य** तथा नरेन्द्र रिमालको **महाभारत अठार पर्व** आदि कृतिहरूको प्रकाशनबाट माध्यमिक कालमा पनि भानुभक्त धाराकै अवशेषका रूपमा नेपाली कविताले बृहत् रूपमा आफूलाई प्रस्तुत गर्ने चेष्टा देखाएको पाइन्छ, तैपनि यी कृतिहरू आकारका दृष्टिबाट मात्र बृहत् हुन पुगेका र कवित्व मूल्यका आलोकमा हेर्दा भने **भानु–रामायण** भन्दा दुर्बलै छन् र अझ महाकाव्यस्तरका दृष्टिले एकदमै आला–काँचै छन्।

यसपछि नेपाली कविताको आधुनिक कालमा चाहिँ प्रथमतः १९९२ साल तिरै देविदत्त पराजुलीको **कविता–गुच्छाहार** नामक महाकाव्यस्तरीय ग्रन्थ तयार भएको दावीका साथै २००५ सालमा प्रकाशित भएको जानकारी पाइन्छ[३] तापनि यसमा महाकाव्यीय प्रबन्धात्मकता कत्ति पनि देखा पर्दैन। त्यसैले 'नेपाली महाकाव्य आइसल्याण्डको सर्प जस्तो थियो[४]' भन्ने घोषणाका साथ देखापरेको लक्ष्मी प्रसाद देवकोटाको **शाकुन्तल महाकाव्य** (२००२) नै कवित्वको विराट् प्रवाहका साथै महाकाव्यीय नै भन्नु पर्ने प्रबन्ध विधान भएको पहिलो नेपाली मौलिक

२. वासुदेव त्रिपाठी; कुमार बहादुर जोशीको **महाकवि देवकोटा र उनका महाकाव्य** को भूमिका, पृ० ९३।

३. देवीदत्त पराजुली; 'ग्रन्थकर्ताको परिचय र वक्तव्य' **कविता गुच्छाहार**, पृ० २।

४. लक्ष्मीप्रसाद देवकोटा; **शाकुन्तल महाकाव्य** (दो. सं.) वक्तव्य पृ. १३।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

महाकाव्य ठहरिन्छ। तीन महिनाको छोटो अवधि र त्यसमा पनि फुर्सदका समयको उपयोग गरी लेखिएको भए तापनि **शाकुन्तल** महाकाव्यमा देवकोटाको प्रतिभा–भागीरथीबाट प्रवाहित अत्यधिक विस्तृत भाव – प्रवाह सल्वलाएको अनुभव हुन्छ। प्राचीन संसारको प्रियकथालाई युगीन सन्दर्भमा लेख्ने प्रयासकै उपलब्धि देवकोटाको **शाकुन्तल** महाकाव्य हो। त्यसैले देवकोटाको साहित्यिक व्यक्तित्वका निर्माणमा अभिनव विश्व साहित्यको चेतना र मूलतः अङ्ग्रेजी रोमाण्टिक साहित्यका प्रवृत्तिहरूको समष्टि प्रभावले खेलेको भूमिकाको पर्याप्त प्रकाश पनि **शाकुन्तल** लाई प्राप्त भएको भेटिन्छ। देवकोटाको पहिलो महाकाव्य **शाकुन्तल** (रचना र प्रकाशन २००२ साल) उनका उत्तरवर्ती **सुलोचना** (रचना २००२: प्रकाशन २००३), **महाराणाप्रताप** (रचना २००३ तिर: प्रकाशन २०२४), **वनकुसुम**; (रचना २००३ तिर: प्रकाशन २०२५) र **प्रमिथस** (रचना २००८-९ तिर: प्रकाशन २०२८) आदि महाकाव्यहरूको तुलनामा मात्र नभई आज सम्मको नेपाली महाकाव्य–परम्पराकै सापेक्षतामा पनि सर्वोत्कृष्ट महाकाव्यको रूपमा देखा पर्छ [५]। निश्चय नै **शाकुन्तल** मा कथावस्तु र चरित्र–चित्रणका साथै शैलीगत परिष्कार र प्रबन्ध रीति वा संरचना पनि देवकोटाको प्रातिभ–भावावेगले गर्दा पर्याप्त अस्तव्यस्त छ, तैपनि विराट् भागीरथीले बगाएको उत्ताल-भाव–जलधिले यिनको क्षतिपूर्ति गरेको पाइन्छ [६]। जे होस्, परिष्कारका दृष्टिबाट देवकोटाकै महाकाव्य **प्रमिथस** अगि बढ्न खोजे पनि **शाकुन्तल** ले अँगालेको भाव–भूमिको विराटताका दृष्टिले नेपाली र देवकोटेली महाकाव्य परम्परामा **शाकुन्तल** महाकाव्यको श्रेष्ठता स्वीकार्नु पर्ने अनुभव हुन्छ।

नेपाली महाकाव्य परम्पराको यसै पृष्ठभूमिमा वि. सं. २००५ सालमा **आदर्श–राघव** महाकाव्यको प्रकाशन भएको हो। यस महाकाव्यको पूर्वाभ्यास चाहिँ १९७६–८६ सालका बीचमा लेखिएको **चन्द्रचरित** महाकाव्यबाटै प्रारम्भ भएको कुरा पहिलो परिच्छेदमै सङ्केत भइसकेको छ। पूर्णतः पूर्वीय काव्य-शास्त्रीय नियममा रही नेपाली महाकाव्य परम्परालाई पहिलो मौलिक महाकाव्य दिने प्रयत्न सोमनाथले **चन्द्रचरित** (१९७६–१९८६) द्वारा गर्न खोजे पनि सो

५. झ्याउरे छन्दमा लेखिएको **पृथ्वीराज चौहान** नेपाली महाकाव्यको अतिरिक्त संस्कृतमा **सिकन्दर** महाकाव्य (८।१० सर्ग जति: अपूर्ण) र अंग्रेजीमा **शाकुन्तल-महाकाव्य** पनि देवकोटाले लेखेको जानकारी पाइन्छ। कुमार बहादुर जोशी; **महाकवि देवकोटा र उनका महाकाव्य**, पृ० ३४५–४६।

६. वासुदेव त्रिपाठी; पूर्ववत्, पृ. ९१।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

महाकाव्य अप्रकाशितै रहेकाले देवकोटाका दुई महाकाव्य प्रकट भइसकेपछि बल्ल २००५ सालमा महाकाव्यकार सोमनाथ देखापर्दछन् । लगभग तीन दशक (१९७६–२००५) को साधना र अभ्यासबाट प्रस्तुत भएको भन्न सकिने सोह्र सर्गमा लिखित र पूर्णतः पूर्वीय काव्यशास्त्रीय साँचोमा ढालिएको **आदर्श–राघव** (२००५) महाकाव्य पूर्वीय विद्वत्ता र शिल्पको प्रदर्शनीका दृष्टिले नेपाली महाकाव्य परम्पराकै सन्दर्भमा पनि अतुलनीय र उल्लेख्य मानिदै आएको पाइन्छ[७] । जे होस्, भानुभक्त र देवकोटा पछि महाकाव्यका उत्तुङ्ग शिखरमा चढ्न सफल नेपाली कविका रूपमा सोमनाथको महिमा स्पष्टै छ ।

२.२.२ सोमनाथ पछिको नेपाली महाकाव्य परम्परा

लेखनाथ पौड्यालले आफ्नो जीवनको उत्तरार्धमा प्रारम्भ गरेको **गङ्गागौरी** महाकाव्य पूर्ण हुन सकेन । यसैले गर्दा पूर्वीय काव्यशास्त्रको परिभाषा भित्र पर्ने महाकाव्य लेखनको लेखनाथीय उपासना अधुरै रहेको बुझिन्छ तापनि स्वयं लेखनाथले नव्यकाव्य भनेको र पूर्वीय काव्य शास्त्री सोमनाथले खन्डकाव्यका रूपमा मानेको[८] तथा महाकवि देवकोटाले महाकाव्य (अलग महाकव्य)[९] कै रूपमा स्वीकार्न चाहेको **तरुण-तपसी** (२०१०) भित्रै पनि महाकाव्य-शक्ति पर्याप्त मात्रामा झल्किन्छ । **तरुण-तपसी** मा तपसी वृक्षले पार गरेका जीवनका उत्कर्ष र अपकर्षहरूको लामो यात्रा कवि लेखनाथको आत्मकथाका साथै समग्र मानव–सभ्यताको इतिहासका रूपमा देखिन आएकाले पनि **तरुण-तपसी** ले ओगटेको उक्त आख्यानको सीमा वृहत् देखिन आउँछ । यसैले मानवीय सभ्यताको समग्र यात्रालाई अभिव्यक्ति दिनु र प्रवल संरचनाले युक्तहुनु महाकाव्यको केही प्रमुख लक्षण भित्र पर्ने हुँदा आख्यानको व्यापकता र संरचनाको प्राबल्यका आधारमा **तरुण–तपसी** को महाकाव्यकत्व प्रमाणित हुन्छ । यसरी **तरुण–तपसी** को आख्यान क्षेत्र व्यापक रहे पनि आख्यानलाई सबल बनाउने पात्र विधानका साथै आख्यान र कवित्वका बीच समीकरण हुन नपाएबाट निश्चय नै **तरुण-तपसी** को महाकाव्यत्व माथि प्रश्न चिन्ह देखा पर्छन्, तैपनि जीवन–दर्शनको व्यापकता र मनोहर शिल्प–संरचनाका आधारमा चाहिँ लेखनाथको **तरुण-तपसी** लाई महाकाव्य

७. वासुदेव त्रिपाठी (डा०); **लेखनाथ पौड्यालको कवित्वको विश्लेषण र मूल्याङ्कन**, पृ. ५६४–५५० ।

८. सोमनाथ सिग्देल; **साहित्य-प्रदीप**, (दो. सं.), पूर्वभाग पृ. १२० ।

९. लक्ष्मीप्रसाद देवकोटा; 'तरुण- तपसीको प्रदक्षिणा', **रचना**(१४:४) पृ० २४ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

प्रयासकै रूपमा मान्नुपर्ने देखिन्छ । नेपाली महाकाव्य परम्पराको क्रमिक हिसाबले विचार गर्दा चाहिँ **तरुण-तपसी** लाई भानुभक्त, देवकोटा र सोमनाथका महाकाव्य पछि अर्को महत्त्वपूर्ण प्रयोगात्मक चेष्टा भन्न सकिन्छ ।

बालकृष्ण समको **चिसो चूल्हो** (२०१५) को प्रकाशनका साथ साथै नेपाली महाकाव्य परम्परामा विशेष मोड आएको अनुभव हुन्छ । पर्याप्त अनुभव र साधनाको उपयोग गरी लेखिएको समको **चिसो चूल्हो** नेपाली महाकाव्य परम्पराका प्राप्ति र अप्राप्तिबाट लाभान्वित हुनुभन्दा नवीन प्रयोगशीलताको आकर्षणले नै तानिएको पाइन्छ । महाकाव्यको पूर्वीय शास्त्रीय परिभाषा भित्र अक्षरसः सीमित राखेर लेखिएको नेपाली महाकाव्यमा सोमनाथ सिग्देलको **आदर्श राघव** एक्लो प्रयोग सिद्ध हुन आएको छ भने, भानुभक्त, देवकोटा र लेखनाथका महाकाव्यहरूले चाहिं महाकाव्य सम्बन्धी पूर्वीय काव्यशास्त्रीय नियमप्रति थोरथोर असहमति मात्र झल्काए पनि यो विद्रोह केही नियमलाई खुकुल्याई स्वच्छन्द विचरण गर्नेतर्फ मात्र सीमित रहेको भेटिन्छ । यस बाहेक समको **चिसो चूल्हो** को विद्रोह चाहिं महाकाव्यका शास्त्रीय लक्षणको पूर्ण उच्छेदनमा नै प्रवृत भएको देखिन्छ । क्लासिकल संयम अर्थात् आवेग माथि विवेकको पूर्ण नियन्त्रणका साथ देखा परे पनि समको **चिसो चूल्हो** मा महाकाव्यगत संरचनाको अभाव देखिन्छ र आख्यानलाई बौद्धिक चिन्तनले पर्याप्त दबाएको प्रतीत हुन्छ । **चिसो चूल्हो** का प्रत्येक सर्गहरू आफैंमा पूर्ण छन् र एक अर्काबाट अति झीनो रूपमा मात्र संयुक्त छन् । त्यसैले गर्दा **चिसो चूल्हो** को पूरै संरचना कमजोर बन्न पुगेको छ र पात्र प्रयोगको क्रान्तिकारिताका साथ पात्रहरूमा क्रान्ति रागिनीलाई बोक्न सक्ने मानसिकताको निर्माण गर्ने वातावरण सिर्जना नभएबाट आख्यान शक्ति स्वतः निष्क्रिय हुँदै गएको अनुभव हुन्छ । यति हुँदा हुँदै पनि समको बौद्धिक र शैल्पिक कवित्वको महाकाव्य चाहिं अवश्यै **चिसो चूल्हो** हो र नेपाली कविताको वृहत्तर रूप (महाकाव्य) का पाँच प्रतिभा र तिनका पाँच महत्त्वपूर्ण प्रयोगका दृष्टिले भानुभक्त र देवकोटा एवम् सोमनाथ र लेखनाथ सँगै बालकृष्ण सम समेत उभिन्छन् ।

यस पछि **चिसो चूल्हो** कै नवीन प्रवृत्तिलाई अनुसरण गर्दै देखा परेको मोदनाथ 'प्रश्रित' को **मानव** (२०२३) महाकाव्य नेपाली महाकाव्य परम्परामा उल्लेख गर्नु पर्ने बन्न आएको छ भने गोविन्दप्रसाद भट्टराईका **पृथ्वी महेन्द्र** (२०१६) र **भावना** (२०२०) महाकाव्य, कृष्णप्रसाद घिमिरेको **राष्ट्रिय-चरित्र** (२०१७) र **देश नरेश** (?) र गुणराज उपाध्यायको **श्रीकृष्ण-**

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

सन्देश (रचना २००१–२: प्रकाशन २०२९) र **भरत–मिलन** (रचना २००३–५ प्रकाशन २०२९) तथा हरिहर शास्त्रीका **उषा विनोद** (२०२४) र **रम्भा** (२०२५) को पनि नेपाली महाकाव्यको गणना क्रममा उल्लेख हुनु आवश्यक देखिन्छ। यति हुँदा हुँदै पनि नेपाली महाकाव्यको खास प्राप्तिपूर्ण यात्राका दृष्टिले चाहिँ यसको वर्तमान स्थिति वा अडान समको **चिसो चूल्हो** मा नै भएको पाइन्छ र यस पछि नेपाली महाकाव्यले उल्लेखनीय मोड प्राप्त गर्न नसकेको भेटिन्छ।

निष्कर्षमा सोमनाथ पूर्व नेपाली महाकाव्य परम्परामा भानुभक्त र विशेष गरी देवकोटाका महाकाव्य उल्लेख्य छन् भने सोमनाथ पछिको नेपाली महाकाव्य परम्परामा चाहिँ लेखनाथ र विशेषतः समको **चिसो चूल्हो** महाकाव्य नै देखा पर्छ।

२.३ सोमनाथको 'आदर्श–राघव' महाकाव्यको विश्लेषणात्मक अध्ययन

२.३.१ काव्य हेतुका कोणबाट

सोमनाथ सिग्देलको संस्कृत साहित्यको परम्परासँग ज्यादै नजीकको सम्बन्ध रहेको छ। तर यो सम्बन्ध वाल्मीकि, व्यास, अश्वघोष र कालिदासले अँगालेको सहज र सरल मार्गसँग गाँसिएको छैन। वस्तुतः नव्यशास्त्रीयतावादी कविका रूपमा सोमनाथ सिग्देलको प्रतिबद्धता काव्यशास्त्रीय मान्यतामा पूर्णतः आबद्ध रहँदै भारविले आरम्भ गरेको **विचित्र काव्य मार्ग** सँग नै बढी देखिन्छ। यसै आधारमा पनि उनी काव्य हेतुका दृष्टिले प्रतिभा, व्युत्पत्ति र अभ्यास मध्ये प्रतिभामूलक कवित्व भन्दा व्युत्पत्ति र अभ्यासद्वारा निर्मित काव्य शैलीका अनुकर्ता रहेको प्रतीत हुन्छ।

साहित्य वा काव्यको निर्माणका तीन हेतुका रूपमा शक्ति, व्युत्पत्ति र अभ्यासको सम्मिलन आवश्यक ठानिएको छ। यसै क्रममा पूर्वीय साहित्य–चिन्तक रुद्रटले शक्तिको परिभाषा गर्दै जसबाट स्वस्थ चित्तमा निरन्तर अनेक प्रकारका वाक्यहरूको स्फुरण हुन्छ, तथा जुन हुनाले तुरुन्त नै अर्थ प्रतिपादनमा समर्थ पदको सिर्जना हुन्छ त्यही नै शक्ति हो भन्ने आशय व्यक्त गरेको र शक्ति अर्थात् प्रतिभालाई सहज वा स्वाभाविक र उत्पाद्य वा उपायसिद्ध भनी दुई वर्गमा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

विभाजित गरेर उपाय सिद्ध शक्तिलाई व्युत्पत्तिको निटक पुऱ्याएको भेटिन्छ[१०]। पूर्वीय काव्य शास्त्रका प्रकाण्ड पण्डित सोमनाथलाई काव्य हेतुका सम्बन्धमा सैद्धान्तिक रूपले रुद्रटले भने अनुसारको उत्पाद्य प्रतिभाका धनी मान्न सकिन्छ। सोमनाथको **साहित्य–प्रदीप** मा काव्य–उद्‌भवका कारण खोज्ने क्रममा मम्मटका केही विचार उद्धृत भए पनि रुद्रटका मान्यताले प्रमुखता पाएबाट समेत उपर्युक्त कथनको पुष्टि हुन्छ। यसैले सोमनाथमा सहज नैसर्गिक भन्दा उत्पाद्य र उपाय-सिद्ध प्रतिभाद्वारा व्युत्पत्ति अर्थात् छन्द, व्याकरण कला, लोकस्थितिको समुचित ज्ञान र अभ्यास अर्थात् कवि–विद्वान्‌हरूको सङ्गत तथा पूर्ववर्ती उत्कृष्ट महाकाव्यहरूको परिशीलनद्वारा निर्मित कवित्व नै रहेको अनुभव हुन्छ[११]।

आदर्श–राघव महाकाव्यका विभिन्न प्रसङ्गहरूमा पूर्वीय दर्शन र विशेषतः वेदान्त दर्शनका सूक्ष्मताको प्रयोग, विविध छन्दको संयोजन, अलङ्कारहरू र विशेष गरी शव्दालङ्कार (आठौं सर्गको यमक– प्रदर्शनी समेत ध्यानमा राख्तै) को चमत्कार–प्रदर्शनबाट यस महाकाव्यका रचनामा सोमनाथको व्युत्पत्ति वा पाण्डित्यले पर्याप्त प्रभाव परेको तथ्य प्रष्टै छ[१२]। साथै **चन्द्रचरित** महाकाव्य रचनाकाल (१९७६–८६) को संस्मरण र **आदर्श–राघव** (२००५) महा-काव्यमा त्यसका कतिपय अंशहरूको समायोजन भएको घटनातर्फ समेत दृष्टि दिंदा उनका रचनामा अभ्यासशीलता पनि पर्याप्त देखापर्छ र **आदर्श–राघव** को अति परिष्कार स्वयम् नै यसको साक्षी छ।

पूर्वीय काव्यशास्त्रको मर्यादाहरूको उल्लङ्घन नगरिकनै र संस्कृत साहित्य-लाई आदर्श मानेरै पनि लेखनाथ पर्याप्त परिष्कृत र स्वाभाविक पनि रहेका छन् भने भारवि– मार्गी सोमनाथका लागि भने कविताको यस प्रकारको सिद्धि प्राप्त हुन सकेन।

---

१०. रुद्रट; 'काव्यालङ्कार', **भारतीय काव्य शास्त्र की परम्परा** पृ० १००।

११. सोमनाथ सिग्देल; पूर्ववत, पृ० ९३।

१२. (क) विशेष द्रष्टव्य– सर्ग २, श्लो. ४४। सर्ग ४, श्लो. १–१४,४८। सर्ग ५, श्लो. १८–३७। सर्ग ७, श्लो. ३–४ र ३०। सर्ग ११, श्लो. ५।

(ख) **आदर्श राघव** मा मात्रिक र वर्ण मात्रिक गरी २४ प्रकारका छन्दको प्रयोग भएको कुराको विवरण खण्ड २ परिच्छेद १ मा नै दिइएको छ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

निष्कर्षमा भामह, दण्डी र विश्वनाथले बाँधेका महाकाव्य लक्षणका निर्देशनमा रही भारवि, माघ र श्रीहर्षका महाकाव्यको अनुशीलनबाट उत्प्रेरित र निर्मित सोमनाथको कवित्व मूलतः प्रतिभा भन्दा व्युत्पत्ति र अभ्यास मूलक रहेको स्पष्ट हुन्छ ।

२.३.२ प्रबन्ध–विधानका कोणबाट

आदर्श–राघव को प्रबन्ध विधानको मूल्याङ्कन गर्न लाग्दा प्रथमतः सम्बद्ध सैद्धान्तिक आधार नै प्रष्टयाउनु पर्ने हुन्छ । यस दृष्टिले प्रबन्ध–विधान भन्नु विस्तृत साहित्यिक विधामा विशेषतः देखिने रीति–विधान वा संरचना नै हो । पूर्वीय काव्य शास्त्रका दृष्टिले प्रबन्ध–विधान भन्नु प्रबन्ध–रीति हो भने पूर्वी–पश्चिमी दुवै तात्पर्यमा विस्तृत अनुभूतिको साहित्यिक प्रबन्धन वा संयोजनको तरीका नै प्रबन्ध–विधान हो । अनुभूति अपेक्षाकृत संक्षिप्त रहँदा संरचना वा गठन अथवा रीति या प्रबन्धन त्यति महत्त्वपूर्ण नदेखिए पनि पद्य–गद्यका महाकाव्य, नाटक र उपन्यास जस्ता वृहत् विधामा चाहिं प्रबन्ध विधानकै विशेष महत्त्व रहन्छ ।

प्रबन्ध विधान व्यापक विस्तृत अनुभूतिको साहित्यिक क्रमबन्ध, सङ्घटन वा संयोजन भएकाले यस सन्दर्भमा अनुभूतिको बढी भन्दा बढी मूर्तन अपेक्षित हुन जान्छ र यसै सन्दर्भमा साहित्यका वृहत् विधाले लगभग अपरिहार्य रूपमा कथानक र चरित्रद्वारा विस्तृत अनुभूतिको अभिव्यक्तिको प्रणाली अँगालेको पाइन्छ र यसैलाई प्रबन्ध विधानको लगभग पर्यायवाची आख्यानीकरणको पद्धति भन्न सकिन्छ ।

प्रबन्ध विधानका सन्दर्भमा चरित्र र कथानक दुवै महत्त्वपूर्ण छन् र परस्पर सम्बद्ध देखिन्छन् अनि कथानकले चरित्रलाई र चरित्रले कथानकलाई अथवा एकले अर्कालाई वेढें प्रस्तुत गर्न सक्छन् तापनि सैद्धान्तिक दृष्टिले चरित्र भन्दा कथावस्तु नै बढी मूर्त हुने हुँदा पूर्वीय साहित्य शास्त्रीका साथै पश्चिमा साहित्य चिन्तकहरू प्रायः कथावस्तुलाई नै प्रबन्धनको मूल आधार स्वीकार्दछन्[१३] । पूर्वीय नाट्य (महाकाव्य र आख्यानका निम्ति समेत स्वीकृत) तत्त्वहरूका

---

१३. (क) सोमनाथ सिग्देल; पूर्ववत्, पृ० १०७–८ ।
(ख) वासुदेव त्रिपाठी; **पाश्चात्य समालोचनाको सैद्धान्तिक परम्परा** पृ० ७५–७६ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

रूपमा वस्तु नेता र रसलाई अँगालेको छ[१४]। वस्तु (कथा वस्तु) कै विशेष महिमा देखिएबाट र एरिस्टोटलको दुःखान्त नाटच (महाकाव्यमा पनि स्वीकृत) मान्यताले कथानककै सर्वोपरि महत्त्व स्वीकारेबाट पनि साहित्यिक बृहत् विधामा कथावस्तु नै प्रबन्ध विधानको मूल आधारका रूपमा मान्य रहेको बुझिन्छ।

कविता र आख्यान मानवीय रुचि र प्रयोगका दृष्टिले पनि आदिम विधा हुन्। लघुतम र लघु रूपलाई पार गर्दै मध्यम (खण्डकाव्य) र बृहत् तथा बृहत्तर रूप (महाकाव्य) मा टेक्ता स्पष्टतः कविता र आख्यानका बीच घनिष्ट सम्बन्ध कायम भएको पाइन्छ। त्यसैले प्रभाव क्षति भए पनि कविताका मध्यम रूप (खण्डकाव्य) ले आख्यानका विकल्पहरू खोजेको भेटिन्छ भने बृहत् र बृहत्तर रूपमा आइपुग्दा अनुभूतिको बृहत्ता र विराटताका कारणबाट प्रबल आख्यानीकरण (कथावस्तु) बाट प्राप्य सशक्त संरचना अनिवार्य अनुभव हुन्छ।

नाटच (महाकाव्य समेत) का सन्दर्भमा वस्तु (कथावस्तु) को विवेचना गर्दै पूर्वीय आचार्यहरूले यी बृहत् विधाका अनुभूतिको आख्यानीकरण वा सङ्घठन...को आदर्श प्रक्रिया औंल्याउँदै पञ्च सन्धिको सिद्धान्त पेश गरेका छन् र पश्चिमा साहित्यिक आचार्य एरिस्टोटलले आख्यानात्मक अनुभूतिको प्रबन्ध प्रक्रियाको मर्म चिर्दै अन्वितिका चेतनामा आधारित आफ्ना कथावस्तु–मान्यता प्रस्तुत गरेका छन्[१५]। महाकाव्यको प्रबन्ध विधान वा कथावस्तुको विवेचनाका निम्ति पञ्च सन्धि र अन्विति–चेतनामा आधारित मानकहरूको प्रयोग पर्याप्त उपयोगी प्रतीत हुन्छ।

पूर्वीय महाकाव्य लक्षणका क्रममा **सर्गबन्ध** को स्थापना देखा पर्छ। 'बन्ध' ले प्रबन्ध विधान कै सङ्केत गरेको छ र सर्गले अनुभूति प्रवाहका खण्ड–खण्डलाई बुझाउन खोजेको छ भने "सर्गबन्ध" ले चाहिं यी खण्ड–खण्डको समष्टि प्रबन्ध विधानकै सङ्केत गर्दछ। अवश्यै वाल्मीकि, व्यासमा पाइने अनुभूतिको विराटताकै समेत सुगठित प्रबन्धन भन्दा कालिदासदेखि नै सर्ग–सर्गको टुक्रेरन बढेको र अझ भारविदेखि यता सर्ग–सर्गका बीचमा प्रबल संयोजन क्षीण हुँदै आएको नपाइने

१४. धनञ्जय; **दशरूपकम्**, प्रथम प्रकाश, श्लोक ११, पृ० ७।

१५. नगेन्द्र (डा०); 'अरस्तु के काव्य सिद्धान्त', **अरस्तु का काव्य शास्त्र**, पृ० ५९।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

होइन तैपनि सर्गबन्धको वास्तविक तात्पर्यमा चाहिं 'बन्ध' वा प्रबन्ध विधानको महिमा स्वतः अन्तर्निहित देखिन्छ ।

जे होस्, महाकाव्य न त सम्पूर्णतः आख्यान मात्रै हो, न त शुद्ध कविताकै या आन्तरिक अनुभूतिकै आख्यान निरपेक्ष प्रवाह हो; बरु यी दुवैको त्यो सङ्गम हो जुन प्राचीनतम विधा गीत (कविता) र आख्यानको विस्तारमुखी संमिश्रणका रूपमा थालिएको थियो। निष्कर्षमा **आदर्श-राघव** को प्रबन्ध विधानको विवेचनाका निम्ति मूलतः 'सर्गबन्ध' को सिद्धान्तका साथै वस्तु सम्बन्धी पूर्वीय पञ्च सन्धि–मान्यता र अन्विति मूलक पश्चिमी (एरिस्टोटलीय) कथानक – मान्यताकै आधार लिनु पर्ने अनुभव हुन्छ भने कथावस्तुकै उपज र परिपूरकका रूपमा पूर्वीय नेता (चरित्र) सम्बन्धी मान्यताको अडेस लिनु पनि उपयुक्त प्रतीत हुन्छ ।

(१) सर्गबन्ध– सर्गबन्धको आग्रह पूर्वीय महाकाव्यका लक्षणकारहरू सबैमा देखिए पनि कथा–शृङ्खलालाई सर्ग सर्गमा टुक्रिन नदिई केवल सर्ग–संग्रहका रूपमा मात्र परिणत नहोस् भन्ने हेतुका साथ सर्गबन्धको मर्मलाई भने विश्वनाथले मात्र स्पष्टयाएको पाइन्छ[१६]। सोमनाथको **आदर्श–राघव** ले पनि सर्गबन्ध सम्बन्धी विश्वनाथीय स्थापनाकै अनुसरण गरेको छ र प्रत्येक सर्गलाई एक अर्कोसँग श्रृङ्खलाबद्ध गराउँदै लैजाने पद्धतिकै पालना गरेको छ। यति हुँदा हुँदै पनि भारवि–मार्गी शैलीबाट उत्प्रेरित सोमनाथ सिग्देलको प्रबन्धन–प्रक्रिया बढी यान्त्रिक बन्दै शुष्क बन्न पुगेको छ । साथै शैल्पिक चमत्कार देखाउने सन्दर्भका कतिपय प्रसङ्गहरू विशेषतः तृतीय सर्गको प्रातः काल वर्णन र आठौं सर्गमा चाहिं सोमनाथ पूरै जसो सर्गबन्धको मर्मप्रति विमुख प्रतीत हुन्छन् । जे होस्, मूल कथा बन्धबाटै पन्छिएर सन्ध्या, रजनी र प्रातः कालको वर्णनका निमित्त सयौं श्लोक खर्च गर्ने संस्कृत महाकाव्यको उत्तरवर्ती अर्थात् भारवि–पन्थी परम्परा र भावनाका प्रवाहले गर्दा कथानकलाई भुल्दै पर्याप्त भौंतारिने स्वच्छ-न्दतावादी महाकवि देवकोटाका प्रवृत्तिका सापेक्षतामा भने सोमनाथको प्रबन्ध–रीति वा सर्गबन्ध कसिलो नै मान्नु पर्छ ।

(२) वस्तु– आदर्श–राघव को वस्तु–योजना (कथावस्तुको संयोजन) लाई नाट्य–सन्धि वा महाकाव्य–सन्धिका आलोकमा हेर्दा अर्थ प्रकृति र अवस्थाको क्रमिक विकासमा ध्यान दिनु आवश्यक देखिन्छ । बीज, बिन्दु, पताका र प्रकरी हुँदै कार्यमा पुग्नु तथा आरम्भ चाहिं यत्न, प्राप्त्याशा र नियताप्तिलाई पार गर्दै

---

१६. 'सर्गान्ते भावी सर्गस्य कथया सूचना भवेत्', **साहित्य-दर्पण**, ६।३१७ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

फलागममा पुग्नु र यी दुवैको क्रमिक सम्मिलनबाट मुख, प्रतिमुख, गर्भ, विमर्श र निर्वहण सन्धिको संरचना हुनु नै महाकाव्यीय वस्तुयोजना सम्बन्धी पूर्वीय स्थापना हो ।

पूर्वीय काव्यशास्त्रीहरूले रसानुभूति र साधारणीकरणका निम्ति सघाउ पुग्ने भएबाट इतिहास र लोक प्रसिद्ध कथावस्तु नै महाकाव्यका लागि समुचित ठह्न्याएका छन्[१७] । यसै मान्यताका आधारमा सोमनाथले पनि इतिहास तथा लोक प्रसिद्ध रामकथालाई नै मूलभूत रूपमा **वाल्मीकीय रामायण** को र प्रसङ्गात् **योगवासिष्ठ** का आख्यान मर्महरूलाई समेत आत्मसात् गर्दै **आदर्श–राघव** महाकाव्यको वस्तु वा कथावस्तु–संघटन गरेका छन् । साथै कथानकलाई पञ्च सन्धिकै सीमा भित्र राखी कार्यसिद्धि वा फलागमतिर उन्मुख गराएका छन् ।

आदर्श–राघव महाकाव्यको कथावस्तुको मूल अभीष्ट आदर्श पुरुषका रूपमा रामचन्द्रको प्रतिष्ठापन वा राघव आदर्शको महिमा गान नै भएकाले प्रथम सर्गको उपक्रमबाटै यस प्राप्तिको सङ्केत भइसकेको अनि राम–कथाका विविध आरोह–अवरोहलाई पार गर्दै महाकाव्यको अन्तिम अथवा षोडश सर्गको निम्न श्लोकमा पुगेपछि चाहिं कथानकले फलप्राप्ति हासिल गरेको बुझिन्छः–

आदर्श पुरुष नारी दुइको महिमा भरी भारी ।
भारत गौरवकारी पूरा भो खेल संसारी ॥८६॥

पारम्परिक रामकथामा देखा पर्ने अतिरञ्जनात्मकता र अतिमानवीयतालाई परिवर्तन गरी सोमनाथले विश्वसनीयता र स्वाभाविक एवम् मानवीय पर्यावरण भित्र त्यसलाई मोड्ने जुन प्रयास गरेका छन् त्यसबाट कथानकमा रोचकता र विश्वसनीयताको मात्रा बढ्न गएको छ तापनि कथानकलाई मौलिक स्पर्श दिने क्रममा कतिपय प्रसङ्ग अस्पष्ट बन्न पुगेका छन् भने कतै विसङ्गतिको समेत सिर्जना हुन पुगेको छ[१८] । प्राचीन कथावस्तुलाई युग–धर्म अनुसार केही स्थानमा परिवर्तन गरेबाट कथानकको परम्परागत प्रभाव–क्षमता केही खल्बलिएको छ, तर यस किसिमको परिवर्तनले पनि **आदर्श–राघव** को वस्तु–योजना सम्बन्धी सीमा परम्परागत स्थापना नै हो भन्ने तथ्यलाई बदल्न सकेको छैन ।

---

१७. सोमनाथ सिग्देल; पूर्ववत् ।

१८. प्रारम्भ (सर्ग ८ श्लो. ५३) मा पूर्व प्रचलित कथांशलाई परिवर्तित गरी वानर भनेर जङ्गली र असभ्य मानव जातिलाई नै मानिएको छ भने पछिल्ला प्रसङ्गहरू (१० सर्ग, श्लो. १२–१३, २१,४१ र ५१) मा पशु विशेषकै रूप दिइएको छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

(३) **पात्रविधान–** महाकाव्यीय कलेवरका समस्त धमनीहरूमा रक्त–सञ्चालन गर्ने प्रमुखतत्त्वका रूपमा पात्र–विधान वा चरित्र चित्रणको विशेष योगदान रहेको हुन्छ भन्ने रवीन्द्रनाथ ठाकुरको भनाइ[१९] र अझ त्यस भनाइको समेत पृष्ठभूमि बनेको ग्रीक साहित्य तत्त्व चिन्तक एरिस्टोटलको चरित्र सम्बन्धी धारणा र पूर्वीय साहित्यशास्त्रीहरूले नेताका रूपमा चरित्रलाई दिएको महत्त्व समेतले गर्दा महाकाव्यका निम्ति चरित्र एक आवश्यक अङ्ग बन्न पुगेको प्रतीत हुन्छ। वास्तवमा वस्तु र चरित्र एक अर्कासंग अनुस्यूत नै रहन्छन्। यसै सन्दर्भमा **आदर्श–राघव** महाकाव्यको चरित्र चित्रण वा पात्र–विधानतर्फ दृष्टि दिँदा सोमनाथको शिल्प–परिष्कारप्रतिको विशेष झुकाउले **आदर्श–राघव** को चरित्र–चित्रण पक्ष पूर्णतः उपेक्षित बन्न पुगेको पाइन्छ। निश्चय नै सोमनाथले आफ्ना महाकाव्यका नायक रामचन्द्र वा राघवको चरित्रलाई (१) आदर्श मानव (२) आदर्श पति र ३) आदर्श राजाका रूपमा परियोषित गर्ने पर्याप्त प्रयास गरेका छन्[२०], तर यस प्रयासपट्टि केन्द्रित सोमनाथको दृष्टिले **आदर्श–राघव** का रामलाई जीवनमय पार्न नसकेको र अन्य चरित्रहरू मात्र नभई प्रतिनायक रावण समेत उपेक्षित रही उसको चारित्रिक विकासपट्टि कुनै ध्यान दिइएको पाइन्न। **भानु-रामायण** मा रावणले प्राप्त गरेको चारित्रिक महत्तालाई[२१] समेत **आदर्श-राघव** मा कटौती गरिएको छ र अझ रावणलाई पूर्णतः संस्कारच्युत अधर्म–प्रकृतिले युक्त व्यक्तिका रूपमा समेत प्रस्तुत गरिएको छ[२२]। हुन त भानुभक्तले रामचन्द्रलाई पूर्णतः भगवान्का अवतारका रूपमा [२३] प्रस्तुत गरेकाले प्रतिनायकको जतिसुकै सबल चरित्रले पनि भानुभक्तको रामलाई दबाउन सक्ने स्थिति थिएन भने सोमनाथ रामचन्द्रलाई पनि मानवीय धरातलमै उतारेर उनको चरित्रलाई प्रकाशित गर्न चाहन्छन्[२४]। यसैबाट पनि सोमनाथले रावणको चरित्रलाई बढी उठाउँदा रामचन्द्रको चरित्रलाई तिरोहित पार्छ कि भन्ने आशङ्का लिएको

---

१९. ताराप्रसाद जोशी (डा०), 'चरित्र चित्रण र **'आदर्श–राघव'**, **त्रिभुवन युनिभर्सिटी जर्नल**, भो. ६, नं. १ पृ० १५।

२०. पूर्ववत्. पृ. १७

२१. अरण्यकाण्ड श्लो. ८७ र युद्धकाण्ड, श्लो. ४०–४१।

२२. **आदर्श–राघव**, एकादश सर्ग, श्लोक १–१३।

२३. बालकाण्ड, श्लो. २८, ३१, ५६ र ६६, अयोध्याकाण्ड १०८–११ आदी।

२४. **आदर्श-राघव**, प्रथम सर्ग, ७ र ९ श्लोक।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

बुझिन्छ । वस्तुतः **आदर्श–राघव** मा देखा पर्ने चरित्रहरू स्वतन्त्र र उल्लेखनीय महत्ताका कारणभन्दा महाकाव्यका नायक राघव–चरित्रलाई परिपोषण गर्ने साधनका रूपमा मात्र आएका प्रतीत हुन्छन् । वस्तुतः शैल्पिक र पाण्डित्यमय सचेताले गर्दा **आदर्श-राघव** का नायक र प्रतिनायकका साथै अन्य पात्रमा त्यो आकर्षणता वा सजीवता छैन जसलाई 'नेता' वा पात्रविधानको सिद्धि ठान्न सकियोस् ।

२.३.३ पूर्वीय काव्य तत्त्व वा काव्य सम्प्रदायका कोणबाट

काव्य तत्त्व सम्बन्धी धारणामा उठेको प्राधान्य सम्बन्धी मत भिन्नता वा दृष्टिकोण बीचको पार्थक्यका कारणबाटै पूर्वमा विविध काव्य सम्प्रदायहरूको जन्म भएको पाइन्छ । पूर्वीय काव्य शास्त्रले काव्यका प्रमुख घटक तत्त्वका रूपमा शब्द र अर्थलाई लिएको छ भने संसार सृष्टिका लागि शिव र शक्ति तत्त्वको जे जति महत्ता स्वीकृत छ तदनुकूल काव्य–सृजनाका लागि शब्द र अर्थको भूमिका रहेको तथ्यलाई स्वीकार्दै पार्वती–परमेश्वरसंग, शब्दार्थलाई तुलना गर्ने परिपाटी पनि भेटिन्छ[२५] । पूर्वमा जस्तै पश्चिममा पनि साहित्य–तत्त्व चिन्तकहरूले ललित-कलाका अन्य क्षेत्रमा प्रयोग हुँदै आएको वस्तु र रूपलाई नै साहित्यका मुख्य घटक तत्त्वका रूपमा पनि स्वीकारेको भेटिन्छ [२६] । वस्तुतः पश्चिममा प्रनि प्रारम्भमा वस्तु र रूपको यान्त्रिक संयोगलाई नै साहित्य माने पनि अन्ततः वस्तु र रूपको जैविक संरचना तुल्य समन्वयलाई नै कलाकृति वा साहित्यको स्वरूप निर्धारित गरे जस्तै पूर्वमा पनि काव्य शरीरका निर्माणमा शब्द र अर्थको समन्विति स्वीकार गरिए पनि काव्य–आत्माका रूपमा चाहिँ रस-ध्वनि, अलङ्कार, रीति आदिलाई नै मानिएको छ । जे होस्, पूर्वीय काव्य तत्त्वकै नमूना लिई लेखिएको **आदर्श–राघव** महाकाव्यको विश्लेषणात्मक सर्वेक्षण गर्नु यस प्रसङ्गको मुख्य कार्य हो र त्यसका लागि रीति (शब्द शय्या र छन्द), अलङ्कार, ध्वनि र रस (गुण समेत) लाई आधार मान्न सकिन्छ ।

(१) **रीति–विधान**–रीतिलाई काव्य सम्प्रदायको रूपमा र रीतिलाई नै काव्यको आत्मा मान्ने वामन मात्र हुन् तापनि काव्यमा रीतिको आवश्यकतालाई चाहिँ भामह, मम्मट र विश्वनाथ आदिले समेत स्वीकारेको र धेर थोर रीति–

---

२५. कालिदास, रघुवंश, सर्ग १, श्लोक १ ।

२६. यसका अतिरिक्त वक्रोक्ति र औचित्यलाई काव्यको आत्मा मान्नेहरू पनि छन्, तर तिनीहरूलाई खास महत्त्व दिएको पाइन्न ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

विवेचना समेत गरेको देखिन्छ[२७]। रीतिलाई रूढ अर्थमा भौगोलिक क्षेत्र विशेष-सँग सम्बद्ध गरेको पाइन्छ तापनि समुचित गुणले सुसम्पन्न विशिष्ट पद रचनालाई नै रीति मानिएबाट रीति भन्नाले शैली र रचनाको सौन्दर्य वा पदरीतिदेखि प्रबन्ध–रीतिसम्म (कवितामा छन्दोविधानको स्वरूप समेत) नै लक्ष्य गरिएको बुझिन्छ । **आदर्श–राघव** को प्रबन्ध रीतिका सम्बन्धमा यस अघि नै उल्लेख भई सकेकाले यो प्रसङ्ग भाषा अर्थात् शब्द शय्या र छन्दोविधानका दृष्टिले **आदर्श–राघव** को विश्लेषणमा प्रवृत्त हुँदैछ ।

सोमनाथमा रहेको अत्यधिक परिष्कार–निष्ठाले **आदर्श–राघव** को भाषा-लाई कृत्रिमोन्मुख बनाएको छ भने उनमा रहेको वैयाकरण–चेतनाले त्यसलाई कठोर र शुष्क समेत पारिदिएको छ । त्यसैले परिष्कारप्रति वास्तै नगर्ने देवकोटा-को संस्कृतमय भएर पनि सुकुमार एवम् प्रवाहमय भाषा मात्र होइन शिल्प परि-ष्कारप्रति पर्याप्त सचेत भएर पनि निकै स्वाभाविक र मनोहर लेखनाथको भाषिक माधुर्य पनि सोमनाथको **आदर्श–राघव** ले प्राप्त गर्न सकेको छैन । साथै तीन थरी मात्रिक र एक्काईस थरी वर्णमात्रिक छन्दको प्रयोग गरेर पनि सोमनाथले **आदर्श-राघव** को छन्दो–विधानलाई भानुभक्तले झैं सहज र स्वाभाविक प्रवाहशीलता दिन नसक्नाका साथै लेखनाथले झैं वर्णमात्रिक र मात्रिक ('पिंजराको सुगा' लाई संझदा) छन्दकाई प्रदान गरेको अत्यन्त संयमित परिष्कारपूर्ण सौन्दर्य समेत दिन नसकेको बुझिन्छ । यस दृष्टिबाट हेर्दा सोमनाथको छन्द–विधान यान्त्रिक हिसाबले अर्थात् गणको रगडमा निर्मित तुल्य प्रतीत हुन्छन् । जे होस्, संस्कृत साहित्यबाटै प्रभावित र प्रेरित रहेर पनि संस्कृत साहित्यका महान् प्रतिभा कालिदासको काव्य-शैलीलाई सोमनाथले समात्न सकेनन् र भारविपन्थी उत्तरवर्ती संस्कृत काव्य धारा नै उनको आदर्श बन्यो, तैपनि छन्दोविधानमा चाहिँ कालिदासको सुकुमार, कोमल र सङ्गीतमय छन्दोविधानलाई मात्र नभई भारविको कोमल र सुकुमार नभए पनि ओजपूर्ण सशक्त छन्द–योजनालाई समेत सोमनाथले सबै ठाउँमा लागू गर्न नसकेको अनुभव हुन्छ । वस्तुतः उनको पाण्डित्य र शिल्पकारीले उनको कथ्य (भाव) लाई थिचे झैं त्यस कथ्यको वाहक भाषा र त्यसको लयात्मक विशिष्ट संयोजन–स्वरूप छन्दलाई समेत प्रायः किचेको अनुभव हुन्छ । जहाँसम्म शास्त्रीय रीति पालनको प्रश्न छ, सोमनाथले शास्त्रानुसार वैदर्भीको सरल सुकु-मारता, पाञ्चालीको मध्यमार्गी माधुर्य र गौडीको ओजस्विता भएका शब्दशय्या बिछ्याए पनि उनको कवितामा रीतिको भावमय (गुणमय) सिद्धि चाहिँ प्रायः कमै प्रकट भएको पाइन्छ ।

२७. सोमनाथ सिग्देल; पूर्ववत्, पृ० ५१ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

(२) अलङ्कार–आचार्य भरतको **नाट्यशास्त्र** लाई नाट्य विवेचनकै रूपमा मान्ने हो भने (धेरै कालसम्म मानियो पनि) काव्य वा साहित्यका विविध विधाहरूको समग्र विवेचना प्रारम्भ गर्ने पहिलो पूर्वीय काव्यशास्त्रीका रूपमा **काव्यलङ्कार** का रचयिता भामहलाई नै मान्नु पर्छ । त्यसैले यिनैबाट प्रारम्भ भएको अलङ्कार सम्प्रदाय वा अलङ्कार प्राधान्यवाद नै पूर्वीय काव्य शास्त्रको सर्व प्राचीन काव्य सिद्धान्तका रूपमा देखापर्छ ।

काव्यमा हुने चमत्कारी शोभा वा त्यो शोभा प्रदान गर्ने साधन गरी अलङ्कारको दुई अर्थ मानिएको छ[२८] । रीतिवादी वामनले अलङ्कारका उक्त दुवै अर्थलाई स्वीकारेका पनि छन्[२९] तर अलङ्कार सम्प्रदायका आद्य आचार्य भामहले भने आफ्नो अलङ्कार सम्बन्धी विवेचनाको निष्कर्षमा वाणीलाई मनोहर पार्ने विषय नै अलङ्कार हो [३०] भन्ने धारणा व्यक्त गर्दै अलङ्कार सम्बन्धी उपर्युक्त दोस्रो अर्थ माथि नै विशेष जोड दिएको बुझिन्छ । जे होस्, काव्यका आत्माका रूपमा अलङ्कारको स्थापना विवादस्पद छ तापनि काव्य–सौन्दर्यको एक साधनका रूपमा चाहिँ अलङ्कारको महत्त्व स्वीकार्नै पर्छ ।

अलङ्कार तत्त्वको अन्तर्विलेपणका सम्बन्धमा रुद्रटले अर्थालङ्कारलाई तीन वर्गमा बाँडेको पाइन्छ– वास्तव (स्वाभावोक्ति), औपम्य (तुलनामूलक) र अतिसंयोक्ति[३१] । अज्ञ अर्थालङ्कारको वर्गीकरण सम्बन्धी मतमतान्तरको अन्तर मन्थन गर्दा विद्वान्हरू छ वटा मूल भेदहरू सम्म पुग्न सकिने अनुभव गर्दछन्–साधर्म्य मूलक, अतिशयोक्ति मूलक, वैषम्यमूलक, औचित्य मूलक, वक्रतामूलक र चमत्कार मूलक[३२] । यस वर्गीकरणवाट के निष्कर्ष निक्लन्छ भने अर्थालङ्कारहरू शैल्पिक वा प्राविधिक दृष्टिले विभिन्न वर्गमा विभाजित हुन सक्छन् । र तिनका आधारका रूपमा साधर्म्य, वैधर्म्य, औचित्य, अतिशयोक्ति, वक्रता र चमत्कारको भूमिका रहन्छ। जे होस्, अर्थालङ्कारहरू मध्ये साधर्म्य मूलक अलङ्कार नै सबैभन्दा शक्तिशाली र सहज संवेद्य छन् र वैधर्म्य, वक्रता, अतिशयोक्ति, चमत्कार आदिद्वारा अनुप्राणित

२८. सोमनाथ सिग्देल; पूर्ववत् पृ० ३१ ।

२९. पूर्ववत्, उत्तर भाग, पृ० ८३ ।

३०. पूर्ववत्, पूर्वभाग, पृ० ३३ ।

३१–३२. (क) वासुदेव त्रिपाठी; **लेखनाथ पौड्यालको कवित्वको विश्लेषण र मूल्याङ्कन**, पृ० ४६६–४६९ ।

(ख) माधवप्रसाद देवकोटा; 'अलङ्कार', **प्रज्ञा**, वर्ष १, अङ्क ४ पृ० ५८–५९ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

अलङ्कार चाहिँ दूरान्वयी, विशिष्ट भावकद्वारा बोध्य र क्लिष्ट समेत प्रतीत हुन्छन् । साधर्म्यमूलक अलङ्कारको मूल माउ उपमा नै हो र महाकवि कालिदासको काव्य शक्तिको मूल स्रोत पनि उपमा (अझ पूर्णोपमा) नै हो ।

जहाँसम्म अर्थालङ्कारका उपर्युक्त वर्गहरूका दृष्टिले **आदर्श–राघव** विश्लेषणको प्रश्न छ, **आदर्श–राघव** मा यी सबै वर्गका अलङ्कार छन् र **साहित्य–प्रदीप** को पञ्चम प्रकाशको अलङ्कार प्रकरणका उदाहरणकै सिरानी हालेर हेर्दा पनि सोमनाथले विशेषत: निम्नलिखित नाना अलङ्कारको प्रयोग गरेका गरेका छन्–दृष्टान्त, रूपक, परिणाम, उल्लेख, उत्प्रेक्षा, विनोक्ति, समासोक्ति, स्वभावोक्ति, भाविक, विरोध, व्याघात, असङ्गति, विषम, काव्यलिङ्ग, पर्यायोक्ति, परिकर, संसृष्टि, शङ्कर आदि । यस प्रसङ्गबाट सोमनाथको अलङ्कार चेतनाको आधार उपमा सिद्धि भन्दा अन्य दिशातिर उन्मुख भएको कुरा स्पष्टिन्छ । अवश्यै **ऋतुविचार** (१९७३ र १९९१) र **अलङ्कार–चन्द्रोदय** (१९७८) पछि **आदर्श–राघव** (२००५) नेपाली कविताको वृहत् र विशिष्ट अलङ्कार प्रदर्शनी हो तैपनि भावसँगै तदाकार, अन्तर्निष्ठ र सहज संवेद्य लेखनाथीय आलङ्कारिक सिद्धि भन्दा बौद्धिक विशिष्ट पाठकद्वारा संवेद्य कुलचन्द्रीय आलङ्कारिक प्रदर्शनतिर सोमनाथ बढी झुकेको कुरा उनले **आदर्श–राघव** मा प्रयोग गरेका र **साहित्य–प्रदीप** मा विभिन्न अलङ्कार प्रसङ्गमा उद्धृत गरेका पद्यहरूमा झल्कने अलङ्कारहरूको सूचीबाट पनि प्रमाणित हुन्छ । अझ अलङ्कार तत्त्वका दृष्टिले लेखनाथको **ऋतुविचार** र सोमनाथको **आदर्श–राघव** को तुलना गर्‍यौं भने उपर्युक्त कथनको परिपुष्टि अझ व्यापक रूपमा हुन्छ [३३] । नमूनाका लागि **आदर्श–राघव** बाट सोमनाथको अलङ्कार–चेतनाले प्रकाश पाएको स्थल अर्थात् शब्दालङ्कारमा यमक र अर्थालङ्कारमा अतिशयोक्तिका क्रमशः केही श्लोक टिप्न सकिन्छः–

उदय भो अब सन्त वसन्तको
प्रकट भो छवि **चित्र–विचित्र**को ।
कम भयो बल **शीतल शीत**को,
रुचिर भो अनि **सर्ग निसर्ग**को ॥

\+ +

कमल–कोमल–कोश झुलाउँदै,
मलयको लयको गुन गाउँदै ।
दिल हरि लहरी–सम वायु छन्,
नव सुधा वसुधा भर छाउँछन् ॥
(अष्टम सर्ग, श्लो० १ र २)

३३. वासुदेव त्रिपाठी; पूर्ववत्, पृ. ४०४–१० ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

उघारि पुट पद्मको, कनक–लेखनी केशर,
भिजाइ मकरन्दमा, रजभरी सुवर्णाक्षर।
घुमी सकल देशमा नव विभात–सन्देश यो,
फिराउन, निशान्तको मृदु समीर उड्दै गयो ॥

\+ \+

उठे अरुणकेसरी उदय–शैलको शृङ्गमा,
सटा फटफटाउँदै किरण–सङ्घको रङ्गमा।
हटे तिमिरका घटा कति घटे कराघातमा,
भयो रुधिर–धारले गगन–मार्गमा रक्तिमा ॥
(तृतीय सर्ग, श्लो० ६ र ११)

हुनत अलङ्कारका प्रायः सबै भेद र तिनका निकै उपभेदहरूलाई समेत सोमनाथले **आदर्श–राघव** मा प्रयोग गरेको पाइन्छ[३४], तर उनको अलङ्कार प्रयोग पूर्णतः सैद्धान्तिक आग्रहले परिपोषित अनुभव हुन्छ । निश्चित प्रसङ्गमा निश्चित अलङ्कारको प्रयोग गरी काव्यशास्त्रीय नियम र नमूना अनुसारका नेपाली प्रतिरूपका परिकल्पनामा कटिबद्ध रहने सोमनाथ कवितामा स्वयं अलङ्कार पार्नाका लागि कविता लेखि रहे जस्ता प्रतीत हुन्छन् । विशेषतः **आदर्श–राघव** आठौंसर्ग यस कथनको ठोस उदाहरण हुनसक्छ, तैपनि यो उनको अलङ्कार सम्बन्धी अप्राप्ति मात्र होइन, प्राप्ति समेत हो । जे होस्, सैद्धातिक रूपमा अलङ्कारको स्वाभाविक समुचित प्रयोगपद्दति[३५] जोड दिने सोमनाथले आफ्नो उक्त सिद्धान्तलाई मूलतः व्यावहारिक र प्रयोगात्मक रूपमा उतार्न नसके पनि अलङ्कारशास्त्रीय पाण्डित्यको चमक नै उनको अलङ्कार-प्रयोगमा पाइने खास वैशिष्टय हो ।

(३) **ध्वनि**–सोझो शब्दार्थ मात्र काव्य होइन, अरू शब्द र अर्थको समुचित योगबाट अभिव्यञ्चित वा ध्वनित भित्री भाव नै काव्य हो भन्ने स्थापनाका साथै ध्वनिप्राधान्यवाद वा ध्वनि सम्प्रदायको उदय भएको बुझिन्छ[३६] । यसै क्रममा अलङ्कारवादीहरूको मतको खण्डन गर्दै "ध्वनि नै काव्यको आत्मा हो" भन्ने घोषणाका साथ आनन्दवर्धन **ध्वन्यालोक** लिएर देखापर्छन्[३७] । पछि

३४. सोमनाथ सिग्देल; **साहित्य–प्रदीप,** पूर्ववत्, पृ० ८३–१२६ ।

३५. पूर्ववत्, पृ० ८३ ।

३६. पूर्ववत्, पूर्वभाग, पृ० ५४ ।

३७. आनन्दवर्धन; 'ध्वन्यालोक', **भारतीय काव्य शास्त्र की परम्परा,** पृ० १२६ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

आएर मम्मट र अझ यिनका गुरु अभिनव गुप्तले समेत आनन्दवर्धनको स्थापना-लाई सूक्ष्म व्याख्याद्वारा दृढता प्रदान गरेको भेटिन्छ। जे होस्, पूर्वीय काव्यशास्त्र अलङ्कार, रीति र वक्रोक्ति-विवेचनाको वाह्य दृष्टिलाई पारगर्दै उत्तरोत्तर गम्भीरता र सूक्ष्मतातिर लाग्दै जाँदा रस सिद्धान्तमा आइपुगेको हो। काव्य वा साहित्य सम्बन्धी उपर्युक्त वाह्य दृष्टिलाई रस सिद्धान्तको नितान्त आन्त-रिकता (मानसिकता) तर्फ प्रवृत्त गर्नेमा चाहिँ ध्वनि सिद्धान्तको महत्त्वपूर्ण भूमिका रहेको छ र अझ कतिपय स्थलमा ध्वनि र रस बीच समानता समेत पाइएको छ[३८]।

पूर्वीय काव्यशास्त्रीहरूले ध्वनिलाई मूलतः दुई भेद गरेका छन्:- (१) अविवक्षित वाच्य (लक्षणामूलक) र (२) विवक्षितान्यपरवाच्य (अभिधा मूलक) र यसका अठार प्रकारका उपभेदहरू पनि छुट्याइएका छन्[३९]। यी सबैको मूल आधार व्यञ्जना शक्ति नै हो।

सोमनाथको **आदर्श–राघव** महाकाव्यमा विविध किसिमका व्यञ्जना (गुणीभूत व्यङ्ग्य र ध्वनिहरू) को प्रयोग गरिएको कुरा उनकै **साहित्य–प्रदीप** को चतुर्थ प्रकाशको व्यञ्जना–प्रकरणमा **आदर्श–राघव** बाट उदाहरणका रूपमा उनैद्वारा उद्धृत श्लोकहरूबाट समेत प्रष्टिन्छ। सोमनाथले **आदर्श–राघव** बाट मूलतः निम्न लिखित व्यङ्ग्यका प्रसङ्गमा आफना पद्यहरूको उद्धरण गरेका छन्:–

(१) गुणीभूत व्यङ्ग्य,

(२) ध्वनि अन्तर्गत अभिधामूलक, विवक्षितान्यपरवाच्य संलक्ष्य क्रम, अर्थशक्त्युत्थ ध्वनि अन्तर्गत कवि प्रौढोक्ति, सिद्धवस्तुवाट वस्तु ध्वनि, कवि निवद्ध वक्तृ प्रौढोक्ति सिद्ध वस्तुबाट वस्तु र अलङ्कार ध्वनि र अलङ्कारवाट वस्तु र अलङ्कार ध्वनि।

वास्तवमा **आदर्श–राघव** मा ध्वनिका अन्य भेदहरू पनि नभेटिने होइनन्। अभिधामूलक ध्वनि अन्तर्गत असंलक्ष्यक्रम (रसभावादि) ध्वनि स्वतः छन् भने **साहित्य–प्रदीप** मा उद्धृत नभए पनि अन्य किसिमका ध्वनिहरूको समेत अस्तित्व देखिन्छ। अझ लक्षणामूलक वा अभिधामूलक ध्वनिका शास्त्रीय लक्षण र

३८. नगेन्द्र (डा.); पूर्ववत्, पृ० ३२८।

३९. सोमनाथ सिग्देल; पूर्ववत्, उत्तरभाग, पृ० ४३।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

नमूनाका नेपाली रूपहरूको प्रदर्शनीका दृष्टिले **आदर्श–राघव** धनाढ्य नै छ भन्नै पर्छ। परन्तु यति हुँदा हुँदै पनि यी ध्वनिहरू "असाधारण परिस्फुरणशील प्रतिभा विशेष"[४०] का जाज्वल्यमान उद्गार भन्दा आयोजित नै बढी प्रतीत हुन्छन्।

(४) **रसः**– साधारण व्यावहारिक आकाङ्क्षाको पूर्तिद्वारा पनि मान्छेलाई आनन्द प्राप्ति हुन्छ, तर त्यो आनन्द बहुशः क्षणिक हुने हुनाले दार्शनिकहरू आनन्दको अन्तः स्रोत पहिल्याउने क्रममा आत्मासँगको साक्षात्कारको प्रक्रिया अँगालि रहेका पाइन्छन्। त्यही आनन्द वेदान्त दर्शनका शब्दावलीमा चिद् घनानन्द वा ब्रह्मानन्दका रूपमा लिइन्छ। झण्डै झण्डै यही ब्रह्मानन्दकै समकक्षका रूपमा काव्यानन्दलाई पनि लिइएको छ[४१]। ब्रह्मानन्द स्थायी हुनाका साथै अलौकिक पनि हुन्छ भने रसमा लौकिक विषयको सर्वथा तिरोभाव हुन नसक्ने भएकाले रसबाट उत्पन्न आनन्द अस्थायी मानिन्छ[४२]।

रसवादसँग जोडिएको रहस्यवादी दार्शनिक जालोलाई पन्छाएर भन्न खोज्दा चाहिँ रस भन्नु काव्यका माध्यमबाट प्राप्त हुने आत्मिक (मानसिक) आस्वाद हो र यो आस्वादनक्रिया आनन्दमय हुन्छ। त्यसैले रस हाम्रै अन्तरात्माको आनन्द चेतनाकै रूपमा प्रतिष्ठापित भएको पाइन्छ। काव्यका माध्यमबाट अभिव्यङ्ग्य यही अन्तरात्मिक रस विभाव, अनुभाव र व्यभिचारी भावको संयोगबाट निष्पन्न हुन्छ भन्ने स्थापना आचार्य भरतले प्रतिपादित गरेको र उत्तरवर्ती रसवादी काव्यशास्त्रीहरूले चाहिँ भरतको उक्त सूत्रकै पुनर्व्याख्या गर्दै रस सिद्धान्तको क्रमिक विकास गर्दै आएको पाइन्छ। रस सम्प्रदायका यिनै पृष्ठभूमिमा काव्य मूल्याङ्कनका लागि रस सिद्धान्तले अपेक्षाकृत विस्तृत र व्यापक आधार प्रदान गर्न सक्ने सम्भावना रहेको छ। सोमनाथको **आदर्श–राघव** महाकाव्यलाई पनि पूर्वीय काव्य सम्प्रदायको सबभन्दा मनोवैज्ञानिक र शीर्षस्थ सम्प्रदायका रूपमा प्रायः मानिने रस–सिद्धान्तको आलोकमा हेर्नु उपयुक्त प्रतीत हुन्छ।

---

४०. आनन्दवर्धन; 'ध्वन्यालोक', **साहित्य–प्रदीप** मा उद्धृत, उत्तरभाग, पृ० ५६।

४१–४२. नगेन्द्र (डा.); पूर्ववत्, पृ० ८९–९०।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

सोमनाथको **आदर्श–राघव** महाकाव्यमा सिद्धान्तः प्रायः केही रसका उदाहरणहरु खोजन सकिन्छन्, तैपनि **आदर्श-राघव** महाकाव्यलाई रसानुभूतिका दृष्टिले सरस–काव्य मात्र चाहिँ सकिन्न। **साहित्य–प्रदीप** मा अधिकांश उदाहरण **आदर्श–राघव** बाटै दिन चाहने सोमनाथले रस– विवेचनाको क्रममा भने एकाध उदाहरण[४३] मात्र **आदर्श–राघव** बाट लिएर चित्त बुझाउनु पनि यस प्रसङ्गमा विशेष उल्लेखनीय हुन्छ। बरु आफ्ना काव्य यात्राका थालनितिर वा पहिलो चरणमा श्रृङ्गार रसमा सोमनाथलाई निकै सफलता मिलेको हो भने **चन्द्रचरित** (१९७६–८६) बाटै त्यो प्रवृत्ति हटि सकेको बुझिन्छ र अझ **आदर्श राघव** (२००५) मा आइपुग्दा **चन्द्रचरित** को स्वाभाविक सरलता समेत कठोर शास्त्रीयतामा परिणत भई सकेको स्थितिमा **आदर्श–राघव** भित्र सरस वा भावमय कविता प्रायः हराए झैं अनुभव हुन्छ र एकाध भावमय वा सरस स्थल टिप्न खोज्दा चाहिँ निराश हुनु पर्दैन :–

यहाँ रहेन छ कहीं सुख सोह्र आना,
जाहाँ तहीं कम कुनै छ कुनै छ वाना।
साम्राज्यको पद समेत रहेन पूर्ण,
निःशेष विश्व रचिएछ यसै अपूर्ण ॥

\+ \+ \+

विद्या विना मनुज–जन्म ठहर्छ थारो,
ऐश्वर्य लोक–हित कार्य विना लठारो।
कान्ता विना गृह कुटुम्बहरु पसारो,
संसार पुत्र–मुखचन्द्र विना अँध्यारो ॥

(प्रथम सर्ग, श्लोक ४४ र ५३)

परस्पर मिली–जुली सरल वक्रको चालमा,
बराबर बटारिने, नयन–रश्मिको जालमा।
फसेर मुनियाँ मनोमय दुवै जसै लाटिए,
दिई स्मित–कणा रस भ्रम भई लिंदा साटिए ॥

(तृतीय सर्ग, श्लोक ३६)

४३. सोमनाथ सिग्देल; पूर्ववत्, उत्तरभाग, पृ० १४,१६–१८।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

आदर्श–राघव महाकाव्य रामको आदर्श चरित्रको वर्णन गर्दै विशेषतः वात्सल्य, शृङ्गार (संयोग र विप्रलम्भ) वीर, करुण तथा यदा कदा विभत्स र रौद्रलाई समेत अङ्ग रसका रूपमा प्रयोग गर्दै सीताको अन्तर्ध्यानको करुणाद्वारा उद्‌बुद्ध निर्वेद वा वैराग्यका आधारमा शान्तरसको अङ्गितासम्म पुगे झैं अनुभव हुन्छ। पाण्डित्य र शिल्पद्वारा विजित यस महाकाव्यमा रसको परिपाकको अनुभव कमै प्राप्त होला तैपनि भावदशाका दृष्टिले चाहिँ काव्यका ठाउँ ठाउँ मार्मिक छन् भन्न सकिन्छ। खास स्थायी भाव वा तिनको परिपाक जे जति भए पनि सञ्चारी भावहरूको उदव वा प्रशमको अवस्था चाहिँ यदा कदा अनुभव भइरहन्छ। जे होस्, **आदर्श-राघव** को प्राप्ति रससिद्धि होइन भन्ने कुरा स्पष्टै छ र स्थायी भाव र तिनको परिपाकभन्दा भावगर्भ र शिल्प पाण्डित्यकै 'नरिवल कविता'का रूपमा **आदर्श-राघव** लाई चपाई चपाई आस्वादन गर्ने विशिष्ट पाठकका निम्ति चाहिँ यस काव्यका ठाउँ ठाउँबाट र समष्टिबाट पनि रसानुभूति हुन जानु सम्भव नै प्रतीत हुन्छ। महाकवि देवकोटाको कविता रसायन वा लेखनाथकै काव्य रसको तुलनामा चाहिँ **आदर्श–राघव** सरसभन्दा शुष्क नै अनुभव हुन्छ।

यसै क्रममा गुणका दृष्टिबाट पनि **आदर्श-राघव** को सर्वेक्षण गरिनु आवश्यक हुन्छ किन भने काव्य गुणलाई रसकै धर्मका रूपमा मानिएको छ। रस परिपाकमा सहायक हुनु नै गुणको मूलभूत कार्य हो भने ती गुण मुख्यतया तीन प्रकारका छन्- (१) माधुर्य (२) ओज र (३) प्रसाद [४४]।

साहित्य–प्रदीप को पञ्चम प्रकाशको गुण प्रकरणमा **आदर्श-राघव** बाट उपर्युक्त तीनै प्रकारका गुणका उदाहरण खोजिएको छ[४५] तैपनि नेपाली कविताका सन्दर्भमा लेखनाथको माधुर्य र विशेषतः प्रसाद गुणका कविता, देवकोटाको विशेषतः माधुर्य गुणका कविता अनि माधव घिमिरेका ओज गुणका कविताका सन्दर्भमा सोमनाथको गुणवत्ता ज्यादै दुब्लो भेटिन्छ।

२.३.४ प्रकृति प्रयोगका कोणबाट

प्रकृतिलाई विविध रूपमा प्रस्तुत गर्नेतिर भन्दा आफ्नो महाकाव्यको मूल अभीष्ट 'आदर्श स्थापना'लाई सघाउ पुऱ्याउने किसिमले प्रकृतिको चित्रण गर्ने तर्फ नै सोमनाथ प्रवृत्त रहेको पाइन्छ।

४४. पूर्ववत्, पृ. ७२।
४५. पूर्ववत्, ७२–७३।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

आदर्श–राघव मा पाइने प्रकृति प्रयोगका चर्चा गर्ने क्रममा प्रा. ताराप्रसाद जोशीले प्रकृति–प्रयोगका सात रूप प्रस्तुत गरेको देखिन्छ[४६] तापनि तिनलाई मूलभूत रूपमा निम्न लिखित पाँच किसिम अन्तर्गत नै राख्तै अझ निष्कर्ष (छैटी किसिम) का रूपमा सोमनाथको प्रकृति– दर्शनलाई पहिल्याउने प्रयास गनु उपयुक्त देखिन्छ ।

(१) **स्वभावोक्ति वा वस्तु वर्णनः-** प्रथमतः प्रकृतिको स्वाभाविक एवं वस्तुगत वर्णन वा चित्रण गर्ने क्रममा **आदर्श-राघव** का विविध प्रसङ्गहरू सक्रिय देखिन्छन्[४७] । उदाहरणार्थ विश्वामित्र आश्रमको सुन्दर शान्त तपोवनको वर्णन गर्दै तपोवन सभ्यताको स्वाभाविक र सरल जीवन पद्धतिलाई शब्द चित्रका रूपमा प्रस्तुत गर्ने सोमनाथका केही पङ्क्ति प्रस्तुत छन्:–

सफा छ चारैतिर, वृक्ष झम्म छन्,
छाया छ गाढा फलफूल गम्म छन् ।

\+

गर्छन् कहीं सोमलता कुटी कुटी,
वेद–ध्वनि ब्राह्मण यज्ञमा जुटी ।
(द्वितीय सर्ग, श्लोक ५१–५३)

नेपाली भाषामा प्रकृतिको सोझै अनुकरण गर्ने खालका शब्दहरू अपेक्षाकृत बढी पाइने हुँदा अनुकरणात्मक शब्दका माध्यमबाट गरिने प्रकृति वर्णनमा स्वाभाविक सुन्दरता विशेष रूपमा प्रकट हुने अनुभव हुन्छ । **आदर्श-राघव** का कतिपय स्थलहरूमा[४८] अनुकरणात्मक शब्दको प्रयोगले प्रकृतिलाई जीवन्त रूपमा अङ्कित गरेको पाइन्छ । जस्तैः-

हरिण तृण उगाली चर्दछन् गल्लि-गल्लि
मधुवनमधु सँगाली झुल्दछन् बल्लि-बल्लि ।

---

४६. ताराप्रसाद जोशी; 'प्रकृति दर्शन र **आदर्श-राघव** मा प्रयुक्त प्रकृति' **प्रज्ञा**, वर्ष १, अङ्क १, पृ. ६८ ।

४७. विशेष द्रष्टव्य– द्वितीय सर्ग, श्लो. ४९–५५; षष्ठ सर्ग, श्लो १–४ र १८–३० ।

४८. विशेष द्रष्टव्य– षष्ठ सर्ग, श्लो. ३, २६–२७ र २९–३० ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

ढुसुढुसु उँधमुण्टोलाई उड्छन् मजूर
मुसुमुसु गरि भन्छन् हाँस हाँ हाँ हजूर ।।
(षष्ठ सर्ग, श्लो. ३)

यहाँ आएर सोमनाथ ज्यादै सरल र स्वाभाविक बनेका छन् भन्ने कुरा माथिको प्रकृति चित्रण शैलीले भानुभक्तको प्रकृति चित्रणसँग तादात्म्य राखेबाट पनि प्रष्ट हुन्छ, जस्तैः–

वरिपरि तहिँ तिरैमा पनि वृक्ष फल् फूल्
भरि छ, जउन वन्मा गर्दछन् पछिले गुल् ।
भ्रमरहरू लताका फूलमा हल्ली हल्ली
घुनुनु घुनुनु गर्दै हिंड्दछन् वल्लि–वल्ली ।।
(रामायण (सुन्दरकाण्ड) श्लो. १६)

प्रकृतिका लागि प्रकृति चित्रण मात्र नभएर प्रकृतिका माध्यमबाट नेपाली समाजको प्राकृतिक वा ग्रामीण जीवनलाई उतार्नु प्रकृतिको स्वभाविक चित्रणका क्रममा सोमनाथमा पाइने वैशिष्टच हो । पञ्चवटीको रामाश्रमलाई विशुद्ध नेपाली परिवेश प्रदान गर्दा सोमनाथको उक्त वैशिष्टच अझ प्रकाशित हुन्छ । जस्तैः–

मृदु किमलय शय्या भित्र सोही कुटीमा
वसन तिलक-वट्टा साथ जावी खुटीमा ।
अलिकति फल-फूल स्वच्छ ढक्की दुनामा
अलि पर गग्रुवामा राखिएको छ सामा ।
+
हर वखत लिपेको आँगन-स्वच्छ पारी
अगल-बगल भारी फुलको गम्म घारी ।
रुखमनि छ शिलाको उच्च विश्राम वेदी
अलि पर छ छरीतो कुञ्ज विश्राम भेदी ।
(षष्ठ सर्ग, श्लो. १६ र २२)

(२) **आलङ्कारिक (प्रतीकात्मक समेत) प्रयोग** – सौन्दर्य-चेत मान्छेको नैसर्गिक प्रवृत्ति हो र काव्य वा साहित्यमा अलङ्कार प्रयोगका पछाडि पनि यही मानवीय सौन्दर्य चेतनाको भूमिका रहेको बुझिन्छ । निश्चय नै नव्य-शास्त्रीयता-

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

वाद वा रीतिकालीन प्रवृत्तिहरुले गर्दा अलङ्कार सौन्दर्यको व्यापकता साँघुरिएर सामान्य चमत्कार र सजावटमा मात्रै केन्द्रित हुन आएको देखिन्छ, तैपनि रोमाण्टिक कालको उदय पछि चाहिँ साहित्यमा भावसँग एकाकार रूपमा प्रकट हुने अलङ्कार प्रयोगले पुनः प्रकृतिको सजीवता र मार्मिकतालाई विम्ब-स्रोतका रूपमा समातेको अनुभव हुन्छ ।

सोमनाथ सिग्देलको **आदर्श-राघव** मा पनि आलङ्कारिक उद्देश्य पूर्तिका लागि प्रकृतिको प्रयोग पर्याप्त मात्रामा भएको भेटिन्छ । अलङ्कारका मुख्य दुई भेद अर्थात् शब्दालङ्कार र अर्थालङ्कार मध्ये सोमनाथ शब्दालङ्कारपट्टि पर्याप्त झुकेका छन् भने यमक-क्रीडाका क्रममा पनि उनी प्रकृति वाचक शब्द राशितिर प्रशस्त सचेत देखा पर्छन्:-

सब हिमाल हिमालयका खुले,
नव सरोज सरोजलमा फुले।
अब पलाश पलाशमहाँ चढे,
तब अशोक अशोक भई बढे ।

+

न कुसुमाकरका करःपले,
न कमलाकरका करकाण्डले ।
बरु दिवाकरका करकार्य ले,
सब हिमाकरका करका गले ॥

(अष्टम सर्ग, श्लो. २ र १०)

अर्थालङ्कारकै प्रयोगमा भने सोमनाथले प्रकृतिलाई मूल स्रोत वा माध्यमकै रूपमा ग्रहण गरेका छन् । प्रकृतिलाई आधार बनाई अर्थालङ्कारको चमत्कार प्रदर्शन गर्ने प्रवृत्ति **आदर्श-राघव** महाकाव्यमा प्रशस्त छ। ननूनाका रूपमा क्रमशः दृष्टान्त र रूपक अलङ्कारका निम्न लिखित श्लोक विशेष उल्लेखनीय देखिन्छन्:-

घोटेमा मलयजको सुवास बढ्छ,
ठोसेमा अनलविषे प्रकाश चढ्छ ।
गोडेमा नव विरुवा विकास लिन्छ,
शोचेमा गुण- जलले निकास लिन्छ ॥

(नवम सर्ग, श्लो. ६०)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

नीलो सारी सागर धर्कें तट चोलो,
खोला-नाला कम्मरबन्दी चहकीलो।
ढाक-बुट्टे चादर पारी वन भारी
देख्थे यात्री पल्टिरहेकी क्षिति-नारी ।।
(द्वादश सर्ग, श्लोक २७)

आध्यात्मिक र दार्शनिक सत्यलाई उद्घाटित गर्न पनि सोमनाथले प्रकृतिको आश्रय लिएको र सफल प्राकृतिक विम्बावानद्वारा त्यसलाई ध्वन्यात्मक वा प्रतीःकात्मक अभिव्यक्ति गर्नेतर्फ पनि उनी प्रवृत्त भएको पाइन्छ । उदाहरणका लागि तलको श्लोक प्रस्तुत गर्न सकिन्छः-

नव बुद्बुद चित्तसमुद्रमा,
कति उठ्छन् बहँदा तरङ्गमा
जब वायु फुट्यो बिलाउँछन्,
निज मूल-स्थिति फेरी पाउँछन् ।
(पञ्चम सर्ग, श्लो. ३०)

(३) **आलम्बन र उद्दीपन** – पूर्वीय काव्यशास्त्रले काव्य वा साहित्यमा गरिने प्रकृति प्रयोगलाई मूलतः उद्दीपन विभावका रूपमा स्वीकारेको पाइन्छ[४६] । तापनि जहाँ कुनै कृतिमा प्रकृति नै वर्ण्य मूल वस्तुका रूपमा रहन्छ त्यहाँ प्रकृति नै पनि आलम्बन विभाव हुन सक्ने बुझिन्छ तर संस्कृत साहित्यमा यस प्रकारका प्रयोग कमै छन्, तापनि रस निष्पत्तिका लागि मूल आधारका रूपमा मानिएको स्थायी भावको परिपाकका निम्ति आलम्बन (नायक-नायिकादि) प्रमुख माध्यम भएकाले आलम्बन अर्थात् नायक-नायिकामा स्थायी भाव उद्दीप्त गराउन गरिने प्रकृत्ति प्रयोगमै पनि महाकाव्यमा उद्दीपन विभावका रूपमा आउने प्रकृति प्रयोग प्रबन्ध स्तरमा उद्दीपक भए पनि सीमित अस्वाधीन सर्गस्तरमा चाहिँ आलम्बनका रूपमा पनि प्रकट हुन सक्छ ।

नेपाली साहित्यको माध्यामिक कालमा काव्यमा प्रकृतिको प्रयोग नायक-नायिकाको श्रृङ्गारिक व्याकुल अवस्थाको आलम्बन र उद्दीपनका रूपमा नै पाइनाका साथै र स्वयं सोमनाथको 'पथिक प्रेम र 'विजुलीको असर' (**सूक्तिसिन्धुः** १९७४)

---

४६. (क) विजयेन्द्र स्नातक (डा.); 'काव्य और प्रकृति', **काव्यशास्त्र**, पृ. २०३ ।

(ख) सोमनाथ सिग्देल; **साहित्य-प्रदीप**, उत्तर भाग, पृ. ११ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

कवितामा पनि यो प्रवृत्ति टड्कारो रूपमा देखिन्छ भने आर्श-राघव मा आइ-पुग्दा चाहिँ यो प्रवृत्ति निकै प्रौढ र परिष्कृत बनिसकेकाले एकाध श्लोकमा[५०] शृङ्गारिक उद्दीपन विभाव देखा परे पनि पूरै महाकाव्यका सन्दर्भमा चाहिँ सीमित सर्ग स्तरमा आलम्बन र प्रबन्ध स्तरमा उद्दीपनका रूपमा प्रकृतिको प्रयोग प्रशस्तै देखा पर्छ ।

नमूनाका निम्ति यस महाकाव्यको तेस्रो सर्गको त्यस प्रभात वर्णलाई लिन सकिन्छ जहाँ सोमनाथ अरुणोदयकालीन प्राकृतिक अवस्थालाई सर्गस्तरमा आलम्बन (विशुद्ध प्रभात वर्णन) र प्रबन्ध–स्तरमा उद्दीपनका रूपमा प्रयोग गर्दै लेख्छन्:–

सरोज विउँझि उठे सुमसुम्याउँदा भानुले
लताहरू झुले फुले घचघच्याउँदा वायुले ।
प्रकाश परिपूर्ण भो दश दिशा उज्याली दिन
तपस्वि जनका चले नियत कर्म दैनन्दिन ।

(तृतीयसर्ग, श्लो० २१)

(४) मानवीकरण– प्रकृतिको सुकुमारता र विद्रूपता दुवैबाट प्रभावित र प्रेरित मान्छेले प्रारम्भमा ब्रह्माण्डीय प्रकृतिलाई शक्ति अर्थात् ईश्वर वा भूत जस्ता आध्यात्मिक र आधिदैविक व्यक्तित्वका रूपमा मान्न थालेको र चेतनाको विकासका साथ साथ पछि आएर मात्र उसले प्रकृतिलाई मानवीय व्यक्तित्व प्रदान गर्न थालेको मानिन्छ । तर विश्वकै प्राचीन साहित्यका रूपमा मान्यता प्राप्त **ऋग्वेद**कै कतिपय सूक्तहरू र विशेषतः उषः सूक्तमा[५१] उषा र रजनीलाई दिदी–बहिनीका रूपमा प्रस्तुत गरेर वैदिक साहित्यबाटै प्रकृतिलाई मानीवय व्यक्तित्व दिने कार्य प्रारम्भ भइसकेको र यसलाई लौकिक महाकवि वाल्मीकि र कालि-दासले अझ विस्तारित गरेको अनुभव हुन्छ ।

नेपाली साहित्यमा पनि प्रकृतिलाई मानवीकरणका साथ प्रस्तुत गर्ने थालनी लेखनाथ (**ऋतुविचारः** १९६३ र १९९१) ले नै गरेका हुन् र त्यसलाई अझ सूक्ष्मता दिने काम चाहिँ रोमाण्टिक काव्यधाराका देवकोटामै आएर भएको देखिन्छ । सोमनाथ सिग्देलको **आदर्श-राघव** मा पनि प्रकृतिलाई मानवीकृत रूप

५०. तृतीय सर्ग, श्लोक ४३ र सप्तम सर्ग, श्लो ५२ ।
५१. ऋग्वेद, १।११३।१–३ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

प्रदान गर्ने प्रवृत्ति सशक्त देखापर्छ । **आदर्श-राघव** महाकाव्यका विविध प्रसङ्गहरू यस तर्फ सक्रिय छन् भन्ने नमूनाका लागि केही श्लोक प्रस्तुत छन्:-

निशा फनफनाउँदै जब हिडिन् अँध्यारोतिर,
निशापति पछ्याउँदै फिकरमा डुबे आखिर ।
उषा अब खडा भइन् जमजमाउँदो वेषमा,
उषापति सराग भै सुमसुम्याउँथे स्नेहमा ।।
(तृतीय सर्ग, श्लोक १२)

नीलो सारी सागर, धर्के तट चोलो
खोला नाला कम्मरबन्दी चहकिलो
ढाका-बुट्टे चादर पारी वन भारी
देख्थे यात्री पल्टिरहेकी क्षिती-नारी ।।
(द्वादश सर्ग, श्लो २७)

(५) **मनोव्यञ्जना**- प्राकृतिक परिवेशले नै मान्छेको मनोवृत्तिलाई निर्धारण गर्दछ । यसैले गर्दा मान्छेले प्रकृतिबाट उद्दीप्त हुनाका साथै आफ्नो मानसिक स्थिति र आफूले भोगेको सुख-दुख तथा हर्ष विस्मातकै अनुकूल समग्र प्रकृतिलाई वा प्राकृतिक परिवेशलाई हेर्ने गरिन्छ । यसका साथै प्राकृतिक बिम्बकै माध्यमबाट आफ्नो मनोभावको व्यञ्जना गर्नु मान्छेको नैसर्गिक प्रवृत्ति हो र यसमा मनोवैज्ञानिक आधार समेत रहेको बुझिन्छ । त्यसैले काव्य-कृतिमा विविध मानसिक अवस्थाको स्पष्ट र संवेदनापूर्ण अभिव्यक्ति दिन प्राकृतिक वस्तु र तिनका उपकरणहरूको प्रयोग प्राचीन र नवीन दुवै साहित्यमा प्रशस्त गरिन्छ । **आदर्श-राघव** महाकाव्यमा पनि विभिन्न मानसिक दशालाई अभिव्यञ्जित गर्न प्रकृतिको प्रयोग गर्ने प्रवृत्ति पर्याप्त मात्रामा भेटिन्छ [५२] । नमूनाका निम्ति **आदर्श-राघव** बाट नायक रामचन्द्रका नायिका सीता हरण हुनु अघि (छैटौं सर्ग) र पछि (आठौं सर्ग) का भिन्न भिन्न मानसिकता अनुसार प्रकृतिलाई हेर्ने दृष्टिमा आएको भिन्नता उल्लेखनीय देखा पर्छ:-

वन उपवन जस्तै हर्षकारी पुरीको,
जल पनि सरयूको तुल्य गोदावरीको ।

---

५२. विशेष द्रष्टव्य- प्रथम सर्ग, श्लो. ५४, ६५; चतुर्थ सर्ग श्लो. ४, ११; षष्ठ सर्ग, श्लो. ३३, ६८; अष्टम सर्ग ४० र ४१-४७; चतुर्दश सर्ग श्लो. १६, २० र ३४ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

उटज महल जस्तै लाग्दथ्यो नित्य नीको,
कहर सहचरीको तुल्य हुन्थ्यो मृगीको ॥
(षष्ठ सर्ग, श्लो. ३३)

प्रकृतिको कृति कोकिलको रव,
विषम भो सम भो विष भो अव ।
सुसपना सपना हुन गो हरे,
प्रलयका लयका घटना परे ॥
(अष्टम सर्ग, श्लो. ४०)

(६) **सोमनाथको प्रकृति-दर्शन र निष्कर्ष- आदर्श-राघव** महाकाव्यमा सोमनाथले गरेको प्रकृति-प्रयोगको विविध कोण र दृष्टिबाट चर्चा गर्न सकिन्छ, तैपनि निष्कर्षमा सोमनाथ प्रकृतिका कवि होइनन् । यिनमा पाइने प्राकृतिकता उमेर र पृष्ठभूति समेतका दृष्टिले धेरै कुरामा नमिल्ने आफ्नै समकालीन कवि लक्ष्मीप्रसाद देवकोटाको रचनामा पाइने विराट् प्राकृतिकताका तुलनामा मात्र नभई उमेर र पृष्ठभूमिमा समेत धेरै अंशमा आफूसँग मिल्ने लेखनाथले एक चौथाई शतक अघि (१९७३: **ऋतु विचारमा**) नै गरेको प्रकृति प्रयोगको व्यापकतासित पनि दाँजिन सक्तैन। त्यसैले प्रस्तुत चर्चालाई निष्कर्षतिर लैजाँदा 'प्रकृति सफल हुन्छिन् शिल्पले कल्पनामा[५३]' भन्दै प्रकृतिलाई पनि शिल्पका घेरा भित्र बाँध्न चाहने सोमनाथ प्रकृतिको सहज उच्छलन र प्रकृतिप्रति मन्मय रूपले समर्पित रोमाण्टिक कविहरूको प्राकृतिकता मात्र नभई तन्मय रूपमा नै प्रकृतिप्रति आर्कपित भए पनि प्रकृतिको वस्तुगत तथा इन्द्रिय संवेद्य स्वाभाविकताको संरक्षण गर्न कटिबद्ध लेखनाथ जस्ता कलासिकल कविका तुलनामा समेत नमिल्दो देखिनु उनको आफ्नै विशेषता हो । अतएव महाकाव्य लक्षणका क्रममा पूर्वीय काव्यशास्त्रीहरूले दिएको प्रकृति प्रयोग सम्बन्धी (बिहान, साँझ, रात जुनेली, ऋतु, वन-पहाड, नदी-सागर आदि हुनु पर्ने) निर्देशनको[५४] समुचित परिपालना नै सोमनाथको प्रकृति-प्रयोगका शक्ति र सीमा हुन् ।

२. ३. ५ समाज-चित्रणका कोणबाट

आदर्श-राघव को पूर्व संकेत **चन्द्रचरित** (१९७६-८६) मा आधिकारिक

५३. **आदर्श-राघव** षष्ठ सर्ग, श्लो. ३५ ।
५४. विश्वनाथ; **साहित्य-दर्पण**, ६-३२२ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

कोणबाट नै भए पनि समसामयिक वातावरणको पर्याप्त उल्लेख गरिएको पाइन्छ भने **आदर्श-राघव** (२००५) मा आइपुग्दा प्राचीन रामराज्यको सामाजिक अवस्थासँग मिल्न सक्ने अंश केही परिवर्तन सहित राखी सोझै समकालिक समाजको प्रतिनिधित्व गर्ने प्रसङ्गहरू चाहिँ हटाइएको पाइन्छ। यस महाकाव्यमा समाजका विविध पक्षलाई उतार्ने प्रयास भएको छ, तर त्यो प्रयासले वर्तमानभन्दा अतीतलाई र यथार्थ भन्दा आदर्शलाई पच्छ्याएको देखिन्छ। रामराज्यका आदर्श सामाजिक परिकल्पनाका माध्यमबाट प्राचीन आर्य–आदर्शलाई प्रस्तुत गर्नु नै **आदर्श–राघव** को प्रतिपाद्य देखिएकाले सम सामयिक नेपाली जिन्दगानीका कुनै पनि अंशलाई प्रत्यक्षतः महाकाव्यले अँगाल्नु विषयवस्तुका दृष्टिले सम्भव नहुँदा यस महाकाव्यले नेपाली कवितालाई पूर्वीय काव्य शास्त्रका साँचाले अत्यधिक मात्रामा परिष्कार गरिएको कविता आदर्श प्रस्तुत गरे जस्तै नेपाली समाजका निम्ति हिन्दू वर्णाश्रम धर्मका मर्महरूलाई आदर्शका रूपमा प्रस्तुत गरेको छ।

सीधा र साधा छ विचार लोकको,
देखिन्न सञ्चार विषाद शोकको।

+

काहीं छ चर्चा विधिवाद वेदको,
काहीं छ अर्चा स्तुति-गान देवको।

+

काहीं कुनामा मुनी योग मग्न छन्,
काहीं कुनै तत्त्व–विवेक लग्न छन्॥

(२ सर्ग, श्लो. ५७ र ५९)

यसरी वानप्रस्थाश्रम र तपोवन सभ्यतालाई नै आफ्नो महाकाव्यको अतीतोन्मुख सामाजिक–परिवेशको मूल आदर्श स्वीकार्दै सोमनाथ सिग्देलको दृष्टि प्राचीन आर्य सभ्यताका आदर्शतिर उन्मुख भएको छ।

भारतीय जागरण वा हिन्दू पुनर्जागरणका लहरहरूबाट पर्याप्त मात्रामा प्रभावित बन्दै हिन्दू समाजको सामयिक पुनः संस्कारपट्टि जोड दिने[५५] लेखनाथको **सत्य कलि संवाद** (१९७६) जस्ता रचनाहरू एक चौथाइ शताब्दी भन्दा अघि देखि नै नेपाली समाजमा देखा परी यसका विचारहरूले समेत सामाजिक चिन्तन

५५. वासुदेव त्रिपाठी; **सिंहावलोकन** (दो. सं.), पृ० ३२–३३।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

प्रक्रियामा प्रभाव पारिसके पछि पनि सोमनाथ सिग्देल चाहिं हिन्दू सभ्यताको ह्रास र पुनर्जागरणका घटनाबाट पूरै अप्रभावित बन्दै हिन्दू वर्णाश्रम व्यवस्थालाई निम्नानुसार अभिव्यक्ति दिन पुगेको भेटिन्छ:—

शान्ति व्यवस्था श्रम दास्य कर्म हुन्
पूर्व–व्यवस्थापित वर्ण धर्म हुन् ।
भारी सुवर्णाश्रम भारतीय हो
चौखण्ड शोभा यिनको सुवास हो ॥

(२ सर्ग, ३ श्लोक)

यसैले सोमनाथको समाज – चित्रण पूर्णतः अतीतमुखी र आदर्श बन्न पुगेको छ तापनि आदर्श–राघव का प्राचीन प्रसङ्गहरूले वर्तमान नेपाली गाउँले समाजको प्राकृतिक अवस्था र शहरिया सामन्ती वर्गको मनोवृत्तितर्फ भने केही अप्रत्यक्ष सङ्केतहरू गरेको अनुभव हुन्छः-—

वरिपरि तरु माला बारको टम्म धारो,
डहरसँग मिलेलो भित्र पस्ने तगारो ।

\+

दुइतिर मृग–छाला ओछिएका पिंढीमा,
उपल गडिरहेको भित्र पस्ने सिंढीमा ।

\+

अलि कति फलफूल स्वच्छ ढक्की ढुनामा,
अलिपर गबुवामा राखिएको छ सामा ।

\+

हर बखत लिपेको आँगन स्वच्छ भारी
अगल–बगल भारी फूलले गम्म धारी ।

(षष्ठ सर्ग, श्लोक १७–१९ र २२)

माथिका कवितांशमा परेका डहर, तगारो, पिंढी, सिंढी, दुना, गबुवा र आँगनका प्रसङ्गले मूलतः ग्रामीण नेपाली समाजको वैशिष्टय प्रस्तुत गरेको छ भने तलको श्लोकमा सन्तान जन्मिएको उपलक्ष्यमा विविध उत्सव गरी बकस बाढ्ने तात्कालिक राणा दरबारिया मनोवृत्ति अभिव्यक्त हुन पुगेको छः–

हर्ष गद्गद भई नृपबाट
खोलिए सरस उत्सव फाँट ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

बविसयो बकस वेस विशेष
फैलियो सुयश देश–विदेश ।
(प्रथम सर्ग, श्लोक ७२)

यस्तै किसिमले विभिन्न प्रसङ्गहरूमा अक्कल–झुक्कल तथा अप्रत्यक्ष रूपबाट देखा पर्न आएका समसामयिक सामाजिक स्थितिको अङ्कनप्रति सचेत रहेरै पनि मूलतः **आदर्श–राघव** महाकाव्यमा समसामयिक नेपाली समाजको प्रत्यक्ष रूकोको कमीलाई भने स्वीकार्नै पर्छ । राम राज्यको आदर्श परिकल्पनालाई प्रतिष्ठा दिन कटिबद्ध सोमनाथ सिग्देल अतीतका सांस्कृतिक सम्झनातिर अत्यन्त आकर्षित रहेको पाइन्छ र यसैका कारणले **आदर्श–राघव** को प्रत्यक्ष सामाजिक महत्ता दुर्बल छ । यसैले पूर्वीय अतीत–आदर्शबाटै प्रभावित र प्रेरित भएर पनि त्यसको युग सापेक्ष पुनर्व्याख्याद्वारा आफ्नो समाज र आफ्नो विश्वकै सामाजिक चिन्तनका पर्यावरणहरूलाई घच्घच्याउन सक्ने लेखनाथका अगाडि सोमनाथको स्थिति निकै निर्बल देखिन्छ । जे होस्, सामाजिक कोणबाट हेर्दा **आदर्श–राघव** का सोमनाथ दुर्बल देखिनु उनको अप्राप्ति मात्र होइन, प्राप्ति पनि हो । सामाजिकताबाट पूरै अलग्गिएर नै **आदर्श–राघव** ले प्राचीन आर्य–आदर्शले जन्माएको सांस्कृतिक छवि प्रस्तुत गर्न सकेको छ भने यसैलाई नै अप्राप्तिले जन्माएको प्राप्ति भन्न सकिन्छ । वस्तुतः **आदर्श–राघव** यथार्थ थोर र अतीतोन्मुख आर्य–आदर्शको उपस्थापन बढी हो भनी भन्नै पर्छ र यसै तात्पर्यमा यसले आधुनिक नेपालको चेतनाको त्यस पक्षको प्रतिनिधित्व गरेको अनुभव हुन्छ, जसलाई वैचारिक दृष्टिले सांस्कृतिक कट्टरताको वा परम्परावादको संज्ञा दिन सकिन्छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

तेस्रो परिच्छेद

सोमनाथ सिग्देलका काव्य प्रवृत्तिको निरूपण र कवित्वको मूल्याङ्कन

'म जान्दछु' भन्दै मूर्खहरू यतातिर नलागून् भनेर मैले जानेरै यस ग्रन्थ (काव्य) मा विभिन्न ग्रन्थि(गाँठो) हरू पारिदिएको छु। अतः श्रद्धापूर्वक गुरु थापेर मात्रै यस काव्यको रसलाई सज्जनहरूले ग्रहण गर्न सक्नु हुनेछ।

– श्रीहर्ष (नैषधीयचरितम्)

३.१ काव्य प्रवृत्तिको निरूपण

सोमनाथ सिग्देलको कविता–यात्रा र काव्य कृति ('आदर्श-राघव' महा–काव्य) को विश्लेषणात्मक अध्ययन भइसकेको छ र यसैं सन्दर्भमा उनका काव्य प्रवृत्तिको निरूपण प्रासङ्गिक देखिन्छ र यसका लागि प्रथमतः सोमनाथका चरण-चरणका काव्य प्रवृत्ति केलाउनु पर्ने अनुभव हुन्छ।

३.१.१ प्रथम चरणका काव्य प्रवृत्ति

नेपाली कविका रूपमा सोमनाथ सिग्देलको काव्य यात्राको प्रारम्भ 'मानिनी रञ्जन' कविता (सुन्दरी, वर्ष १ लीला १: १९६३ असार) बाटै भएको पाइन्छ भने सुन्दरी को पहिलो वर्षको पहिलो लीलामा प्रकाशित यस कविताका अनुशीलनबाट सोमनाथ सिग्देलको काव्य चेत ब्युँझाउनामा मोतीराम र उनको मण्डलीले प्रवर्तन गरेको श्रृङ्गारिक धाराकै प्रमुख प्रभाव रहेको अनुभव हुन्छ। शैल्पिक छटा र परिष्कारप्रतिको विशेष मोह वा कविताका रूपपरक मूल्यहरूको अपेक्षा[1] गरेरै पनि मूलभूत रूपमा श्रृङ्गारिक धारालाई अँगाल्दै 'सुन्दरी' (१९६३) बाट प्रारम्भ भएको सोमनाथको काव्य यात्रामा एक दशक भन्दा बढी समयको मौनता पछि बल्ल सूक्तिसिन्धु (१९७४) मा सोमनाथ पुनः झुल्केको पाइन्छ।

१. रसिक समाज; 'सुन्दरी रहस्य', सुन्दरी, वर्ष १ लीला १. पृ. ४।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

रूपपरक दृष्टिबाट खास सक्षम नभएको माध्यमिक कालको मध्यभागको नेपाली कवितालाई शैलिक गरिमा प्रदान गर्नामा **कविता कल्पद्रुम** (१९६६–६२) ले उठाएको अभियानलाई **सुन्दरी–सूक्तिसिन्धु** (१९६३–७४) ले निकै अग्रसर बनाएको प्रतीत हुन्छ। साथै त्यस अभियानका प्रमुख स्तम्भ मध्ये एक भएर सोमनाथ सिग्देलले दिएको योगदान पनि महत्त्वपूर्ण देखिन आउँछ।

सोमनाथका **सुन्दरी** का विविध अङ्कमा प्रकाशित कविता र कतिपय समस्यापूर्तिहरूका साथै **सूक्तिसिन्धु** मा सङ्कलिन कवितामा केवल श्रृङ्गारिकता मात्र नभई शिल्प वा रीति, शब्द शय्या, छन्द तथा शब्दार्थालङ्कारको परिष्कारको प्रौढ छटा मुखरित भएको पाइन्छ। निश्चय नै सोमनाथका **सुन्दरी** कालका कतिपय कविताहरूमा शैल्पिक परिष्कारपट्टिभन्दा शैल्पिक चमत्कारकै बाहुल्य छ र लेखनाथका यस कालकै रचनामा पनि कवित्व विशेष रूपमा कल्कलाउन सक्ने सम्भावना देखिन्छ, तैपनि लेखनाथ त्यतिखेर सहज लालिमाका कवि देखा पर्छन् भने सोमनाथ चाहिँ सापेक्ष प्रौढताका दृष्टिले केही अघि बढेको भेटिन्छ।

सुन्दरी को प्रकाशन बन्द भए पछि अर्थात् १९६५ साल पछि सोमनाथ नेपाली कविताका क्षेत्रबाट करीब एक दशक जति समय–सम्मका लागि अन्तर्ध्यान हुन्छन् भने यसबाट उनी कविताप्रति सम्पूर्णतः समर्पित नभई देला–वखतमा उन्मुख हुने कवि प्रतीत हुन्छन्। जे होस्, एक दशक पछि **सुन्दरी** का रसिक समाज मध्ये अधिकांश भेला भएको १९७४ सालको **सूक्तिसिन्धु** आयोजनामा नै सोमनाथ आफ्ना तीनवटा कविता लिएर देखा परेका छन् र यस अवस्थामा आइपुग्दा उनमा पर्याप्त मात्रामा शैलिक परिष्कार भएको श्रृङ्गारिकता प्रकट हुन्छ।

निष्कर्षमा श्रृङ्गारिकता र त्यसलाई शिल्प साधनाले सजाउने कार्य नै पहिलो चरणका सोमनाथको मूल काव्य प्रवृत्ति ठहर्छ। यस काव्य–प्रवृत्तिको विशेष व्याख्या गर्ने हो भने चाहिँ सोमनाथ श्रृङ्गारिक भएर पनि आफ्ना कतिपय सहयोगीहरू झैं उच्छृङ्खल छैनन् बरू पण्डितोचित शिष्टताका सीमाभित्र देखा पर्छन्[२]। उनी यदा कदा अन्त्यानुप्रास तोडे पनि प्रायः अत्यानुप्रास अँगाल्छन् र

---

२. **सूक्तिसिन्धु** मा सङ्कलित कविताहरूमध्ये राधानाथ शर्मा लोहनी, केशवनाथ शर्मा पौडेल आदिका कतिपय कवितालाई शिष्टताका सीमा नाघ्ने 'क्षयोन्मुख' कविता मानिएको छ।

– यदुनाथ खनाल; 'सूक्तिसिन्धु' को मूल्याङ्कनको खोजमा, **साझा समालोचना**, पृ. १५–१९।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

अन्य शाब्दिक अनुप्रास र यमकको क्रीडा पनि मन पराउँछन् अनि श्लेषको सोख राख्तछन् र कतिपय ठाउँमा रूपक, उत्प्रेक्षा, अतिशयोक्ति र उपमा जस्ता अर्था-लङ्कारतिर आकर्षित छन् । छन्दका हिसावले चाहिँ प्रवाहभन्दा नियोजित लय अँगाल्दै उनी द्रुत–विलम्बित, स्रग्धरा, शार्दूल विक्रीडित, इन्द्रवज्रा, मालिनी, भुजङ्ग प्रयात आदि वर्णमात्रिक छन्दका साथै विशेषत: प्रयोगकर्ताका रूपमा आर्या (लीलावती पनि) मात्रिक छन्दतिर पनि प्रवृत्त छन् । यसको तात्पर्य के हो भने पूर्वीय काव्य शिल्पको विशेष सजधजतिर सोमनाथ नेपाली कवितालाई डोऱ्याउँदै छन् र शिष्ट रूपमा रतिभाव खेलाउँदै रहेपनि भावभन्दा शिल्पले नै उनको कवित्वलाई प्राप्तिपूर्ण वनाइरहेको छ ।

जहाँसम्म अन्य अवान्तर काव्य प्रवृत्तिको प्रश्न छ, सोमनाथले माध्यमिक कालको पूर्वार्धको समस्यापूर्ति परम्परा अँगाले पनि उर्दू प्रेरित गजल परम्परातिर भने सायद संस्कृतनिष्णात कवि हुनाले कुनै रुचि देखाएका छैनन् । लेखनाथका काव्य धाराका आध्यात्मिक चेतना, नैतिक स्वर, सामाजिकता र प्रकृति चित्रण जस्ता प्रवृत्तिका दृष्टिले चाहिँ सोमनाथ ती आधुनिक प्रवृत्तितिर खास चाखिएका छैनन् र उनलाई शिल्पचमकको वैशिष्टचको विशेष स्वीकृतिका साथ माध्यमिक कालकै सामान्य परिधि भित्र राख्न सकिन्छ ।

३.१.२ द्वितीय चरणका काव्य प्रवृत्ति

सूक्तिसिन्धु (१९७४) मा सोमनाथको कविता–यात्राको प्रथम चरण टुङ्गिए पनि उनको कविता यात्राको दोस्रो चरणको थालनी चाहिं **चन्द्रचरित** (१९७६–८६) देखि भई **आदर्श–राघव** (२००५) सम्म आइ पुगी समाप्त हुन्छ । यस चरणमा पनि उनी कविता–साधनाप्रति एकाग्र हुन नसकेको र बीच बीचमा हराउँदै देखा पर्दै रहेको देखिन्छ ।

सोमनाथको कविता यात्राको यस चरणमा पहिलो चरणको शृङ्गारिकता-लाई छोडिएको छ र उनी भावान्तरतिर उन्मुख छन् । त्यो भावान्तर हो शासक स्तुति वा राजभक्ति (चन्द्र शमशेर स्तुति) । यस चरणका प्रारम्भमा प्रवृत्तिगत दृष्टिले सोमनाथ शिल्प वैदग्ध्यको विस्तारका साथ कविताको उच्चतम रूप (महाकाव्य) प्रति उन्मुख हुँदै अंशतः देशभक्ति र समसामयिक राष्ट्रिय वा सामा-जिक प्रसङ्ग (शासकीय कोणबाट पर्याप्त प्रभावित) तिर आकर्षित छन् । सोमनाथले **सूक्तिसिन्धु** – काण्ड पछि आफ्नो भावभूमि बदलेको, काव्य महत्त्वा–कांक्षा तिखारेको र शिल्प सजधज चाहिँ बढाउँदै लगेको तथा काव्यहेतुहरू मध्ये

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

साधना वा अभ्यासलाई विशेष महत्त्व दिन थालेको भेटिन्छ । यसबाट उनका काव्य प्रवृत्तिले ठूलो मोड लिएको अनुभव हुन्छ ।

चन्द्रचरित को व्यावहारिक विफलता र **आदर्श–राघव** को प्रकाशन (२००५) का बीचमा उनले जे जति लेखेका छन् ती रचनाबाट चाहिँ प्रवृत्ति परिवर्तनका दृष्टिले सोमनाथ विशेष गतिशील रहेको देखिन्छ । उनी आध्यात्मिक चेतना र नैतिक स्वर समेत समात्दै लेखनाथीय प्रवृत्तितिर झुकिरहेको प्रतीत हुन्छ तापनि भावभन्दा शिल्पप्रतिको सोमनाथीय झुकाउ चाहिँ अटलै रहेको अनि सामाजिक र युगीन सचेतताका हिसाबले पनि लेखनाथ र सोमनाथको मार्ग भिन्न भिन्न भइसकेको प्रतीत हुन्छ ।

सोमनाथको काव्य वा कविता–यात्राको दोस्रो चरणको अन्तिम र खास उपलब्धि **आदर्श–राघव** (२००५) महाकाव्य नै हो । कविताप्रति अविच्छिन्न एकाग्रता राख्न नभ्याएका सोमनाथको अवधि-विशेषको दीर्घ साधनाको प्राप्ति हो यो महाकाव्य । प्रवृत्तिगत दृष्टिले यस महाकाव्यका सोमनाथले आफ्नो शिल्पचेतनालाई पराकाष्टामा पुऱ्याएका छन् भने उनको अभ्यास वा साधनाको प्रवृत्ति यस महाकाव्यमा चरमोत्कर्षमा पुगेको छ । भाव पक्षका दृष्टिले चाहिँ सोमनाथ मूलतः आदर्श सांस्कृतिक चेतनाले ओतप्रोत छन् र अङ्गी रस शान्त भए पनि अङ्ग रसका हिसावले चाहिँ उनी जीवनका नाना भावतिर उन्मुख देखा पर्छन् र भावभूमिका हिसाबले **आदर्श–राघव** सोमनाथको सर्वाधिक विस्तारित अभिव्यक्ति हो । परन्तु यति हुँदा हुँदै पनि यस महाकाव्यमा सोमनाथको प्रकाण्ड पाण्डित्यले गहिरो भूमिका खेलेको छ र पूर्वीय दर्शन, व्याकरण, कोष र साहित्य शास्त्रको अध्ययन–निर्मित व्युत्पत्तिबाट प्रसूत उत्पाद्य-प्रतिभा नै यस काव्यको मूल सृजना–स्रोत रहेको अनुभव हुन्छ । सोमनाथको कविता–यात्राको विकासशीलताको पहिचनका दृष्टिले उपर्युक्त बुँदाहरूलाई समेट्ता **आदर्श–राघव** महाकाव्य पूर्वीय शास्त्रीय व्युत्पत्ति र निरन्तरको साधनाद्वारा अनुप्राणित उत्पाद्य–प्रतिभाको उपज प्रतीत हुन्छ । हाम्रै सांस्कृतिक अतीतको महिमामय आदर्शलाई विभिन्न भावका सहकारितामा गाउँन खोज्दा खोज्दै पनि व्युत्पत्ति र अभ्यासद्वारा प्राप्त पाण्डित्य र शिल्पद्वारा सो आदर्श भाव 'नरीवल कविता'का तहमा पुग्न खोजेको विलक्षण घटनाका रूपमा प्रकट हुन्छ ।

सोमनाथका **आदर्श–राघव** महाकाव्यबाट टिप्न सकिने मूल प्रवृत्ति यिनै हुन् र व्युत्पत्ति तत्त्व सोमनाथको नयाँ (उनकै पूर्ववर्ती रचनाका सन्दर्भमा) प्राप्ति हो भने शिल्प तत्त्व चाहिँ क्रमशः चरमतामा पुगेको हो अनि भावको चर्वणीय

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

अन्तस्थता (नरीवल कविता) चाहिँ व्युत्पत्ति र शिल्पकै चापमा चेपिँदै वर्तमान विन्दुमा आइपुगेको हो। वास्तवमा भारवि–पन्थी संस्कृत महाकाव्य–धाराकै नेपाली अनुयायीका–रूपमा सोमनाथ देखापर्छन्। जहाँसम्म **आदर्श–राघव** को मूल भाव आदर्श–सांस्कृतिक चेतनाको प्रश्न छ, त्यो चाहिं सोमनाथको आफ्नै कविता–यात्राका सन्दर्भमा नयाँ दिशा हो। शृङ्गार र शासक स्तुति (राजभक्ति) का ठिटौले र गृहस्थी उमेर पार गरे पछिको बुढचौली–वितृष्णाको प्रदान हो।

सोमनाथका उपर्युक्त मूल प्रवृत्तिको अझ व्याख्या गर्नु पर्ने अनुभव हुन्छ र केही अवान्तर प्रवृत्ति समेत टिप्नु प्रासाङ्गिक देखिन्छ। यस सन्दर्भमा निम्न-लिखित बुंदा प्रकट हुन्छन्:–

(१) सोमनाथको **आदर्श–राघव** ले राम कथाका माध्यमबाट सांस्कृतिक अतीतको पुनराख्यान गर्न चाहे पनि यसमा आख्यानको सरसता त्यति देखिदैन र चरित्रको सजीवता पनि प्रकट हुँदैन। सांस्कृतिक स्वरकै दृष्टिले पनि लेखनाथका तुलनामा सोमनाथको **आदर्श–राघव** मा युग–सापेक्षता भन्दा परम्परा गायनकै प्रवृत्ति पाइन्छ।

(२) व्युत्पत्ति तत्त्व **आदर्श–राघव** महाकाव्यमा प्रवल छ तर त्यसैले भाव तत्त्वलाई उजिल्याउने र ठोस तुल्याउने भूमिका कमै खेलेको छ र वरु पाण्डित्यकै विशेष प्रदर्शनमा कविताको भाव पक्ष किचिएको अनुभव हुन्छ तापनि यो पूर्वीय पाण्डित्यमय कवित्व आफैमा चाहिं नेपाली कविताको इतिहासकै विशिष्ट नमूना हो।

(३) शिल्प तत्त्वका दृष्टिले **आदर्श–राघव** नेपाली साहित्यमै "नभूतो न भविष्यति" पूर्वीय शिल्प प्रदर्शनी हो। परन्तु यस शिल्पले कविताको भाव परक प्राणलाई रूपपरक मूल्यद्वारा उजिल्याउनु भन्दा वरु थिचिदिएको अनुभव हुन्छ। **आदर्श–राघव, साहित्य प्रदीप** को पूर्व पीठिका अर्थात् पूर्वीय लक्षण शास्त्रको नेपाली लक्ष्य नमूना बन्न गएको कुरा चर्चित भइसकेको छ। जे होस्, जम्मा चौबीस (वसन्त तिलका, स्वागता, मालिनी, इन्द्रवंशा, पञ्चचामर, पृथ्वी, हरिणी, पुष्पिताग्रा, मन्दाक्रान्ता, वियोगिनी, स्रग्धरा, द्रुतविलम्बित, प्रहर्षिणी, गीति, मत्तमयूर, लीलावती, शार्दूल विक्रीडित, भुजङ्ग प्रयात, स्रग्विणी, शालिनी, अनुष्टुप, शिखरिणी, उपगीति र कुटक) वर्णमात्रिक र मात्रिक छन्दका गरी एक हजार वयसठ्ठी श्लोकद्वारा अनुप्रास र यमक जस्ता शब्दालङ्कार र मूलतः दृष्टान्त, रूपक, उत्प्रेक्षा, स्वभावोक्ति, अतिशयोक्ति, काव्यलिङ्ग, संसृष्टि र सङ्कर जस्ता अर्थालङ्कारका साथै गुणीभूत व्यङ्ग्य र ध्वनिका नाना भेद तथा रस एवम् गुण र

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

रीति (शब्दशय्या) का नाना विधानका प्रयोग गर्दै लेखिएको यस महाकाव्यले भावभन्दा व्युत्पत्तिमूलक शिल्पकै विशेष लक्ष्य राखेको पाइन्छ। लेखनाथको कवित्वका सन्दर्भमा हेर्दा अवश्य नै **आदर्श–राघव** को शब्द शय्या क्लिष्ट भएर पनि ती शब्दको कोमलकान्तताले ओतप्रोत छैन। अनि यस महाकाव्यमा चौबीस किसिमका छन्दको प्रयोग हुँदा हुँदै पनि छन्दको मोहनी प्रायः प्राप्य छैन र नाना अलङ्कारको सजावट हुँदा हुँदै पनि कवित्व त्यति मनोरम छैन र रस तथा गुण एवम् व्यञ्जनाका विशेष प्रयोग हुँदा हुँदै पनि अभिव्यक्ति भावमय र सुसंवेद्य त्यति छैन तर यी कुरा सामान्य पाठकका निम्ति लागू हुन्छन् भने पूर्वीय पृष्ठ-भूमिमा पर्याप्त शिल्प–चेत र प्रबुद्धता भएका विशिष्ट तथा परिश्रमी र गम्भीर पाठकका निम्ति चाहिं यो महाकाव्य रोचक चमत्कारकै रूपमा रमाइलै ठहर्न जान्छ। लेखनाथ नेपाली कविताका प्रायः सबै स्तरका पाठकका प्रिय कवि हुन् भने सोमनाथ विशिष्ट तर सीमित पाठकका निम्ति उत्तेजक कवि हुन्। यस उत्तेजनाले गोविन्दप्रसाद भट्टराईका **पृथ्वी महेन्द्र** (२०१९) **भावना** (२०२०) जस्ता महाकाव्यहरूको गौण नै भए पनि एउटा परम्पराकै निर्माण गरेको तथ्यलाई पनि बिर्सन मिल्दैन।

(४) सोमनाथका अवान्तर काव्य प्रवृत्तिका सन्दर्भमा प्रथमतः उनको समाज चित्रणको चर्चा गर्न सकिन्छ। समाज चित्रण तिर **चन्द्रचरित** मा आफ्ना सीमा भित्र व्यावहारिक सोमनाथ प्रत्यक्षतः प्रवृत्त रहेका हुन् भने **आदर्श–राघव** मा चाहिं पण्डित कवि सोमनाथ अप्रत्यक्षतः प्रवृत्त छन् अनि यस महाकाव्यमा यदा कदा राणाकालीन नेपालका यथार्थ झल्किए तापनि मूलतः उनी कलियुगी नेपाललाई त्रेतायुगी सांस्कृतिक आदर्शको शिक्षा–दीक्षा दिइरहेका छन्। यसबाटै पनि आधुनिक नेपाली चेतनाको एक पक्ष अर्थात् सांस्कृतिक पुनर्जागरणको एकाङ्गी स्वर चाहिं प्रकट भएको छ।

उपर्युक्त अवान्तर प्रवृत्तिकै सन्दर्भमा सोमनाथको **आदर्श–राघव** मा पाइने प्रकृति प्रयोग पनि उल्लेखनीय छ। यो उनकै पूर्ववर्ती काव्य यात्राको सन्दर्भमा पनि नौलो घटना हो। सोमनाथको प्रकृति–प्रयोग मूलतः पूर्वीय महाकाव्य-लक्षणका खास निर्देशनबाट प्रेरित छ र यसमा विशेषतः तन्मय (वर्णनात्मक), उद्दीपनमूलक र आलङ्कारिक स्वरूपकै प्रबलता देखिन्छ।

३.१.३ तृतीय चरणका काव्य प्रवृत्ति

आदर्श-राघव (२००५) महाकाव्य पछि पनि केही पत्र पत्रिकामा एकाध कविता र **साहित्य-प्रदीप** (२०१६) मा सङ्कलित केही काव्यशास्त्रीय लक्षण र

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

उदाहरणका प्रयोजनका लागि लेखिएका केही मौलिक र केही अनूदित फुटकर कविताहरू देखिन्छन्, तैपनि **आदर्श–राघव** पछि सोमनाथका कविताले कुनै उल्लेखनीय मोड लिन नसकेको प्रतीत हुन्छ र सोमनाथको काव्य यात्राको तेस्रो चरणको खास कुनै मूल्य देखिन्न । यस सन्दर्भमा सोमनाथका काव्य प्रवृत्तिको विकास प्रक्रियाको वास्तविक उत्कर्ष विन्दु **आदर्श–राघव** (२००५) महाकाव्य नै हो भन्ने कुरा झन् प्रष्ट हुन्छ ।

३.२. कवित्वको मूल्याङ्कन

सोमनाथ सिग्देलका विभिन्न चरणका काव्यप्रवृत्तिको सिंहावलोकनवाट केही निष्कर्ष निस्कन्छन् । शैक्षिक र युगीय पृष्ठभूमि तथा कार्यक्षेत्र र उमेर समेतको समानता भए पनि अर्थात् पूर्वीय वाङमय र सङ्क्रमणशील नेपाली पर्यावरणवाट प्रभावित, प्रेरित र मर्यादित रहेर पनि लेखनाथले प्रत्येक युगका चाप र प्रतिचापलाई सकेसम्म आफूमा आत्मसात् गर्दै आफ्नो काव्य यात्रालाई मृत्युशय्या पर्यन्त गतिशील राखेको देखिन्छ[३] तर सोमनाथ भने बीच बीचमा अड्दै र सुस्ताउँदै तथा युगको मूल चेतना र प्रवाहको प्रायः वेवास्ता गर्दै र टिप्न चाहेका धारणालाई पनि ढिलाउँदै र एकाङ्गी पार्दै टिप्तै आफ्नो काव्य यात्रातर्फ मन्द–मन्थर तथा शास्त्रीय वाटावाट हिंडेको पाइन्छ । निश्चय नै सोमनाथका **आदर्श–राघव** महाकाव्यका अतिरिक्त पनि केही फुटकर कविताहरू छन् र अझ पूर्णतः मौलिक हिसावले प्रस्तुत गरिएको पहिलो नेपाली महाकाव्य प्रयत्न **चन्द्रचरित** नै भेटिएको छ, तैपनि कविताका लघुतम रूपदेखि बृहत् र बृहत्तर रूपसम्म दृष्टि दिंदा सोमनाथ सिग्देलको कवित्व मूलतः **आदर्श–राघव** मा केन्द्रित देखिने हुँदा पनि सोमनाथको काव्य यात्रा अपेक्षाकृत दुब्लो प्रतीत हुन्छ भने काव्य–प्रवृत्तिका सन्दर्भमा समेत सोमनाथमा लेखनाथकै विविधता र विकासशीलताको पनि अभाव जस्तै छ, तर पूर्वीय काव्यशास्त्रीय महाकाव्य–मान्यतालाई निजी नेपाली प्रसङ्गमा यथावत मूर्त्याउने **चन्द्रचरित** (१९७६–८३)को साधना र **आदर्श–राघव**(२००५)को उपलब्धि मात्रै पनि सोमनाथको महत्त्वपूर्ण प्राप्ति देखिन आउँछ । यसैले नेपाली साहित्यमा (विशेषतः कवितामा) सोमनाथ सिग्देलको योगदान भन्नु **आदर्श–राघव** महाकाव्य नै हो भने उनको कवित्वको मूल मौलो पनि यही महाकाव्य ठहर्छ अनि **आदर्श–राघव** को मूल्याङ्कन भन्नु उनको नेपाली कवित्वको

---

३. यस प्रसङ्गमा लेखनाथले मृत्यु हुनु भन्दा अगि लेखेको 'आखिरी कविता' को समेत स्मरण हुन्छ ।

—माधव घिमिरे समेत (सं.), **आधुनिक नेपाली कविता**, पृ० २३ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

समष्टि मूल्याङ्कन समेत हो भन्ने तथ्य पनि प्रकट हुन आउँछ ।

पूर्वीय पाण्डित्यका सुदृढ आधारमा शैल्पिक परिष्कारप्रतिको अत्यन्त निष्ठा नै सोमनाथको मूल काव्य प्रवृत्ति हो । शिल्पपट्टिको यो आकर्षणको प्रारम्भ **सुन्दरी** (१९६३) मा प्रकाशित फुट्कर कविता र समस्यापूर्तिहरूबाट भएको छ। उनका **सुन्दरी** कालीन (१९६३–६५) कवितामा शैल्पिक चमत्कार बढी र परिष्कार कम देखा परे पनि **सूक्ति–सिन्धु** (१९७४) मा आइपुग्दा चाहिँ श्रृङ्गार रसमा बहेको आफ्नो काव्यधारालाई परिवर्तन गर्दै र सम-सामयिक वातावरणलाई सीमित मात्रामा नै भए पनि आमन्त्रण गर्दै शासक भक्तितिर लागेको तथ्यलाई **चन्द्रचरित** (१९७६–८६) ले उद्घाटित गरेको छ। **चन्द्रचरित** मै पनि शैल्पिक परिष्कारप्रतिको असामान्य उन्मुखता पर्याप्त प्रतिविम्बित छ र अझ पूर्वीय काव्य शास्त्रीय मान्यताहरूको यथावत् प्रतिपालन तथा पूर्वीय पाण्डित्यको प्रखर प्रदर्शन **आदर्श–राघव** मा जे जति भएको छ त्यस मध्ये पाण्डित्य र बौद्धिकताका अंशहरू सोमनाथका उत्तरवर्ती उपलब्धि नै भए पनि काव्य शास्त्रीय मान्यताहरूको यथा-वत् प्रतिपालनका क्षेत्रमा **आदर्श–राघव** (२००५)भन्दा अघि **चन्द्रचरित** (१९७६–८६) मै सोमनाथले निकै लामो अभ्यास गरिसकेको भेटिन्छ । यसैले सोमनाथको काव्य–साधनाका अत्यधिक क्षण शैल्पिक परिष्कारतिरकै अभ्यास–अनुशीलनमै बितेको ज्ञात हुन्छ र उनी आफ्ना कविता र विशेषतः **आदर्श–राघव** महाकाव्यमा जीवनका मार्मिक क्षणहरूको रसमय अङ्कन गर्न भन्दा प्रौढ शैल्पिक परिष्कारपट्टिकै जोडमा देखिन्छन् । जे होस्, विविध छन्दहरू प्रयोग गरेर पनि भानुभक्तको सहज प्रवाहशीलतालाई मात्र नभई लेखनाथको स्वाभाविक परिष्कारलाई समेत नभेट्नु सोमनाथका शैल्पिक अप्राप्ति हुन् र सोमनाथको शैल्पिक परिष्कार कतिपय स्थान मा सीमा नाघ्दै कृत्रिम पनि बन्न पुगेको पाइन्छ, तैपनि संस्कृत साहित्यमा भार-विले सुरु गरेको तथा माघ र श्रीहर्षले चरमता दिएको करीब आठसय वर्ष लामो 'विचित्र काव्यमार्ग'[४] वा अलङ्कृत भनिने काव्य परम्पराको नमूनालाई नेपाली काव्य साहित्यमा भित्र्याउनु नै सोमनाथको मूल प्राप्ति हो। यस सन्दर्भमा सोमनाथ नेपाली साहित्यमा शास्त्रीय शिल्प निष्णत असामान्य पण्डित–कवि हुन् । भारविकै बारेमा बारम्बार उद्धरण गरिने सूक्तिहरूबाटै उनका कविताको वास्तविक मूल्याङ्कन गर्न सकिन्छ । सोमनाथ भारवि जस्तै 'अर्थ गौरव'[५] ले परि-पूर्ण तथा 'नारिकेल फल सम्मित[६]' कवित्वका धनी कवि हुन् । यति भएरै पनि

---

४. वाचस्पति गैरोला; **संस्कृत साहित्यका इतिहास**, पृ० ९५३ ।
५. देवी शङ्कर मिश्र समेत; **संस्कृत साहित्यका इतिहास**, पृ. १२७–३६ ।
६. सोमनाथ सिग्देल; पूर्ववत् ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

भारविले संस्कृत महाकाव्य परस्परामा कालिदास। अश्वघोपका प्रवृत्तिलाई परिवर्तन गर्दा कालीदास अश्वघोप पूर्ववर्ती भइसकेको थिए भने सोमनाथले **आदर्श–राघव** लेख्ता लक्ष्मीप्रसाद देवकोटाले विभिन्न महाकाव्यहरू समेत प्रस्तुत गर्दै नेपाली कविताको मूलधाराको नेतृत्त्व गरिरहेका थिए। यस स्थितिबाट हेर्दा समयको मूल गति भन्दा भिन्दै आग्रह र स्वरूपलाई प्रस्तुत गरेर पनि सोमनाथको **आदर्श–राघव** ले आफ्नो छुट्टै व्यक्तित्त्व संस्थापित गर्न सक्नु विशेष महत्त्वको विषय हुन आएको छ। यसैले भारवि–धाराकै चरमोत्कर्ष महाकवि श्रीहर्षकै स्वाभिमान पूर्ण र सटीक उक्तिबाट सोमनाथको पनि मूल्याङ्कनका निम्ति एउटा सूत्र प्राप्त हुन्छ,[७] **आदर्श–राघव** सामान्य भावकले सरसता पूर्वक पढ्ने काव्यभन्दा प्रौढ प्रबुद्ध भावकले विशेष परिश्रम पूर्वक पढ्ने काव्य हो। **आदर्श–राघव** महाकाव्य प्राप्ति-पूर्ण छ तर त्यसमा पाइने विशिष्ट रस नरिवल चपाए झैं चपाउँदा अथवा प्रशस्त मिहिनेत गरेमा मात्र प्रबुद्ध भावकलाई प्राप्त हुन्छ।

सोमनाथको कवित्त्वको मूल्याङ्कनका निष्कर्षतिर आइपुग्दा केही ठोस निर्णयहरू अघि सर्छन् र तिनलाई बुँदाका रूपमा यस प्रकार टिप्न सकिन्छः—

(१) नेपाली साहित्यको माध्यामिक कालमा उत्तरार्धतिर नेपाली कविता-लाई पूर्वीय शिल्पले सजाउने क्रममा सोमनाथको महत्त्वपूर्ण योगदान देखिन्छ भने यी योगदान माध्यामिक कालको मध्यभागतिर रूपपरक दृष्टिले समेत त्यति उठ्न नसकेको नेपाली कविताका सन्दर्भमा चाहिँ ऐतिहासिक महत्त्वले परिपूर्ण रहेको छ।

(२) नेपाली कविताको आधुनिक कालका सन्दर्भमा चाहिँ सोमनाथ सिग्देलको भूमिका कविताको उच्चतम रूप अर्थात् महाकाव्यकै क्षेत्रमा सीमित छ। यसैले नेपाली साहित्यमा सोमनाथ सिग्देलको योगदान भन्नु नेपाली कविताका क्षेत्रमा उनले गरेको योगदान नै हो। यस योगदानको पनि मूल आधार **आदर्श-राघव** महाकाव्यनै ठहरिएको छ। **आदर्श–राघव** महाकाव्य त्यस्ता केही सीमित महा-

---

७. ग्रन्थ–ग्रन्थि यहाँ कहीं गरिदिएँ मैले प्रयत्नै गरी
'मै जान्ने हुँ' भनी हठात् अबुधले यस्मा नखेलोस् भनी।
श्रद्धाले गुरु सेवनु गरि दृढ-ग्रन्थि फुकाईकन
लौ यो काव्य रसोर्मि–मज्जन–सुख प्राप्ति गरे सज्जन ॥।
– कोमलनाथ अधिकारी– (अनु.); श्री हर्षको **नैषधीय-चरित**, उपसंहार, श्लो. ३ पृ. ३८१।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

काव्य भित्रै पर्दछ, जसको आफ्नै ऐतिहासिक र काव्यात्मक मूल्य छ र अरु केही महाकाव्यका लागि खास प्रेरणाको स्रोत पनि बनेको छ। नेपाली साहित्यमा आ-आफ्ना किसिमबाट महाकाव्य परम्परा बसाल्ने पाँच महाकाव्यकारहरूमध्ये भानुभक्त, देवकोटा, सोमनाथ, लेखनाथ र बालकृष्ण सम देखा पर्दछन्। अहिलेसम्म जे जति महाकाव्य प्रयास भएको छ त्यसमा यिनै पाँच महाकाव्यकार र उनका महाकाव्यहरु नै प्रेरणाको स्रोत र आदर्श–बन्दै आएका पाइन्छन्।

यी मध्ये ऐतिहासिक मूल्य र शास्वत काव्य मूल्यका सन्दर्भमा समेत लक्ष्मीप्रसाद देवकोटाको महाकवित्व सर्वोपरि रहेको छ। त्यस पछि नै लेखनाथ र बालकृष्ण सम आउंछन् भने भानुभक्तको स्थान प्रथम र लोकप्रिय महाकाव्यकारका रूपमा ऐतिहासिक दृष्टिबाट समेत विशेष उल्लेख्य छ। यिनै हाराहारिमा **आदर्श–राघव** का सोमनाथ सिग्देल देखा पर्छन्। पूर्वीय काव्यशास्त्रीले निर्धारण गरेको महाकाव्य लक्षणको निर्दोष शास्त्रीय नमूनाका रूपमा **आदर्श–राघव** को स्थान उत्कृष्ट छ र यिनै वैशिष्टचका आधारमा महाकाव्यकार सोमनाथ सिग्देलको योगदान निरूपित भएको पाइन्छ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

खण्ड ३ : परिशिष्ट

सोमनाथ सिग्देलका अनुपलब्ध विशेष कविता तथा महाकाव्यांश

- नेपालीमा प्रकाशित पहिलो कविता : मानिनीरञ्जन (१९६३)
- नाटच कविता : दिगम्बर विवाह–प्रहसन (१९६३)
- अप्रकाशित महाकाव्य : चन्द्रचरित (१९७६–८६)
- अप्रकाशित महत्त्वपूर्ण कविता : परमपिताको खोज (१९९२)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

(१) सोमनाथ सिग्देलको पहिलो प्रकाशित नेपाली कविता:

मानिनी रञ्जन

ति अवला अवलाई म छोड्दछु
म तिनको तिनकोस् पर वस्तछु ।
म मनलाइ नलाइ कतैं पनि
परिसक्याँ रिस क्याँन ममा अनी ॥१॥

जप गरी पगरी जिमिमा धर्‍याँ
वसिरहिं शिरही पदमा गर्‍याँ ।
खसमको समको छ जगत्महाँ
तखतको खतको गरला जहाँ ? ॥२॥

विपति भै पति भै पदमा परें
किन यसोरि यसो रिस, के गरें ।
कम गरी म गरीव उपर्दया
मनक मारन मार तयारभया ॥३॥

मदनका दनका उठी वेसरी
धिरजलाई जलाई सरासरी ।
विरही झैं रही भै विच येसरी
सहजमै हजमै हुन शरीर् ॥४॥

अधर दी धर दिन्नत भन्दथ्यौ
पिरतीले रतिले खुस गर्दथ्यौ ।
गरिदियौ अव यस् अवयश् नआ
नकलको कलको विउ झैं भआ ॥५॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

मलिन भै लिन भै मुखको छवी
कमलमा मलमालस झैं भई ।
फटिककी टिकको महिमा गयो
छुरिसरी रिस रीति लिई भयो ।।६।

गर तिमी रति मीठो असल तवर्
दिनू मलाइ मलाइ सरी अधर् ।
दिलहरी लहरी गरी प्रीतिको
गरिबलाई वलाइ दिनू निको ।।७।।

किन गयौ वन यौवनमा पनी ?
अधम ! झोलि म झोलि लिई भनी ।।
न मन भन्मन भन् मत जोगि भै
गइसकें इसकें अब भोगि भै ।।८।।

रसिक हो ! सिक होस गरी यही
अब त यारी तयारी गरिरही
सुयशले यसले गरि खूब ली
सबजना दिललाई ललाइ ल्यौ ।।९।।

करजोडी कर जोडी जनको मानी नभै अभिमानी
यसलाई यसलाइ वनाइ जाहिंगन्याँ भाइ

(सुन्दरी १: १; १९६३ असार)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

(२) 'सुन्दरी'मा प्रकाशित नाट्य-कविता :

दिगम्बर विवाह (प्रहसन)

प्रस्तावना

डंडंडंडम्मडंडंडमडम डमरू विघ्न चर्को वजाई
ढंढंढं ढन्न ढंढं ढन ढनक गरी हात्ति छाला ठटाई ।
फू फू फू फुर्र फू फू गरि शरीर भरी सर्पको श्वास् बढाई
ताण्डवमा वेस पण्डित् प्रभुवर नटराज् दूर्गरून् दुःखलाई

॥१॥

चोली खोली रतीमा व्यइजति गरने स्वामीको देहभर्मा
देखी सेतो त सेखी गरिकन कपडा तान्न वाहू पसार्दा ॥
दिग्वस्त्रै जानि मुठ्ठीभर सव तर्फै पाइ खाली खरानी
लाज्मानी हाँसि 'दासी प्रभुकि हुँ' भनने खुस् गरून् वौरी गौरी

॥२॥

शङ्कर्जीका तेसरा नेत्र देखी माथी वीच्मा श्यामती चन्द्र देखी
गाजल् पार्न चाँदिको खोरि मानी दाँत्ले तान्ने विघ्नराज् संक्ष मानी

॥३॥

सूत्रधार- (नान्दी सकेर) अव विस्तार नगरौं अहो सारा संसार सार
वार पार अपार प्रताप हुने धर्मकर्मका मर्मज्ञ श्री नेपाल
पाल रसिक समाज माझमा राजभै रङ्गभूमि क्या दङ्ग छ ?
आ हा हा हा ! ! !

जुनको यशकन देखी सेखी लेखिन्छ तुछमा जुनको
जनको मर्म्पनि यसरी जसरी तसरी गरुन्त रंजनको ?

॥४॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

अत्र रसिक समाजमा जमाई प्रहसन उत्तम आज आजमाई ॥
सकलकन खुसीमहाँ मिलाई असल हुने लहना छ हामिलाई

॥५॥

अब नटीलाई बोलाई सब साजवाज दस्तूरसाथ दुरुस्त गर्छु । (नेपथ्यतिर फर्की) प्यारी ! भरी काम छ जल्दी मन्दी यता आउन ।

नटी- (आई शिर नुहाई) हजुर ! वेउजुर हाजिर्छु जोमर्जी ?

सूत्र- प्यारी हेर रङ्गशालाकी नवीन छवी, अब श्री पशुपतिनाथको अति प्रणति गरी आत्रेय कुलका श्री सोमनाथोपाध्याय कविजीको गजब तर्जुमा "दिगम्बर-विवाह-प्रहसन" नकल गरी सकलको दिल वहलाउँ ।

नटी- (अति हाँसेर) वेस हो, क्या रङ्गिचङ्गि ती कविजीकि भङ्गि आहा?

निसिपमा सिपमा हविगत् नभै
कमपनी मपनी कविवन्न नै ॥
निहकमा हकमा सवलोकमा
चरणमा रगु माफ गरी पर्याँ ॥

सूत्र- घिसारी पसारी शिरै, जूनी सारी
सपारी नपारी फिका खूस पारी ॥
वहारी जहारी गरी काम् नहारी
पियारी ! तयारी गरौं आज यारी

॥७॥

हेर हाम्रो भाग्य, राम्रो वसन्त पनी अत्यन्त वनी रहेको छ ।

क्कैलीका परिपंच पंचमविषे मन् चंचलै गर्दछन्
चन्दन्वन्तिरका पवन्पनी अनी झन् फन्दमा पर्दछन् ।
दंगलार्छ अनङ्ग अङ्ग भरको सव् रङ्गनै हुँदिने
इन्दिन् गुन्जन सूनि कुंज विचमा कुन् जन् नहुन्दं दिने

॥८॥

नटी- हेरि आँपविच भेर मंजरी मन् जरी वरिपरी अती गरी
ती गरीव पथिकहेरू थर्थरी परदछन् जिमी भरी

॥९॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

सूत्र तेसरी नभनन चन्द्रमा कलङ्कले के शोभा घट्छ ? हेर–

निशान घरको मशान् अनि दिशा पनि भस्मजान्
टका त्रिचत टक्टका विकट विघ्न छाँट्काँटका ॥
जुढा वयल छन् मुढा शिव मुढा सरी छन् वुढा
ति तैपनि नगैं कतैं गिरिसुता हुनिन् संगतैं
॥१०॥

उ: दिगम्वर गौरीको विहाको लहना ठीक भइ नन्दी खुसीमा मन्दी यता आये, अव हामी वदनामी नभैं नामी हुन तयार हूँ (सवै निस्के)

पहिला अङ्क

नन्दी – (कैलासका आसपासमा खुसीसँग आएर) आहा ! वसन्त मामा आउँदामा क्या गमागम हुन आँटियो ? ।

आहा ! वसन्त अव सन्त सरी अनन्त
मन्तर्जपी म गइ मालिक साथ जन्त ॥
ध्यानी महन्त वनी मन् त नदीइ अन्त
माल्तीर दन्त दिइ वन्दछु खूसि झन्त
॥११॥

(पूर्वफर्की ठाडो कान गराइ)

यता अवल वोल्दछन् गजल जोइली कोइली

(पश्चिम फर्की आँखा उघारी)

उता सकल खेल्दछन् वगल जोइली पोइली

(उत्तर फर्की नाक चेम्र्याई)

त्यता अमल झुल्दछन् कमलका कलीला कली

(आकाशतिर फर्की आँखा तालीलाई)

वताउँ नि वसन्तकी म कति काकली हाँककी
॥१२॥

(वाहिर फर्की) ए: भृङ्गी महासिद्ध ! कता हरायौ आहा आउ ।

भृङ्गी– (आई) आ: के वसन्त वसन्त वक्छौ ? रामराम भन वरु ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

वकुन् विकट कोइली निकट काकली काकली
गरुन् भ्रमर धेंठुंगी कमलका कलीला कली
चलाक अवला टिपुन् ती फुल हा कली धाकली
गरोस् अति कराल काल् कवल हा कली धाकली
॥१३॥

नन्दी– भाई ! हाई ! वसन्तलाई खाली गाली नगर हामीलाई अनमोल माल मिलाइदी क्या भलाइ गर्न आँटे ?। हेर, चतुर्मुखको पासमा बास गरी हांस दुद खान्छ हामी पञ्च मुखका दास भई घांस सिवाय गांस हाल्न पाउन्नौ अब अवल चीज वीज तीजको दर्शे कयूँ रोज मोजसंग भोज गर्न पाइने छ ।

भृङ्गी– के तिमी घांस खान्छौं भनेर सबै घांसै खान्छन् ?

नन्दी– भाई ! मैंले खाये तिमीले पनि खायौ नै छोड्यौ ती कुरा सुन ।
हुरी पिम्दी नै फिनी सेल पुरी अर्सा अनर्सा भइ वेस वर्षा ।
गेडासरी गुपचुप खूप पेडा लड्डु उडाइ हुनुपर्छ ढड्ढ ।
॥१४॥

भृङ्गी– छोडी वाच्चीत् दाइ ! ई गन्गननैका
खाई लड्डू घीउसाथ् मन्मनैका ।
सुत्ता पिर्ले घांसको रास देखी
सप्ना देख्ता गर्दछौं आज सेखी
॥१५॥

नन्दी– सपना जपना केही होइन साँच्चि विपना हो हेर:—
तव मलाइ मलाइमहाँ मन हुने त हुनेत जहाँ तहाँ ।
अव सहज् भइगो भइ गो पती लिइ पुरी इ पुरी गरूँ सन्मती
॥१६॥

भृङ्गी– कँला (श) स पुरीका वरीपरी रही पुरीको के दु:ख आ: आ: वाई ! हुरीका हुरी उडाउन ।

नन्दी– ए: धेरै नहोच्याउ, घांस खाए पनि बुद्धि ता उस्ती छैन ।

भृङ्गी– के: तेसो, कहाँ सेजमानी खान जान आटयौ भननत ।

नन्दी– तिमी उल्लुलाई कती भनौं, पाये अन्त नपाए बूढाको जन्त ।

भृङ्गी– औं, घांस धेरै भो र विहा पनि गर्न आटयौ, वेसै हो ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

नन्दी– अयू, म वुढालाइ कुन गोरुले छोरी दिदो हो नी ? मालिकको गौरीसित विहा हुते भो जन्त जान पाइन्छ भनेको पो हो त।

भृङ्गी– तेस्ता बहुलाहा चाल देखाउनेलाइ को पत्याउला।

नन्दी– निरञ्जन नाथकन कुन् जन जान्दैनन् सब भज्दछन्।

असार्स सार् सारा स्मरणगरि साहुं न्छ जसको
अपार्पारावार्झैं छइनत परंपार जशको।।
चराचर् चूर्पार्ने चुटकिविच चाल्ली चटकिको
भजी गर्छन् रंजन मुनिजन निरंजन् शिवजीको

।।१७।।

भृङ्गी– जन्त गये पनि गोरु भनी घाँसै त खान देलान्नि ?

नन्दी– दुलाहासँगै वसी डुक्री पुरा सह्यार्ने छैनें र।

भृङ्गी– भो लौ चाउरियेको वुढो थैलो भर, तर कल्ले बन्दोवस्त गऱ्यो।

नन्दी– नारद जी लमी भै लहना तहना टामटुम भो।

भृङ्गी– कल्याहा लमीले विहा हुन देलान् र ?

नन्दी– सव ठीक भै सक्यो, अव मैनाक वर हेर्न आउँछन् भन्ये। **(वाहिरवाट)** भित्र को हुनु हुन्छ कुन्नी ?।

भृङ्गी– लौ साँच्चि उः आयेछन् अव मशानमा खवर दिन्छु **(निस्के)**।

मैनाक– **(भित्र आई)** ऐल्हे मालि-क-ता कहाँ हिडनु भो ?

नन्दी– **(अव उल्लू वनाउँछु भन्ठानी)** मालो वहाँ को छ है ?

मैनाक– दर्शन् गर्न मगर्छु खोज शिवको –

नन्दी– **(मुस्मुस गरी)** रोक्छन् मगर्लाइ हैं।।

मैनाक– थुन्-देला मकनै यहाँ अव त को ?–

नन्दी– **(अघि सरी हाँसी)** एक् थुन् दिने मैत हुँ

मैनाक– **(झर्की)** के हाँस्–छौ तिमी काम्नकाज यसरी–

नन्दी– **(खित्काछोडी)** हाँस व्हैन गोरु म हूँ

।।१८।।

मैनाक– ठट्टा नगरन, शिवको वयान्सुनी गौरीको विहालाई हेरी निम्ता दिन आयेको हुँ कहाँ हुनुहुन्छ साँच्चि भनन है ?

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

नन्दी- साँच्चि म-शानैमा खर्वादिन्छु भनि भृङ्गी गयेका छन् ।

मैनाक- (मनमा) आ यस्सँग चार्वात् वुझ्छु (प्रकास) ए माई

जल्लाइ शङ्करजी धारनु हुन्छ शिर्भरी
जे ली जटापटल बाँधनु हुन्छ वेसरी ।
जस्ले अती जितन हुन्छ समस्त जन्कन
जुन भूषणै पहिरि खूप् हुनहुन्छ सो भन ?

॥१६॥

नन्दी- जल्लाइ शङ्करजि धारनु हुन्छ शिर्भरी
जेली जटापटल बाँधनु हुन्छ वेसरी ॥
जश् ले अती जितन हुन्छ समस्त जन्कन
जुन भूषणै पहिरि खूप् हुनु हुन्छ शोभन

॥२०॥

मैनाक- (मनमा) क्या जवाफ् दियो (प्रकाश) ठीक भन्दा रहेछौ ।

दिगम्बर- (भृङ्गीस्मेत भित्र आई) को हो आयेको ?

नन्दी- हजुर्लाई विहा गर्न वोलाउन मै – नाक खूप् गरी आयेको ।

दिगम्बर- ए लठुवा ! तँ कहाँवाट निम्तादिन जाउँथिस् ।

नन्दी- गरीवपरवर ! म ता व्हैन त पर्वतराजकुमार साहव पो त ।

भृङ्गी- ख्वामित् ! उक्या, मूढो तेसिए ऊ तेर्सी ढोग्दिने मैनाकजी ।

मैनाक- मैनाक हूँ म नटराज् ! गिरिराज सूनू
मेरा पिता भनि हिमालयलाई जान्नू ॥
दाज्यू म हूँ तव त पार्वतीको सहोदर्
गौरी त मेरि वहिनी भनि जान्नु शङ्कर्

॥२१॥

नारद्मुनीवाट वयान सुन्दा ती पार्वतीले पनि हृत्य दाल्दा
विचारी वाग्दान दिनै विहाको आँत्रा म, कम्ता अव छैन आर्को

॥२२॥

दिगम्बर- ल्याउत घरमा आयेको निम्ता फर्काउनु ठीक हुन्न ।

मैनाक- (नरिवल पगरी ली अघि सर्दा सर्पहरू देखी डरले हटी ।)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

कार्चोपी शीरपेच् मनी चमकने हीरा र माणिक् गनी
कङ्कण् छन् करवीच् पनी पिठ विषे वेस् चित्र वस्त्रै भनी ॥
ठान्थ्याँ, यो त जटामनी झलकने हिउँ र आगो अनी
नारीभर् सर्पै पनी पिठिउँमा वागम्वरै पो छ नी

॥२३॥

ई छन् सपेत कपडा पहिरेर राम्रा
ठीक् छन् त ज्वाइँ हुनलाई विशेष् हाम्रा ॥
भन्थ्या नदेखि म अभागि खरानी आङमा ॥
इन्को रहेनछ लगौटि पनी कटीमा

॥२४॥

नन्दी– वावु साहेव ! किन हचकनु भो, तेस्तो डरुवा हुनुहुन्न ।

मैनाक– देख्तैनस् तेरो वाजेको गती आहो: सम्पती मती

योगी वनेर हिडने सँग लीयि भोगी
ज्ञानी म हूँ भनि वकेर हुने मशानी
स्वामी भनायि भिकपात्र लिने कुनामी
भारी पुरुष् यिकन ठान्छु अवल् मदारी

॥२५॥

नन्दी– ठीक भन्नु भो, जस्की मायाको खेल खगोल भूगोल हो ।

मैनाक– भो भो वयान गरी साध्य छैन क्या नारदको खेलखाल ? ।

सोमतमा छैन विवेक् वद-नामकी भारी
क्या वात् नारद मुनिजी, ठीक ठान्दिन नाम रूप पनी

॥२६॥

वेकामा घुमि घुमि कन काम वैरी
मैलो स्वरूप् लियिरहिकन अन्धकारी ।
उद्योग केही नगरेर कपाल भर्ता
कैलास वासी भनिये यी मशान वस्ता

॥२७.।

छी: कती मुख दुखाउँ

मान्छन् अनेक जन जुन्कन ती मुनीजन्
भन्छन् जगत् बीच फगत् यिनी निर्गुणै हुन् ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

ब्रह्मादि कीटतक मान्य तिनै श्रुती ज्ञन्
क्यौं छैन छैन भनि इन्कननै वखान्छन्
॥२८॥

दिगम्बर- ल्यौ ल्यौ निम्ता तिमीले वेस वयान् गऱ्यौ खुश भजे।

मैनाक- (मनमा) निन्दा गरेको ता म मूर्खवाट वयान निस्के छ।
(प्रकाश)

यस्तो कुरूप मुखको कसरी वयानूँ
चाला असल छयिन कोमल छैन देख्नू ॥
ज्ञान्गूनमा मन नदीयि खरानी घस्ता
देख्तीन कोही जगतै विच तुल्य यस्ता
॥२९॥

नन्दी- आहा वेसभन्नु भो फुलपाती लाउँकी, सुन्नु त होस् यही न हो–

यश् तोकुँ रूप मुखको कसरी वयानू
चाला असल् छ यिनको मल छैन देख्नू ॥
ज्ञान्गूनमा मनन दीयि खरानि घस्ता
देख्तीन कोही जगतै विच तुल्य यश् ता
॥३०॥

मैनाकजी ! बोली साध्य छैन नरिवल पगरी खुरुक्क देऊ।
जस्को चरण् कमल्को असलै रसलियी मगन परी
गुंजन्गरि सुर भरमा रंजन्नार्छन् अहो ती गगन परी !
॥३१॥

मैनाक- (नन्दीले नरिवल खोसी लिदा थपडा थपडी गरी निस्के)

नन्दी- मालिक् ! निम्तोता जुक्तिसँग हात लाग्यो अब "ठाँ (ढाँ ?) टको निम्तो खाइ पत्याउनु" भनि वुज्रुक वुढाको उखानको वाटो लिनुपर्छ।

दिगम्बर- अरूलाई के को धन्दा तँलाई खानैको धन्दा, तर ठीक भनिस्।

भृङ्गी- हजुर ! पोसाक पहिरी वक्सियोस् गौरी त पत्याउन्

दिगम्बर- कहावाट वालीरी ल्याउँ, हिंड यसै दुलहीले चिन्हेकी छन्।
मेरा शिर विच झलमल् देखीकन वाल चन्द्रकला
पर्वतराज सुताकी किन होलिन् नयन कमलिनी मालिनी
॥३२॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

हिंडत उही गै लगनहरू ठीक होला (सव घुमी हिमाल कहाँ पुग)
(पर्दा वाहिर)

अनमोल मेलसङ्गली दिल चलि गो शैलराज कन्याको ॥
दृष्टि चंचल छलियी गाथलायी गर्दछें पेला

॥३३॥

दिगम्बर- आहा क्या आवाज सुनियो गौरीकी सखीको होला ।

सोह्र कला भै शशि ता आकाश पुगी निशाविषे चमकून्
मत दाँत रूप वत्तीस् कला हुने गौरीको वदन रोज्छू
॥३४॥

कहिले मकन ति वाला वाहुलताले अलि अलि जेली
सुन्का कलश वगलमा दलायि दिललायि खल् गर्लिन्

॥३५॥

(ब्रह्मा नारद समेत खुशीसँग हिमालय आए)

हिमालय- (हातजोडी) ब्रह्माजी ! नारदजी ! आहाँहरूका मेहर्वानीले योग्यवर पाइयो अहो भाग्य मैनाक मूर्ख मन नपरे झैं गर्थ्यो वहिनीको जत्ती पनी वुद्धिछैन ।

ब्रह्मा- ठिटाहरू वाहिरको सुकुल गुण्डयाजि निको मान्छन् ।

नारद- वेस भो आहाँ प्रसन्न हुनुभो मेरो मिहिनेत् काम लाग्यो ।

हिमालय- उः ईश्वर पनि पाल्नू भयेको रहेछ ।

(ठो (ढो ?) गवेट गरी सव वसे)

कुमाले- (पर्दा उठाइ हत्पतसँग आई) मण्डपका घडाहरू सव तयार गरि दिञे तर पुरोहित ज्योतिषीको के ठेगान भयो भन्नुहोस् ? ।

हिमालय- उ ब्रह्माजी पुरोहित नारदमुनी ज्योतिषी ।

कुमाले- वावु पुरोहित छोरा जैसी अरू मुसो पनि छिर्न दिदैनन् ? ।

हिमालय- के गर्नु त वाँहा वाहेक अरू कस्लाई भन्नु ।

कुमाले- आहा हा ! नातिनीको विहामा पितामह पुरोहित, कस्तो विहा ।

ब्रह्माजी- मैले तेस्तो साहिनु वारेता कहीं हातधुन पनी पाउन्न ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

कुमाले- छोरा जैसी भैहाले मलाइ पुरोहिताञिता देउ। कसैलाई भने केही नाहि कसैलाई भने सवै म पनी ब्रह्मा भन्दा कम छैन सुन।

गरी चइन राजसी गति महाँ वहूतै फसी
हरे-क-मलमा वसी जीउ भरि खरानी घसी ॥
मनै असल वाधिई अनि-ल-वेद मै दिल् दिई
म वस्छु यहि रित् लिई असल रत्नमा-ला-लिई
॥३६॥

कसै पनि यताउता मन–नदी सधै नै मता
ठुलो असल दण्ड ली चउतरफ् गरी मन्डली ॥
अनेक कमिला अरू पनि जिवात जन्तूहरू
घुमाउँछु सदा विशेष् वहुत कर्म-चक्रै विषे
॥३८॥

भई न अलछी अनी सलिल मट्टि आगो पनी
अनेक अरु भूत् धरी क्रमसँगै मिलानै गरी ॥
यि हाँडी झिगटी घडाहरू वहूत छोटा वडा
वनाइ जगतै भरी तव मछू विधाता सरी
॥३८॥

ब्रह्मा- ए कुमाले ! कती वक वक गर्छस् तँ मेरो जोडा लाग्छस् ?

कुमाले- ब्रह्माजी ! सवै आफै सोह्रौं भन्झौं के कम छु त
कुलीन् पनि म ता न हूँ तव त नाभि जा तैं मह्
नभै धन भरीरही निधन शव्द मेरै सही ॥
चतुर्मुख गरी भन्याँ तव चतुर्मुखै मै वन्याँ।
प्रजापति पनी म नै गरि अनेक सन्तान कनै
॥३९।

सधै नजीक दासजन् असल रीतिली हाँस छन्
सनकहरू अनेक जन् मकन वेसरी मान्दछन ॥
सवै छ सरूपै ममा कम त छैन क्वै काममा
न गर्नु अव देखि है म सँग सेखी ब्रह्माजी है
॥४०॥

ब्रह्मा- कस्तो वडवडे मानिस रहेछ। चुपलाग्।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

कुम्नाले- तिम्रा हिसाबमा जगतै तृण सरी छ के ? ।

ब्रह्मा- ए ऊल्लू ! बोतल पियेर आयेको छस् के ?

अनेक् रङ विरङ्गका परम पागली ढङ्गका
वचन् गरी कठोर् चुचो लिइ भइ तँ आफै छुचो
तिनै जगत बीचमा सकल माल भर् नीचमा
गनीयि भनियिस् कुमाल् तव तँ नाम आफनै समान्
॥४१॥

म इन्द्रसँग भै कतै घुमि चढेर ऐरावतै
मणीमय विमल् महल् महल बीच गर्दा सयल् ॥
तँ दुष्ट घुरिमा चढी नकल गर्न विद्या पढी
घुमेर घर भत्कँदा उलटि पाउलास् आपदै
॥४२॥

(सुन्दरी १: २, ७, ९-१०: १९६३)

सम्भवतः यसको अरू अंश बाँकी हुनुपर्छ तर प्रकाशनको क्रम यही नै रोकिएको छ। प्रस्तुत कृतिको भाषा पत्रिकामा छापिए बमोजिम नै प्रस्तुत गरिएको छ। 'चन्द्रिका (१९६९)' पूर्व सोमनाथका अरू लेखाइमा पनि भाषाको यस्तै अस्तव्यस्त रूप देखिन्छ।—(न० ह० आ०।)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

(३) सोमनाथ सिग्देलद्वारा संवत् १९७६–८६ ताक लिखित अप्रकाशित र २०३३ सालमा बाल्मीकि क्याम्पस पुस्तकालयमा अनुसन्धानका क्रममा प्राप्त महाकाव्यः

'चन्द्रचरित'का केही उद्धरणहरू

(उत्तरार्ध)

दश सर्ग

चन्द्रोदय

(मालिनी)

अमृतमय कलाको शक्तिले शान्तिपूर्व
    प्रकट भइ उदाए चन्द्र यस्ता अपूर्व ।
विलकुल जनतामा तापको मार्ग वल्र्यो
    जलधि सरि जगतमा पूर्ण आनन्द उर्ल्यो ॥१॥

प्रथम उदय ऊँचो शैलीको भागमाहाँ
    हुन गइ अनि वढ्दै चन्द्रको दीप्ति याहाँ ।
भरिइ दश दिशामा पूर्ण शोभा कलाको
    अनुभव अव गर्छन् लोक तेजस्विताको ॥२॥

+

मुलुक भर उदाई चन्द्रिकाको प्रकाश
    गहन विषय सम्मन् नेत्रको भो विकास ।
सुगम भइ खुला भो दीर्घ आनन्दपन्था
    छितर वितर भै गो दुःखको जाल कन्था ॥१०॥

+

जसरि मुदित गर्छन् चन्द्रले लोकलाई
    उसरि कदर गर्छन् लोकले चन्द्रलाई ।
यसरी दुइ थरीको प्रेम शोभा छ यस्तो
    मणि र कनक मिल्दा तेज झल्कन्छ जस्तो ॥३२॥

+

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu



सोमनाथको आफ्नै हस्ताक्षरमा चन्द्रचरित महाकाव्यको १८ औं सर्गको अंश

CC-0. In Public Domain. Digitization by eGangotri

उदाये नयाँ चन्द्र आनन्दछाई, उदाए तमोमोह आलोक छाई ।
रसाए सुधा वृष्टिले लोक सारा, गराए दिशा ग्रँह पूरा उघारा ।।३३।।

खुल्यो क्या रसीलो प्रभा दूर सम्म, भुल्यो लोकले शोक सन्ताप टम्म ।
मिल्यो शान्तिको उच्च मात्रा पवित्र खिल्यो प्रेम पुष्पाञ्जलि चित्त भित्र ।।३४।

कता गो कता गो गहिरो अध्यारो, यता भो उता भो उज्यालो उघारो ।
उदायो सदायो सकानन्द सृष्टि, खुलायो खुलायो सुधामन्द वृष्टि ।।३५।।

सर्वतर्फ छोई रसीलो उज्यालो, सफा खुल्न लाग्यो वरालो उकालो ।
भिरालो वचाई सबै चल्न लागे, मिही मार्ग सम्मन् पनि नेत्र जागे ।।३६।।

यस्तो चन्द्रोदय हुन गइ खास नेपाल माहाँ
झन् झन् बढ्दो जति चहकिलो कान्तिले छाइ याहाँ ।
तेजी शोभा यस मुलुकमा गर्न लागी विकास
कक्षा चढ्दै हर विषयमा खुल्न थाल्यो प्रकाश ।।३७।।

(यस सर्गमा जम्मा ३७ श्लोक छन्– न० ह० आ०)

एघार सर्ग

फौजी उन्नति

(पृथ्वी)

फौजी सुधार दृष्टि–

चल्यो मुकुट माथमा जव यहाँ महाराजको
बढ्यो अव सुधारमा नजर गोरखाराजको ।
नवीन नृप चन्द्रको उदयका प्रभाले भरी
समुन्नति समुद्रमा लहरि देखियो वेसरी ।।१।।

+

रथी अतिरथी सरी अटल वीर खंवा गरी
इमारत सुकीर्तिको अति सफा तयारी गरी ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

यही महल वीचको रुचिर रङ्गशाला महाँ
विचित्र गरि नाच्तछिन् सतत राजलक्ष्मी यहाँ ॥३॥

+

प्रशस्त वलमा खडा सव वडा वडा वीरको
कडा रगतको अनी विमल कीर्ति विस्तारको
प्रभा दुइथरी मिली यस गुलाफि पोशाकमा
निरन्तर रमाउँछिन् सफल राष्ट्रदेवी रमा ॥५॥

+

प्रतापि निज जातिको रुचिर काल संस्कारको
जिगीषु नृपशक्तिको अटल दीर्घ अभ्यासको ।
यशस्वी परिणामको उचित कामना जो थियो
यही यस विभागमा उचित साधना देखियो ॥७॥

+

तालीम–

खुल्यो अव कवायदी असल तालीम स्कूलमा
वढ्यो रफत शस्त्रको पनि नयां नयाँ रूलमा ।
यही विषयमा यहीँ कति किताप वन्दै गए
सकिन्छ कसरी भनी कति थरी तरीका भए ॥१०॥

+

हतियार वृद्धि –

प्रवन्ध वढिया गरी अकल वुद्धिको वेगले
असंख्य धनको गरी व्यय सजेर सामानले ।
सुधार गरिदै गई मुलुक वीच मेग्जीममा
तयारी हतियारको पनि हुँदै गयो देशमा ॥१२॥

+

गराइ नयपालको असल जीवनी चन्द्रले
स्वराष्ट्र परराष्ट्रको मदत पाउँदा कामले ।
अनेक शिलखानमा भरि भराउ वढ्दै गयो
असंख्य हतियारको पनि रवाफ चढ्दै गयो ॥१५॥

+

फौजी इन्तिजाम–

वने अव तराइमा घर अनेक फौजी अनी
उहाँ पनि प्रबन्ध भो वहुत राखिने कम्पनी ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

पहाडतिर मिलिसियादल अरुहरूमा पनी
विशेष परिवर्तन क्रम सँगै हुँदै गो अनी ॥१६॥

+

कडा रगतले भरी अटल वीर खंबा सरी
खडा भइ सयत्नको दिल उडाउने वेसरी ।
प्रसिद्धतर शूरमा सकल फौज नेपालका
वरिपरि फिजाउँछन् गुण अनन्त भूपालका ॥२३॥

+

युद्ध सहायता–

खुल्यो अब युरोपमा समरको महाभारत
वचाउन पर्‍यो अनी वृटिशले पनि भारत ।
सुनेर यस देशका अवल वीरको गर्जना
तुरुन्त उनले गरे अब सहायता प्रार्थना ॥२४॥

गरे अधि सहायता गदरमा यिनै फौजले
प्रताप यिनको वली सकल दुष्ट वैरी जले ।
विशेष अहिले पनि यस अशान्तिको कालमा
पर्‍यो वृटिश दोस्तको प्रणय दृष्टि नेपालमा ॥२५॥

+

सुधार वृद्धि–

कवायद सिकाइयो कति नयाँ नयाँ रीतको
धमाधम बढाइयो रफत खूप तार्गेटको ।
परिश्रम गराइयो वल बढाउँदै मार्चको
सफा गरि खुलाइयो समरको कला ट्रेन्चको ॥२७॥

+

सैन्य प्रेषण–

पिई सदुपदेशको अमृत फौज नेपालका
गए वृटिश इण्डिया हुकुमले प्रजापालका ।
उहाँ गरि वचाउनु कठिन काम वर्षौं रही
गरेर महसूदको दमन फेर फर्के यही ॥३१॥

मित्रलाभ–

स्व वुद्धि वल शक्तिले गुन लगाउँदा वेसरी
गरे कदर सैन्यको वृटिशले प्रशंसा भरी ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

अपूर्व दशलाखको नजर सालियाना भनी
यहाँ वृटिशले दिने हुन गयो प्रबन्धै पनी ।।३२।।

+

अनिष्ट भइ मित्रता वृटिश साथ नेपालको
खडा हुन गइ नयाँ अहद यो असी सालको ।
यथेच्छ हतियार औ सकल माल जङ्गी यहाँ
झिकाउन खुला भयो वृटिशबाट रस्ता यहाँ ।।३६।।

+

जती जति कडा भई मँहगीले उकालो चढ्यो
उती उति अगाडि भै नृपतिको निगाहा वढ्यो ।
दयामय सुदृष्टिको वहुत वाढ वढ्दै गई
परेन गम दुःखको सकल ताप घट्तै गई ।।५१।।

(कापीको पाना च्यातिई हराएकाले यो सर्ग अपूर्ण रूपमा एकाउन्न श्लोकसम्म मात्र प्राप्त छ – न० ह० आ०)

बाह्र सर्ग

इन्साफको उन्नति

(यस सर्गका आरम्भका दश श्लोक अप्राप्त छन्– न० ह० आ०)

इन्साफ होस् दुःख नहोस् निरर्थक रहुन् सवै काम महाँ समर्थ ।
वेरीतको कार्य नहोस् भनेर भयो सुधार– क्रम साथ धेर ।।११।।

+

सानातिना हाकिमवाट मात्र पुग्दैन इन्साफ महत्त्व पात्र ।
भनी वडा हाकिमको नियोग हुँदा सफा भो सकल प्रयोग ।।२४।।

+

सुस्ती गरी काम टँगाइ धेर मुलाहिजा आदिमहाँ भुलेर ।
अड्डाहरू दुःख दिनन् भनेर एडीट् इनिस्पेक्टर छन् घनेर ।।२६।।

+

रैतीको न्यायमाहाँ हरदम भरिई चन्द्रको सद्विचार
पूरा आनन्द वर्षा हुन गइ हरियो ग्रैहको दुःख भार ।।
यस्ता कैय्यौं तरक्की हुन गइ सुखले पूर्ण नेपाल देश
शोभा पाइ रहेछ क्षिति विच मुलुक श्री वढाई विशेष ।।५३।।

(यो सर्ग जम्मा त्रिपन्न श्लोकको छ– न० ह० आ०)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

तेह्र सर्ग

मुलुकको उन्नति

(मत्तमयूर)

पाइ यस्तो निर्मल चन्द्रोदय काल, वन्दै ग्रायो धेर उज्यालो नयपाल ।
सारा मैला ग्रंश हुँदै गै ग्रतिचूर, राष्ट्रीय श्री झल्कन लाग्यो भरपूर ।।१।।

+

जिल्ला जिल्ला धर्म भकारी ग्रतिभारी, राखी वक्स्यो धर्म भकारी सरी पारी ।
यस्तो वन्दोवस्त खडा भै सरकारी, सारा रैती देखिन लागे सुख धारी ।।१६।

हरतरहले गर्दै यस्तै परिश्रम सतत
ग्रलि चहकिलो पार्दै राष्ट्र प्रवन्ध समुन्नत ।
व्यसन घटना टन्टा पीर प्रजा विच जो थियो
सव थरी हरी नानानन्द प्रकाश वढाइयो ।।१०५।।

(यस सर्गमा जम्मा एक सय पाँच श्लोक छन्– न. ह. आ.)

चौध सर्ग

प्रजानुग्रह

(प्रहर्षिणी)

श्री विद्याकुल वल शक्ति ग्रादि साथ
मर्यादा भई जसको छ उच्च माथ ।
यस्ता हुन् पुरुष ग्रपूर्व लोकरत्न
गर्छन् यी सकल विशाल सृष्टियत्न ।।१।।

+

खोजी खोजी प्रजाको वदचलन ग्रनी पीर टण्टा घटाई ।
रोजी रोजी हजारौं परिणति सुखको वेस रस्ता खुलाई ।।
फर्दा फर्दा यशस्वी ग्रसल नियमको लेख लेखी रँगाई ।
गर्दा गर्दा सुविद्यामय नयन पनी वक्सियो लोकलाई ।।६७।।

(इस सर्गमा जम्मा सतसट्ठी श्लोक छन्– न. ह. आ.)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

पन्ध्र सर्ग

विद्यावृद्धि

(शालिनी)

जीव श्रेणी भित्र मानिस मात्र, वन्छन् सच्चा ज्ञान विज्ञान पात्र ।
यिन्को पूरा योग्यताको स्वरूप, खाली विद्या ज्योति देखिन्छ खूप ॥१॥

+

श्रीमान् हुन् वा भीकमङ्गा गरीव, ऊचा हुन् वा जातमा नीच जीव ।
राम्रा हुन् वा भीति लाग्दा कुरूप, विद्या तिन्को एकता गर्छ खूप ॥११॥

+

चाँडै फल्ने देखिदा मातृभाषा, पैले यस्को स्वाद पाइन्छ खासा ।
यस्को सेवा हुन्छ पूरा रसिलो सारालाई रीत यो हो सजीलो ॥४२॥

यस्तो आफ्नो देशवाणी सुधार गर्ने ताजा कामना भै उदार ।
ग्रन्थद्वारा मातृभाषा प्रकाश गर्ने अड्डा खोलियो एक खास ॥४३॥

+

यसरी वहुतै विद्यारत्न प्रकाश वढाउँदै
निज मुलुकमा तेजी शोभा विशेष चढाउँदै ।
किसीम किसीमका श्री ले ज्ञान प्रचार गराइयो
शुभ हृदयले ताजा ताजा सुधार गराइयो ॥६६॥

विद्याधर्ममय द्विचक्र जडिने उद्योग वग्गी चढी
उँचो उन्नति मार्गको सफरमा रोजै अगाडि वढी ।
पुग्छन् उत्तम लोक लोक सब यी भन्ने भरोसा थियो
विद्या झैं निज धर्मको वल पनी पूरा लिई वक्सियो ॥६७॥

(यो सर्ग जम्मा सतसट्ठी श्लोकको छ– न. ह. आ.)

सोह्र सर्ग

धार्मिक विकास

(वसन्ततिलक)

सद्धर्म महिना–

यो लोकमा र परलोकमहाँ भलाइ
गर्ने अनन्त अति निर्मल लाभलाई ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

सद्धर्मतुल्य कुन अन्य उपाय होला
जस्ले सफा सफल हुन्छ मनुष्य चोला ॥१॥

+

दान–

छोडी तपोबलहरू कलिमा प्रधान, उद्धार खातीर उपाय कहिन्छ दान ।
ती मध्यमा पनि छ षोडशको बयान तिन्मा पनि प्रथम हेमतुला प्रदान ॥१६॥

+

अनाथ रक्षा–

सोसाइटी चिरिटिबूल् भनि फेर अर्को, पैदा भयो भइ कृपा नृपबाट चर्को ।
यस्‌बाट बालक अनी विधवा अनाथ, हुन्छन् सुरक्षित विशेष निगाह साथ ॥४४॥

जो जो नाना तपनियमको लाभ यो राजमान
यस्तो उचो सुखपद पनी पाइ सर्व प्रधान ।
गर्छन् फेरी हरतरहले धर्ममा जो प्रयत्न
पुग्छन् कस्तो अझ कति ठूलो पाउनन् ती अयत्न ॥१०८॥

(यस सर्गमा जम्मा एकसय नौ श्लोक छन्– न. हृ. आ.)

सत्र सर्ग

आदर्श परिवार

(आर्या)

श्री चन्द्रको उदय यो अङ्ग प्रत्यङ्ग पूर्ण देखिन्छ
परिवार वर्ग सारा तारागण खास देखिन्छ । १॥

(यस सर्गमा श्री ३ बडामहारानी, श्री चीफ भाइ (भीम शमशेर) श्रीलाठ भाइ (जुद्ध समशेर), श्री जनरल मोहन, ज. बबर, ज. केशर, ज. सिंह ज. कृष्ण, ज. विष्णु, ज. शङ्कर, ज. मदनको पनि छुट्टाछुट्टै उप–शीर्षकमा वर्णन गरिएको छ– न. हृ. आ.)

यस्तो चरित्र रसले ढाकी आनन्द सिन्दुको स्थान ।
हरदम उद्धार सरी निस्कन्छ सदा अनन्त गुणगान ॥५७॥

(यो सर्ग जम्मा सन्ताउन्न श्लोकको छ– न. हृ. आ.)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

अठार सर्ग

गुणगान

(नानाछन्द)

सौराज्य (गीति)–

सांसारिक नाटकमा वैज्ञानिक सूत्रधार जो होला ।
उचा पात्रहरूको सकल उज्यालो उही लिने होला ॥१॥
ईश्वरको सत्तामा खडा भएको अनन्त सन्ततिमा ।
झल्कन्छ विशेष कहीँ विजुली सरि दिव्य शान्तिको महिमा ॥२॥

+

जीवनमय घनवनमा उन्नति तरुका छरी नयाँ बीज ।
उद्योगी सुजनहरू फलाइ फैलाउँछन् ठूला चीज ॥६॥

+

निज पर शब्द न जोडी सबमा जसको छ पुत्रको प्रेम ।
ती नरमणिमा खुल्दछ चौगिर्द सफा सुवर्णको फ्रेम ॥१०॥

+

निज कुल उज्ज्वल पारी शिरको मणि झैं कुनै कुनै हुन्छन् ।
लक्खौं तारागणमा अत्युज्ज्वल चन्द्र एक देखिन्छन् ॥११॥

+

रविको छ ताप पूरा कोरा देखिन्छ शैलको शान्ति ।
दुइ मेल मिली उठेको सबको प्रिय हुन्छ चन्द्रको कान्ति ॥१३॥

+

हिमयम राजत गिरिमा सुवर्णमय चन्द्र लेखिएको छ ।
जो स्पष्ट उज्ज्वल भई सबले परदेखि देखिएको छ ॥१६॥

+

सौराज्यको कलाले पूरा राष्ट्र सफा उज्यालिन्छ ।
नव सूर्यको प्रभाले साजद्वारा गुलाफि पारिन्छ ॥१८॥

प्रजाप्रेम (तोटक)–

जगदीश्वर शासित राष्ट्र बनी सब एक समष्टि छ यो अवनी ।
प्रतिदेश विशाल कुटुम्बमहाँ नरपालक हुन् भवनेश यहाँ ॥२६॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

गृहमा परिवार र मालिकको हुनुपर्दछ एकपना मनको ।
प्रति अङ्ग र मस्तक झैं यिनको महिमा छ परस्पर मद्धतको ।।२७।।

+

नैतिक दृष्टि (मालिनी)–

नय विनय दुवैमा नित्य भै चित्त योग,
मनन मन दुवैको सत्यमा भै प्रयोग ।
सल असल कुरामा प्रेम जस्को छ यस्ता,
सकल अकलवाला को हुनन् चन्द्र जस्ता ।।३६।।

+

महिमा (पञ्चचामर)–

नरेन्द्रमा महेन्द्रको रफाफ तेज अग्निको
कमान धर्मराजको प्रभाव नैऋतेशको ।
प्रजाजलाधिनाथको पवित्र भाव वायुको
विभूति राज राजको रहन्छ भाव शम्भुको ।।३८।।

अखण्ड भूमिमण्डल प्रसिद्ध वायुदण्डको
प्रकाण्ड काण्ड देखिइ प्रचण्ड राजदण्डको ।
यहाँ घमण्ड हुण्डरी उजण्ड जण्ड जो थिए
घमण्ड खण्ड खण्ड भै समस्त ती उभिण्डिए ।।३९।।

परिश्रमी स्वभावको पराक्रमी प्रभावको
दयामय प्रयासको यशोमय प्रकाशको ।
विचार चारु चालको प्रचार उच्च तालको
यहाँ जनाधिनाथको यहाँ छ मान ... ।।४०।।

निकास खास शान्तिको विकास वेस कान्तिको
उकास धर्म मूर्तिको खलास कर्म पूर्तिको ।
निवास वीर शक्तिको विलास देशभक्तिको
सुवास राजतन्त्रको प्रकाश गर्छ चन्द्रको ।।४१।।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

रवाफ साफ देखिने प्रभा विराजमान भै
जहाँ तहाँ यशोमय प्रजा विराजमान भै ।
समाज आज शारदा प्रकाश पूर्ण चन्द्रको,
समान मान गर्दछन् प्रकाश पूर्ण चन्द्रको ।।४२।।

दया दया निधानले गरी गरीब गैह्रमा
कला कलापको भरी प्रभा प्रभाव लोकमा ।
सुधा सुधारको यहाँ थरी थरी पिलाइयो ,
नयाँ नयाँ सुकीर्तिले सफा सफाई छाइयो ।।४३।।

अनाथ नाथ चन्द्रको तमाम काम कामना,
अपूर्व पूर्व पुण्यको विलाश वास वासना ।
अनेक नेक नामको सफा प्रभाव भावना,
ठहर्छ हर्छ ग्रैह्रको असद् विकल्प कल्पना ।।४४।।

स्वतन्त्र राजतन्त्रको विकास सूत्र हातमा,
सफा कला कलापको प्रकाश भित्र आँतमा ।
विशुद्ध नीतिरीतिको सुधार शक्ति साथमा,
भएर धेर चन्द्रको किरीट खुल्छ माथमा ।।४५।।

जन्मभूमि प्रेम (पृथ्वी)

हटाइ दिल तामसी चलनमा विल स्वर्गको,
सदैव रस भोगमा पनि अघाउँदा स्वर्गको ।
रुचाइ यस लोकको रस थरी थरी स्वादमा
परिन्छ जननी अनी जनमभूमिको यादमा ।।४६।।

वनी शकल मट्टिले रुधिर नीरले पूरिई,
भई गरम तेजले पवन वायुले फेरिई ।
भरी गमन छिद्रमा जनम भूमिकै भूतले,
खडा छ यिनकै ऋणी भइ शरीर यो रूपले ।।४७।।

+

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

शरीर जुन भूमिको रस नसा नसामा भरी,
खडा हुन गयो उहीं प्रकृति मग्न भैं वेसरी ।
मनुष्यहरूकै भनी पशु चरा चुरुङ्गी पनी,
निरन्तर रमाउँछन् सव कृतज्ञ पक्का वनी ।।५०।।

+

धर्मनिष्ठा (शार्दूल)–

जस्को धार्मिक कीर्तिको चहकिलो अत्युच्च खंवा महाँ,
विस्पष्टाक्षर नाम अङ्कित भई झल्कन्छ धेरै यहाँ ।
तिन्कै निम्ति अमूल्य चीजहरुको भण्डार भारी वनी,
दैवी सृष्टि खडा छ भोग रसको पूरा तयारी पनि ।।५६।।

+

आनन्द (हरिणी)–

शुभ उदय भैं यस्ता तेजी महीतल चन्द्रको,
हरतरहको सौभाग्य श्री खुली यस राष्ट्रको ।
सवतिर सफा पर्दै आइ महोज्ज्वल चन्द्रिका,
विकसित हुँदै आए सारा रस्ता सदासुख शान्तिका ।।६३।।

+

शुभकामना (स्रग्धरा)

नाना दिग्भाग शोभी चहक महकले तुल्य भैं चन्द्रिकाको,
साम्राज्यच्छत्र उँचो दृढ विपुल पनी देखिइ गोरखाको ।
छाया विश्राम गर्दै तरह तरहका पाइ आनन्द गम्म,
सारा नेपाल राष्ट्र प्रवल भइ रहोस् कल्प कल्पान्तसम्म ।।६३।।

+

सद्धर्म स्वर्ण खंवा उपर चहकिलो नीतिको वैजयन्ती,
झल्केको गोरखाको ध्वज विजयमय ज्योति छाइ वसन्ती ।
सद्भाग्याकाश ढाकी सुयश पवनको चालमा फर्फराई,
देहोस्, गाढा छहारी युग युग तक यी गैह्र आत्मीयलाई ।।६८।।

+

तेजीलो ऐकमत्य स्थिर भइ नडगोस् प्रेम राजा प्रजाको,
ढाकी नाना दिगन्त स्थल सलिल बढोस् मान यो ग.रखाको ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

वर्सोस् आनन्दधारा हरवखत यहाँ खास आकाशवाट
सारा सन्ताप रोकी मुलुकभर रहोस् शान्तिको वेस काँट ॥६९॥

गर्दा उत्क्रान्ति तत्व क्रम लिइ जसले लोकको पूर्ण रक्षा,
झल्क्यो यो गोरखाको तनमन धनले उच्च राष्ट्रीय कक्षा ।
यस्ता सत्कीर्तिशाली नृपत्ति अति गुणी चन्द्रको सच्चारित,
गर्दै आनन्द वर्षा चिर समय रहोस् लोकको चित्त भित्र ॥७०॥

यस्ता आदर्श जस्ता झलमल मुहुडा देखिने गोरखाको
आनन्दि सत्प्रभाले हरतरह भलो चाह गर्ने प्रजाको ।
श्रीमान् अन्वर्थ चन्द्र त्रिभुवन सुखद श्रीमहाराजालाई
दीर्घायु सौम्य वक्सनू प्रभु पशुपतिले लोककल्याणलाई ॥७१॥

('चन्द्रचरित'को यो अठारौं एवम् अन्तिम सर्ग एकहत्तर श्लोकमा समाप्त हुन्छ -- न. ह. आ.)

विशेष टिप्पणी

१. सोमनाथको आफ्नै हस्ताक्षरमा साधारण कापीमा एकातिर कालो मसीले लेखिएको छ । अर्कोपट्टि विभिन्न विषयका टिपोटहरू छन् ।
२. ठाउँ ठाउँमा सच्याइएकाले खेस्रा भन्ने बुझिन्छ, तर त्यस्ता ठाउँ ज्यादै कम छन् ।
३. प्रत्येक सर्गको नामलाई रातो मसीले केरेको छ ।
४. सुन्दरी कालीन सोमनाथकै रचनाहरूमा पाइने वर्ण विन्यासगत अव्यवस्थाको परिहार भएको छ र छन्दानुरोधमा वाहेक **चन्द्रिका** कै अनुसरण गर्ने प्रयास भएको छ — **न. हृ. आ.**

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

(४) अप्रकाशित महत्त्वपूर्ण कविता :
परम पिताको खोज

आनन्द धाम अति उच्च थियो पवित्र
ऐश्वर्यले भरि मराउ भई विचित्र
चौगिर्द त्यो महलको झलमल्ल शोभा
हुन्छन् सुजान पनि वर्णन गर्न तोभा ।।१।।

चौतर्फ निर्मल सुगन्ध चलि रहेको
विश्राम राग विच शान्ति नदी बहेको ।
त्यो पोखरी अमृतले भरिई रहेको
संझन्छु वर्णन सुनी अरुले कहेको ।।२।।

त्यो दिव्य उच्च पदलाई सवै न हुन्थे
कोशिस साथ सव पस्न तयार हुन्थे
चाहा थियो वचनले मनले सवैको
पुग्दैनथ्यो गम त्यहाँ सहजै कसैको ।।३।।

त्यो धामको मगन मन्दिरमा विराजी
हामी अनन्त कुल सन्ततिका पिताजी ।
संसारको चटक नाटक हेर्नु हुन्थ्यो
यावन्त माथि करुणामय वन्नु हुन्थ्यो ।।४।।

आकाश मण्डल उहाँ अरु गैह्र तारा
उ चादनी सकल झल्लरका किनारा (सितारा) ।
गम्भीर सागर उहाँ सब नीरधारा
हामी बनी रहंदथ्यौं अगिदेखि सारा ।।५।।

विस्तीर्ण काख विच लुट्पुटिई पिताको
सीमा समान सुखमा रहंदा उहाँको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

कल्याण मङ्गल थियो भरपुर हाम्रो
संमान तेज वल शक्ति समेत राम्रो ।।६।।

यस्तो हुंदा पनि भुलिकन वासनाले
संसार हेर्न मनसाय उदाउँनाले
प्रेमी दयामय पितासँग छुट्टिएर
निस्के यताउति घुमी टहलूँ भनेर ।।७।।

चोला फिरन्त वटुवा जनको लिएर
झोला समेत अलि सामलको भिरेर ।
साथी कुनै संगमहां नलिई अपार
संसारको सयल गर्न भएँ तयार ।।८।।

निस्के जसै विकट मार्ग मिल्यो वरालो
छारो उडी हुन गयो अनुहार कालो ।
वढ्दै गयो अव कमाइ चलेन पोका
लाग्दै गयो सफरमा मनलाई धोका ।।९।।

पाएँ कहीं महल वस्न कही कटेरा
रित्ता कहीं भरिभराउ कहीं छ डेरा
हुन्थे कहीं जन अमीर कहीं लुटेरा
मिल्थ्को कहीं सुख कहीं सकसै घनेरा ।।१०।।

झन् झन् हिंड्यो सुख र शान्ति हराउनाले
वाटो सरी विकट सङ्कट पर्न थाले ।
अन्धै भए हुन गएन कहीं अध्यारो
हुन्थ्यो वडो सकल हेर्न कहीं उघारो ।।११।।

मिल्ला उही सुख शके अरू घेर होला
भन्ने थियो भ्रम यहां त रहेछ सोला ।
आशा तुरुन्त मनको मनमै विलायो
गोता अनन्त यसरी अहिले दिलायो ।।१२।।

कुम्लो छ जीउ भर सामलको असङ्ग
एक्लो छु एक जनको पनि छैन सङ्ग ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

उठ्छन्न जसै कति थरी मनमा तरङ्ग
चौपट्ट रुन्छु कहिले, कहिले छु दङ्ग ॥१३॥

फर्कूं भने शकिन अल्मलिए छ बाटो
अज्ञानले परि सक्यो अब धेर फाटो ।
पाइन्न पार कहिल्यैं यसरी चहारी
भौंतारिएर कति भोग्दछु कष्ट भारी ॥१४॥

औकात इज्जत घरान सबै भुलेर
छोडेर ठाउँ मन सत्य नयाँ लिएर ।
घुम्दा कुकर्महरुको वशमा परेर
यो दुर्दशा लिनु पर्‍यो अदना बनेर ॥१५॥

भेटू कहाँ अब कता कसरी पिताजी
देखी नुहे हुनु हुनेछ अवश्य राजी
हालेर छाँद करुणामयमा रुँदो हुँ
सोही महा महलमा रहने हुँदोहुँ ।१६।

जस्तो म हूँ तर पिता प्रिय बन्धु नै हुन्
मेरा कुनै परम आप्त भए उनै हुन् ।
आनन्द मङ्गल दिलाइ दिने तिनै हुन्
प्रेमी दयामय भई रहने यिनै हुन् ॥१७॥

यी पाइनन् अब कहाँ अनि खोज्न लागें
घुम्दै सबैसित गुहार समेत मागे
छोटा बडा सबथरी अखडा घुमेर
अर्जी गरें शकभरै हुलिया दिएर ॥१८।

मेरै सरी शकल हो, अरु भेद छैन
दुःखी बने म, उनमा छ अनन्त चैन ।
मेरो छ रोगन फिरन्त भएर कालो
भारी मुहार उनको छ सफा उज्यालो ॥१९॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

उचो छ धेर उनको कद गैह्र भन्दा
देखिन्न लेश भर गर्ज गुमान फन्दा ।
धेरै भए पनि उमेर उनी जवान
इच्छानुसार उनको छ वडो कमान ।।२०।।

श्रीमान् भएर उनको छ ज्यथा अनन्त
चौतर्फ फिर्दछु सदा म वनी मगन्त ।
ज्ञानी उनी अति गभीर भई विछट्ट
विद्या गुमी म त ठहर्दछु मूर्ख पट्ट ।।२१।।

यावन्त माथि उनको छ अपार माया
जो हुन् उनै असल हुन् अरु खालि छाया ।
संसार यो चटक झैं ठहरिन्छ कच्चा
ती हुन् सनातन अनादि अनन्त सच्चा ।।२२।।

विद्वान् गुनी सुजन सन्त फिरन्तलाई
सोधें पुछें परम दर्शन लाभलाई ।
गर्थे कुनै अनुभवी तजवीज कैयन्
पक्का न भै कति त अल्मलिदै रहेछन् ।।२३।।

भन्छन् कुनै जन तपोवन तीर्थ जाऊ
प्राचीन धाम घुम, दर्शन पाउलाऊ ।
भाछन् कुनै नघुम अन्त, जहाँतहीं छन्
आराधाना गर जहाँ पनि भेट दिन्छन् ।।२४।।

खोजेर तीर्थ वन धाम जगा जगामा
घुम्दा चराचर जल स्थलका कुनामा ।
देखें कहीं फगत चित्र चरित्र सम्म
चाँजो परेन हुन दर्शनवाट गम्म ।।२५।।

हैरान भै अति उदास भएर आत्मा
पारेर खिन्न रहँदा गतिला महात्मा ।
भेटें कुनै अनुभवी, उनबाट पाई
भारी निगाह, उपदेश मिल्यो मलाई ।।२६।।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

छन् भित्र, खोज गर अन्त कहीं नजाऊ
पूरा विचारसित चित्त यतै लगाऊ ।
आनन्द धामतिर उक्लन गुप्त रस्ता
सीधा त्यहीं छ, मिलि हाल्दछ खोजिपस्ता ॥२७॥

देखेर भित्रतिर केवल अन्धकार ॥२८॥
झट्टै निराश नहुनू नगरी विचार ।
मालिन्यको हटिसके पछि भित्र पर्दा
देखिन्छ मार्ग दृढतासंग लागि पर्दा

छन् मार्ग चौपहल वस्ती महाँ अनेक
मिल्ने छ वेचलनको त्यस बीच एक ।
ढोका छ बन्द यसको दृढ तीन चक्का
ताल्चा जडेर मुखमा अति गुप्त पक्का ॥२९॥

किल्ली विना सहज खोल्न सकिन्न ढोका
खोल्दा मुढे वल गरी परिहाल्छ धोका ।
हावा भरेर यस भित्र पसी उकालो
लाग्नू सरासर, हुने छ त्यहाँ उज्यालो ॥३०॥

बाट महाँ छ दश बाह्र र सोह्र कोठा
वाला कुटी दुइ मुखे पनि छन् अनौठा ।
नाच्दै गई चढी सकी क्रमले तमाम
मिल्ने छ माथितिर उज्ज्वल दिव्य धाम ॥३१॥

त्यो धाम अद्भुत भएर हजार खण्ड
शोभी रहेछ झलमल्ल भई अखण्ड ।
आनन्दको महल भै रहने यही हो
विश्राम शान्तिहरूको नगरी त्यही हो ॥३२॥

आराम धाम छ त्यहाँ सवका पिताको
मिल्ने छ दर्शन अवश्य यहाँ उहांको ।
पाई समागम हुँदा दृढ अङ्कमाल
तिम्रो हुनेछ अगिको महिमा बहाल ॥३३॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

पाएर यो सदुपदेश, बुझेर रस्ता
विश्वास भक्तिसित यत्न गरेर पस्ता ।
लाग्थो सबैतिर निकै पहिले अँध्यारो
झल्की रहेछ अब मार्ग मिली उघारो ।।३४।।

रोकेर इन्द्रियहरू मन शान्त पारी
कोशिस गर्दछु उमेद लिएर भारी
बाटो रहेछ अति सूक्ष्म भई विचित्र
हुँला अवश्य अब दर्शनले पवित्र ।।३५।।

रचना काल :
वि. स. १९९२ कुम्भ सङ्क्रान्ति

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

सन्दर्भ विवरण

- अप्रकाशित पाण्डुलिपि
- प्रमुख सन्दर्भ ग्रन्थ
- प्रमुख सन्दर्भ पत्रपत्रिका
- प्रमुख सन्दर्भ जानकारी

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

० अप्रकाशित पाण्डुलिपि

सोमनाथ सिग्देल; **चन्द्रचरित** (नेपाली महाकाव्य), १०–१८ सर्ग, अनुमानित रचना काल : १९७६–१९८६ ।

—परमपिताको खोज (नेपाली कविता), रचनाकाल : १९९२ ।

—नेपाली भाषा र कविको परिचय र आलोचन (समालोचना), अपूर्ण, अनुमानित रचनाकाल : २०१६ पूर्व ।

—राष्ट्रिय नेपाली व्याकरण (व्याकरण दर्शन), अपूर्ण, रचनाकाल : ? ।

—वाशिष्ठ–दर्शन (नेपाली भाषामा), अनुमानित रचनाकाल : २०१३ ।

० प्रमुख सन्दर्भ ग्रन्थ

आइ० ए० रिचर्डस्; **साहित्यिक समालोचनाको सिद्धान्त** (नेपाली अनुवाद), काठमाडौं : ने० रा० प्र० प्र०, २०३० ।

उत्तम कुँवर; **स्रष्टा र साहित्य**, काठमाडौं : साझा प्रकाशन, (दो.सं.),२०२७ ।

ऋषभदेव शास्त्री; **काव्यमञ्जरी**, काठमाडौं : एडुकेशनल इन्टरप्राइजेज (छै. सं.), २०३२ ।

एच्. एल्. अहूजा समेत; **आधुनिक आर्थिक सिद्धान्त**, नयाँदिल्ली : एस्. चन्द एण्ड कम्पनी (प्रा.) लि. (दो. सं.), १९७४ सन् ।

ए. बी. कीथ; **संस्कृत साहित्य का इतिहास** (अनु. डा. मङ्गलदेव शास्त्री), वाराणसी: मोतीलाल वनारसी दास, १९६० सन् ।

कमल दीक्षित; **कालो अक्षर**, काठमाडौं : जगदम्वा प्रकाशन, २०१७ ।

—बुइँगल, काठमाडौं : साझा प्रकाशन, २०२८ ।

—मन्नेकुरा, काठमाडौं : जगदम्वा प्रकाशन, २०३१ ।

—(सं.); **सूक्तिसिन्धु** (फेरि), काठमाडौं : जगदम्वा प्रकाशन, २०२४ ।

कालिदास; **रघुवंश महाकाव्यम्** (१–५ सर्ग) वनारस : चौखम्बा संस्कृत सीरिज अफिस, (दो. सं.) २०१३ ।

कृष्णप्रसाद घिमिरे; **राष्ट्रिय चरित्र**, काठमाडौं : ना. सु शम्शेरराज श्रेष्ठ, २०१७ ।

कुमार वहादुर जोशी; **महाकवि देवकोटा र उनका महाकाव्य**, काठमाडौं : सहयोगी प्रकाशन, २०३१ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

कुलचन्द्र गौतम; **अलङ्कार चन्द्रोदय**, काशी : आत्माराम शर्मा, १९७८ ।

—**राघवालङ्कार**, काठमाडौं : नेपाल एकेडेमी, २०१५ ।

केशवप्रसाद उपाध्याय; **साहित्य प्रकाश**, काठमाडौं : साझा प्रकाशन, २०३० ।

—**पूर्वीय साहित्यशास्त्र**, काठमाडौं : त्रि. वि. पा. वि. के., २०३६ ।

केशवराव मुसलगाँवकर; **संस्कृत महाकाव्य की परम्परा**, वाराणसी: चौखम्बा संस्कृत सीरिज अफिस, २०२६ ।

कोमलनाथ अधिकारी (अनु.); श्रीहर्षको **नैषधीय-चरित**, काठमाडौं : रायल नेपाल एकेडेमी, २०२० ।

—विश्वनाथको **साहित्य-दर्पण**, काठमाडौं : रायल नेपाल एकेडेमी २०२३ ।

गीता प्रेस, **अध्यात्मरामायण** गोरखपुर : गीताप्रेस (१५ औं सं.) २०२७ ।

गोपालनिधि तिवारी; **योगवाशिष्ठ दर्शन**, काठमाडौं : नेपाल दार्शनिक सङ्घ २०१४ ।

गोविन्दप्रसाद ढुङ्गाना; **छन्दोहार**, काठमाडौं : साझा प्रकाशन (ते. सं.) २०२७ ।

—**रसदर्पण**, कठमाडौं : नेपाली भाषा प्रकाशिनी समिति, २०१५ ।

गोविन्दप्रसाद भट्टराई; **पृथ्वी-महेन्द्रमहाकाव्य**, काठमाडौं : अच्युत कुमारी भट्टराई २०१९ ।

—**पूर्वीय काव्य सिद्धान्त**, काठमाडौं : नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठान, २०३१ ।

—**भावना**, काठमाडौं : जगदम्बा प्रकाशन, २०२० ।

गोविन्दलाल अमात्य(अनु.); **गोरखा साहित्य मीमांसा**, काठमाडौं : गोरखा भाषा प्रकाशिनी समिति, १९८७ ।

चक्रपाणि चालिसे; **गोरखा सक्षिप्त भारत**, काठमाडौं : गोरखा भाषा प्रकाशिनी समिति, १९७६ ।

—**गोरखा सक्षिप्त रामायण**, काठमाडौं : गोरखा भाषा प्रकाशिनी समिति, १९७२ ।

—**जैमिनीय भारत**, काठमाडौं : कमलनाथ शर्मा पथिक, २०२० ।

चूडानाथ भट्टराय; **कवि, कविता र कविताको सिद्धान्त**, काठमाडौं : नूतनश्री भट्टराय, २०१९ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

चूडामणि खनाल; **नेपाली साहित्यमा चक्रपाणि चालीसेको भूमिका**, त्रि. वि. : नेपाली स्नातकोत्तर शोधपत्र, २०२३ ।

चूडामणि बन्धु; **भाषा विज्ञान**, काठमाडौं : नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठान, २०३० ।

जयराज आचार्य; **ट्रेडिशनल ग्रामर्स : इङ्ग्लिस् एण्ड नेपाली : अ. स्टडी**, काठमाडौं : लेखक स्वयम्, १९८० सन् ।

जे. के. मिश्र; **विश्वका छ महान् राजनीतिज्ञ**, काठमाडौं : रत्न पुस्तक भण्डार, २०२५ ।

जे. वी. मानन्धर; **लिष्ट अफ् नेपाल पोस्टेज् स्ट्याम्पस्**, काठमाडौं : नेपाल फिलाटेलिक ब्यूरो, १९७६ सन् ।

डिल्लीराम तिमसिना (अनु.); राजेश्वर प्रणीत **काव्यमीमांसा**, काठमाडौं : नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठान, २०३० ।

देवीदत्त पराजुली; **कविता गुच्छाहार**, काठमाडौं : नेपाली भाषा प्रकाशिनी समिति, २००५ ।

देवीशङ्कर मिश्र समेत; **संस्कृत साहित्य का इतिहास**, लखनउ : प्रकाशन केन्द्र, ? ।

द्वारकानाथ शर्मा समेत; **संस्कृत शब्दार्थ-कौस्तुभ**, इलाहाबाद : राम नारायणलाल बेनी प्रसाद, १९६७ सन् ।

धनञ्जय र धनिक; **दशरूपकम्** (डा. भोला शङ्करको व्याख्या सहित), वाराणसी : चौखम्बा विद्याभवन (चौ. सं.), २०२९ ।

नगेन्द्र समेत; **अरस्तु का काव्यशास्त्र**, दिल्ली : हिन्दी अनुसन्धान परिषद्-दिल्ली विश्वविद्यालय (दो सं.), २०२३ ।

—**भारतीय काव्य शास्त्र की परम्परा**, दिल्ली : नेशनल पब्लिसिङ हाउस, २०२३ ।

—**भारतीय काव्य शास्त्र की भूमिका**, नयाँ दिल्ली : नेशनल पब्लिसिङ् हाउस (दो. सं.), १९६३ सन् ।

— **रस सिद्धान्त**, नयाँ दिल्ली : नेशनल पब्लिसिङ् हाउस, १९६४ ।

पारसमणि प्रधान; **बवाँटो**, कालिम्पोङ : भाग्यलक्ष्मी प्रकाशन, १९७२ सन् ।

—**पाँच पोखी पुरुषरत्न**, कालिम्पोङ : भाग्यलक्ष्मी प्रकाशन, १९६९ सन् ।

--**भानुभक्त ग्रन्थावली**, दार्जीलिङ : भारती कार्यालय, २००९ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

प्रतापचन्द्र प्रधान; **नेपाली कवितामा श्रृङ्गार : मोतीरामदेखि 'सूक्तिसिन्धु'सम्म**, त्रि. वि. : नेपाली स्नाकोत्तर शोधपत्र, २०३२ ।

बालकृष्ण सम; **चिसो चूल्हो**. काठमाडौं : नेपाल एकेडेमी, २०१५ ।

बालचन्द्र शर्मा; **नेपालको ऐतिहासिक रूपरेखा**, वाराणसी : कृष्ण कुमारी देवी, २०२२ ।

—**नेपाली साहित्यको इतिहास**, काठमाडौं : ने. रा. प्र. प्र., २०३६ ।

भैरव अर्याल; **नेपाली काव्यमा प्रकृति चित्रण**, काठमाडौं : नेपाल राजकीय प्रज्ञा–प्रतिष्ठान, २०३० ।

मथुरादत्त पाण्डेय; **नेपाली और हिन्दी : भक्ति काव्यका तुलनात्मक अध्ययन**, दिल्ली: भारतीय ग्रन्थ निकेतन, १९७० सन् ।

मदन पुरस्कार पुस्तकालय; **मदन–सौरभ**, काठमाडौं : मदन पुरस्कार पुस्तकालय, २०३१ ।

माधवप्रसाद घिमिरे समेत (सं.); **आधुनिक नेपाली कविता**, काठमाडौं : नेपाल राजकीय प्रज्ञा–प्रतिष्ठान, २०२८ ।

मोदनाथ प्रश्रित; **मानव–महाकाव्य**, लुम्बिनी : पसिना प्रकाशन, २०२३ ।

यदुनाथ खनाल; **समालोचनाका सिद्धान्त**, काठमाडौं : नेपाली भाषा प्रकाशिनी समिति, २००३ ।

यज्ञराज सत्याल; **नेपाली साहित्यको भूमिका**, काठमाडौं : रत्न पुस्तक भण्डार (ते. सं.), २०२६ ।

रघुवंश; **प्रकृति और काव्य** (संस्कृत साहित्य), नयाँ दिल्ली : नेशनल पब्लिसिङ हाउस (दो. सं.), १९६३ सन् ।

रत्नध्वज जोशी; **नेपाली साहित्यको झलक**, काठमाडौं : रायल नेपाल एकेडेमी, २०२१ ।

—**मानसालङ्कार**, काठमाडौं : नेपाली भाषा प्रकाशिनी समिति, २००२ ।

रमाशङ्कर त्रिपाठी (सं.) **साङ्ख्यकारिका**, वाराणसी : बालकृष्ण त्रिपाठी, १९७०।

राममणि आ. दी.; **पुराना सम्झना**, काठमाडौं : श्रीमती नलिनीदेवी आ. दी., २०२६ ।

राममणि रिसाल; **नेपाली काव्य र कवि**, काठमाडौं : साझा प्रकाशन, २०३१ ।

रामराज पन्त; **भाषा विज्ञानको इतिहास**, काठमाडौं : जगदम्बा प्रकाशन, २०१८ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

लक्ष्मीनाथ आचार्य; **छन्द सागर सोपान**, वृन्दावन: लेखक स्वयम्, २०२३।

लक्ष्मीप्रसाद देवकोटा; **नेपाली शाकुन्तल महाकाव्य**, काठमाडौं : नेपाली भाषा प्रकाशिनी समिति (दो. सं.), २०१९।

—**प्रमिथस**, काठमाडौं : नेपाल राजकीय प्रज्ञा–प्रतिष्ठान, २०२८।

—**लक्ष्मी निबन्ध संग्रह**, काठमाडौं : साझा प्रकाशन (पाँ. सं.), २०२५।

लेखनाथ पौड्याल (अनु.); **अभिज्ञान शाकुन्तल नाटक**, काठमाडौं : नेपाल एकेडेमी, २०१५।

—**ऋतु विचार**, काठमाडौं : अनन्त पौड्याल, २०२३।

—**कालिदासको अभिज्ञान शाकुन्तला नाटक**, काठमाडौं : नेपाल एकेडेमी, २०१५।

—**तरुण-तपसी**, विराटनगर : पुस्तक संसार (चौ. सं.), २०२५।

—**बुद्धिविनोद** (नयराज पन्तको उत्तर सहित) काठमाडौं : संशोधन मण्डलद्वारा दोस्रो पटक प्रकाशित, २०३२।

—**बुद्धिविनोद र ऋतुविचार**, काठमाडौं : कुलचन्द्र शर्मा गौतम, १९७६।

—**मेरो राम**, काठमाडौं : अनन्तनाथ शर्मा पौड्याल, २०११।

—**लालित्य (प्रथम भाग)**, काठमाडौं : साझा प्रकाशन (चौ. सं.), २०३२।

—**सत्यकलि संवाद**, काठमाडौं : द्वारिकानाथ पौड्याल, १९७६।

बद्रीनाथ शर्मा अधिकारी र हरिनाथ ढुङ्गेल; **पण्डितराज श्री सोमनाथ शर्मणो जीवन चरितम्**, काठमाडौं : ललिता देवी सिग्देल, २०२९।

वाचस्पति गैरोला; **संस्कृत साहित्यका इतिहास**, वाराणसी : चौखम्बा विद्याभवन, २०३७।

वाल्मीकि; **रामायण**, वाराणसी : चौखम्वा विद्याभवन, २०१४।

वासुदेव त्रिपाठी; **कवि गुणराजको 'भरतमिलन' महाकाव्यको मूल्याङ्कन**, (गुणराज व्याख्यायन माला– १) काठमाडौं : गुणराज स्मारक समिति, २०३१।

—**नेपाली कविताको सिंहावलोकन**, काठमाडौं : साझा प्रकाशन (दो. सं,), २०३२।

—**पाश्चात्य समालोचनाको सैद्धान्तिक परम्परा**, काठमाडौं : साझा प्रकाशन, २०३०।

—**लेखनाथ पौड्यालको कवित्वको विश्लेषण र मूल्याङ्कन**, काठमाडौं : त्रि. वि. पा. वि. के., २०३४।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

विश्वनाथ; **साहित्यदर्पण**, वाराणसी : चौखम्बा संस्कृत सीरिज अफिस (ते. सं.), २०२३ ।

शिवराज आचार्य; **वृत्तनक्षत्रमाला**, काठमाडौं : गौरीशंनदन आचार्य, २०२८ ।

श्रीराम शर्मा आचार्य (सं.); **ऋग्वेद** (प्रथम खण्ड) बरेली : संस्कृति संस्थान, १९६२ सन् ।

साझा प्रकाशन; **साझा समालोचना** काठमाडौं : साझा प्रकाशन, २०२० ।

सूर्यविक्रम ज्ञवाली (सं.); **भानुभक्तको रामायण**, दार्जीलिङ : नेपाली साहित्य सम्मेलन, १९५४ सन् ।

सोमनाथ सिग्देल; **आदर्शराघव**, विराटनगर : पुस्तक संसार (ते. सं.), २०२८ ।

—(सं.) **कौटिल्यको अर्थशास्त्र** (नेपाली भाषानुवाद), काठमाडौं : नेपाल राजकीय प्रज्ञा–प्रतिष्ठान, २०२४ ।

—(अनु.) गुमानी कविको **उपदेश शतक** र क्षेमेन्द्र कविको **चारुचर्या** (पद्यानुवाद) काठमाडौं : नेपाली भाषा प्रकाशिनी समिति, १९९७ ।

—(सं.?) **दर्शन–प्रवेशिका**, काठमाडौं : नेपाल दार्शनिक संघ, २०१३ ।

—**प्रतिसंस्कृता सिद्धान्त कौमुदी**, काठमाडौं : नेपाल एकेडेमी, २०१५ ।

—**मध्यचन्द्रिका**, काठमाडौं : पुस्तक संसार (एघारौं सं.), २०३० ।

—**लघुचन्द्रिका** काठमाडौं ; लेखक स्वयम् (दो. सं.), २००८ ।

—(सं.) **सपरिचय सुधारकार्य विवरण**, काठमाडौं : संपादक आफैं, २०१७ ।

—**सनातन धर्म सन्देश**, काठमाडौं : लेखक स्वयम्, २०१६ ।

—**साहित्य–प्रदीप**, काठमाडौं : पुस्तक संसार (दो. सं.), २०२८ ।

हजारीप्रसाद द्विवेदी (प्र. सं.); **काव्यशास्त्र**, दिल्ली : भारती साहित्य मन्दिर, १९६९ ।

हरिहर शास्त्री; **उषा–विनोद**, काठमाडौं : दिलीप कुमार अधिकारी, २०२४ ।

—**रम्भा**, काठमाडौं : सुशीला अधिकारी, २०२५ ।

हेमराज शर्मा, **चन्द्रिका**, काठमाडौं : लेखक स्वयम्, १९६९ ।

हेमाङ्गराज अधिकारी; **पूर्वीय समालोचना सिद्धान्त**, काठमाडौं : साझा प्रकाशन, २०३१ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

० प्रमुख सन्दर्भ पत्र पत्रिका

ताराप्रसाद जोशी; 'आदर्शराघव' को कथावस्तुको मूल्याङ्कन,' **दियालो**, दार्जीलिङ : वर्ष १३, हाँगो ६५, २०२६ ।

—'आदर्श राघव'को दार्शनिक पक्ष', **मधुपर्क**, काठमाडौं : वर्ष ३, अङ्क ५, २०२७ ।

—'चरित्र चित्रण र 'आदर्शराघव' **जर्नल अफ् द त्रिभूवन युनिभर्सिटी**, काठमाडौं : भो. ६, नं. २, १९७१ सन् ।

—'पण्डितराज सोमनाथ सिग्देल : केही चर्चा र एक मूल्याङ्कन' **जर्नल अफ् द त्रिभुवन युनिभर्सिटी**, काठमाडौं : भो. ४, नं. २, १९६९ सन्, ।

—'प्रकृति दर्शन र 'आदर्श राघव' मा प्रयुक्त प्रकृति', **प्रज्ञा**, काठमाडौं : वर्ष १, अङ्क २, २०२७ ।

नयराज पन्त; 'पूर्णाङ्क २८ का सबै लेखहरू', काठमाडौं : **पूर्णिमा**, वर्ष ७, अङ्क ४, २०२९ ।

—'श्रीमान् यदुनाथ खनालले आफ्नो विद्वत्ता देखाउने समय आएको छ', **पूर्णिमा**, काठमाडौं : वर्ष ८, अङ्क २ (पूर्णाङ्क ३०), २०३० ।

—'श्रीमान् यदुनाथ खनालले आफ्नो विद्वत्ता देखाउने समय आएको छ', (सङ्ख्या २) **पूर्णिमा**, काठमाडौं : वर्ष ८, अङ्क ४ (पूर्णाङ्क ३२)२०३१ ।

रसिक समाज; **सुन्दरी** (नेपाली मासिक पत्रिका) काशी : वर्ष १, लीला १–१२, वर्ष २, लीला १, ४–६, १९६३–१९६५ ।

नरहरि आचार्य; 'छन्द शास्त्रको ऐतिहासिक विकास क्रम र यसको औचित्य' **प्रज्ञा**, काठमाडौं : वर्ष ४, अङ्क २, २०३१ ।

नेपाल दार्शनिक सङ्घ; **दर्शन** (सामयिक पत्रिका), काठमाडौं : संख्या १, २०२९ ।

माधवप्रसाद देवकोटा; 'अलङ्कार' **प्रज्ञा**, काठमाडौं : वर्ष १, अङ्क ४, २०२७ ।

यदुनाथ खनाल; 'पण्डितराज सोमनाथ सिग्देललाई फर्केर हेर्दा', **मधुपर्क**, काठमाडौं : वर्ष ७, अङ्क ६, २०३१ ।

रामचन्द्र पौडेल; 'पण्डितराज सोमनाथ सिग्देलज्यूको संक्षिप्त जीवनी', **मर्यादा**, काठमाडौं : वर्ष, ३ अङ्क २, २० ।

राममणि आ. दी.; 'कविता रीति',**माधवी**, बनारस : कला १, संख्या २–५, १९६५ ।

रुद्रराज पाण्डे; 'केही विद्वान्हरूको सम्झनामा' **गोरखापत्र**, काठमाडौं : वर्ष ७२, अङ्क २९७, २०२९ फागुन २० ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

लक्ष्मीनाथ शर्मा; 'अठासी वर्षका सिग्देल', **गोरखापत्र**, काठमाडौं : वर्ष ७२, अङ्क १५५, २०२९ आश्विन २१।

लक्ष्मीप्रसाद देवकोटा; 'तरुण–तपसीको प्रदक्षिणा', काठमाडौं : **रचना**, वर्ष १४, अङ्क ४, २०३३।

वासुदेव त्रिपाठी; 'कविताको आशङ्कित अस्तित्व', **प्रज्ञा**, काठमाडौं : वर्ष १, अङ्क ३, २०२७।

—'महाकाव्य–बूढो पुरानो विधा, **प्रज्ञा**, काठमाडौं: वर्ष १, अङ्क १, २०२७।

सम्पादकीय; 'अपूरणीय क्षति', **गोरखापत्र**, काठमाडौं : वर्ष ७३, अङ्क १६६, २०२९ कार्तिक ५।

सोमनाथ सिग्देल; शुभाभिनन्दन, **गोरखापत्र**, काठमाडौं : २०३१ वैशाख २४।

हंसपुरे सुवेदी; 'पण्डितराज सोमनाथज्यू र उहाँको महाकाव्य', **मधुपर्क**, काठमाडौं: वर्ष ५ अङ्क ६, २०१९।

० प्रमुख सन्दर्भ जानकारी

गोपालनिधि तिवारी	वाल्मीकि क्याम्पस, काठमाडौं।
तीर्थराज आचार्य	पकनाजोल, काठमाडौं।
प्रकाश ए. राज	ढोकाटोल, काठमाडौं।
वालकृष्ण सम	ज्ञानेश्वर, काठमाडौं।
रामचन्द्र पौडेल	वाल्मीकि क्याम्पस, काठमाडौं।
ललितादेवी सिग्देल	डिल्लीवजार, काठमाडौं।
वासुदेव लुइँटेल	जगदम्बा प्रकाशन, ललितपुर।
विश्वनाथ पोखरेल	वाल्मीकि क्याम्पस, काठमाडौं।
सोमनाथ सिग्देल	हरिहर भट्टराईवाट २०२९ असोज ८ गते लिइएको टेप अन्तवार्ता।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

अनुक्रमणिका

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

अनुक्रमणिका

[यस ग्रन्थको मूल पाठमा चर्चा गरिएका व्यक्ति, कृति, संस्था, तथा पत्रपत्रिकाहरूको नाम तल दिइएको छ। पादटिप्पणीमा उल्लिखित कृतिहरू र सन्दर्भ विवरणमा मात्र उल्लिखित कृति र व्यक्तिको नाम यसमा छैन। नाम पछाडिको अङ्कले सो को चर्चा वा उल्लेख गरिएको यसै ग्रन्थको पृष्ठ जनाउँछ। सोमनाथका रचनाहरूका हकमा विशेष चर्चा गरिएको ठाउँ मात्र उल्लेख गरिएको छ]

अध्यात्मरामायण– ८८–८९
अनुवाद चन्द्रिका– ९
अभिज्ञान शाकुन्तल– ३२
अभिनव गुप्त– १०५
अलङ्कारचन्द्रोय– २८, ६१–६२, १०३
अश्वघोष– ९३
अहूजा र ड्यूयेट– २४
आइ. ए. रिचर्ड्स्– २६, ४०, ४२
आठकाण्डी रामायण– ८९
आदर्श–राघव– ७०–८२, ९४–११८
आदर्श–राघव पुष्पाञ्जलि– ९
आनन्दवर्धन– ३५, १०४, १०६
उत्तम कुँवर– ४
उत्तरराम चरित– ३८
उपदेश शतक– ६९–७०
उर्दू–फारसी– ७९
उषा विनोद– ९३
ऋतुविचार– ५९, १०३, ११३
ऋषभदेव शास्त्री–३०
एटन– १९
एरिस्टोटल– ९६–९७
कपिराज पच्चिसी– ५५
कमल दीक्षित– ६, ३६, ५५, ६६
कवि कविता र कविताको सिद्धान्त-३०
कवि कवितालाप– २८
कविता कल्पद्रुम– ५
कविता गुच्छाहार– ८९
कविता रीति (लेख)– २८
कवि भानुभक्ताचार्यको जीवन चरित्र– २७
कालिदास– ३२, ९३, ९६, १००, १०१, १०३, ११३
काव्यमञ्जरी– ३०
काव्यमीमांसा (नेपाली अनुवाद)–३०
काव्यालङ्कार– १०२
कुन्तक– ३५
कुमार वहादुर जोशी– ९०
कुलचन्द्र गौतम– २८, २९, ३२ ३३, ६१
कृष्ण चरित्र– ८९
कृष्णप्रसाद घिमिरे– ९२
केशवप्रसाद उपाध्याय ३०, ३१
केशवराज अर्याल– ९
कैलासचन्द्र शिरोमणि– ३
कोमलनाथ अधिकारी– ३०, १२७
कौटिल्यको अर्थशास्त्र– ६, २४
क्षेमेन्द्र– ७०

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

गङ्गादत्त गोतामे– ३
गङ्गाधर शास्त्री– ३
गणेशजी शर्मा– २७
गिरिजा– १
गुणराज उपाध्याय– ९०, ९२
गुमानी कवि– ९९
गोपालनिधि तिवारी ४, २२
गोपीका चित्त लिने– ५४
गोरखा दक्षिण वाहु– १०, ११
गोरखा शिक्षा– ५९
गोरखा संक्षिप्त भारत– १६. ५९
गोरखा संक्षिप्त रामायण– १६, ५९
गोविन्द प्रसाद ढुङ्गाना– २९
गोविन्द प्रसाद भट्टराई– ३१, ९२, १२४
ग्रीष्म वर्णन– ५२
चक्रपाणि चालिसे– ६, १६, ५८, ५९
चन्द्रचरित– ८, ६०–६६, ७६–८१ १४४–१५७
चन्द्रिका– ७, २०
चारुचर्या– ७०
चिसो चूल्हो– ९२, ९३
चूडानाथ भट्टराई– ३०
चूडामणि खनाल– ६०
चूडामणि बन्धु– १९
छन्दोहार– २९
जगन्नाथ– ४२
जगन्नाथ सिग्देल– १, २
जयदेव– ८७
जय पृथ्वीबहादुर– १९
जयराज आचार्य– २०
जे. के. मिश्र– २४
टर्नबुल - १९
डिल्लीराम तिम्सिना– ३०, ३१
तरुण–तपसी– ९१, ९२
ताराप्रसाद जोशी– १४, १८, ९९ १०९
त्रिचन्द्र कलेल– ५
त्रिभुवन– १०, ८२
त्रिभुवन पुरस्कार– ११
त्रिभुवन विश्वविद्यालय– ५
दण्डी– ३५, ७१, ९५
दम्पतिको प्रेम टक्कर– ५७, ५८
दर्शन (पत्रिका)–२१
दर्शन प्रवेशिका– २२
दशावतार रस– ६७
दिगम्बर विवाह (प्रहसन)–५१, ५२ १३३–१४३
दीपापली विलास– ५३
देवकोटा– हेर्नु–लक्ष्मीप्रसाद
देवीदत्त पराजुली– ५, ८९
देश नरेश (महाकाव्य)– ९२
दोलकुमारी– १
धनञ्जय– ९६
ध्वन्यालोक– १०४
नगेन्द्र– ३४, ४४, ९६
नयराज पन्त– १, ३, ६२
नरहरि आचार्य– २९
नरेन्द्र रिमाल– ८९
नाटचशास्त्र (म्)– ३५, १०२
नीलाभया चन्द्रमा– ५४, ५५
नेपाल एकेडेमी (ने. रा. प्र. प्र.)– ११

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

जुद्ध शमशेर– १०
नेपाली भाषाको व्याकरण– १६
नेपाली भाषा प्रकाशिनी समिति–६७
नेपाली राष्ट्रिय व्याकरण– २१
नेपाली व्याकरण र अंग्रेजी नेपाली शब्दावली– १६
पण्डितराज– ११
पथिक प्रेम–५६
परम पिताको खोज- ६८-६९,१५८-१६३
पारसमणि प्रधान– ११, १६, २७
पूर्वीय काव्य सिद्धान्त - ३१
पूर्वीय समालोचना सिद्धान्त–३१
पूर्वीय साहित्य सिद्धान्त– ३१
पृथ्वी महेन्द्र महाकाव्य– ९२
पृथ्वीराज चौहान (महाकाव्य)–९०
प्रमिथस (महाकाव्य)– ९०
प्रतापचन्द्र प्रधान– ५
प्रतिसंस्कृता सिद्धान्त कौमुदी– २
प्राकृत व्याकरण– १६
बद्रीनाथ शर्मा– १
वालकृष्ण सम– ५८, ६३, ६७, ९३
वालचन्द्र शर्मा– ४०, ६२
वावुराम आचार्य– ४०
भट्टोद्भट्- ३५
भरत–मिलन (महाकाव्य)– ९३
भरत मुनि– ३५, ४२, १०२, १०६
भानुभक्त– २६, १०१, १२८
भानुभक्तको रामायण– ८, ८८, ८९–९९,
भामह– ३५, ९५, १००
भारवि– ८०, ९३, ९५, ९६, १०१
भावना (महाकाव्य)– ८४, ९२
नेपाल दार्शनिक सङ्घ– १५, २२
भाषा विज्ञान– १६
भीम समशेर– ५८, ६६
मदन पुरस्कार पुस्तकालय– ५१
मम्मट– ४२, ९४, १००, १०५
महा राणा अठार पर्व– ८९
महाभारत प्रताप (महाकाव्य)– ९०
महेन्द्र– ६, १०, ८२
मध्यचन्द्रिका– ६, १६, २०
माघ– ९५
माधव घिमिरे– १०८
माधव प्रसाद देवकोटा– १०२
माधवी (पत्रिका)–६, ५९
मानव (महाकाव्य)– ९२
मानसालङ्कार– २९
मानिनी रञ्जन– ५१, १३१–१३२
मोतीराम– २६, २७, ५८, ८९
मोदनाथ प्रश्रित– ९२
यदुनाथ खनाल– १३, २६, २६, ६२, १२०
यज्ञराज सत्याल– ४०
योगवाशिष्ठ– ९८
योगवाशिष्ठ दर्शन–२२
रत्नध्वज जोशी– २९
रम्भा– ९३
रवीन्द्रनाथ ठाकुर- ९९
राघवालङ्कार– २९, ३२, ३३
राजशेखर– ३०
राणा सरकार– १०
रामचन्द्र पौडेल–३
रामचन्द्र शुल्क– ४४

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

राममणि ग्रा. दी.– ६, २८, ६२, ६३
राममणि रिसाल– १, ७६
रामराज पन्त– १६
राम शमशेर– ५८
रामायण–महाभारत–३८
राष्ट्रिय चरित्र– ६२
रुद्रट– ३५, ६३–६४
लक्ष्मी– १
लक्ष्मीनाथ शर्मा– ५८
लक्ष्मीप्रसाद देवकोटा– ८, ८७, ८६
१०१, १०८
लघुचन्द्रिका- ७
ललितादेवी सिग्देल– २, ६२
लेखनाथ पौडेल– ६, २८, ३२, ५८–
५६, ६४, १०१, १०८,११३,
११८, १२३–२५
वनकुसुम (महाकाव्य)– ६०
वनारस क्वीन्स कलेज– ३
वर्षा वर्णन– ५३
वामन– ३५, १००
वाल्मीकि- ४२, ६३ ६६, ११३
वाल्मीकि क्याम्पस– ८, १०, ३३,
६८
वाल्मीकि रामायण– ८६–६०, ६८
वासुदेव त्रिपाठी– ६, १८, ३७, ४३
५६–६०, ६५, १०२
विजयेन्द्र स्नातक– ११२
विजुलीको असर– ५७
विश्वनाथ– ७१ ६५, ६७, १००
विश्वनाथ पोखरेल– ४, ६२
विश्वनाथ रिमाल– ३
विष्णु प्रसाद भण्डारी– ५
विष्णुहरि रिमाल– २, ४
वीरेन्द्र केसरी– १६, १६–२०, २७
वेसरी (लेख)– २७
व्यास– ६३–६५
सत्यकलि संवाद- ५६, ११६
सनातन धर्म सन्देश– ६
सपरिचय सुधार कार्य विवरण– ६
समालोचनाका सिद्धान्त २६, ४३
सहदेव–३
साहित्य दर्पण (नेपाली अनुवाद)– ३०
साहित्य प्रकाश– ३०
साहित्य प्रदीप - ८, १५, २६–४४
सिकन्दर (महाकाव्य)– ६०
सुर्गौली सन्धि– ६१
सुन्दरचम्पू–६
सुन्दरी– ५, ५०–५६, ५६
सुब्रमण्य शास्त्री– ३
सुलोचना– ६०
सूक्तिसुधा– ५
सूक्तिसिन्धु– ६, ५०, ५६–५६
सोमनाथ सिग्देल– १–१२८
संस्कृत–चन्द्रिका– ६
संस्कृत–प्रधान पाठशाला– २–४
स्वेट मार्डेन– १
शम्भुप्रसाद ढुङ्गेल– ७, ५८
शाकुन्तल महाकाव्य– ८, ८६
शान्ति– २
शारदा (पत्रिका)– ८, ६७
शाही नेपाल चलचित्र संस्थान–११
शिखरनाथ भाष्य– ८६
शिखरनाथ सुवेदी– ८६
शुभाभिनन्दन– ८२

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

श्यामजी प्रसाद अर्याल–५८
श्रीकृष्णाश्वघाटी– ५२
श्रीहर्ष– ४२, ६५, ११६, १२७
हरिनाथ ढुङ्गेल– ५
हरिहर प्रसाद भट्टराई– ६१
हरिहर शास्त्री– ६३
हुलाक सेवा विभाग– १२
हेमराज शर्मा– ७. १०, १४, १६
५०, ६३, ६५
हेमाङ्गराज अधिकारी - ३१
होमनाथ खतिवडा–८६

+

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

पण्डितराज सोमनाथ शतवार्षिक समारोह–समिति
(कार्य समिति)

श्री चूडानाथ भट्टराय	सभापति
श्री अम्बिकाप्रसाद अधिकारी	उप-सभापति
श्री तोयनाथ पाण्डेय	"
श्री पूर्णप्रसाद ब्राह्मण	"
श्री विद्यानाथ उपाध्याय	कोषाध्यक्ष

श्रीमती अंगूरबाबा जोशी	सदस्य	श्री अच्युतराज रेग्मी	सदस्य
श्री कमलराज रेग्मी	"	श्री कृष्णचन्द्र सिंह प्रधान	"
श्री केदारमान व्यथित	"	श्री गोपालनिधि तिवारी	"
श्री तुलसीराम वैद्य	"	श्री धनवज्र वज्राचार्य	"
श्री नयनराज पाण्डे	"	श्री नरहरि आचार्य	"
श्री भैरव रिसाल	"	श्री माधवप्रसाद घिमिरे	"
श्री यदुनाथ खनाल	"	श्री रामचन्द्र पौडेल	"
श्रीं राममणि रिसाल	"	श्री राजेश्वर देवकोटा	"
श्री राधाकृष्ण अधिकारी	"	श्री वासुदेव त्रिपाठी	"
श्री शिवगोपाल रिसाल	"	श्री श्रीप्रसाद गौतम	"
श्री श्रीभद्र शर्मा खनाल	"	श्री सत्यमोहन जोशी	"
श्री सिद्धिचरन श्रेष्ठ	"	श्री सूर्यविक्रम ज्ञवाली	"
श्री हरिदेव मिश्र	"		

श्री शिवहरि मरहट्टा	सदस्य–सचिव
श्री नीलमणि ढुङ्गाना	सहायक सदस्य–सचिव

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

DATE DUE

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

Acc. No..........
Class No ९२०.९२१ Book No ACH...
Author आचार्य नरहरी
Title पण्डितराज सोमनाथ सिग्देल: एउटा महाकाव्य

Due on	Borrower's Name	Returned on

महेन्द्र संस्कृत विश्वविद्यालय
बाल्मीकि विद्यापीठ
पुस्तकालय

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

"अहिलेसम्म पण्डितराज सोमनाथका सम्बन्धमा गरिएका शोध-समालोचना मध्ये सर्वाधिक विस्तृत र प्रमाणिक प्रस्तुत शोधकार्यलाई प्रकाशित गरी आधुनिक नेपालका एक प्रकाण्ड विद्वान् र नेपाली साहित्यका असाधारण शिल्पी र पाण्डित्य-पूर्ण कवि–प्रतिभा सोमनाथ सिग्देलका स्मृतिमा उपहार स्वरूप चढाउनु ज्यादै नै सान्दर्भिक कार्य हो भन्ने म ठान्दछु । यो प्रयास सोमनाथको शतवार्षिक स्मृति प्रसङ्गको ज्यादै नै गहकिलो उपलब्धि ठहरिने छ ...."



"अज्ञानवश वा विद्वेषवश सम्पूर्ण संस्कृत परम्परा, वर्ण मात्रिक छन्दको काव्य परम्परा र सोमनाथको पाण्डित्यपूर्ण र शिल्प सुसज्जित काव्य–प्रक्रियाप्रति कसै कसैले गलत दृष्टि-कोण प्रचारित गर्न खोजिरहेका बखत **पण्डितराज सोमनाथ सिग्देल र उनको महा-काव्य–साधना** का रूपमा सोमनाथ सम्बन्धी शोध–ग्रन्थको प्रकाशन एक सामयिक आव-श्यकता पनि थियो नै ।"

श्री नरहरि आचार्य (जन्म २०१०) त्रिभुवन विश्वविद्यालयबाट संस्कृतमा शास्त्री (२०२६) र त्रिभुवन विश्वविद्यालयबाट नेपाली भाषा तथा साहित्यमा स्नातकोत्तर (प्रथम श्रेणीमा प्रथम : २०३३) हुनुहुन्छ । उहाँले २०३३ देखि त्रिचन्द्र कलेजबाट नेपाली भाषा तथा साहित्यको शिक्षण कार्य थाल्नु भएको हो र २०३४ देखि त्रिभुवन विश्वविद्यालय–कीर्तिपुर क्याम्पसको नेपाली शिक्षण समि-तिमा कार्यरत हुनुहुन्छ । उपप्राध्यापक श्री आचार्य हाल त्रि० वि० बाट **आधुनिक नेपाली काव्यशिल्पको निर्माणमा अलङ्कारको भूमिका** विषयमा विद्यावारिधी (पी–एच्. डी.) गर्दै हुनुहुन्छ । उहाँले त्रि० वि० पाविके अन्तर्गत **नेपाली भाषामा अकरणव्यवस्था: एक अध्ययन** (लियो प्रकाशन: २०४०) र समसामयिक पत्र पत्रिका-हरूमा साहित्यिक, सामाजिक तथा राजनीतिक विषयहरूमा अनुसन्धान मूलक तथा वैचारिक लेख–रचनाहरू प्रकाशित गर्नु भएको छ । उहाँले **उन्मेष** (२०२७) **विवकविन्दु** (२०२८) र **मोलि** (२०२८) जस्ता सामयिक संकलन तथा **धर्मदर्शन** (सांस्कृतिक अनुसन्धान मूलक त्रैमासिक : २०३०–३३) **अरुणोदय** (साहित्यिक त्रैमासिक: २०३२) र **भानुदर्शन** (अनुसन्धामूलक साहित्यिक छ महिने: २०३१–२०३५) को सम्पादन गर्नुका अतिरिक्त हाल उहाँ **संवत्सर** (पाक्षिक समाचार पत्रिका) को सम्पादन कार्यसँग पनि सम्बद्ध हुनुहुन्छ ।

मूल्य : रू.–४०.००

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

Nepal Sanskri

CC-0. In Public Domain. Digitization by eGangotri

"अहिलेसम्म पण्डितराज सोमनाथका सम्बन्धमा गरिएका शोध-समालोचना मध्ये सर्वाधिक विस्तृत र प्रमाणिक प्रस्तुत शोधकार्यलाई प्रकाशित गरी आधुनिक नेपालका एक प्रकाण्ड विद्वान् र नेपाली साहित्यका असाधारण शिल्पी र पाण्डित्य-पूर्ण कवि–प्रतिभा सोमनाथ सिग्देलका स्मृतिमा उपहार स्वरूप चढाउनु ज्यादै नै सान्दर्भिक कार्य हो भन्ने म ठान्दछु। यो प्रयास सोमनाथको शतवार्षिक स्मृति प्रसङ्गको ज्यादै नै गहकिलो उपलब्धि ठहरिने छ ...."

"अज्ञानवश वा विद्वेषवश सम्पूर्ण संस्कृत परम्परा, वर्ण मात्रिक छन्दको काव्य परम्परा र सोमनाथको पाण्डित्यपूर्ण र शिल्प सुसज्जित काव्य–प्रक्रियाप्रति कसै कसैले गलत दृष्टि-कोण प्रचारित गर्न खोजिरहेका बखत **पण्डितराज सोमनाथ सिग्देल र उनको महा-काव्य–साधना** का रूपमा सोमनाथ सम्बन्धी शोध–ग्रन्थको प्रकाशन एक सामयिक आव-श्यकता पनि थियो नै।"

श्री नरहरि आचार्य (जन्म २०१०) त्रिभुवन विश्वविद्यालयबाट संस्कृतमा शास्त्री (२०२६) र त्रिभुवन विश्वविद्यालयबाटै नेपाली भाषा तथा साहित्यमा स्नातकोत्तर (प्रथम श्रेणीमा प्रथम : २०३३) हुनुहुन्छ। उहाँले २०३३ देखि त्रिचन्द्र कलेजबाट नेपाली भाषा तथा साहित्यको शिक्षण कार्य थाल्नु भएको हो र २०३४ देखि त्रिभुवन विश्वविद्यालय–कीर्तिपुर क्याम्पसको नेपाली शिक्षण समि-तिमा कार्यरत हुनुहुन्छ। उपप्राध्यापक श्री आचार्य हाल त्रि० वि० बाट **आधुनिक नेपाली काव्यशिल्पको निर्माणमा अलङ्कारको भूमिका** विषयमा विद्यावारिधी (पी–एच्. डी.) गर्दै हुनुहुन्छ। उहाँले त्रि० वि० पाविके अन्तर्गत **नेपाली भाषाना अकरणव्यवस्थाः एक अध्ययन** (लिथो प्रकाशनः २०४०) र समसामयिक पत्र पत्रिका-हरूमा साहित्यिक, सामाजिक तथा राजनीतिक विषयहरूमा अनुसन्धान मूलक तथा वैचारिक लेख–रचनाहरू प्रकाशित गर्नु भएको छ। उहाँले **उन्मेष** (२०२७) **विवेकविन्दु** (२०२८) र **मोलि** (२०२८) जस्ता सामयिक संकलन तथा **धर्मदर्शन** (सांस्कृतिक अनुसन्धान मूलक त्रैमासिक : २०३०–३३) **अरुणोदय** (साहित्यिक त्रैमासिकः २०३२) र **भानुदर्शन** (अनुसन्धामूलक साहित्यिक छ महिनेः २०३१–२०३५) को सम्पादन गर्नुका अतिरिक्त हाल उहाँ **संवत्सर** (पाक्षिक समाचार ...) को सम्पादन कार्यसँग पनि सम्बद्ध हुनुहुन्छ।

मूल्य : रु.–४०.००

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu